"ऐतिहासिक–साँस्कृतिक नगरी: पर्यटकीय समृद्ध चन्द्रागिरि"

**चन्द्रागिरि नगरपालिका**





# प्रथम आवधिक नगर विकास योजना

## (२०८१/८२ - २०८५/८६)





**नगर कार्यपालिकाको कार्यालय**

काठमाण्डौ, नेपाल

२०८१ असार

| | | |
|---|---|---|
| **दस्तावेज** | : | चन्द्रागिरि नगरपालिकाको आवधिक नगर विकास योजना (२०८१/८२ - २०८५/८६) |
| **प्रकाशक** | : | चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बलम्बु, बागमती प्रदेश, नेपाल |
| **सम्पर्क** | : | इमेल : chandragirimun@gmail.com<br>वेबसाइट : https://chandragirimun.gov.np/<br>सम्पर्क फोन : +९७७-०१-४३१५७६६ |
| **सर्वाधिकार©** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | असार, २०८१ |
| **प्राविधिक सहयोग** | : | सेन्टर फर रिजिलियन्स एण्ड डिभेलपमेन्ट, मध्यपुर थिमि, भक्तपुर<br>इमेल : resilientnepal@yahoo.com |
| **आवरण तस्वीर** | : | सातगाउँले जात्रा, मातातीर्थ मेला, चन्द्रागिरि हिल्स, केबल कार |

# कृतज्ञता

नगरपालिकाको विकासलाई योजनाबद्ध एवम् दीर्घकालीन सोचमा आधारित बनाउने उद्देश्यसहित चन्द्रागिरि नगरपालिकाको आवधिक विकास योजना तर्जुमाको लागि गर्नुभएको पहलको सराहना गर्दै उक्त योजना तर्जुमा गर्ने अवसर प्रदान गर्नु भएकोमा सर्वप्रथम नगर कार्यपालिकाको कार्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछौं । नगरपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पुऱ्याउनु भएको अतुलनिय सहयोगका लागि नगर प्रमुख श्री घनश्याम गिरीज्यू, उप-प्रमुख श्री बसन्ती लामाज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री हेमराज अर्यालज्यूप्रति विशेष कृतज्ञता ज्ञापन गर्दछौं ।

सहभागितामूलक पद्धतिबाट तयार गरिएको यस आवधिक योजना तर्जुमाका क्रममा आ-आफ्नो विषयगत क्षेत्रको भूमिका, सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, सम्भावना, अवसर लगायतका राय सुझाव प्रदान गर्नु हुने विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू र कार्यपालिकाका सदस्यज्यूहरूप्रति हामी आभारी छौं । त्यसैगरी आवधिक योजना तर्जुमाका लागि नभई नहुने आधारभूत तथ्याङ्क, प्रगति प्रतिवेदनहरू, अध्ययन प्रतिवेदनहरू लगायत आवश्यक विवरण एवम् योजना तर्जुमाका क्रममा भएका गोष्ठी तथा छलफल कार्यक्रममा सहजीकरणको भूमिका समेत निर्वाह गर्नु हुने शाखा प्रमुख तथा अन्य कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

यो योजना तर्जुमाका क्रममा सम्पर्क शाखाका रुपमा रहेको योजना शाखाका प्रमुख श्री महेश पाठकज्यू लगायत शाखाका अन्य कर्मचारीहरूलाई गोष्ठीको व्यवस्थापन तथा तथ्याङ्क एवम् विवरण सङ्कलनमा सहजीकरण गरी उल्लेख्य सहयोग गर्नु भएकोमा वहाँहरू सबैप्रति विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

अन्त्यमा, वार्षिक बजेटमार्फत् आवधिक योजनाको कार्यान्वयन गर्दै गएमा यस आवधिक विकास योजनाले नगरपालिकाको दीर्घकालीन विकासमा ठोस योगदान पुग्न सक्ने विश्वास व्यक्त गर्दछौं । साथै, यसको वास्तविक कार्यान्वयन भई यस योजनाले तय गरेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यअनुसार नगरपालिकाको दिगो एवम् सर्वाङ्गिण विकास हुन सकोस् भनी हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

**अध्ययन टोली**

# शब्द सङ्क्षेप

| | | |
|---|---|---|
| अ.हे.व. | : | अक्जुलरी हेल्थ वर्कर |
| आइ.सी.टी. | : | इन्फरमेसन कम्युनिकेशन टेक्नोलोजी |
| आ.व. | : | आर्थिक वर्ष |
| एसइइ | : | सेकेण्डरी स्कूल इक्जामिनेशन |
| एलपीजी | : | लिक्विफाइड पेट्रोलियम ग्याँस |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| जिपिए | : | ग्रेड पोइन्ट एभरेज |
| व.कि.मि. | : | वर्ग किलोमिटर |
| न.पा. | : | नगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| प्रा.स. | : | प्राविधिक सहायक |
| प्रससं | : | प्रदेश समृद्धि सङ्केत |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| सि.डि.इ | : | सिनियर डिभिजनल इञ्जिनियर |
| रु. | : | रुपैया |
| लि. | : | लिटर |
| लैससास | : | लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरण |
| स.ले.पा. | : | सहायक लेखापाल |
| सा.व. | : | सामुदायिक वन |
| हे. | : | हेक्टर |
| ARI | : | Acute Respiratory Infection |
| eBPS | : | Electronic Building System |
| COVID-19 | : | Corona Virus Disease-2019 |
| CGAS | : | Computerized Government Accounting System |
| DPR | : | Detail Project Report |
| EIA | : | Environmental Impact Assessment |
| EFT | : | Electronic Fund Transfer |
| EMIS | : | Education Management Information System |
| ETDS | : | Electronic Fund Transfer |
| FRA | : | Fiduciary Risk Assessment |
| GLD | : | Guided Land Development |
| FG | : | Focal Group |
| GIS | : | Geographical Information System |
| GESI | : | Gender Equality and Social Inclusion |
| HMIS | : | Health Management Information System |
| HRM | : | Human Resource Management |
| IEE | : | Initial Environmental Examination |
| KM | : | Kilo Meter |
| LISA | : | Local Government Institutional Self-Assessment |
| LED | : | Local Economic Development |

| | | |
|---|---|---|
| LLG | : | Local Level Government |
| MTEF | : | Medium Term Expenditure Framework |
| MTMP | : | Municipal Transport Master Plan |
| NA | : | Not Available |
| NPC | : | National Planning Commission |
| O & M | : | Organization and Management |
| PTA | : | Parent Teacher Association |
| PMTCT | : | Prevention of Mother to Child Transmission |
| PPP | : | Public Private Partnership |
| PMAS | : | Public Assets Management System |
| SIP | : | School Improvement Plan |
| SMS | : | Short Message Service |
| SuTRA | : | Sub-national Treasury Regulatory Application |
| VERMIS | : | Vital Event Registration Management Information System |
| WASH | : | Water, Sanitation and Hygiene |

# विषय सूची

*परिच्छेद १ : परिचय* १

१.१ पृष्ठभूमि १

१.२ औचित्य २

१.३ कानुनी तथा नीतिगत व्यवस्था २

१.४ योजना तर्जुमाको उद्देश्य ३

१.५ आवधिक विकास योजना तर्जुमाको विधि तथा प्रक्रिया ३

१.५.१ सन्दर्भ सामाग्री अध्ययन ३

१.५.२ सूचना सङ्कलनका फाराम तयारी ४

१.५.३ आधाररेखा सूचना सङ्कलन ४

१.५.४ प्रारम्भिक कार्यशाला गोष्ठी ४

१.५.५ विषय समितिगत योजना तर्जुमा कार्यशाला ४

१.५.६ मस्यौदा तयारी ६

१.६ सीमा एवम् प्रष्टीकरण ६

*परिच्छेद २ : आधारभूत वस्तुस्थिति* ८

२.१ आधारभूत वस्तुस्थिति ८

२.१.१ प्रशासनिक तथा राजनीतिक विभाजन ८

२.१.२ अवस्थिति ८

२.१.३ जनसाङ्ख्यिक विवरण ८

२.१.४ भू–उपयोग १०

२.१.५ सांस्कृतिक एवम् ऐतिहासिक सम्पदा १०

२.२ विकासको विद्यमान स्थिति ११

२.२.१ आर्थिक अवस्था ११

२.२.२ सामाजिक अवस्था १९

२.२.३ पूर्वाधार अवस्था २४

२.२.४ वातावरण तथा विपद् जोखिम व्यवस्थापन २४

२.२.५ संस्थागत विकास, सुशासन र सेवा प्रवाह २५

*परिच्छेद ३ : दीर्घकालीन सोच तथा अवधारणा* २७

३.१ पृष्ठभूमि २७

३.२ प्रमुख सम्भावना र अवसर २७

३.३ नगर विकासका प्रमुख समस्या र चुनौती २८

३.४ निर्देशक सिद्धान्त २९

३.५ दीर्घकालीन सोच २९

३.६ समष्टिगत लक्ष्य ३०

३.७ समष्टिगत उद्देश्य ३१

३.८ समष्टिगत रणनीति ३१

३.९ प्राथमिकताप्राप्त क्षेत्र ३१

३.१० स्रोत अनुमान तथा प्रक्षेपण ३२

३.११ मानव संशाधनको अवस्था, आवश्यकता पहिचान र प्रक्षेपण ३३

३.१२ नगर गौरवका आयोजना ३४

*परिच्छेद ४ : आर्थिक विकास* ३६

४.१ पृष्ठभूमि ३६

४.२ विद्यमान अवस्था विश्लेषण ३७

४.२.१ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ३७

४.२.२ संस्कृति तथा पर्यटन ३७

४.२.३ सहकारी, बैंक एवम् वित्तीय सेवा ३८

४.२.४ कृषि, सिंचाई तथा खाद्य सुरक्षा ३९

४.२.५ पशुपन्छी विकास ४०

४.२.६ श्रम, रोजगारी तथा गरिवी निवारण ४१

४.३ विषयक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ४२

४.३.१ विषय क्षेत्रगत लक्ष्य ४२

४.३.२ विषय क्षेत्रगत उद्देश्य ४२

४.३.३ रणनीति तथा कार्यनीति ४२

४.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ४८

४.५ प्रमुख कार्यक्रम तथा आयोजना ५१

*परिच्छेद ५ : सामाजिक विकास* ५७

५.१ पृष्ठभूमि ५७

५.२ विद्यमान अवस्था विश्लेषण ५७

५.२.१ शिक्षा ५७

५.२.२ स्वास्थ्य तथा पोषण ५९

५.२.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ६०

५.२.४ खानेपानी तथा सरसफाइ ६१

५.२.५ युवा तथा खेलकूद ६१

५.२.६ संस्कृति, कला, भाषा ६२

५.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ६३

५.३.१ लक्ष्य ६३

५.३.२ उद्देश्य ६३

५.३.३ रणनीति तथा कार्यनीति ६३

५.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ७०

५.५ प्रमुख कार्यक्रम तथा आयोजना ७६

*परिच्छेद ६ : पूर्वाधार विकास* ८३

६.१. पृष्ठभूमि ८३

६.२. विद्यमान अवस्था विश्लेषण ८३

६.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास ८३

६.२.२ सडक, पुल तथा यातायात ८५

६.२.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ८५

६.२.४ सूचना, संचार र प्रविधि ८६

६.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ८६

६.३.१ विषय क्षेत्रगत लक्ष्य ८६

६.३.२ विषय क्षेत्रगत उद्देश्य ८७

६.३.४ रणनीति तथा कार्यनीति ८७

६.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका ९२

६.५ प्रमुख कार्यक्रम तथा आयोजना ९५

*परिच्छेद ७ : वातावरण तथा विपद् व्यवस्थापन* ९८

७.१ पृष्ठभूमि ९८

७.२ विद्यमान अवस्था विश्लेषण ९८

७.२.१ वन, हरियाली तथा जैविक विविधता ९८

७.२.२ वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन ९९
७.२.३ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन १००

७.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति १००
७.३.१ लक्ष्य १००
७.३.२ उद्देश्य १००
७.३.३ रणनीति तथा कार्यनीति १००

७.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका १०३

७.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना १०६

*परिच्छेद ८ : सुशासन तथा संस्थागत विकास* *१०९*

८.१ पृष्ठभूमि १०९

८.२ विद्यमान अवस्था विश्लेषण ११०
८.२.१ सुशासन (कानून, नीति तथा सेवा प्रवाह) ११०
८.२.२ संगठन तथा मानव संसाधन विकास १११
८.२.३ स्रोत परिचालन ११२
८.२.४ तथ्याङ्क तथा योजना व्यवस्थापन ११३

८.३ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति ११५
८.३.१ विषय क्षेत्रगत उद्देश्य ११५
८.३.२ रणनीति तथा कार्यनीति ११५

८.४ विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा १२१

८.५ विषय क्षेत्रगत प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना १२४

*परिच्छेद ९ : लागत अनुमान, कार्यान्वियन, अनुगमन एवम् मूल्याङ्कन* *१३०*

९.१ आवधिक योजना कार्यान्वयनको लागि लागत अनुमान १३०

९.२ कार्यान्वियनको व्यवस्थापन र अनुगमन १३०

९.३ समीक्षा तथा मूल्याङ्कन १३१

सन्दर्भ सामग्री १३३

अनुसूची १३४
अनुसूची १ : योजना तर्जुमा कार्यशाला गोष्ठीको उपस्थिति १३४
अनुसूची २: योजना तर्जुमा कार्यशाला गोष्ठीका तस्वीरहरू १४५
अनुसूची ३: नक्साहरू १४७


# तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.१ | : चन्द्रागिरि नगरपालिकाको तुलनात्मक जनसाङ्ख्यिक स्थिती | ढ |
| तालिका २.२ | : वडा अनुसारको जनसङ्ख्या र लैङ्गिक अनुपात | ढ |
| तालिका २.३ | : नगरपालिकाको भूउपयोग क्षेत्र | ज्ञण |
| तालिका २.४ | : महत्वपूर्ण धार्मिक, ऐतिहासिक सम्पदा | ज्ञज्ञ |
| तालिका २.५ | : सम्पन्नताको सूचक अनुसारको घरपरिवार सङ्ख्या र जनसङ्ख्या | ज्ञद्द |
| तालिका २.६ | : आर्थिक रुपले सक्रिय जनसङ्ख्याको पेशागत विवरण | ज्ञछ |
| तालिका २.७ | : कार्य क्षेत्र अनुसार आर्थिक क्रियाकलापमा सङ्लग्न जनसङ्ख्या | ज्ञट |
| तालिका २.८ | : बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण | ज्ञठ |
| तालिका २.९ | : जातजाति तथा लिङ्ग अनुसारको जनसङ्ख्या | ज्ञढ |
| तालकिा २.१० | : शैक्षिक संस्था र विद्यार्थी सङ्ख्या | द्दघ |
| तालकिा २.११ | : स्वास्थ्य संस्था सम्बन्धी विवरण | द्दघ |
| तालिका ३.१ | : समष्टिगत लक्ष्य सूचकहरू | घण |
| तालिका ३.२ | : आवधिक योजनाको स्रोतगत आय प्रक्षेपण | घद्द |
| तालिका ३.३ | : नगरपालिकामा कार्यरत कर्मचारीको विवरण | घघ |
| तालिका ३.४ | : प्रस्तावित कर्मचारी दरबन्दी | घघ |
| तालिका ३.५ | : नगर गौरवका आयोजना | घद्ध |
| तालिका ४.१ | : आर्थिक विकासको नतिजा खाका | द्धड |
| तालिका ४.२ | : आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य | छज्ञ |
| तालिका ५.१ | : सामाजिक विकास क्षेत्रको नतिजा खाका | ठण |
| तालिका ५.२ | : सामाजिक विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना र वित्तीय लक्ष्य | ठट |
| तालिका ६.१ | : पूर्वाधार विकास क्षेत्रको नतिजा खाका | ढद्द |
| तालिका ६.२ | : पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य | ढछ |
| तालिका ७.१ | : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको नतिजा खाका | ज्ञणघ |
| तालिका ७.२ | : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना | ज्ञणट |
| तालिका ८.१ | : सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका | ज्ञद्दज्ञ |
| तालिका ८.२ | : सुशासन तथा संस्थागत विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजना | ज्ञद्दद्ध |
| तालिका ९.१ | : विषयक्षेत्र अनुसार योजनाको अनुमानित स्रोत | |

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको सविधान २०७२ को कार्यान्वयन पश्चात् नेपाल सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण भइसकेको छ। संबिधानले स्थानीय तहको एकल र साझा अधिकार स्पष्ट गरी स्थानीय तहलाई सङ्घीय संरचना अनुरुप एक स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उद्देश्य अनुरुप जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सरल, सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतान्त्रिक लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवाधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक शासन प्रणालीको प्रवर्द्धन गर्नका लागि आवधिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र १२ मा क्रमश: नगरपालिका र वडा समितिको काम, कर्तब्य र अधिकार तोकिएको छ भने दफा २४ को उपदफा १ मा नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानीय तहको विकासका लागि दीर्घकालीन, रणनीतिक, आवधिक, क्षेत्रगत र वार्षिक योजना बनाई लागू गर्नु पर्ने स्पष्ट व्यवस्था छ। उक्त ऐनको परिच्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र समेत निर्धारण गरिएको छ। त्यसैगरी अन्तरसरकारी वित्तीय व्यवस्था ऐन, २०७४ को **दफा १७ (१)** मा आवधिक योजनामा आधारित भई तीन वर्षको मध्यकालीन खर्च संरचना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ।




सविधान र कानून बमोजिम सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र तर्जुमा गर्नुपर्ने छ। सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित नेपालको सङ्घीय प्रणालीलाई तीनै तहमा संस्थागत गर्न र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण गर्न जनताको नजिकको सरकारको रुपमा रहेका स्थानीय तहले जनचाहना अनुकूलको विकास प्रक्रिया र सेवा प्रवाहलाई अघि बढाउनु पर्ने संवैधानिक मर्म रहेका परिप्रेक्ष्यमा यस चन्द्रागिरि नगरपालिकाले आफ्नो प्रथम पाँचवर्षे आवधिक योजना (आ.व. २०८१/८२ देखि २०८५/८६ सम्म) तर्जुमा गरेको हो।

स्थानीय तहले तर्जुमा गर्ने आवधिक योजनाको खाका तयारी र कार्यान्वयन पक्षमा एकरुपता तथा सहजता ल्याउनका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ जारी गरेको छ। यो आवधिक योजना मूलत: सोही दिग्दर्शनमा आधारित रही तर्जुमा गरिएको छ।

यो आवधिक योजना तर्जुमाका क्रममा नगरपालिकाको विगत वर्षहरूका वार्षिक नीति, कार्यक्रम तथा बजेटका अतिरिक्त दिगो विकास लक्ष्य, सङ्घीय सरकारको पन्ध्रौं योजना र सोह्रौं योजनाको मस्यौदा तथा बागमती प्रदेशको प्रथम आवधिक योजना एवम् दोस्रो आवधिक योजनाको अवधारणापत्र समेतलाई ध्यान दिइएको छ। त्यसैगरी आवधिक योजना तर्जुमाका क्रममा नगर प्रमुख, उप्रमुख एवम् पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय नागरिक समाज, प्रदेश तथा सङ्घीय सरकारका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाबीच व्यापक छलफल एवम् सम्वाद गरी नगर विकासका संभावना, अवसर, समस्या र चुनौती एवम् तथ्यांक र सूचनाको विश्लेषण गरिएको छ। उक्त विश्लेषणमा आधारित रही आवधिक विकास योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवम् प्रमुख आयोजना एवम् कार्यक्रमहरू तर्जूमा गरिएको छ। त्यसैगरी आवधिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, साधन र क्षमताको समेत अनुमान गरिएको छ। आवधिक योजना अवधिमा नगरपालिकालाई प्राप्त हुन सक्ने सम्भाव्य स्रोत प्रक्षेपणका लागि

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट प्राप्त तथ्याँकलाई आधार लिइएको छ। जस अनुसार चालु आ.व. २०८०/८१ को प्रथम नौ महिना र त्यसअघिका तीन आ.व. को आय प्रवृत्तिलाई विश्लेषण गरिएको छ। यस आवधिक योजनाको मस्यौदा तयार गर्नुअघि र मस्यौदा तयार भइसकेपश्चात् नगरपालिकाका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, स्थानीय प्रवुद्ध व्यक्ति, नगर विकासका सरोकारवाला लगायत विषय विज्ञहरूको रायसुझाव समेत लिइएको छ।

यो आवधिक विकास योजना नगरपालिकाको मध्यकालीन खर्च संरचना, विषयक्षेत्रगत योजना एवम् वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि प्रमुख आधारका रुपमा रहनेछ।

नेपाल सरकार र बागमती प्रदेशको नीति, योजना तथा कार्यक्रमसँग अनुकूल हुने गरी सुशासन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिइएको यस योजनामा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारणमा टेवा पुऱ्याउने, नगरबासीको जीवनस्तर सुधार ल्याउने, रोजगारी अभिवृद्धिमा सघाउने, जनसहभागिता प्रवर्द्धन गर्ने, समावेशी र दिगो विकासमा टेवा पुऱ्याउने एवम् स्थानीय भाषा, कला र सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ।

स्थानीय समस्यालाई सम्बोधन गर्ने गरी सहभागितामूलक पद्धतिबाट तयार गरिएको यो योजना दस्तावेज नेपालको संबिधान एवम् सङ्घ, प्रदेश र स्थानीय तहका सम्बन्धित ऐन, कानून, नीति तथा निर्देशिकामा आधारित भएर कार्यान्वयन गर्न तथा चन्द्रागिरि नगरपालिकाको योजनाबद्ध, दिगो एवम् व्यवस्थित विकासलाई निर्देशित गर्न एक गतिशील दस्तावेज हुनेछ भन्ने विश्वास गरिएको छ।

## १.२ औचित्य

चन्द्रागिरि नगरपालिका स्थापना भएदेखि नै वार्षिक नीति, कार्यक्रम तथा बजेटका माध्यमबाट नगरको विकासका प्रयासहरू भएका छन्। तर वार्षिक योजनाले मात्र नगर विकासको गन्तव्यलाई स्पष्ट मार्गनिर्देश गर्न नसक्ने भएकाले आवधिक योजनाले नै नगर विकासको दीर्घकालीन सोच, लक्ष्य, रणनीति तथा उद्देश्य पहिचान गरेको छ। उक्त सोच, लक्ष्य, रणनीति र उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने सिद्धान्त, कार्यनीति, प्राथमिकताका क्षेत्र, संभाव्य स्रोतको खोजी र नतिजामूलक कार्यक्रम तथा आयोजनाहरू पहिचान गरी वार्षिक योजना प्रक्रियामा तीनलाई एकीकृत गर्ने प्रमुख आधार समेत प्रस्तुत गर्दछ।

"हाम्रो पहिलो जिम्मेवारी नगरको दीर्घकालीन सोच सहितको योजना बनाएर अघि बढ्नु हो" भन्ने नगरपालिकाका निर्वाचित पदाधिकारीहरूको प्रतिवद्धता पूरा गर्न, आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा नगरवासीहरूको पहुँच वृद्धि गर्न, नगरपालिकामा विधमान प्राकृतिक, सामाजिक तथा आर्थिक स्रोत साधनको दिगो उपयोग सुनिश्चित गर्न र सरकारी, गैरसरकारी तथा निजी लगानीलाई प्रोत्साहित गर्न, नगरपालिकाको वातावरण संरक्षण एवम् सम्बर्द्धन गर्न, नगरपालिकाको सामाजिक-आर्थिक विकास तथा जनसङ्ख्याको वितरण एवम् वस्ती र सन्तुलित विकास विकास प्रक्रियालाई दिगो बनाउन पनि उचित निर्णयमा पुग्न यो आवधिक नगर विकास योजनाले दिशा निर्देश गर्नेछ। यसका अतिरिक्त आवधिक योजनाले स्थानीय सरकारलाई जनआकांक्षा प्रतिविम्बित हुने गरी सोही अनुरुपका विकास गतिविधिलाई व्यवस्थित रुपमा अगाडि बढाउन समेत मद्दत गर्दछ।

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

कुनै पनि सार्वजनिक निकायको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याँकन जस्ता कार्यहरू गर्दा निर्देशित विधि तथा कानूनी दस्तावेजहरूको पालना गरेर मात्र गर्नु पर्ने हुन्छ। नगरपालिकाको दीर्घकालीन सोच सहितको आवधिक योजना तर्जुमाका सम्बन्धमा मुख्यतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ (१) मा **"गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्नेछ"** भन्ने प्रावधान राखिएको छ। नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन, २०७४ ले पनि स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ। अतः यस प्रकारका योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति,

योजना, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालबालिका, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई सम्बोधन गर्नुपर्ने व्यवस्था रहेको छ । यो आवधिक योजना तर्जुमा कममा देहाय बमोजिमका सवैधानिक, कानूनी र नीतिगत व्यवस्थाहरुलाई ध्यानमा राखिएको छ :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सङ्घीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू
- सङ्घीय तथा प्रदेश सरकारका आवधिक योजनाहरू
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना दिग्दर्शन, २०७८
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू
- सङ्घ र प्रदेश सरकारले अवलम्बन  गरेका आर्थिक तथा अन्य नीतिहरू
- उपलब्ध स्रोत साधन तथा विकासका अन्तरसम्बन्धित बिषयहरू
- छिमेकी स्थानीय तहका आवधिक तथा रणनीतिक योजनाहरू

## १.४ योजना तर्जुमाको उद्देश्य

चन्द्रागिरि नगरपालिकाको विकासका लागि सबै सरोकारवालाहरूलाई समेटी नगरपालिकाको एकीकृत तथा समष्टिगत विकासको प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक नगर विकास योजनाको प्रमुख उद्देश्य हो । यो योजना आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म पाँच वर्षका लागि तर्जुमा गरिएको हो । यस आवधिक योजनाका अन्य उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- चन्द्रागिरि नगरपालिकाको योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि विकास गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्ने स्पष्ट आधार तयार गर्नु,
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको स्पस्ट खाका तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकास प्रक्रियालाई प्रवर्द्धन गर्नु,
- नगर विकासको लागि दीर्घकालीन सोच सहितको मार्गदर्शन तथा स्पष्ट र व्यवस्थित मार्गचित्र तयार गर्नु ।
- नगरपालिकाको विकासका सबै सरोकारवालाहरूबीच विकास प्रयासका लागि साझा प्रतिवद्धता जाहेर गर्नु र प्राप्त उपलब्धी उपर स्थानीय तहको योजनागत उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्देश्य र प्राथमिकताहरूसँग स्थानीय विकासको तादात्म्यता कायम गर्नु ।

## १.५ आवधिक विकास योजना तर्जुमाको विधि तथा प्रक्रिया

यो आवधिक योजना तर्जुमाको क्रममा अवलम्बन गरिएका विधि तथा प्रक्रियाहरू देहायअनुसार रहेका छन् :

### १.५.१ सन्दर्भ सामाग्री अध्ययन

यो आवधिक योजना तर्जुमा गर्ने प्रक्रियासँगै आवधिक योजना तर्जुमा सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरू अध्ययन गरिएको थियो । यसक्रममा खासगरी राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम आवधिक योजना तर्जुमाको खाकाको तयारी गरिएको थियो । यस बाहेक सङ्घीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना तथा सोह्रौं योजनाको आधार पत्र र मस्यौदा,  बागमती प्रदेशको पहिलो आवधिक योजना तथा दोस्रो आवधिक योजनाको आधारपत्र, दिगो विकास लक्ष्यका सूचकहरू, चन्द्रागिरि नगरपालिकाका विगतका वार्षिक

योजना, नीति तथा कार्यक्रमहरू लगायत अन्य उपयुक्त दस्तावेजहरू समेतको अध्ययन गरिएको थियो । यसबाहेक राष्ट्रिय जनगणना २०७८ को जनसांख्यिक प्रतिवेदन, कृषि गणना २०७८ को प्रतिवेदन, नगरपालिकाका प्रगति प्रतिवेदन, चन्द्रागिरि दर्पण लगायतका नगरस्तरीय विभिन्न दस्तावेज तथा प्रकाशनहरूको पनि अध्ययन गरी नगरपालिकाको विद्यमान वस्तुस्थिति विश्लेषण (Profile Analysis) तथा आधाररेखा सूचना (Baseline Data) तय गरिएको थियो । आवधिक योजना तर्जुमाका क्रममा अध्ययन विश्लेषण गरिएका दस्तावेजहरूको विवरण यस दस्तावेजको अन्तिम भागमा प्रस्तुत गरिएको छ ।

### १.५.२ सूचना सङ्कलनका फाराम तयारी

सन्दर्भ सामग्रीहरूको अध्ययन पश्चात् सूचना सङ्कलनका फारामहरू तयार र अद्यावधिक गरी नगरपालिकाको कार्यालयमा आवश्यक सूचना संकलनका लागि प्रस्तुत गरिएको थियो । यसैक्रममा नतिजा खाका तथा प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू तर्जुमाका लागि आवश्यक पर्ने फारामहरू पनि तयार र अद्यावधिक गर्ने कार्य भएको थियो ।

### १.५.३ आधाररेखा सूचना सङ्कलन

आवधिक योजना तर्जुमाका लागि आवश्यक आधाररेखा सूचना नगरपालिकाका शाखागत अभिलेखहरू, प्रगति प्रतिवेदनहरू, नगरपालिका क्षेत्रमा रहेका अन्य कार्यालयहरूका प्रगति प्रतिवेदनहरू, प्रदेश तथा सङ्घीय सरकारका विविध प्रकाशनहरूबाट सङकलन गरिएको थियो । यसका अतिरिक्त थप तथ्याँक तथा सूचनाहरू विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी सञ्चालनका क्रममा सङ्कलन गरिएको थियो । सो योजना तर्जुमा कार्यशाला गोष्ठीमा नै विषयक्षेत्र अनुसार नगरपालिकाका सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती समेत पहिचान गरिएको थियो ।

### १.५.४ प्रारम्भिक कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमाका लागि २०८० चैत १३ गते नगरपालिकाको सभाकक्षमा प्रथम कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । नगरपालिकाका प्रमुख श्री घनश्याम गिरीको अध्यक्षतामा भएको उक्त गोष्ठीमा सङ्घीय सांसद, प्रदेश सांसद्हरू, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, पूर्व जनप्रतिनिधिहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, विगतमा गठित दलीय संयन्त्रका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, शाखा तथा उपशाखा प्रमुखहरू तथा अन्य सरोकारवालाहरू समेत गरी कुल ९० जनाको सहभागिता रहेको थियो । उद्घाटन तथा शुभकामना मन्तव्य पश्चात् गोष्ठीको पहिलो चरणको कार्यक्रम सम्पन्न भएको थियो । गोष्ठीमा उपस्थिति सहभागीहरूको विवरण अनुसूची-१ मा दिइएको छ ।

कार्यक्रमको दोस्रो चरणको पहिलो सत्रमा आवधिक योजनाको अवधारणा, यसका कानूनी प्रावधानहरू र योजना तर्जुमा प्रक्रियाको बारेमा प्रस्तुतिकरण भएको थियो । यस सत्रमा आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको तादात्म्यता, आवधिक योजनामा समेटिने विषयगत क्षेत्र तथा उपक्षेत्र र कार्यक्रम तथा आयोजनाका बारेमा छलफल भएको थियो । त्यसैगरी दोस्रो सत्रको वस्तुस्थिति विश्लेण अन्तर्गत नगरपालिकाको विद्यमान अवस्थाको प्रस्तुति र आवश्यक पर्ने तथ्याङ्क एवम् सूचनाका बारेमा छलफल भएको थियो । कार्यक्रमको तेस्रो सत्रमा नगरपालिकाको दीर्घकालीन सोच तय गर्ने सम्बन्धी विषयमा प्रस्तुति एवम् छलफल भएको थियो । नगरपालिकाले आवधिक योजना तर्जुमा गर्नुपूर्व नै नगरको दीर्घकालीन सोच "ऐतिहासिक, साँस्कृतिक नगरी, समृद्ध पर्यटकीय चन्द्रागिरि" तय गरिसकेको सन्दर्भमा सोही दीर्घकालीन सोचमा आधारित भई समष्टि लक्ष्य, उद्देश्य तयार गर्ने एवम् सोही आधारमा समग्र आवधिक योजना तयार गर्ने निर्णय गरियो । त्यसैगरी उक्त दीर्घकाली सोचलाई मूर्त रुप दिन नगरपालिकाले कुन कुन विषयमा विशेष ध्यान दिनु पर्ला भनेर समूह कार्य समेत गरी सबैको अभिमत समेट्ने प्रयास गरिएको थियो । त्यसैगरी, नगरपालिकाको सवल पक्ष, कमजोरी, अवसर र चुनौती विश्लेषण गर्ने उद्देश्यले सबै सहभागीहरूबाट उनीहरूको राय एवम् सुझाव सङ्कलन गरिएको थियो ।

### १.५.५ विषय समितिगत योजना तर्जुमा कार्यशाला

विषयगत क्षेत्रको वस्तुस्थिति विश्लेषण, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र प्रमुख कार्यक्रम एवम् आयोजनाहरू तर्जुमा गर्ने सिलसिलमा २०८० चैत २७, २८ र २९ गते नगरपालिकाको सभाहलमा विषयगत समितिहरूको कार्यशाला गोष्ठी देहायबमोजिम आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीका सहभागीहरूको विवरण **अनुसूची २** मा दिइएको छ ।

- **आर्थिक विकास समिति** : २७ चैत्र २०८० (विहान ८ देखि १२ बजेसम्म)
- **सुशासन तथा संस्थागत विकास समिति** : २७ चैत्र २०८० (दिउँसो १ बजेदेखि ५ बजेसम्म)
- **सामाजिक विकास समिति** : २८ चैत्र २०८० (दिउँसो १ बजेदेखि ५ बजेसम्म)
- **वन, वातावरण तथा विपद् व्यवस्थापन समिति** : १८ बैशाख २०८१ (दिउँसो २ बजेदेखि ५ बजेसम्म)
- **पूर्वाधार विकास समिति** : २९ चैत्र २०८० (विहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म)

आर्थिक विकास समितिका संयोजक श्री प्रल्हाद रिजालको संयोजकत्वमा भएको छलफलमा आर्थिक विकाससँग सम्बन्धित वस्तुस्थिति विश्लेषण प्रस्तुत भई आवश्यक तथ्याङ्कीय विवरणहरू सङ्कलन गर्ने जिम्मेवारी बाँडफाँट भएको थियो । त्यसैगरी, उक्त गोष्ठीमा आर्थिक विकासका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा खाका र प्रमुख कार्यक्रम एवम् आयोजनाहरूका बारेमा छलफल भएको थियो । गोष्ठीमा समितिका अन्य पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकाय (बैंक, सहकारी संस्था, कृषक समूह, गैसस, एग्रोभेट व्यवसायी, पशुपक्षी उत्पादक तथा व्यवसायी आदि) को सहभागिता रहेको थियो । सहभागीहरूले नगरपालिकाको आवधिक योजनाले समेट्नु पर्ने आर्थिक विकास क्षेत्रका विषयहरूमा गहन छलफल गरी राय सुझावहरू प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्रीकृष्ण खत्रीको संयोजकत्वमा भएको छलफलमा सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित वस्तुस्थिति विश्लेषण प्रस्तुत भई सुशासन तथा संस्थागत विकास सम्बन्धी अन्य विवरणहरू सङ्कलन गर्ने जिम्मेवारी बाँडफाँट भएको थियो । उक्त गोष्ठीमा सुशासन तथा संस्थागत विकासका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा खाका र प्रमुख कार्यक्रम र आयोजनाका बारेमा छलफल भएको थियो । गोष्ठीमा समितिका अन्य पदाधिकारी र शाखागत कर्मचारीहरूको समेत सहभागिता रहेको थियो । सहभागीहरूले नगरपालिकाको आवधिक योजनाले समेट्नु पर्ने सुशासन तथा संस्थागत विकासका विषयहरूमा छलफल गरी राय सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी सामाजिक विकास समितिका संयोजक श्री घनश्याम लुईंटेलको संयोजकत्वमा भएको छलफलमा सामाजिक विकाससँग सम्बन्धित वस्तुस्थिति विश्लेषण प्रस्तुत भई सो समिति सम्बन्धी विवरणहरू संकलन गर्ने जिम्मेवारी बाँडफाँट गरिएको थियो । उक्त गोष्ठीमा सामाजिक विकास क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा खाका तथा प्रमुख कार्यक्रम र आयोजनाका बारेमा छलफल भएको थियो । गोष्ठीमा समितिका अन्य पदाधिकारी, सरोकारवाला निकाय ( विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, गैससका प्रमुख तथा प्रतिनिधि, लक्षित वर्गका सङ्घ संस्थाका प्रतिनिधि आदि) र शाखागत कर्मचारीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले नगरपालिकाको आवधिक योजनाले समेट्नु पर्ने सामाजिक विकासका विषयहरूमा छलफल गरी राय सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री सञ्जय सिग्देलको संयोजकत्वमा भएको छलफलमा वन, वातावरण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित वस्तुस्थितिको विश्लेषण प्रस्तुत भई आवश्यक तथ्याङ्क एवम् विवरणहरू संकलन गर्ने कार्यको जिम्मेवारी बाँडफाँड भएको थियो । उक्त गोष्ठीमा यस समिति अन्तर्गत पर्ने विषय क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा खाका र प्रमुख कार्यक्रम एवं आयोजनाहरू उपर व्यापक छलफल भएको थियो । गोष्ठीमा समितिका पदाधिकारी, सरोकारवाला निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, सामुदायिक वन उपभोक्ता महासङ्घ, रेडक्रस आदि) का प्रतिनिधिहरु र शाखागत कर्मचारीहरूको पनि सहभागिता रहेको थियो । सहभागीहरूले नगरपालिकाको आवधिक योजनाले समेट्नु पर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन विकासका विषयहरूमा थप अध्ययन गरी पुनः छलफल गर्ने सहमती जनाई सो दिनको कार्यक्रम समापन भएको थियो ।

२०८० चैत्र २९ गते पूर्वाधार विकास समिति संयोजक श्री राजेन्द्र महर्जनको संयोजकत्वमा भएको छलफलमा पूर्वाधार विकाससँग सम्बन्धित वस्तुस्थिति विवरण प्रस्तुत भई आवश्यक थप तथ्याङ्क एवम् विवरण संकलन गर्ने कार्यको जिम्मेवारी बाँडफाँड गरिएको थियो । उक्त गोष्ठीमा यस क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा खाका र प्रमुख कार्यक्रम र आयोजनाका बारेमा छलफल भएको थियो। गोष्ठीमा समितिका अन्य पदाधिकारी, ट्राफिक प्रहरी र शाखागत

कर्मचारीहरूको समेत सहभागिता रहेको थियो । सहभागीहरूले नगरपालिकाको आवधिक योजनाले समेट्नु पर्ने पूर्वाधार विकासका विषयहरूमा गहन छलफल तथा अध्ययन गरी राय सुझावहरू प्रस्तुत गर्नु भएको थियो ।

२०८१ वैशाख १८ गते वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक बसी नगरपालिकाको आवधिक योजनाले यस क्षेत्रमा समेट्नु पर्ने रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनाका बारेमा समितिका सिफारिशहरू प्रस्तुत गरिएको थियो ।

### १.५.६ मस्यौदा तयारी

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी तथा विषयक्षेत्रगत गोष्ठीमा आवधिक योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा आधारित रही नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारहरूसँग गरिएको सहभागितामूलक छलफलबाट स्थानीय स्तरको वस्तुस्थिति, विषयगत क्षेत्रको आधाररेखा (Baseline) को अवस्था, सम्भावित नतिजा सूचकहरू तथा प्रमुख कार्यक्रम तथा बजेटका बारेमा छलफल गरी मस्यौदा तर्जुमा गरी मस्यौदाका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो भने नपुग तथ्याङ्क एवम् सूचनाका लागि टेलिफोन, इमेलबाट थप सम्पर्क गरी त्यस्ता नपुग तथ्याङ्क सङ्कलन गरिएको थियो । यसका अतिरिक्त नगरपालिकाका शाखा उपशाखागत छलफल गरी तथ्याङ्क अद्यावधिक गरिएको थियो । यसैगरी, नगरपालिका, प्रदेश सरकार एवम् सङ्घीय सरकारका विभिन्न निकायका वेबसाइटहरूबाट पनि सान्दर्भिक तथ्याङ्क र सूचना सङ्कलन गरी आवधिक योजनाको प्रयोजनार्थ उपयोग गरिएको थियो ।

यसरी सङ्कलन गरिएका तथ्याङ्क तथा सूचना र तिनको विश्लेषण एवम् सहभागितामूलक ढङ्गले सञ्चालित कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव तथा सिफारिसहरूका आधारमा आवधिक योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । उक्त प्रारम्भिक मस्यौदा उपर नगरपालिकाको पृष्ठपोषण पश्चात् मस्यौदालाई परिमार्जन गरी अन्तिम रुप दिइएको थियो ।

## १.६ सीमा एवम् प्रष्टीकरण

प्रस्तुत आवधिक योजनालाई यथार्थपरक, व्यावहारिक, गुणस्तरीय एवम् कार्यान्वायनयोग्य बनाउने प्रयास गरिएको छ । यद्यपि, यस आवधिक योजनाका सीमाहरू देहाय बमोजिम रहेका छन् :

**सीमित तथ्याङ्कीय उपलब्धता :** यस आवधिक योजनाका लागि आवश्यक तथ्याङ्क तथा सूचना नगरपालिकाका सम्बन्धित शाखाहरू, सहभागितामूलक कार्यशाला गोष्ठी तथा द्वितीय स्रोतबाट लिइएको छ ।

**ढाँचा, विधि तथा प्रकृया :** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र नगरपालिकासँगको सम्झौताको कार्यशर्त (ToR) मा आधारित ढाँचा, विधि र प्रकृया अनुरुप यो आवधिक योजना तर्जुमा गरिएको छ । मूलतः विगतको वार्षिक योजनाका सफल अभ्यासहरू, विज्ञ एवं विषय विशेषज्ञका सुझावहरु र सहभागितामूलक योजना तर्जुमा कार्यशाला गोष्ठीका राय, सुझाव एवं सिफारिसहरूलाई ध्यान दिई यो आवधिक योजना तयार गरिएको छ ।

**लागत अनुमान :** यो आवधिक योजना विगतको खर्च प्रवृत्तिको अभिलेख, वित्तीय विवरण नगरपालिकाका पदाधिकारीहरू, राजस्व, आर्थिक प्रशासन, योजना शाखा र प्राविधिक शाखाका कर्मचारीहरू समेतको बृहत् छलफल एवम् विश्लेषणका आधारमा प्रमुख कार्यक्रम तथा आयोजनाको लागत, प्रशासनिक खर्च सहित आवधिक योजना सम्पन्न गर्न लाग्ने कुल लगानीको अनुमान गरिएको छ ।

नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि चन्द्रागिरि नगरपालिकामा यस्तो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको हुँदा तत् तत् क्षेत्रबाट हुने लगानीलाई सम्बन्धित सरोकारवालाहरूसँगकै छलफलका आधारमा तय गरिएको छ ।

यो आवधिक योजनाको कार्यान्वयन धेरै हदसम्म सङ्घीय तथा प्रादेशिक अनुदानको नियमितता एवम् निरन्तरता, समय सापेक्ष वृद्धि; सङ्घ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय एवम् विकास साझेदार संस्थाहरूसँगको लागत साझेदारीमा निर्भर हुने देखिन्छ ।

**कार्यान्वयन र अपेक्षित उपलब्धि :** यो आवधिक योजनाको अपेक्षित उपलब्धि यसको कार्यान्वयन एवम् पूर्ण पालनासँग प्रत्यक्ष सम्बन्धित छ । यो योजना आफैं कार्यान्वयन हुने भन्दा पनि वार्षिक योजनालाई दिशानिर्देश गर्ने दस्तावेज भएको हुँदा वार्षिक रुपमा कार्यान्वयन कार्य योजना बनाई यसका लक्ष्य र उद्देश्यलाई योजना र कार्यक्रममा आवद्ध गरी कार्यान्वयन गर्दै गएमा मात्र अपेक्षित उद्देश्यहरू हासिल गर्न सकिने देखिन्छ ।

**स्रोत, साधन तथा जनशक्ति :** यो नगरपालिकाको आवधिक विकास योजना कार्यान्वयनका लागि नगरपालिकामा विद्यमान स्रोत, साधन तथा जनशक्ति एवं विज्ञतालाई पूर्ण रुपमा नितजामूखी ढङ्गले परिचालन गर्नुपर्ने देखिन्छ । त्यसैगरी यस आवधिक योजनाको सफल कार्यान्वयनको लागि विद्यमान क्षमतामा अपेक्षित सुधार गर्नुपर्ने देखिएको छ ।

# परिच्छेद २ : आधारभूत वस्तुस्थिति

## २.१ आधारभूत वस्तुस्थिति

### २.१.१ प्रशासनिक तथा राजनीतिक विभाजन

काठमाण्डौ उपत्यकाको पश्चिम चन्द्रागिरि पहाडको काखमा अवस्थित एवम् काठमाण्डौ उपत्यकाको प्रमुख प्रवेशद्वारमा रहेको चन्द्रागिरि नगरपालिका काठमाण्डौ जिल्लाभित्र रहेका ११ वटा नगरपालिकाहरूमध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो र जनसङ्ख्याको हिसावले सातौं स्थानमा रहेको नगरपालिका हो । काठमाण्डौ उपत्यकाको प्रमुख प्रवेशद्वार थानकोट भई काठमाण्डौ उपत्यका प्रवेश गर्ने हरेक व्यक्तिलाई सम्पूर्ण काठमाण्डौ उपत्यकाको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवम् वातावरणीय अवस्थाको प्रारम्भिक झलक पनि यसै नगरपालिकाबाट प्राप्त हुने गर्दछ । सोही जिम्मेवारी र दायित्वलाई आत्मसात् गरी आफूलाई अब्बल बनाउन यस नगरपालिकाले हरसम्भव प्रयत्न गरिराखेको छ । चन्द्रागिरि पहाडको शिरमा रहेको ऐतिहासिक (पृथ्वीनारायण शाहले गोरखाबाट मकवानपुर मावली आउँदा यही स्थानबाट काठमाण्डौ उपत्यका अवलोकन गरेको र आफ्नो राज्यमा गाभ्ने सङ्कल्प गरेको भनाई रहेको) एवम् धार्मिक स्थल भालेश्वर महादेव मन्दिरसम्म जान नेपालकै दोस्रो केबल कार निर्माण भई  धार्मिक एवम् पर्यटकीय स्थलको रुपमा यस क्षेत्रको थप विकास भएपश्चात् यस नगरपालिकाको महत्व अझै बढेको छ । यति मात्र होइन नेपालकै पहिलो अत्याधुनिक सुरुङ्ग मार्ग (Tunnel Road) को निर्माणले यस नगरपालिकाको शिर थप उचो पारेको छ । देशैभरिका सनातन धर्मालम्बी हिन्दूहरूको आस्थाको केन्द्रको रुपमा रहेको प्रसिद्ध तीर्थस्थल मातातीर्थ यसै नगरपालिकामा रहनु यस नगरपालिकाको बासिन्दाको लागि सौभाग्यको रुपमा रहेको छ। त्यसैगरी प्रसिद्ध मच्छेनारायण मन्दिर र विष्णुदेवी मन्दिर यस नगरपालिकाका थप धार्मिक महत्वका स्थलको रुपमा रहेका छन्। काजी कालुपाण्डेको समाधिस्थल पनि यसै नगरपालिकामा पर्दछ। प्रशासनिक दृष्टिकोणबाट हेर्दा २०७१ मंसिर १६ गतेको नेपाल सरकारको निर्णय अनुसार तत्कालिन स्थानीय विकास मन्त्रालय (हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) ले ६१ वटा नयाँ नगरपालिका थप गर्ने क्रममा काठमाण्डौ जिल्लाको साविक थानकोट, दहचोक, नैकाप नयाँभञ्ज्याङ्ग, बाडभञ्ज्याङ्ग, बलम्वु, महादेवस्थान, तीनथाना, सतुङ्गल, मातातीर्थ, मच्छेगाउँ र नैकाप पुरानो भञ्ज्याङ्ग गरी ११ वटा गाउँ विकास समितिहरूलाई समेटेर २५ वडा बनाई चन्द्रागिरि नगपालिका घोषणा गरेको थियो भने गणतान्त्रिक नेपालको संविधान २०७२ जारी भएपश्चात् राज्य पुन:संरचना आयोगको सिफारिस बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३ साल फागुन २२ गतेको निर्णयबाट १५ वटा वडा कायम गरिएको थियो ।

### २.१.२ अवस्थिति

काठमाडौं उपत्यकाको दक्षिण पश्चिममा रहेको यो नगरपालिकाको पूर्वतर्फ काठमाडौं महानगरपालिका र कीर्तिपुर नगरपालिका, पश्चिमतर्फ धादिङ्गको धुनिवेंशी नगरपालिका, उत्तरतर्फ काठमाडौको नागार्जुन नगरपालिका र दक्षिणतर्फ मकवानपुर जिल्लाका थाहा नगरपालिका र इन्द्र सरोवर गाउँपालिका रहेका छन् । काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. ९ र १० पर्ने यस नगरपालिकाको अधिकतम उचाई २५५२ मिटर र क्षेत्रफल ४३.०९ वर्ग किलोमीटर (१६.६४ वर्ग माइल) रहेको छ । विश्व मानचित्रमा यो नगरपालिका २७°३८'१०" उत्तर देखि २७°४३' ३८" उत्तरी अक्षांश र ८५°०६'१२" पूर्वदेखि ८५°१६'३०" पूर्वी देशान्तरमा अवस्थित छ । यस नगरपालिकाको केन्द्र नगरपालिकाको बलम्वुमा रहेको छ ।

### २.१.३ जनसाङ्ख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार चन्द्रागिरि नगरपालिकामा २२,०५२ आवासीय घरमा ३५,९९४ परिवारहरू बसोबास गर्दछन् । नगरपालिकाको कुल जनसंख्या १,३८,८६० रहेको छ । कुल जनसङ्ख्यामा महिला र पुरुषको अनुपात करिब बरावर रहेको छ । नगरपालिकामा ६८,५५७ जना महिला (५०.०९ प्रतिशत)  र ६८,३०३ जना पुरुष (४९.९१ प्रतिशत) रहेको देखिन्छ । यस चन्द्रागिरि नगरपालिकाको जनसङ्ख्याको बनावट हेर्दा १०० जना महिलामा ९९.६३ जना जना पुरुष रहेका छन् ।  यस नगरपालिकामा एउटा घरमा सरदर १.६३ परिवार र एउटा परिवारमा सरदर ३.८० व्यक्ति बसोवास गर्ने गरेको पाइन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार चन्द्रागिरि नगरपालिकाको घरधुरी सङ्ख्या, परिवार सङ्ख्या र जनसङ्ख्याको तुलनात्मक स्थिती तालिका २.१ मा दिइएको छ ।

**तालिका २.१ : चन्द्रागिरि नगरपालिकाको तुलनात्मक जनसाङ्ख्यिक स्थिती**

| विवरण | नेपाल | काठमाण्डौ जिल्ला | चन्द्रागिरि न.पा. |
|---|---|---|---|
| घर सङ्ख्या | ५,४२१,३३३ | २७८,९७० | २२,०५२ |
| परिवार सङ्ख्या | ६,६६६,९३७ | ५४४,८६७ | ३५,९९४ |
| जनसङ्ख्या | २९,१६४,५७८ (१००.००%) | २,०४१,५८७ (१००.००%) | १३६,८६० (१००.००%) |
| पुरुष | १४,२५३,५५१ (४८.८७%) | १,०३५,७२६ (५०.७३%) | ६८,३०३ (४९.९१%) |
| महिला | १४,९११,०२७ (५१.१३%) | १,००५,८६१ (४९.२७%) | ६८,५५७ (५०.०९%) |
| पुरुष-महिला अनुपात | ९५.५९ | १०२.९७ | ९९.६३ |
| प्रति परिवार औसत व्यक्ति सङ्ख्या | ४.३७ | ३.७५ | ३.८० |
| प्रति घर औसत परिवार सङ्ख्या | १.२३ | १.९५ | १.६३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

नगरपालिकाको वडागत वितरण हेर्दा सवैभन्दा बढी जनसङ्ख्या वडा नं. १२ मा १२,९७७ जना, त्यसपछि वडा नं. १५ मा १२,७७९ जना र वडा नं. १४ मा ११,६६१ जना बसोवास गरेको देखिन्छ। त्यस्तै कम जनसङ्ख्या भएको वडाहरूमा क्रमशः वडा नं. २ मा ५,२९५ जना, वडा नं. ९ मा ६०६९ जना र वडा नं. ४ मा ६२९४ जना व्यक्तिहरू बसोवास गरेको देखिन्छ। चन्द्रागिरि नगरपालिकामा १०,००० भन्दा बढी जनसङ्ख्या भएका वडाहरू ५ वटा (वडा नं. ५, १०, १२, १४ र १५) रहेका छन्। वडागत रुपमा महिला-पुरुष अनुपात हेर्दा वडा नं. ११ मा सबैभन्दा बढी १०३.८९ जना, वडा नं. १० मा १०२.५९ जना र वडा नं. १३ मा १०२.०६ जना रहेको देखिन्छ। त्यस्तै महिला - पुरुष कम अनुपात भएका वडाहरूमा वडा नं. ४ मा ९३.७३ जना, वडा नं. ७ मा ९६.३४ जना र वडा नं. ६ मा ९६.६७ जना रहेको देखिन्छ। तर वडा नं. २, १०, ११, १३, १४ र १५ मा महिलाको भन्दा पुरुषको सङ्ख्या बढी देखिन्छ भने बाँकी वडाहरूमा पुरुषको भन्दा महिलाको सङ्ख्या बढी देखिन्छ। औसत प्रति परिवार जनसङ्ख्यालाई हेर्दा सबैभन्दा बढी वडा नं. ४ मा ४.२२ जना देखिन्छ भने त्यसपछि वडा नं. ९ मा ४.१७ जना र तत्पश्चात वडा नं. २ मा ४.१० जना देखिन्छ। सबैभन्दा कम प्रति परिवार औसत जनसङ्ख्या वडा नं. १० मा ३.५८ जना, वडा नं. १५ मा ३.६० जना र त्यसपश्चात् वडा नं. ११ मा ३.६५ जना देखिन्छ। वडागत रुपमा लिङ्ग अनुसारको जनसङ्ख्या तालिका २.२ मा दिइएको छ।

**तालिका २.२ : वडा अनुसारको जनसङ्ख्या र लैङ्गिक अनुपात**

| वडा नं. | घरपरिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | लिङ्ग | | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| १ | १८३७ | ७३२० | ३६४२ | ३६७८ | ३.९८ | ९९.०२ |
| २ | १२९२ | ५२९५ | २६७० | २६२५ | ४.१० | १०१.७१ |
| ३ | २५७८ | ९८२७ | ४८४३ | ४९८४ | ३.८१ | ९७.१७ |
| ४ | १४९१ | ६२९४ | ३०४५ | ३२४९ | ४.२२ | ९३.७२ |
| ५ | ३०६८ | ११४०७ | ५६९१ | ५७१६ | ३.७२ | ९९.५६ |
| ६ | २४८९ | ९४५८ | ४६४९ | ४८०९ | ३.८० | ९६.६७ |
| ७ | २३५० | ८५८२ | ४२११ | ४३७१ | ३.६५ | ९६.३४ |
| ८ | २२३८ | ८७१६ | ४३४५ | ४३७१ | ३.८९ | ९९.४१ |
| ९ | १४५७ | ६०६९ | ३०१९ | ३०५० | ४.१७ | ९८.९८ |
| १० | २९७४ | १०६४० | ५३८८ | ५२५२ | ३.५८ | १०२.५९ |
| ११ | २२२२ | ८१०० | ४१२९ | ३९७१ | ३.६५ | १०३.९८ |
| १२ | ३३९७ | १२९७७ | ६४८१ | ६४९६ | ३.८२ | ९९.७७ |
| १३ | १९६३ | ७७३५ | ३९०७ | ३८२८ | ३.९४ | १०२.०६ |
| १४ | ३०९२ | ११६६१ | ५८५२ | ५८०९ | ३.७७ | १००.७४ |
| १५ | ३५४६ | १२७७९ | ६४३१ | ६३४८ | ३.६० | १०१.३१ |
| जम्मा | ३५९९४ | १३६८६० | ६८३०३ | ६८५५७ | ३.८० | ९९.६३ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

**जन्मस्थानको आधारमा जनसङ्ख्या**

जनगणना अनुसार चन्द्रागिरि नगरपालिकाकोकुल १,३६,८६० जनसङ्ख्यामध्ये नेपालभित्र जन्मेका ९६.९ प्रतिशत र विदेशमा जन्मेका ३.१ प्रतिशत रहेको देखिन्छ। नेपालभित्र जन्मेकामध्ये चन्द्रागिरि नगरपालिकामा नै जन्मेका ३७.५९ प्रतिशत र काठमाण्डौ जिल्लाको अर्को नगरपालिकामा जन्मेका १२.४ प्रतिशत छन् भने काठमाण्डौ बाहिरका जिल्लामा जन्मेका १८.२ प्रतिशत रहेका छन् । जनसङ्ख्याको बनावट हेर्दा पुरुषभन्दा महिला अर्को स्थानीय तह वा जिल्लामा जन्मेको सङ्ख्या बढी रहेको छ । समग्रमा बसोबास गरेको भन्दा फरक गाउँपालिका वा नगरपालिका जन्मस्थान हुने महिलाको सङ्ख्या पुरुषको तुलनामा अधिक रहेको छ ।

## २.१.४ भू–उपयोग

नेपाल सरकार नापी विभागको तथ्याङ्क अनुसार यस नगरपालिकाको कुल क्षेत्रफल ४३.९ व.कि.मी. रहेको छ तर नगरपालिकाले वि.सं.२०८०/८१ मा नगर सडक गुरुयोजना तर्जुमाका क्रममा विस्तृत स्थलगत सर्भेक्षण गर्दा नगरपालिकाले भोगचलन गरिआएको क्षेत्रका आधारमा नगर सडक गुरुयोजनाले नगरपालिकाको कुल क्षेत्रफल ४८.०५३ वर्ग कि.मी. देखाएको छ। उक्त अध्ययन अनुसार कृषि भूमि १६.३४९ वर्ग कि.मी., वन क्षेत्र २२.६४४ वर्ग कि.मी., आवासीय क्षेत्र ६.८ वर्ग कि.मी.मा फैलिएको छ। नगरपालिकाको पूर्वी उत्तरका अधिकांश भूभागमा आवासीय क्षेत्र रहेको छ भने दक्षिण र पश्चिमी भेगको अधिकांश हिस्सा वन क्षेत्रले ढाकिएको छ। नगरपालिकाको भू-उपयोग क्षेत्रको विस्तृत विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ :

**तालिका २.३ : नगरपालिकाको भूउपयोग क्षेत्र**

| भूउपयोग क्षेत्रहरू | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|
| कृषि | १६.३४९ | ३४.०२% |
| वन | २२.६४४ | ३८.९३% |
| आवास | ६.८३७ | १४.२३% |
| जल क्षेत्र | ०.२०३ | ०.४२% |
| खुल्ला क्षेत्र | ०.०९८ | ०.२०% |
| सडक | १.९२१ | ४.००% |
| अन्य | ३.९ | ८.१९% |
| **कुल** | **४८.०५२** | **१००.००** |

*स्रोत : नगर सडक यातायात गुरुयोजना, २०८१*

## २.१.५ सांस्कृतिक एवम् ऐतिहासिक सम्पदा

जनगणना २०७८ अनुसार चन्द्रागिरि नगरपालिकामा बसोवास गर्ने ८६.८६ प्रतिशत जनता हिन्दु धर्मावलम्बीहरू रहेका छन् । त्यसपछि क्रमशः बौद्ध धर्म मान्ने ८.४३ प्रतिशत र क्रिश्चियन धर्म मान्ने ३.११ प्रतिशत रहेको देखिन्छ भने बाँकी धर्माबलम्बीहरूको सङ्ख्या नगण्य रुपमा रहेको देखिन्छ। यस नगरपालिकामा कुशे औंशी, तीज, दशैं, तिहार, माघे सङ्क्रान्ती, शिवरात्री, चैतेदशैं लगायतका मुख्य चाडपर्वहरू हुन् । यस नगरपालिकाका नेवार समुदाय हिन्दु र बौद्ध दुवै धर्मका अनुयायी हुन् । नेवार समुदायहरूले परम्परागत रुपमा मनाउने चाडहरूमा म्हःपुजा, सिठी नख, ल्होसार, यमोरी पूर्णिमा, समाचकेवा आदि हुन् । यस नगरपालिकामा मातातीर्थ औंशी विशेष रुपमा मनाउने गरिएको छ। यस नगरपालिकाको वडा नं. ३ स्थिति मातातीर्थ मन्दिरमा मातातीर्थ औंशीका दिन ठूलो मेला लाग्ने गर्दछ, जसमा देशभरिबाट तीन लाखभन्दा बढी श्रद्धालुहरू आउने अनुमान गरिएको छ। यसपछि यहाँको अर्को मुख्य जात्रा सातगाउँले जात्रा हो। यो जात्रा विष्णुदेवी मन्दिरमा मनाइन्छ। सातगाउँले शब्दको अर्थ सात गाउँ भन्ने बुझिन्छ। नैकाप, सतुँगल, बोसीगाउँ, नुवाकोट, तीनठाना, मच्छेगाउँ र कीर्तिपुरमा एउटा भनाइ छ कि यो पर्वको परिचय जुन पुरातन कालमा पुजारीहरूले देवताको पूजा गर्ने चलन थियो, त्यसबेला एक्कासी सातवटा परेवा आगोमा परेपछि यसलाई सातगाउँले जात्रा भनिएको हो भन्ने किम्बदन्ती रहेको छ। यहाँका धार्मिक तथा ऐतिहासिक सम्पदा निम्नानुसार रहेका छन् :

**तालिका २.४ : महत्वपूर्ण धार्मिक एवम् ऐतिहासिक सम्पदा**

| क.सं. | स्थलहरूको नाम | सम्पदाको प्रकृति | अवस्थिति |
|---|---|---|---|
| १. | गणेश मन्दिर | मन्दिर | वडा नं. १ |
| २. | शिव मन्दिर | मन्दिर | |
| ३. | मनकामना मन्दिर | मन्दिर | |
| ४. | चण्डिका देवि मन्दिर | मन्दिर | वडा नं. २ |
| ५. | भक्तेश्वर महादेव मन्दिर | मन्दिर | |
| ६. | चण्डे भैरव मन्दिर | मन्दिर | |
| ७. | अक्षेश्वरधाम मन्दिर | मन्दिर | |
| ८. | कपालेश्वर मन्दिर | मन्दिर | वडा नं. ३ |
| ९. | मातातीर्थ मन्दिर | मन्दिर | |
| १०. | बुद्ध विहार | विहार | |
| ११. | महालक्ष्मी मन्दिर | मन्दिर | वडा नं. ४ |
| १२. | अधिनारायण मन्दिर | मन्दिर | |
| १३. | बौद्ध स्तुपा | स्तुपा | |
| १४. | कालिका पीठ मन्दिर | मन्दिर | वडा नं. ५ |
| १५. | मातातीर्थ कुण्ड मन्दिर | मन्दिर र कुण्ड | वडा नं. ६ |
| १६. | चन्दन भराटेश्वर मन्दिर | मन्दिर | |
| १७. | तीनकन्या मन्दिर | मन्दिर | |
| १८. | कृष्ण मन्दिर | मन्दिर | |
| १९. | ओमकारेश्वर मन्दिर | मन्दिर | वडा नं. ७ |
| २०. | त्रिवेणीधाम मन्दिर | मन्दिर | |
| २१. | जलवादेवी मन्दिर | मन्दिर | |
| २२. | विष्णुदेवि मन्दिर | मन्दिर | वडा नं. ८ |
| २३. | चण्डिकादेवी मन्दिर | मन्दिर | |
| २४. | मच्छेनारायण | मन्दिर | वडा नं. ९ |
| २५. | विष्णुदेवी | मन्दिर | |
| २६. | सत्यनारायण | मन्दिर | |
| २७. | चुनदेवी | मन्दिर | |
| २८. | भैरवनाथ | मन्दिर | वडा नं. १० |
| २९. | विष्णुदेवी | मन्दिर | वडा नं. ११ |
| ३०. | भीमसेन | मन्दिर | वडा नं. १२ |
| ३१. | महालक्ष्मी | मन्दिर | |
| ३२. | कम्काली | मन्दिर | वडा नं. १३ |
| ३३. | दानेश्वर महादेव | मन्दिर | |
| ३४. | | चर्च | |
| ३५. | कालिका | मन्दिर | वडा नं. १४ |
| ३६. | बालकुमारी | मन्दिर | |
| ३७. | विष्णुदेवि | मन्दिर | वडा नं. १५ |
| ३८. | मेलुका चर्च | चर्च | |

*स्रोत : नगर पार्श्वचित्र, २०७६*

## २.२ विकासको विद्यमान स्थिति

### २.२.१ आर्थिक अवस्था

यस नगरपालिकाको आर्थिक अवस्थाको विश्लेषण गर्दा समग्र आर्थिक अवस्था सन्तोषजनक रहेको देखिन्छ । राजधानी शहरको नगरपालिका हुनाका साथै काठमाडौं प्रवेश गर्ने मुख्य राजमार्ग यही नगरपालिकाबाट गएको हुनाले राजमार्गका आसपासमा औद्योगिक तथा व्यापारिक गतिविधिहरू व्यापक रुपमा भइरहेका छन् । यसदेखि बाहेक यस क्षेत्रमा कृषियोग्य जमिन पनि भएकाले कृषि व्यवसायबाट पनि यहाँका बासिन्दाले आर्थिक अवस्था सुदृढ बनाएका छन् । पूर्वाधार सेवा सुविधा पनि पर्याप्त मात्रामा उपलब्ध भएको यस नगरपालिकामा विभिन्न पेशा व्यवसाय गर्नेहरूको बाहुल्यता रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ मा नेपालका कुल ६६६०८४१ व्यक्तिगत घरपरिवारहरूले आवासको लागि प्रयोग गरेको घरको जग, घरको गारो, घरको छाना, घरको भुई, घरपरिवारले प्रयोग गर्ने खानेपानीको मुख्य स्रोत, घरपरिवारले खाना पकाउन प्रयोग गर्ने प्रमुख ईन्धन, बत्ति बाल्न प्रयोग हुने ईन्धन, शौचालयको सुविधा र घरपरिवारसँग भएको साधन तथा सुविधाहरू जस्तै टेलिभिजन, कम्प्युटर/ल्यापटप, ईन्टरनेट सुविधा, मोबाईल फोन, मोटरसाईकल/स्कुटर, कार/जीप/भ्यान, रेफ्रिजरेटर, वासिङ्ग मेसिन, एयर कन्डिसनर आदिलाई घरपरिवारको आर्थिक अवस्थाको सूचकको रुपमा लिई परिवारको आर्थिक अवस्था अनुसार बराबर पाँच भाग – पहिलो समूह, दोस्रो समूह, तेस्रो समूह, चौथो समूह र पाँचौ समूहमा बाँडेर मूल्याङ्कन गरिएको थियो, जस अनुसार, पहिलो समूहले अति कमजोर आर्थिक अवस्थालाई जनाउँदछ भने पाँचौ समूहले अति सबल आर्थिक अवस्थालाई जनाउँदछ । यसले गरिबीको रेखामुनी वा रेखामाथि भन्ने यथार्थ गरिवीको अवस्थाका बारेमा जानकारी नदिएता पनि घरपरिवारको आर्थिक अवस्थाको सांकेतिक अवस्था भने झल्काउँछ। यसरी राष्ट्रिय स्तरमा घरपरिवारको आर्थिक अवस्था अनुसार बराबर पाँच भाग लगाउँदा यस नगरपालिकाबाट प्रत्येक समूहमा पर्ने घरपरिवारहरूको सङ्ख्या र ती समूहमा पर्ने जनसङ्ख्यालाई यहाँ प्रस्तुत गरिएको छ । यसरी हेर्दा समग्रमा चन्द्रागिरि नगरपालिकाका घरपरिवारहरूमध्ये ५७.८ प्रतिशत घरपरिवार पाँचौ समूह अर्थात् तुलनात्मक रुपमा अति सबल आर्थिक अवस्थामा भएको देखिन्छ, चौथो समूह अर्थात् सबल आर्थिक अवस्था भएका घरपरिवारको सङ्ख्या ३०.१ प्रतिशत, तृतिय समूह अर्थात् सामान्य आर्थिक अवस्था भएका घरपरिवारको सङ्ख्या ८.०,

दोस्रो समूह अर्थात् कमजोर आर्थिक अवस्था भएका ३.४ प्रतिशत र अति कमजोर आर्थिक अवस्था भएका घरपरिवारको सङ्ख्या ०.६ प्रतिशत रहेको देखिन्छ ।

चन्द्रागिरि नगरपालिकाका १५ वटा वडाको तुलनात्मक अध्ययन गर्दा वडा नं. २ अन्य वडाहरूको तुलनामा अलि कमजोर आर्थिक अवस्थामा रहेका घरपरिवारहरूको बसोवास रहेको देखिन्छ यस वडामा कमजोर (अति कमजोर र कमजोर) आर्थिक अवस्था भएका घरपरिवारको सङ्ख्या २०.७४ प्रतिशत र सबल (अति सबल र सबल) आर्थिक अवस्था हुने घरपरिवारहरूको सङ्ख्या ६२.३८ प्रतिशत देखिन्छ । त्यसपछि वडा नं. १ कमजोर (अति कमजोर र कमजोर) आर्थिक अवस्था भएका घरपरिवारको सङ्ख्या ८.२८ प्रतिशत र सबल (अति सबल र सबल) आर्थिक अवस्था हुने घरपरिवारहरूको सङ्ख्या ८२.३६ प्रतिशत देखिन्छ । वडा नं. ११ तुलनात्मक रुपमा आर्थिक अवस्था सबल भएका परिवारहरूको बसोवास बढी देखिन्छ । यस वडामा सबल (अति सबल र सबल) आर्थिक अवस्था हुने घरपरिवारको सङ्ख्या ९३.७९ प्रतिशत छ भने कमजोर (अति कमजोर र कमजोर) आर्थिक अवस्था हुने घरपरिवारको सङ्ख्या ०.९५ प्रतिशत देखिन्छ । त्यसपछि वडा नं. ७ मा ९३.६६ प्रतिशत घरपरिवारहरूको आर्थिक अवस्था सबल देखिन्छ भने १.६२ प्रतिशत घरपरिवारको आर्थिक अवस्था कमजोर देखिन्छ । यस नगरपालिकाभित्रका वडागत सम्पन्नताको सूचक अनुसारका घरपरिवार सङ्ख्या र जनसङ्ख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.५ : सम्पन्नताको सूचक अनुसारको घरपरिवार सङ्ख्या र जनसङ्ख्या**

| वडा नं. र परिवारको आर्थिक अवस्था | घरपरिवार | | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नगरपालिका | ३५९९४ | १०० | १३६८६० | १०० | ६८३०३ | १०० | ६८५५७ | १०० |
| अति कमजोर | २०५ | ०.६ | ७०३ | ०.५ | ३७९ | ०.६ | ३२४ | ०.५ |
| कमजोर | १२२८ | ३.४ | ४५८३ | ३.३ | २३७३ | ३.५ | २२१० | ३.२ |
| सामान्य | २८९५ | ८.० | ९८१६ | ७.२ | ५१३० | ७.५ | ४६८६ | ६.८ |
| सबल | १०८५१ | ३०.१ | ३५३०० | २५.८ | १७५९६ | २५.८ | १७७०४ | २५.८ |
| अति सबल | २०८१५ | ५७.८ | ८६४५८ | ६३.२ | ४२८२५ | ६२.७ | ४३६३३ | ६३.६ |
| वडा नं. १ | १८३७ | १०० | ७३२० | १०० | ३६४२ | १०० | ३६७८ | १०० |
| अति कमजोर | ४७ | २.५६ | १४९ | २.०४ | ७८ | २.१४ | ७१ | १.९३ |
| कमजोर | १०५ | ५.७२ | ३८५ | ५.२६ | १८५ | ५.०८ | २०० | ५.४४ |
| सामान्य | १७२ | ९.३६ | ६१२ | ८.३६ | ३०४ | ८.३५ | ३०८ | ८.३७ |
| सबल | ४३९ | २३.९० | १५७१ | २१.४६ | ७९५ | २१.८३ | ७७६ | २१.१० |
| अति सबल | १०७४ | ५८.४६ | ४६०३ | ६२.८८ | २२८० | ६२.६० | २३२३ | ६३.१६ |
| वडा नं. २ | १२९२ | १०० | ५२९५ | १०० | २६७० | १०० | २६२५ | १०० |
| अति कमजोर | ६९ | ५.३४ | २६२ | ४.९५ | १५० | ५.६२ | ११२ | ४.२७ |
| कमजोर | १९९ | १५.४० | ८२६ | १५.६० | ४२६ | १५.९६ | ४०० | १५.२४ |
| सामान्य | २१८ | १६.८७ | ८३४ | १५.७५ | ४१४ | १५.५१ | ४२० | १६.०० |
| सबल | ३३७ | २६.०८ | १३०२ | २४.५९ | ६५० | २४.३४ | ६५२ | २४.८४ |
| अति सबल | ४६९ | ३६.३० | २०७१ | ३९.११ | १०३० | ३८.५८ | १०४१ | ३९.६६ |
| वडा नं. ३ | २५७८ | १०० | ९८२७ | १०० | ४८४३ | १०० | ४९८४ | १०० |
| अति कमजोर | ८ | ०.३१ | २५ | ०.२५ | ११ | ०.२३ | १४ | ०.२८ |
| कमजोर | ८९ | ३.४५ | ३५६ | ३.६२ | १७१ | ३.५३ | १८५ | ३.७१ |
| सामान्य | १७० | ६.५९ | ५८८ | ५.९८ | २८८ | ५.९५ | ३०० | ६.०२ |
| सबल | ८९२ | ३४.६० | ३०१६ | ३०.६९ | १५०० | ३०.९७ | १५१६ | ३०.४२ |
| अति सबल | १४१९ | ५५.०४ | ५८४२ | ५९.४५ | २८७३ | ५९.३२ | २९६९ | ५९.५७ |
| वडा नं. ४ | १४९१ | १०० | ६२९४ | १०० | ३०४५ | १०० | ३२४९ | १०० |
| अति कमजोर | ६ | ०.४० | १९ | ०.३० | ९ | ०.३० | १० | ०.३१ |

| वडा नं. र परिवारको आर्थिक अवस्था | घरपरिवार | | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कमजोर | ४२ | २.८२ | १२५ | १.९९ | ६२ | २.०४ | ६३ | १.९४ |
| सामान्य | १८१ | १२.१४ | ६५५ | १०.४१ | ३२४ | १०.६४ | ३३१ | १०.१९ |
| सबल | ४२४ | २८.४४ | १५७४ | २५.०१ | ७६० | २४.९६ | ८१४ | २५.०५ |
| अति सबल | ८३८ | ५६.२० | ३९२१ | ६२.३० | १८९० | ६२.०७ | २०३१ | ६२.५१ |
| वडा नं. ५ | ३०६८ | १०० | ११४०७ | १०० | ५६९१ | १०० | ५७१६ | १०० |
| अति कमजोर | ४ | ०.१३ | २१ | ०.१८ | ८ | ०.१४ | १३ | ०.२३ |
| कमजोर | ९३ | ३.०३ | ३४२ | ३.०० | १७८ | ३.१३ | १६४ | २.८७ |
| सामान्य | २२७ | ७.४० | ७६८ | ६.७३ | ४०९ | ७.१९ | ३५९ | ६.२८ |
| सबल | ११११ | ३६.२१ | ३५३२ | ३०.९६ | १७५४ | ३०.८२ | १७७८ | ३१.११ |
| अति सबल | १६३३ | ५३.२३ | ६७४४ | ५९.१२ | ३३४२ | ५८.७२ | ३४०२ | ५९.५२ |
| वडा नं. ६ | २४८९ | १०० | ९४५८ | १०० | ४६४९ | १०० | ४८०९ | १०० |
| अति कमजोर | ३ | ०.१ | ७ | ०.१ | ४ | ०.१ | ३ | ०.१ |
| कमजोर | ६३ | २.५ | २५२ | २.७ | १३३ | २.९ | ११९ | २.५ |
| सामान्य | २७० | १०.८ | ९१० | ९.६ | ४५३ | ९.७ | ४५७ | ९.५ |
| सबल | ७७८ | ३१.३ | २६०१ | २७.५ | १२७३ | २७.४ | १३२८ | २७.६ |
| अति सबल | १३७५ | ५५.२ | ५६८८ | ६०.१ | २७८६ | ५९.९ | २९०२ | ६०.३ |
| वडा नं. ७ | २३५० | १०० | ८५८२ | १०० | ४२११ | १०० | ४३७१ | १०० |
| अति कमजोर | २ | ०.०९ | ४ | ०.०५ | ३ | ०.०७ | १ | ०.०२ |
| कमजोर | ३६ | १.५३ | १३५ | १.५७ | ७२ | १.७१ | ६३ | १.४४ |
| सामान्य | १११ | ४.७२ | ३५७ | ४.१६ | १८६ | ४.४२ | १७१ | ३.९१ |
| सबल | ८११ | ३४.५१ | २४९३ | २९.०५ | १२१६ | २८.८८ | १२७७ | २९.२२ |
| अति सबल | १३९० | ५९.१५ | ५५९३ | ६५.१७ | २७३४ | ६४.९३ | २८५९ | ६५.४१ |
| वडा नं. ८ | २२३८ | १०० | ८७१६ | १०० | ४३४५ | १०० | ४३७१ | १०० |
| अति कमजोर | ९ | ०.४० | ४० | ०.४६ | २० | ०.४६ | २० | ०.४६ |
| कमजोर | ८८ | ३.९३ | ३१८ | ३.६५ | १६३ | ३.७५ | १५५ | ३.५५ |
| सामान्य | १८० | ८.०४ | ६१८ | ७.०९ | ३२५ | ७.४८ | २९३ | ६.७० |
| सबल | ६४२ | २८.६९ | २१३३ | २४.४७ | १०६९ | २४.६० | १०६४ | २४.३४ |
| अति सबल | १३१९ | ५८.९४ | ५६०७ | ६४.३३ | २७६८ | ६३.७१ | २८३९ | ६४.९५ |
| वडा नं. ९ | १४५७ | १०० | ६०६९ | १०० | ३०१९ | १०० | ३०५० | १०० |
| अति कमजोर | ३ | ०.२१ | ६ | ०.१० | २ | ०.०७ | ४ | ०.१३ |
| कमजोर | ९२ | ६.३१ | ३४४ | ५.६७ | १७८ | ५.९० | १६६ | ५.४४ |
| सामान्य | १०२ | ७.०० | ४०८ | ६.७२ | २२३ | ७.३९ | १८५ | ६.०७ |
| सबल | २४० | १६.४७ | ८५९ | १४.१५ | ४२७ | १४.१४ | ४३२ | १४.१६ |
| अति सबल | १०२० | ७०.०१ | ४४५२ | ७३.३६ | २१८९ | ७२.५१ | २२६३ | ७४.२० |
| वडा नं. १० | २९७४ | १०० | १०६४० | १०० | ५३८८ | १०० | ५२५२ | १०० |
| अति कमजोर | १४ | ०.४७ | ४३ | ०.४० | २२ | ०.४१ | २१ | ०.४० |
| कमजोर | १४६ | ४.९१ | ५०२ | ४.७२ | २८० | ५.२० | २२२ | ४.२३ |

| वडा नं. र परिवारको आर्थिक अवस्था | घरपरिवार | | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामान्य | ३०४ | १०.२२ | ९६४ | ९.०६ | ५२८ | ९.८० | ४३६ | ८.३० |
| सबल | १०५९ | ३५.६१ | ३२५३ | ३०.५७ | १६३५ | ३०.३५ | १६१८ | ३०.८१ |
| अति सबल | १४५१ | ४८.७९ | ५८७८ | ५५.२४ | २९२३ | ५४.२५ | २९५५ | ५६.२६ |
| वडा नं. ११ | २२२२ | १०० | ८१०० | १०० | ४१२९ | १०० | ३९७१ | १०० |
| अति कमजोर | २ | ०.०९ | ७ | ०.०९ | ६ | ०.१५ | १ | ०.०३ |
| कमजोर | १९ | ०.८६ | ७९ | ०.९८ | ३८ | ०.९२ | ४१ | १.०३ |
| सामान्य | ११७ | ५.२७ | ३७९ | ४.६८ | २१८ | ५.२८ | १६१ | ४.०५ |
| सबल | ८२९ | ३७.३१ | २५०० | ३०.८६ | १२९३ | ३१.३२ | १२०७ | ३०.४० |
| अति सबल | १२५५ | ५६.४८ | ५१३५ | ६३.४० | २५७४ | ६२.३४ | २५६१ | ६४.४९ |
| वडा नं. १२ | ३३९७ | १०० | १२९७७ | १०० | ६४८१ | १०० | ६४९६ | १०० |
| अति कमजोर | ६ | ०.१८ | १९ | ०.१५ | १० | ०.१५ | ९ | ०.१४ |
| कमजोर | ७७ | २.२७ | २८७ | २.२१ | १६३ | २.५२ | १२४ | १.९१ |
| सामान्य | ३१६ | ९.३० | १०६२ | ८.१८ | ५५४ | ८.५५ | ५०८ | ७.८२ |
| सबल | १०७८ | ३१.७३ | ३५६८ | २७.४९ | १७४० | २६.८५ | १८२८ | २८.१४ |
| अति सबल | १९२० | ५६.५२ | ८०४१ | ६१.९६ | ४०१४ | ६१.९३ | ४०२७ | ६१.९९ |
| वडा नं. १३ | १९६३ | १०० | ७७३५ | १०० | ३९०७ | १०० | ३८२८ | १०० |
| अति कमजोर | ८ | ०.४१ | १९ | ०.२५ | १२ | ०.३१ | ७ | ०.१८ |
| कमजोर | ५१ | २.६० | १८१ | २.३४ | ९१ | २.३३ | ९० | २.३५ |
| सामान्य | १२७ | ६.४७ | ४११ | ५.३१ | २२१ | ५.६६ | १९० | ४.९६ |
| सबल | ३४७ | १७.६८ | ११९५ | १५.४५ | ६२२ | १५.९२ | ५७३ | १४.९७ |
| अति सबल | १४३० | ७२.८५ | ५९२९ | ७६.६५ | २९६१ | ७५.७९ | २९६८ | ७७.५३ |
| वडा नं. १४ | ३०९२ | १०० | ११६६१ | १०० | ५८५२ | १०० | ५८०९ | १०० |
| अति कमजोर | ३ | ०.१० | ९ | ०.०८ | ५ | ०.०९ | ४ | ०.०७ |
| कमजोर | ५४ | १.७५ | २०१ | १.७२ | १०६ | १.८१ | ९५ | १.६४ |
| सामान्य | १६३ | ५.२७ | ५५७ | ४.७८ | ३०६ | ५.२३ | २५१ | ४.३२ |
| सबल | ७२६ | २३.४८ | २२४७ | १९.२७ | ११३३ | १९.३६ | १११४ | १९.१८ |
| अति सबल | २१४६ | ६९.४० | ८६४७ | ७४.१५ | ४३०२ | ७३.५१ | ४३४५ | ७४.८० |
| वडा नं. १५ | ३५४६ | १०० | १२७७९ | १०० | ६४३१ | १०० | ६३४८ | १०० |
| अति कमजोर | २१ | ०.५९ | ७३ | ०.५७ | ३९ | ०.६१ | ३४ | ०.५४ |
| कमजोर | ७४ | २.०९ | २५० | १.९६ | १२७ | १.९७ | १२३ | १.९४ |
| सामान्य | २३७ | ६.६८ | ६९३ | ५.४२ | ३७७ | ५.८६ | ३१६ | ४.९८ |
| सबल | ११३८ | ३२.०९ | ३४५६ | २७.०४ | १७२९ | २६.८९ | १७२७ | २७.२१ |
| अति सबल | २०७६ | ५८.५४ | ८३०७ | ६५.०१ | ४१५९ | ६४.६७ | ४१४८ | ६५.३४ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

जनगणना २०७८ को नतिजा अनुसार यस नगरपालिकाभित्र १० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गर्दा आर्थिक काम गरेका कुल जनसङ्ख्या ५९७१५ जना व्यक्तिहरूमध्ये ५९.५६ प्रतिशत पुरुष र ४०.४४ प्रतिशत महिला रहेका छन् । आर्थिक काम गरेका जनसङ्ख्यामध्ये पेशागत रुपमा सबैभन्दा बढी सामान्य वा प्राथमिक पेशाका कामदारहरू ३७.१६ प्रतिशत रहेको देखिन्छ । त्यसपछि

क्रमशः सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू १८.४९ प्रतिशत, पेशाविद्हरू ८.०० प्रतिशत, व्यवस्थापकहरू ७.६४ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू ६.३२ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ६.२० प्रतिशत, कार्यालय सहायकहरू ५.६३ प्रतिशत, यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरू ४.९५ प्रतिशत, कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ३.७६ प्रतिशत र सैनिक अधिकारीहरू १.७८ प्रतिशत रहेको देखिन्छ । लैङ्गिकरुपमा हेर्दा दश वर्ष वा सोभन्दा बढी उमेरका कुनै न कुनै रुपले आर्थिक काम गरेका कुल पुरुष सङ्ख्या ३५५६५मध्ये सामान्य वा प्राथमिक पेशाका कामदारहरू २७.०० प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू २१.१३ प्रतिशत, व्यवस्थापकहरू ९.४२ प्रतिशत, पेशाविद्हरू ८.७८ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू ७.६२ प्रतिशत, शिल्पकला तथा कालिगढ र र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ७.२१ प्रतिशत, यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरू ७.२१ प्रतिशत, कार्यालय सहायकहरू ५.३९ प्रतिशत, कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ३.४८ प्रतिशत, सैनिक अधिकारीहरू २.४९ प्रतिशत रहेको देखिन्छ । दश वर्ष वा सोभन्दा बढी उमेरका कुनै न कुनै रुपले आर्थिक काम गरेका कुल महिला सङ्ख्या २४,१५० मध्ये सामान्य वा प्राथमिक पेशाका कामदारहरू ५२.१४ प्रतिशत, सेवा तथा बस्तु बिक्री गर्ने कामदारहरू १४.६२ प्रतिशत, पेशाविद्हरू ६.८७ प्रतिशत, कार्यालय सहायकहरू ५.९८ प्रतिशत, व्यवस्थापकहरू ५.०३ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू ४.४ प्रतिशत, कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ४.१९ प्रतिशत, यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरू १.६३ प्रतिशत, सैनिक अधिकारीहरू ०.७२ प्रतिशत रहेको देखिन्छ ।

**तालिका २.६ : आर्थिक रुपले सक्रिय जनसङ्ख्याको पेशागत विवरण**

| क्र.सं. | आर्थिक कामको पेशागत विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | सैनिक अधिकारीहरू | १०६१ | १.७८ | ८८७ | २.४९ | १७४ | ०.७२ |
| २. | व्यवस्थापकहरू | ४५६३ | ७.६४ | ३३४९ | ९.४२ | १२१४ | ५.०३ |
| ३. | पेशाविद्हरू | ४७८० | ८.०० | ३१२२ | ८.७८ | १६५८ | ६.८७ |
| ४. | प्राविधिक तथा सहायक पेशाविद्हरू | ३७७३ | ६.३२ | २७११ | ७.६२ | १०६२ | ४.४० |
| ५. | कार्यालय सहायकहरू | ३३६१ | ५.६३ | १९१७ | ५.३९ | १४४४ | ५.९८ |
| ६. | सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू | ११०४४ | १८.४९ | ७५१४ | २१.१३ | ३५३० | १४.६२ |
| ७. | कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू | २२४८ | ३.७६ | १२३६ | ३.४८ | १०१२ | ४.१९ |
| ८. | शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू | ३७०३ | ६.२० | २६४० | ७.४२ | १०६३ | ४.४० |
| ९. | यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरू | २९५७ | ४.९५ | २५६३ | ७.२१ | ३९४ | १.६३ |
| १० | सामान्य वा प्राथमिक पेशाका कामदारहरू | २२१९३ | ३७.१६ | ९६०२ | २७.०० | १२५९१ | ५२.१४ |
| ११ | उल्लेख नभएको | ३२ | ०.०५ | २४ | ०.०७ | ८ | ०.०३ |
| | जम्मा | ५९७१५ | १०० | ३५५६५ | १०० | २४१५० | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ मा १० वर्ष वा सो भन्दामाथिका व्यक्तिहरूले गरेको आर्थिक कार्य क्षेत्रलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र (Nepal Standard Industrial Classification-NSIC) अनुसार वर्गीकरण गरिएको छ । जनगणनाको नतिजा अनुसार यस चन्द्रागिरि नगरपालिकामा बसोवास गर्ने १० वर्ष वा सोभन्दा माथिका आर्थिक रुपले सक्रिय ५९७१५ जना व्यक्तिहरूले गरेको आर्थिक कामको क्षेत्रको वर्गिकरण हेर्दा सबैभन्दा धेरै थोक एवम् खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतको क्षेत्रमा काम गर्ने व्यक्तिहरू २०.९३ प्रतिशत, अन्य सेवा प्रदान गर्ने क्रियाकलापमा काम गर्ने १३.५२ प्रतिशत, निर्माण क्षेत्रमा काम गर्ने ११.२५ प्रतिशत, कृषि, वन र माछापालन क्षेत्रमा काम गर्ने १०.४३ प्रतिशत रहेका छन् । यसपछि क्रमशः औद्योगिक उत्पादनमा ७.५१ प्रतिशत, यातायात तथा भण्डारण क्षेत्रमा काम गर्ने ५.८७ प्रतिशत, शिक्षा क्षेत्रमा काम गर्ने ४.२६ प्रतिशत, आवास तथा भोजन सम्बन्धी क्रियाकलापमा काम गर्ने ३.९१ प्रतिशत जनसङ्ख्या संलग्न रहेको देखिन्छ । दश वर्ष वा सोभन्दा बढी उमेरका आर्थिक काम गरेका कुल पुरुष जनसङ्ख्यामध्ये सबैभन्दा धेरै थोक एवम् खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतको क्षेत्रमा काम गर्ने १७.७ प्रतिशत, अन्य सेवा प्रदान गर्ने क्रियाकलापमा काम गर्ने १२.२३ प्रतिशत, निर्माण क्षेत्रमा काम गर्ने ११.५ प्रतिशत, यातायात तथा

भण्डारा क्षेत्रमा काम गर्ने ९.५ प्रतिशत, औद्योगिक उत्पादन उद्योगमा काम गर्ने ८.६९ प्रतिशत, कृषि, वन र माछापालन क्षेत्रमा काम गर्ने ८.३५ प्रतिशत, आवास तथा भोजन सम्बन्धी क्रियाकलापमा काम गर्ने ४.२४ प्रतिशत रहेका छन् । दश वर्ष वा सोभन्दा बढी उमेरका आर्थिक काम गरेका कुल महिला जनसङ्ख्यामध्ये सबैभन्दा धेरै थोक एवम् खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतको क्षेत्रमा काम गर्ने २५.६९ प्रतिशत, अन्य सेवा प्रदान गर्ने क्रियाकलापमा काम गर्ने १५.४२ प्रतिशत, कृषि, वन र माछापालन क्षेत्रमा काम गर्ने १३.५१ प्रतिशत, निर्माण क्षेत्रमा काम गर्ने १०.५ प्रतिशत, यातायात तथा भण्डारा क्षेत्रमा काम गर्ने ९.५ प्रतिशत, औद्योगिक उत्पादन उद्योगमा काम गर्ने ८.६९ प्रतिशत, आवास तथा भोजन सम्बन्धी क्रियाकलापमा काम गर्ने ४.२४ प्रतिशत रहेका छन् ।

**तालिका २.७ : कार्य क्षेत्र अनुसार आर्थिक क्रियाकलापमा सङ्लग्न जनसङ्ख्या**

| क्र.सं. | आर्थिक क्रियाकलापका क्षेत्र वा उद्योग | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | कृषि, वन र पशुपंक्षी पालन | ६२३० | १०.४३ | २९६८ | ८.३५ | ३२६२ | १३.५१ |
| २. | खानी तथा उत्खनन् | ३९१ | ०.६५ | २९३ | ०.८२ | ९८ | ०.४१ |
| ३. | औद्योगिक उत्पादन | ४४८३ | ७.५१ | ३०९० | ८.६९ | १३९३ | ५.७७ |
| ४. | विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा | ६०९ | १.०२ | ५२९ | १.४९ | ८० | ०.३३ |
| ५. | पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र शुद्धीकरणका क्रियाकलापहरू | ३१९ | ०.५३ | २४९ | ०.७० | ७० | ०.२९ |
| ६. | निर्माण क्षेत्र | ६७१६ | ११.२५ | ४०९१ | ११.५० | २६२५ | १०.८७ |
| ७. | थोक एवम् खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरू | १२४९७ | २०.९३ | ६२९४ | १७.७० | ६२०३ | २५.६९ |
| ८. | यातायात तथा भण्डारण | ३५०४ | ५.८७ | ३३८० | ९.५० | १२४ | ०.५१ |
| ९. | आवास तथा भोजन सम्बन्धी क्रियाकलापहरू | २३३३ | ३.९१ | १५०९ | ४.२४ | ८२४ | ३.४१ |
| १०. | सूचना तथा सञ्चार | ८२१ | १.३७ | ६३४ | १.७८ | १८७ | ०.७७ |
| ११. | वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू | २१२५ | ३.५६ | १०४९ | २.९५ | १०७६ | ४.४६ |
| १२. | घरजग्गा कारोबारका व्यवसायिक क्रियाकलापहरू | ५८३ | ०.९८ | ५४३ | १.५३ | ४० | ०.१७ |
| १३. | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | १२८८ | २.१६ | ९१९ | २.५८ | ३६९ | १.५३ |
| १४. | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १५८४ | २.६५ | १०७२ | ३.०१ | ५१२ | २.१२ |
| १५. | सार्वजनिक प्रशासन र सुरक्षासम्बन्धी क्रियाकलापहरू | १७२९ | २.९० | १४१० | ३.९६ | ३१९ | १.३२ |
| १६. | शिक्षा | २५४५ | ४.२६ | १०९१ | ३.०७ | १४५४ | ६.०२ |
| १७. | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू | १३९६ | २.३४ | ६१३ | १.७२ | ७८३ | ३.२४ |
| १८. | कला, मनोरञ्जन तथा मनोविनोद | १२२३ | २.०५ | ७४२ | २.०९ | ४८१ | १.९९ |
| १९. | अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू | ८०७३ | १३.५२ | ४३५० | १२.२३ | ३७२३ | १५.४२ |
| २०. | घरपरिवारका घरायसी क्रियाकलापहरू | ९७७ | १.६४ | ५४९ | १.५४ | ४२८ | १.७७ |
| २१. | बाह्य सङ्घसंस्था एवम् यसका अङ्गहरूका क्रियाकलापहरू | २६९ | ०.४५ | १७५ | ०.४९ | ९४ | ०.३९ |
| २२. | उल्लेख नभएका | २० | ०.०३ | १५ | ०.०४ | ५ | ०.०२ |
| | जम्मा | ५९७१५ | १०० | ३५५६५ | १०० | २४१५० | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगरपालिकाबाट वैदेशिक रोजगार तथा अन्य प्रयोजनका लागि विदेश जानेहरूको सङ्ख्या पनि उल्लेख्य रुपमा रहेको छ । यस नगरपालिकाका ८६२७ जना व्यक्तिहरू विभिन्न देशमा गएका छन् । जसमा पुरुष ५८३८ र महिला २७८९ जना रहेका छन् जसमध्ये, सबैभन्दा बढी २८ प्रतिशत व्यक्तिहरू

मध्यपूर्वी देशहरूमा गएका छन् भने २१ प्रतिशत प्रशान्त क्षेत्रका देशहरूमा गएका छन् । छिमेकी देश भारत जाने व्यक्तिहरूको प्रतिशत ४.७१ प्रतिशत रहेको छ ।

राष्ट्रिय कृषि गणना २०७८ को नतिजा अनुसार चन्द्रागिरि नगरपालिकाको कुल ३५९९४ घरपरिवारमध्ये जम्मा ६४२५ वटा कृषक परिवार रहेको देखिन्छ जुन कुल परिवारको को १७.८५ प्रतिशत हुन आउँछ । चन्द्रागिरि नगरपालिकामा रहेका ६४२५ कृषक परिवारले १००४४ वटा कित्ताको ६९०.९ हेक्टर जमिनमा कृषि चलन गरेको देखिन्छ । यस हिसावले औसतमा एउटा कृषक परिवारले १.६ कित्ता जग्गामा खेती गरेको देखिन्छ भने औसतमा एक कृषक परिवारसँग ०.११ हेक्टर कृषि जमिन रहेको देखिन्छ । चन्द्रागिरि नगरपालिकामा खेती गरिएको कुल ६९०.९ हेक्टर जमिनमध्ये २९९.२ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको देखिन्छ । यस हिसावले कुल कृषि योग्य जमिनको ४३.३१ प्रतिशत भुभागमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ । जग्गाको उपयोग सम्बन्धी नतिजा हेर्दा कृषक परिवारले आफ्नो स्वामित्वको जग्गामा मात्र कृषि चलन गर्ने परिवार सङ्ख्या ५३७० रहेको देखिन्छ जसले ५४९.१ हेक्टर जमिनमा कृषि चलन गरेको पाईन्छ । त्यस्तै अरुको स्वामित्वको जग्गा कुनै शर्तनामामा लिई खेतीपाती गर्ने कृषक परिवारको सङ्ख्या ३७६ रहेको देखिन्छ जसले ४५.३ हेक्टर जमिनमा खेतीपाती गरिरहेको देखिन्छ । त्यस्तै एक भन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार सङ्ख्या ७६९ रहेको र यस्तो जग्गाको क्षेत्रफल ९६.५ हेक्टर रहेको देखिन्छ ।

यस नगरपालिकाका कुल ६४२५ कृषक परिवारमध्ये आफ्नो उत्पादनले वर्षभरी खानपुग्ने कृषकको सङ्ख्या १५४० रहेको छ । बाँकी, १८५२ कृषकलाई ७ देखि ९ महिना पुग्ने, १३७६ कृषकलाई ४ देखि ६ महिना पुग्ने र ११९८ कृषकलाई १ देखि ३ महिनासम्म मात्र आफ्नो उत्पादनले खान पुग्ने देखिन्छ । यसैगरी कृषि उत्पादनको मुख्य प्रयोग अनुसार ३९२३ परिवारले सबै उत्पादन घरायसी प्रयोगमा ल्याउने गरेका छन् भने ८९७ परिवारले मुख्य घरायसी उपयोग र केही विक्री गर्ने गरेका छन । यसैगरी १४९५ जना कृषकले मुख्य बिक्री र केही घरायसी उपयोग गर्ने गरेका छन् भने बाँकी १०९ परिवारले आफ्नो कृषि उत्पादन सबै बिक्री गर्ने गरेका छन् ।

कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापमा ३६६९ परिवारले खाद्यान्न बाली लगाउने गरेका छन् भने २५०३ परिवारले तरकारी खेती गर्ने गरेका छन् । यसैगरी १२२ परिवारले पशुपालन, ८९ परिवारले पन्छीपालन र ३४ परिवारले अन्य क्रियाकलाप गर्ने गरेका पाइन्छ ।

यस नगरपालिकामा औपचारिक कृषक तालिम लिएका कृषकहरूमा पुरुष ४५३ जना र महिला ७१४ जना रहेका छन् । नगरपालिकाका कुल कृषक सङ्ख्या ६४२५ मध्ये ५२९ कृषकले कृषि ऋण लिएका छन् । १२६३ जना कृषकले कृषि तथा थप ऋणको आवश्यकता उल्लेख गरेका छन् भने २६७ कृषकले कृषि चलनका लागि विमा गरेका छन । यसैगरी कृषि कार्यका लागि सरकारी अनुदान प्राप्त गर्ने कृषकको सङ्ख्या १२ जना मात्र रहेको देखिन्छ ।

यसैगरी पशुचौपाया पाल्ने कृषक परिवार र पशुचौपायाको सङ्ख्या हेर्दा यस चन्द्रागिरि नगरपालिकाका कुल ६४२५ घरपरिवारहरूमध्ये जम्मा १९२० कृषक परिवारले पशुचौपाया पालन गरेको देखिन्छ । तीमध्ये १०२४ कृषक परिवारले २५४८ वटा गाई/गोरु पालेको, ९९ कृषक परिवारले २६० वटा राँगा/भैसी पालेको, ८१७ कृषक परिवारले ७१२९ वटा बाखा/च्याङ्ग्रा पालेको, ८० कृषक परिवारले ५८७ वटा भेंडा/भेंडी पालेको, ७१ कृषक परिवारले ६८८ वटा सुँगुर/बंगुर पालेको देखिन्छ । यसैगरी कुखुरा तथा अन्य पन्छीतर्फ हेर्दा २०४१ कृषक परिवारसँग ३,९०,६६६ वटा कुखुरा र २०० वटा कृषक परिवारले १७४६ वटा अन्य पंन्छिहरू पालेको देखिन्छ ।

बैंक तथा वित्तीय संस्थाको उल्लेख्य पहुँच भएको यस नगरपालिकामा विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखाहरूमा २८ वटा वाणिज्य बैंक, ४ वटा विकास बैंक, ६ वटा लघुवित्त संस्था, ९ वटा विमा कम्पनीका शाखा कार्यालयहरू रहेका छन् । नगरपालिकाकै नियमनमा रहने विभिन्न वडाहरूमा रहेका सहकारी संस्थाको सङ्ख्या १४६ वटा रहेको छ । राष्ट्रिय जनगणनाको नतिजा अनुसार यस चन्द्रागिरि नगरपालिकाका जम्मा ३५,९९४ परिवारहरूमध्ये ७९.७० प्रतिशत परिवारमा कम्तिमा १ जना सदस्यको बैङ्क खाता रहेको देखिन्छ । यसै गरी कुल १,३६,८६० जना व्यक्तिहरूमध्ये आधा जनसङ्ख्या (५०.४९ प्रतिशत) को कुनै कुनै बैक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ । यसैगरी कुल ६८,३०३ पुरुषहरूमध्ये ५३.०७ प्रतिशत र कुल ६८,५५७ जना महिलाहरूमध्ये ४७.९२ प्रतिशतको कम्तिमा कुनै एकवटा बैक तथा वित्तीय संस्थामा खाता रहेको छ ।

**तालिका २.८ : बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण**

| क्र.सं. | बैंक/वित्तीय/सहकारी संस्था | प्रकार | अवस्थिति |
|---|---|---|---|
| १. | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त | सतुङ्गल |

| क्र.सं. | बैंक/वित्तीय/सहकारी संस्था | प्रकार | अवस्थिति |
|---|---|---|---|
| २. | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त | बाडभञ्याङ |
| ३. | ज्योति विकास बैंक लिमिटेड | विकास बैंक | बलम्बु |
| ४. | सानिमा बैंक लिमिटेड (सानिमा) | बैंक | बलम्बु |
| ५. | नबिल बैंक लिमिटेड | बैंक | बल्खु |
| ६. | एनआईसी एशिया बैंक लिमिटेड | बैंक | बौथली |
| ७. | एनआईसी एशिया बैंक लिमिटेड | बैंक | बौथली |
| ८. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | बैंक | बलम्बु |
| ९. | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त | मच्छेगाउँ |
| १०. | कृषि विकास बैंक लिमिटेड | बैंक | थानकोट |
| ११. | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | इन्सुरेन्स | गुर्जुधारा |
| १२. | नबिल बैंक लिमिटेड | बैंक | दहचोक |
| १३. | ग्लोबल आईएमई बैंक लिमिटेड | बैंक | दहचोक |
| १४. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक नेपाल | बैंक | सिर्जना चोक (दहचोक) |
| १५. | मुक्तिनाथ विकास बैंक लिमिटेड | विकास बैंक | ढुङ्गेअड्डा चोक |
| १६. | प्रभु बैंक लिमिटेड | बैंक | गुर्जुधारा |
| १७. | कुमारी बैंक लिमिटेड | बैंक | गुर्जुधारा |
| १८. | ग्लोबल आईएमई बैंक लिमिटेड | बैंक | थानकोट |
| १९. | लक्ष्मी सनराइज बैंक लिमिटेड | बैंक | नयाँ नैकाप |
| २०. | नबिल बैंक लिमिटेड | बैंक | नैकाप |
| २१. | एन एम बी बैंक लिमिटेड | बैंक | सतुङ्गल |
| २२. | लक्ष्मी सनराइज बैंक लिमिटेड | बैंक | नयाँ नैकाप |
| २३. | एनआईसी एशिया बैंक लिमिटेड | बैंक | पुरानो नैकाप |
| २४. | रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | इन्सुरेन्स | सतुङ्गल |
| २५. | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | इन्सुरेन्स | सतुङ्गल |
| २६. | महालक्ष्मी विकास बैंक लिमिटेड | विकास बैंक | सतुङ्गल |
| २७. | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | इन्सुरेन्स | सतुङ्गल |
| २८. | एनआईसी एशिया बैंक लिमिटेड | बैंक | सतुङ्गल |
| २९. | गरिमा विकास बैंक लिमिटेड | विकास बैंक | सतुङ्गल |
| ३०. | युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | इन्सुरेन्स | गुर्जुधारा |
| ३१. | माछापुच्छ्रे बैंक लिमिटेड | बैंक | सतुङ्गल |
| ३२. | एन आइ जि बीमा कम्पनी लिमिटेड | इन्सुरेन्स | गुर्जुधारा |
| ३३. | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त | सतुङ्गल, |
| ३४. | महिला लघुवित्त | लघुवित्त | थानकोट |
| ३५. | मिरमिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त | थानकोट |
| ३६. | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | इन्सुरेन्स | थानकोट |
| ३७. | सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड | बैंक | चन्द्रागिरि-७ |
| ३८. | एन सि सि बैंक लिमिटेड | बैंक | चेक पोस्ट, |
| ३९. | हिमालयन एभरेष्ट इन्स्योरेन्स | इन्सुरेन्स | थानकोट |
| ४०. | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | इन्सुरेन्स | थानकोट |
| ४१. | प्रभु बैंक लिमिटेड | बैंक | थानकोट |
| ४२. | एनआईसी एशिया बैंक लिमिटेड (एनआईसी | बैंक | थानकोट |
| ४३. | नेपाल बैंक लिमिटेड | बैंक | थानकोट |
| ४४. | सिद्धार्थ बैंक लिमिटेड | बैंक | थानकोट |
| ४५. | कुमारी बैंक लिमिटेड | बैंक | महादेवस्थान, थानकोट |
| ४६. | ग्लोबल आईएमई बैंक लिमिटेड | बैंक | थानकोट |
| ४७. | प्राइम कमर्सियल बैंक लिमिटेड | बैंक | थानकोट |

*स्रोतः www.financialnotices.com / चन्द्रागिरि नगरपालिकाको कार्यालय*

### २.२.२ सामाजिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार चन्द्रागिरि नगरपालिकामा बसोवास गर्ने व्यक्तिहरूको नागरिकता अनुसारको जनसङ्ख्या वितरण हेर्दा ९९.२९ प्रतिशत जनसङ्ख्या नेपालीमूलका, ०.६९ प्रतिशत जनसङ्ख्या भारतीयमूलका र ०.०१ प्रतिशत जनसङ्ख्या अन्य मुलुका नागरिक बसोवास गरेको देखिन्छ। नेपालमा बसोवास गर्ने १४२ जातजातिहरूमध्ये चन्द्रागिरि नगरपालिकामा ७५ वटा स्पष्ट रुपमा खुलेका जातजातिको बसोवास भएको देखिन्छ भने नगन्य सङ्ख्यामा अन्य र विदेशीहरू पनि बसोवास गरेको देखिन्छ। त्यस्तै यस नगरपालिकामा रहेका जातजातिको अवस्था विश्लेषण गर्दा प्रमुख ४ वटा जातजातिले झण्डै ७८ प्रतिशत (७७.६५ प्रतिशत) हिस्सा ओगटेको देखिन्छ जसमा क्षेत्री (२३.३४ प्रतिशत), नेवार (२२.३४ प्रतिशत), ब्राह्मण (पहाड)(१९.७९ प्रतिशत) र तामाङ्ग (१२.१९ प्रतिशत) छन्। यी ४ वटा जातजातिहरू प्रत्येकको जनसङ्ख्या १०,००० भन्दा बढी रहेको छ। त्यस्तै १,००० देखि ९९९९ सम्म जनसङ्ख्या भएका ९ वटा जातजातिहरू रहेको छन् जसले यस नगरपालिकाको कुल जनसङ्ख्याको १६.४२ प्रतिशत हिस्सा ओगटेको छ। १०० देखि ९९९ सम्म जनसङ्ख्या भएका १८ वटा जातजातीहरू जसले कुल जनसङ्ख्याको ३.९० प्रतिशत र १०० भन्दा कम जनसख्या भएका ४४ जातजातिहरूले कुल जनसङ्ख्याको १.१३ प्रतिशत हिस्सा ओगटेको देखिन्छ। त्यस्तै अन्य, विदेशी र जातजाती नखुलेको जातजातीहरूले ०.८९ प्रतिशत हिस्सा ओगटेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा जम्मा १२५ जातजातिहरूको अभिलेखीकरण भएको थियो भने चन्द्रागिरि नगरपालिकामा ५९ जातजातिहरू बसोवास गरेको देखिन्छ। चन्द्रागिरि नगरपालिकामा भएको जातजातिको लिङ्ग अनुसार जनसङ्ख्याको वितरण तालिका २.९ मा दिइएको छ।

**तालिका २.९ : जातजाति तथा लिङ्ग अनुसारको जनसङ्ख्या**

| क्र.सं. | जातजातिको नाम | जम्मा | पुरुष | महिला | क्र.सं. | जातजातिको नाम | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा | १३६८६० | ६८३०३ | ६८५५७ | ४१ | खवास | ५६ | २६ | ३० |
| २ | क्षेत्री | ३१९४० | १५७९७ | १६१४३ | ४२ | चमार/हरिजन/राम | ५५ | ३६ | १९ |
| ३ | नेवार | ३०५६९ | १५१२१ | १५४४८ | ४३ | दुसाध/पासवान/पासी | ५५ | २७ | २८ |
| ४ | ब्राह्मण (पहाड) | २७०८५ | १३५९३ | १३४९२ | ४४ | मल्लाह | ५४ | ३८ | १६ |
| ५ | तामाङ | १६६८४ | ८०८८ | ८५९६ | ४५ | दनुवार | ५२ | २५ | २७ |
| ६ | मगर | ९०१३ | ४३९७ | ४६१६ | ४६ | धानुक | ४१ | २४ | १७ |
| ७ | विश्वकर्मा | १९२० | ९९१ | ९२९ | ४७ | तत्मा/तत्वा | ३८ | १९ | १९ |
| ८ | मिजार | १८५६ | ९१८ | ९३८ | ४८ | कुर्मी | ३७ | २५ | १२ |
| ९ | राई | १८४४ | ८६३ | ९८१ | ४९ | बनियान | ३५ | २३ | १२ |
| १० | गुरुङ | १७६० | ८५१ | ९०९ | ५० | भोटे | ३२ | १४ | १८ |
| ११ | ठकुरी | १६२२ | ८२१ | ८०१ | ५१ | कठबानियाँ | ३१ | २१ | १० |
| १२ | थारु | १५७५ | ८५९ | ७१६ | ५२ | बराम/बरामु | ३१ | १५ | १६ |
| १३ | परियार | १५४३ | ७९३ | ७५० | ५३ | कुम्हार | २९ | १६ | १३ |
| १४ | सन्यासी/दशनामी | १३४४ | ६८१ | ६६३ | ५४ | धिमाल | २६ | १० | १६ |
| १५ | मुसलमान | ९०२ | ५७७ | ३२५ | ५५ | दरै | २६ | ९ | १७ |
| १६ | याक्थुङ्ग/लिम्बु | ५५६ | २६६ | २९० | ५६ | नुनिया | २४ | १५ | ९ |
| १७ | ब्राह्मण (तराई) | ५०६ | २८९ | २१७ | ५७ | धोबी | २२ | ८ | १४ |
| १८ | सुनुवार | ४६१ | २३५ | २२६ | ५८ | देब | २१ | १० | ११ |
| १९ | माझी | ४४३ | २१७ | २२६ | ५९ | हलुवाई | २१ | १२ | ९ |
| २० | यादव | ३५६ | २२३ | १३३ | ६० | याक्खा | २० | १२ | ८ |
| २१ | सोनार | ३०८ | १५७ | १५१ | ६१ | बरई | १९ | ७ | १२ |
| २२ | घर्ति/ भूजेल | २४३ | १२५ | ११८ | ६२ | बोटे | १८ | ७ | ११ |
| २३ | कुमाल | २३२ | १११ | १२१ | ६३ | छन्त्याल/छन्तेल | १७ | ११ | ६ |
| २४ | कलवार | २०७ | ११९ | ८८ | ६४ | खत्वे | १७ | ८ | ९ |
| २५ | घले | १७० | ७२ | ९८ | ६५ | पहरी | १७ | ९ | ८ |
| २६ | हजाम/ ठाकुर | १६९ | ९६ | ७३ | ६६ | चिडिमार | १६ | ९ | ७ |
| २७ | कोईरी/कुशवाहा | १५६ | ९९ | ५७ | ६७ | रानाथारु | १६ | ९ | ७ |
| २८ | तेली | १५५ | ९२ | ६३ | ६८ | बढई | १६ | १० | ६ |

| क्र. सं. | जातजातिको नाम | जम्मा | पुरुष | महिला | क्र. सं. | जातजातिको नाम | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|---|---|
| २९ | शेर्पा | १३६ | ६३ | ७३ | ६९ | भूमिहार | १५ | १० | ५ |
| ३० | चेपाङ्ग/प्रजा | १२१ | ५७ | ६४ | ७० | वाहिङ्ग | १४ | ९ | ५ |
| ३१ | लोहार | ११२ | ६३ | ४९ | ७१ | दुरा | १३ | ६ | ७ |
| ३२ | राजबंशी | १०७ | ६१ | ४६ | ७२ | सन्थाल | १३ | १० | ३ |
| ३३ | राजपुत | ९३ | ५४ | ३९ | ७३ | केवट | १२ | ६ | ६ |
| ३४ | थामी | ८४ | ५१ | ३३ | ७४ | मुसहर | ११ | ४ | ७ |
| ३५ | गाईने | ८२ | ४० | ४२ | ७५ | जिरेल | ११ | ७ | ४ |
| ३६ | थकाली | ८२ | ३९ | ४३ | ७६ | उराउँ/कुडुख | १० | ५ | ५ |
| ३७ | कायस्थ | ७१ | ३६ | ३५ | ७७ | विदेशी | ९७८ | ६४९ | ३२९ |
| ३८ | मारवाडी | ६८ | ३७ | ३१ | ७८ | अन्य | १८२ | ७८ | १०४ |
| ३९ | कानु | ६५ | ४२ | २३ | ७९ | उल्लेख नभएको | ५८ | ३५ | २३ |
| ४० | सुँढी | ६१ | ३५ | २६ | | | | | |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपाल १२४ वटा मातृभाषा बोल्ने समुदाय सहित केही सङ्ख्या अन्य मातृभाषा बोल्ने समुदायहरूको बसोबास रहेको छ। नेपालमा बसोवास गर्ने १२४ वटा मातृभाषा बोल्ने समुदायहरूमध्ये चन्द्रागिरि नगरपालिकामा ४२ थरीका मातृभाषा बोल्ने व्यक्तिहरूको बसोवास भएको देखिन्छ भने नगन्य सङ्ख्यामा मातृभाषा अन्य भएको समुदाय पनि बसोवास गरेको देखिन्छ। यस नगरपालिकामा रहेका मातृभाषा बोल्ने जनसङ्ख्यालाई विश्लेषण गर्दा प्रमुख तीन वटा मातृभाषा बोल्ने जनसङ्ख्याले झण्डै ९१ प्रतिशत (९०.९६ प्रतिशत) हिस्सा ओगटेको देखिन्छ र जसमा नेपाली (६४.५५ प्रतिशत), नेपाल भाषा (नेवारी) (१७.६६ प्रतिशत), तामाङ्ग (८.७५ प्रतिशत) छन्। १०,००० जनाभन्दा बढी बक्ता भएका यी ३ वटा मातृभाषा नै यहाँको प्रमुख मातृभाषाहरू हुन्। त्यस्तै १,००० देखि ९९९९ सम्म जनासम्म बक्ता भएका ४ वटा मातृभाषाहरू रहेका छन्, जसले यस नगरपालिकाको कुल जनसङ्ख्याको ६.११ प्रतिशत हिस्सा ओगटेको छ। त्यस्तै १०० देखि ९९९ सम्म जनासम्म बक्ता भएका ६ वटा मातृभाषाहरू जसले कुल जनसङ्ख्याको १.८९ प्रतिशत र १०० भन्दा कम बक्ता भएका २९ मातृभाषाहरू जसले कुल जनसङ्ख्याको ०.९४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ। त्यसदेखि बाहेक अन्य भाषा मातृभाषा भएका ०.०९ प्रतिशत जनसङ्ख्या समेत बसोवास गरेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा मातृभाषाको रुपमा बोल्ने जम्मा १२३ वटा भाषाहरूको अभिलेखिकरण भएको थियो भने चन्द्रागिरि नगरपालिकामा २७ थरीका मातृभाषा रहेको देखिन्छ।

यसैगरी, चन्द्रागिरि नगरपालिकामा बसोवास गर्ने जनसङ्ख्यालाई वहाँहरूले विश्वास गर्दै आएको वा मान्दै आएको धर्म अनुसार विश्लेषण गर्दा हिन्दु धर्म मान्ने ८६.८६ प्रतिशत, बौद्ध धर्म मान्ने ८.४३ प्रतिशत र क्रिश्चियन धर्म मान्ने ३.११ प्रतिशत रहेको देखिन्छ बाँकी धर्माबलम्बीहरूको सङ्ख्या नगण्य रुपमा रहेको देखिन्छ। २०६८ सालको जनगणनामा यी धर्महरू मान्ने जनसङ्ख्याको प्रतिशत क्रमशः ८६.९२, ८.२३ र ३.२९ प्रतिशत रहेको छ।

यसैगरी, नगरपालिकामा बसोवास गर्ने १० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विश्लेषण गर्दा ३३.११ प्रतिशत व्यक्तिहरू अविवाहित, ६३.१२ प्रतिशत व्यक्तिहरू विवाहित, ३.२४ प्रतिशत व्यक्तिहरू विधवा/विदुर अवस्था, ०.२० प्रतिशत व्यक्तिहरू पारपाचुके गरेको अवस्था र ०.३३ प्रतिशत व्यक्तिहरू श्रीमान श्रीमती छुट्टिएर बसेको अवस्था देखिन्छ। राष्ट्रिय जनगणना २०६८ सालको वैवाहिक अवस्थासंग अहिलेको वैवाहिक अवस्थालाई तुलनात्मक अध्ययन गर्दा विधवा/विदुर, पारपाचुके र छुट्टिएर अवस्थामा केही बढोत्तरी भएको देखिन्छ। २०६८ सालमा विधवा/विदुरको प्रतिशत २.५९ थियो भने २०७८ सालमा यसको प्रतिशतमा ३.२४ रहन गएको देखिन्छ। त्यस्तै २०६८ सालमा पारपाचुके हुने व्यक्तिको सङ्ख्या ०.०८ प्रतिशत थियो भने २०७८ सालमा ०.२० प्रतिशत देखिन्छ। त्यस्तै छुट्टिएको अवस्था भएको व्यक्तिको सङ्ख्या ०.२५ प्रतिशतबाट बढेर ०.३३ प्रतिशत हुन पुगेको देखिन्छ।

**अपाङ्गता सम्बन्धी विवरण**

चन्द्रागिरि नगरपालिकाको जनसङ्ख्या वितरणमा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या वितरण हेर्दा यहाँको कुल १,३६,८६० जना जनसङ्ख्यामा २३५२ जना व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिन्छ जुन कुल जनसङ्ख्याको १.७२ प्रतिशत हुन आउँछ। लिङ्ग अनुसार अपाङ्गता हेर्दा अपाङ्गता भएका पुरुषको प्रतिशत १.७५ र महिलाको १.६९ प्रतिशत रहेको देखिन्छ। अपाङ्गताको प्रकार तर्फ हेर्दा ८५० जना व्यक्तिमा शारिरिक अपाङ्गता, ४५३ जना व्यक्तिको न्यून

दृष्टियुक्त, ३३ जना व्यक्ति पूर्ण दृष्टिविहिन, १८० जना व्यक्तिमा बहिरापन, २२३ जना व्यक्ति सुस्तश्रवण भएका, १९ जना व्यक्ति श्रवण र दृष्टिविहिन, १२७ जना व्यक्ति स्वर र बोलाई सम्बन्धी, १३५ जना व्यक्तिमा मानसिक वा मनोसामाजिक, ६० जना व्यक्तिमा बौद्धिक अपाङ्गता, २४ जना व्यक्तिमा अनुवंशीय रक्तश्राव, ४७ व्यक्ति अटिज्म र २०१ जना व्यक्तिमा बहुअपाङ्गता रहेको देखिन्छ। अपाङ्गता भएका जम्मा जनसङ्ख्यामा महिला र पुरुषको अनुपात हेर्दा कुल अपाङ्गता भएको व्यक्तिमा अपाङ्गता भएका पुरुष ५०.८५ प्रतिशत र महिला ४९.१५ प्रतिशत रहेको देखिन्छ।

**बालबालिकाको बसोवासको अवस्था**

जनगणनाको सन्दर्भ दिनमा चन्द्रागिरि नगरपालिका भित्र गणना भएका १८ वर्षमुनिका कुल ३६,५८३ जना १८ वर्ष वा सोभन्दा मुनीका बालबालिकाहरूको बसोवासको अवस्था हेर्दा ८४.४२ प्रतिशत बालबालिकाहरू आमा बुवा दुबैसँग बस्ने गरेको देखिन्छ भने ९.८४ प्रतिशत बालबालिकाहरू आमासँग मात्र, १.१९ प्रतिशत बालबालिकाहरू बुवासँग मात्र बस्ने गरेको देखिन्छ। यसैगरी बुवा र सौतेनी आमासँग बस्ने बालबालिकाको प्रतिशत ०.२०, आमा र सौतेनी बुवासँग बस्ने बालबालिकाको प्रतिशत ०.०४ प्रतिशत, अन्य नातेदारसँग बस्ने बालबालिकाको प्रतिशत ३.९३ प्रतिशत रहेको देखिन्छ। त्यस्तै काम लगाउने व्यक्तिहरूसँग बस्ने बालबालिकाको प्रतिशत ०.०६ र अन्य व्यक्तिहरूसँग बसोवास गर्ने बालबालिकाको सङ्ख्या ०.३१ प्रतिशत रहेको देखिन्छ।

**जन्मदर्ताको अवस्था**

जनगणना नतिजा अनुसार यस चन्द्रागिरि नगरपालिकाका ५ वर्ष वा सोभन्दा मुनिका बालबालिका कुल १०९५३ जना बालबालिकाहरूमध्ये ६१.६३ प्रतिशत बालकालिकाको जन्मदर्ता भएको देखिन्छ भने ३८.३७ प्रतिशत बालबालिकाको जन्मदर्ता नभएको देखिन्छ। जन्मदर्ता भएका र नभएका बालबालिकामा पुरुष र महिलाको तुलनात्मक रुपमा हेर्दा लगभग बराबर प्रतिशतका पुरुष र महिलाहरूले जन्मदर्ता गरेको पाइन्छ।

वडागत रुपमा जन्मदर्ता गरेका बालबालिकाको तुलनात्मक अध्ययन गर्दा ७ वटा वडाहरूको जन्मदर्ताको दर नगरपालिकाको औसत जन्मदर्ता दर (६१.६३ प्रतिशत) भन्दा बढी ८ वटा वडाहरूको जन्मदर्ता दर नगरपालिकाको औसत जन्मदर्ता दर भन्दा कम रहेको देखिन्छ। सबैभन्दा धेरै जन्मदर्ता दर भएको ४ वटा वडाहरूमा वडा नं. ११ मा ६८.४७ प्रतिशत, वडा नं. १४ मा ६६.५९ प्रतिशत, वडा नं. ७ मा ६४.८ प्रतिशत र वडा नं. १३ मा ६४.६२ प्रतिशत रहेको देखिन्छ। यसैगरी सबैभन्दा कम जन्म दर्तादर भएको ४ वटा वडाहरूमा वडा नं. ४ मा ५६.२५ प्रतिशत, वडा नं. ३ मा ५७.४२ प्रतिशत, वडा नं. ५ मा ५८.१२ प्रतिशत र वडा नं. १२ मा ५८.९९ प्रतिशत रहेको देखिन्छ।

**जनसङ्ख्याको शैक्षिक स्थिति**

विगत देखि नै राष्ट्रिय जनगणनामा ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको शैक्षिक अवस्था सम्बन्धी विवरण सङ्कलन गरिँदै आएको छ। यिनै विवरणबाट सम्बन्धीत स्थानको साक्षरता दर, शैक्षिक स्तर, अध्ययनको क्षेत्र र हाल स्कुल/कलेज गई रहेको वा नगएको अवस्था आदिको बारेमा विश्लेषण गर्ने गरिन्छ। जनगणनाको नतिजाले चन्द्रागिरि नगरपालिकाभित्र बसोबास गर्ने ५ वर्ष वा सोभन्दा माथि उमेरका कुल १,२७,९५९ जनसङ्ख्यामा १,११,६६६ जना व्यक्ति पढ्न र लेख्न दुबै जान्ने देखाएको छ। यस अनुसार यस नगरपालिकाको समग्र साक्षरता दर ८७.२७ प्रतिशत कायम हुन आउँछ। लैङ्गिक रुपमा हेर्दा पुरुषको साक्षरता दर ९३.४६ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ८१.१६ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार समग्र नेपाल, काठमाण्डौ जिल्ला र चन्द्रागिरि न.पा.को साक्षरता दरको तुलनात्मक रुपमा अध्ययन गर्दा समग्र नेपालको साक्षरता दर ७६.२५ प्रतिशत र काठमाण्डौ जिल्लाको साक्षरता दर ८९.२३ प्रतिशत हुँदा चन्द्रागिरि नगरपालिकाको साक्षरता दर ८७.२७ प्रतिशत देखिन्छ। यसरी हेर्दा चन्द्रागिरि नगरपालिकाको साक्षरता दर समग्र नेपालको साक्षरता दरभन्दा ११.०२ प्रतिशत बिन्दुले बढी भएको देखिन्छ भने काठमाण्डौ जिल्लाको साक्षरता दर भन्दा १.९६ प्रतिशत विन्दुले कम भएको देखिन्छ। अघिल्लो अर्थात् २०६८ को जनगणनामा यस नगरपालिकाको कुल साक्षरता दर ८१.१६ प्रतिशत, पुरुषको साक्षरता दर ८८.८१ प्रतिशत र महिलाको साक्षरता दर ७३.४८ प्रतिशत रहेको थियो। साक्षरता दरको परिवर्तनलाई हेर्ने हो भने नेपालमा २०६८ साल देखि २०७८ सालसम्म १०.२५ प्रतिशत विन्दुले साक्षरता दरमा वृद्धि हुँदा काठमाण्डौ जिल्लामा २.९८ प्रतिशत विन्दुले साक्षरता दर वृद्धि भएको देखिन्छ जवकि चन्द्रागिरि नगरपालिकामा ६.११ प्रतिशत विन्दुले साक्षरता दर वृद्धि भएको देखिन्छ।

वडा अनुसारको साक्षरता दरको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा बढी साक्षरता दर वडा नं. १४ मा ८९.७० प्रतिशत, वडा नं. ७ मा ८९.२६ प्रतिशत र वडा नं १५ मा ८९.१२ प्रतिशत देखिन्छ भने सबैभन्दा कम वडा नं. २ मा ७९.९५ प्रतिशत, वडा नं. ४ मा ८३.४१ प्रतिशत र वडा नं. १ मा ८३.६८ प्रतिशत रहेको देखिन्छ।

विभिन्न उमेर समूह अनुसारको साक्षरता दरको विश्लेषण गर्दा ९८.३३ प्रतिशत सहित सबैभन्दा बढी साक्षरता दर १५ वर्षदेखि २४ वर्ष उमेर समूहमा देखिन्छ। त्यसपछि १५ वर्षदेखि ४४ वर्ष उमेर समूहमा ९३.५५ प्रतिशत देखिन्छ भने ५ वर्ष वा सो भन्दा माथि र १५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको साक्षरता दर लगभग बराबर ८७.२७ प्रतिशत र ८५.०९ प्रतिशत देखिन्छ। जबकि ४५ वर्ष वो सोभन्दा माथिका व्यक्तिहरूको साक्षरता दर ६४.१६ प्रतिशत र ६५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको साक्षरता दर ३९.८० प्रतिशत देखिन्छ।

### उत्तीर्ण गरेको तह सम्बन्धी विवरण

जनगणनाबाट प्राप्त नतिजा अनुसार कुल साक्षर जनसङ्ख्याको सबैभन्दा बढी १९.६३ प्रतिशत व्यक्तिहरूको माथिल्लो शैक्षिक योग्यता प्रमाणपत्र वा सो सरह उत्तीर्ण रहेको छ। उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह प्राथमिक तह (कक्षा १ देखि कक्षा ५ सम्म) भएका व्यक्तिहरू १९.४८ प्रतिशत रहेका छन्। माथिल्लो शैक्षिक तहको रुपमा निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू १५.१९ प्रतिशत रहेका छन्। त्यस्तै माथिल्लो शैक्षिक तह एस.एल.सी. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू १४.९२ प्रतिशत देखिन्छन्। यसैगरी स्नातक वा सो सरह माथिल्लो शैक्षिक तह हुने व्यक्तिहरूको सङ्ख्या १०.७५ र स्नातकोत्तर वा सोभन्दा माथि माथिल्लो शैक्षिक तह हुने व्यक्तिको सङ्ख्या ५.१३ प्रतिशत रहेको देखिन्छ।

### ५ वर्ष देखि २५ वर्ष सम्मका हाल विद्यालय तथा कलेज गइरहेको जनसङ्ख्याको विवरण

जनगणनामा प्राप्त नतिजाअनुसार चन्द्रागिरि नगरपालिकाको ५ देखि २५ वर्षसम्मका एस.एल.सी./एस.ई.ई. भन्दा तल शैक्षिक योग्यता भएका कुल २९,३३७ जनामध्ये ८१.७३ प्रतिशत हाल स्कुल गईरहेको देखिन्छ भने १५.६० प्रतिशत बालबालिकाहरू हाल स्कुल नगएको तर विगतमा गएको देखिन्छ र २.६७ प्रतिशत बालबालिकाहरू कहिल्यै स्कुल नगएको देखिन्छ। लिङ्ग अनुसार अध्ययन गर्दा ५ वर्ष देखि २५ वर्ष उमेर समूहका कुल १५७६२ जना पुरुषमध्ये ८२.३४ जना हाल स्कुल गईरहेको, १५.४० प्रतिशत विगतमा गएको तर हाल नगएको, २.२५ प्रतिशत पुरुष कहिल्यै स्कुल नगएको देखिन्छ। महिलातर्फ क्रमशः ८१.०२ प्रतिशत महिलाहरू हाल स्कुल गईरहेको, १५.८४ प्रतिशत हाल स्कुल नगएको र ३.१५ प्रतिशत कहिल्यै स्कुल नगएको देखिन्छ। यस हिसावले हेर्दा यस नगरपालिकाका अधिकांश बालबालिकाहरू स्कुल पढ्न गईरहेको देखिन्छ भने केही सङ्ख्याका बालबालिकाहरू विगतमा पढ्न गएर विचमै (एस.एल.सी वा एस.ई.ई. पनि नसकाई) पढाई छाडेको पनि देखिन्छ। न्यून सङ्ख्याका बालबालिकाहरू अध्ययनको लागि विद्यालयको ढोकासम्म नपुगेको देखिन्छ। हाल स्कुल नगएका र कहिल्यै स्कुल नगएका विद्यार्थीहरूको मात्र लैङ्गिक हिसावले विश्लेषण गर्दा चन्द्रागिरि नगरपालिकाका ५ वर्ष देखि २५ वर्षका एस.एल.सी. वा एस.ई.ई. तह भन्दा तल अध्ययन गरेका बालबालिकामा विगतमा स्कुल कलेज गई बीचमै पढाई छाड्ने पुरुषको प्रतिशत ५३.०४ प्रतिशत र महिलाको प्रतिशत ४६.९६ प्रतिशत देखिन्छ भने कहिल्यै स्कुल कलेज नभएका ५ वर्ष देखि २५ वर्षका बालबालिकामा ४५.५० प्रतिशत पुरुष र ५४.६० प्रतिशत महिला देखिन्छ। यसले के देखाउँदछ भने कहिल्यै स्कुल नजाने बालबालिकामा महिलाको हिस्सा बढी देखाउँदछ।

### अध्ययनको विषय अनुसार विद्यार्थीको हिस्सा

राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाका प्रमाण पत्र तह वा सोभन्दा माथिको शैक्षिक योग्यता भएका कुल ३९,३६२ जना व्यक्तिहरूले अध्ययन गरेको क्षेत्र हेर्दा १४.९९ प्रतिशतले मानविकी तथा सामाजिक शास्त्र, ४७.९६ प्रतिशतले व्यवस्थापन, १२.१५ प्रतिशतले शिक्षा, ८.७७ प्रतिशतले विज्ञान तथा प्रविधि, ४.४० प्रतिशतले स्वास्थ्य /चिकित्साशास्त्र, ४.०४ प्रतिशतले ईन्जिनियरिङ्ग, १.३७ प्रतिशतले कानून, ०.५० प्रतिशतले कृषि, ०.०८ प्रतिशतले वन, ०.१२ प्रतिशतले पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन, २.०७ प्रतिशतले कम्प्युटर/सूचना प्रविधिको क्षेत्रमा अध्ययन गरेको पाइन्छ भने १.८६ प्रतिशतले यी क्षेत्रहरू भन्दा बाहिरका अन्य क्षेत्रमा अध्ययन गरेको देखिन्छ। त्यस्तै १.६६ प्रतिशतले अध्ययन गरेको क्षेत्र उल्लेख नगरेको पाइयो। लैङ्गिक रुपमा विश्लेषण गर्दा विद्यालय तहभन्दा माथि अध्ययन गरेका कुल पुरुषहरूमध्ये लगभग आधा (४९.९१ प्रतिशत) ले व्यवस्थापन अध्ययन गरेको देखिएको छ भने महिलाहरूमध्ये पनि सबैभन्दा बढी (४५.७५ प्रतिशत) ले व्यवस्थापन क्षेत्र मै अध्ययन गरेको देखिन्छ। मानविकि क्षेत्रमा अध्ययन गर्ने पुरुष र महिलाको प्रतिशत क्रमशः १३.८० र १६.३४ प्रतिशत देखिन्छ। शिक्षा क्षेत्रमा अध्ययन गर्न पुरुषको तुलनामा महिलामा अलि बढी रुचि भएको देखिन्छ (७.९५ प्रतिशत पूरुष र १६.९० प्रतिशत महिला) भने स्वास्थ्य/चिकित्सा क्षेत्र र ईन्जिनियरिङ्गतर्फ हेर्ने हो भने महिला र पुरुषको प्रतिशत ठिक विपरित देखिन्छ। अर्थात् स्वास्थ्य/चिकित्सा क्षेत्रमा ६.९१ प्रतिशत महिला र २.१८ प्रतिशत पुरुषले अध्ययन गरेको देखिदा ईन्जिनियरिङ्ग तर्फ १.३२ प्रतिशत महिला र ६.४६ प्रतिशत पुरुषले अध्ययन गरेको देखिन्छ। विज्ञान तथा प्रविधि क्षेत्रमा अध्ययन गर्ने १०.१० प्रतिशत पुरुष र ७.२७

प्रतिशत महिला हुँदा ३.०३ प्रतिशत पुरुष र १.०० प्रतिशत महिलाले कम्प्युटर/सूचना प्रविधिको क्षेत्रमा अध्ययन गरेको देखिन्छ ।

नेपालको संविधानले मौलिक हक अन्तरगत आधारभूत तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार प्रत्याभूत गरे बमोजिम यहाँ कुल ५० वटा सामुदायिक विद्यालयहरूमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पठन-पाठन भइआएको छ। विद्यालय सुधार योजनाहरू तथा शैक्षिक क्यालेण्डर निर्माण तर्जुमा गरी कार्यान्वयमा ल्याइएको छ। यहाँ प्राविधिक धार मात्र सञ्चालित एक विद्यालय समेत गरी कुल ४२ वटा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् भने आधारभूत विद्यालय कुल १८ र बालकक्षा सञ्चालन भएका विद्यालय ७३ वटा रहेका छन्। उच्च शिक्षातर्फ दुईवटा क्याम्पस सञ्चालनमा रहेका छन्। यसका अतिरिक्त एक वटा सामुदायिक सिकाइ केन्द्र, दुईवटा धार्मिक विद्यालय तथा तीनवटा महिला विद्यालय सञ्चालनमा रहेका छन्। संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेकाले नगरपालिकालाई शिक्षा क्षेत्रलाई नजिकबाट अनुगमन, मूल्याङ्कन गरी स्थानीय शैक्षिक व्यवस्थापनको नेतृत्व गर्ने अधिकार प्राप्त भएको छ।

सङ्ख्यात्मक रुपमा हेर्दा कुल ११३ शैक्षिक संस्थाहरू रहेका छन्, जसमध्ये २२ वटा पूर्वप्राथमिक, ३२ वटा आधारभूत, ४५ वटा कक्षा १० सम्म पढाइ हुने, १२ वटा कक्षा १२ सम्म पढाइ हुने र दुई वटा +२ कलेज रहेका छन्। कुल शैक्षिक संस्थाहरूमध्ये ४२ वटा सामुदायिक विद्यालय र ७१ वटा संस्थागत विद्यालयहरू रहेका छन्। तहअनुसार विद्यालय तथा विद्यालयको सङ्ख्या सम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

**तालिका २.१० : शैक्षिक संस्था र विद्यार्थी सङ्ख्या**

| तह | पूर्व प्रावि | आधारभूत | माध्यमिक | कक्षा १० | कक्षा १२ | ०+२ | कुल |
|---|---|---|---|---|---|---|---|
| विद्यालय सङ्ख्या | २२ | ३२ | ० | ४५ | १२ | २ | ११३ |

*स्रोतः चन्दागिरि नगरपालिकाको कार्यालय, २०८०*

प्रत्येक वडामा एउटा स्वास्थ्य संस्था रहेको छ र कुल १७ स्वास्थ्य संस्था रहेका छन्। सबै स्वास्थ्य संस्थामा न्यूनतम स्वास्थ्यकर्मीहरूको उपलब्धता छ। आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सहज रहेको छ। खोप कार्यक्रम, सुरक्षित मातृत्व, परिवार नियोजन तथा सामुदायिक नर्सिङ एवम् घरदैलो कार्यक्रमको कभरेज राम्रो रहेको छ। औषधोपचारका लागि आवश्यक न्यूनतम उपकरणदेखि भवनलगायतका पूर्वाधारको उपलब्धता रहेको छ। प्रजनन् उमेर समूहका महिलाहरूको सङ्ख्या ४३,७९१ रहेको छ। नगरपालिकामा विशेषज्ञ चिकित्सक १ जना, मेडिकल अधिकृत १२ जना, जनस्वास्थ्य निरीक्षक/अहेव/वरिष्ठ अहेव ६८ जनालगायत हे.अ./सि.अ.हे.व./अ., रेडियोग्राफी, स्टाफ नर्स, विद्यालय नर्स, सामुदायिक नर्स, अनमी, अहेव, ल्याव असिस्टेन्ट/ल्याव टेक्नेसियन, कार्यालय सहायक कुल १२२ जना कार्यरत रहेका छन्। नगरपालिकामा नगर अस्पताल १ वटा, स्वास्थ्य चौकी ११ वटा, आयुर्वेद औषधालय १ वटा, शहरी स्वास्थ्य केन्द्र ६ वटा, बर्थिङ सेन्टर १ वटा, क्षयरोग माक्रोसकोपी सेन्टर ३ वटा, OTC सेन्टर ४ वटा, सुरक्षित गर्भपतन केन्द्र ११ स्थान, DOTs १७ स्थान, आधारभूत प्रयोगशाला १४ वटा, PMTCT १७ स्थान, किशोर-किशोरीमैत्री क्लिनिक ४ स्थान, खोप क्लिनिक १७ स्थान, महिला स्वास्थ्य स्वयम्सेविका १५० जना र एम्बुलेन्स सेवा २ वटा रहेको छ। महिला स्वास्थ्य स्वयम्सेविकादेखि चिकित्सकसम्म विभिन्न तहमा प्रतिबद्ध स्वास्थ्यकर्मी र कर्मचारीहरूको उपस्थिति नगरपालिकामा स्वास्थ्य क्षेत्रको सबल पक्षका रुपमा रहेको छ। नगरपालिकाको सर्भेक्षण अनुसार यहाँ बालबालिकालाई दिनको चार पटक पौष्टिक आहार खुवाउने परिवार ६१ प्रतिशत र दिनको तीनपटक पौष्टिक आहार खुवाउने परिवा २३.७ प्रतिशत रहेका छन्।

**तालिका २.११ : स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | नगर/ग्रामीण अस्पताल | १ |
| २ | निजी अस्पताल | |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | ० |
| ४ | स्वास्थ्य चौकी | ११ |
| ५ | आयुर्वेद औषधालय | १ |
| ६ | शहरी स्वास्थ्य केन्द्र | ६ |

| क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|
| १२ | सुरक्षित गर्भपतन साइट | ११ |
| १३ | DOTs सेन्टर/DR Sub सेन्टर | १७ |
| १४ | निजी क्लिनिक/पोलिक्लिनिक | |
| १५ | बेसिक ल्याव | १४ |
| १६ | PMTCT | १७ |
| १७ | किशोर किशोरीमैत्री क्लिनिक | ४ |

| क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|
| ७ | सामुदायिक स्वास्थ्य एकाइ | ० |
| ८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० |
| ९ | बर्थिङ सेन्टर | १ |
| १० | क्षयरोग माइक्रोसकोपी सेन्टर | ३ |
| ११ | OTC सेन्टर | ४ |

| क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|
| १८ | गाँउघर क्लिनिक | ४ |
| १९ | खोप क्लिनिक | १७ |
| २० | महिला स्वास्थ्य स्वयम् सेविका (FG) | १५० |
| २१ | महिला स्वास्थ्य स्वयम्सेविका (LLG) | ० |
| २२ | एम्बुलेन्स सेवा (न्यूनतम ख वर्ग) | २ |

*स्रोतः चन्द्रागिरि नगरपालिकाको कार्यालय, २०८१*

**खानेपानीको प्रमुख स्रोत**

नगरपालिकाका विभिन्न स्थानमा प्राकृतिक रुपमा धारा, कुवा, झरनाहरूलगायत खानेपानीका प्राचीन स्रोत एवम् संरचनाहरू समेत रहेका छन् । यसबाहेक भूमिगत जलस्रोत समेत उपलब्ध रहेकाले प्रशोधन, परीक्षण गरी उपभोग गर्न सकिने अवस्था रहेको छ ।

वितरण प्रणाली तथा शुल्कमा एकरुपता कायम गरी न्यायपूर्ण रुपमा खानेपानीको वितरण गरी खानेपानी तथा सरसफाइ सेवालाई व्यवस्थित गर्न नगरपालिकाले "चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८०" जारी गरेको छ । यसै ऐनमा नगर प्रमुखको अध्यक्षतामा "चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ परिषद्"को गठन गरिएको छ । यसबाहेक वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति पनि गठन गरिएको छ ।

राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजा विश्लेषण गर्दा यस नगरपालिकाको कुल घरपरिवारको ७२.२४ प्रतिशत घरपरिवारको खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाइप (घरपरिसरभित्र) रहेको देखिन्छ । त्यस्तै १८.५१ प्रतिशत घरपरिवारले घर परिसर बाहिर रहेको धारा/पाईपबाट खानेपानी प्रयोग गर्ने गरेको पाईन्छ । २.१५ प्रतिशत परिवारको खानेपानीको मुख्य स्रोत मूल धारा भएको देखिन्छ भने जार/बोतलबाट खानेपानी आपूर्ति गर्ने परिवारको प्रतिशत ३.७ रहेको देखिन्छ । ढाकिएको ईनार/कुवा प्रयोग गर्ने परिवारको सङ्ख्या अझैपनि १.११ प्रतिशत रहेको देखिन्छ। यस चन्द्रागिरि नगरपालिकामा ९५.६२ प्रतिशत परिवारले सुधारिएको खानेपानीको स्रोत प्रयोग गर्ने गरेको देखिन्छ । वडागत रुपमा हेर्दा वडा नं. २ मा सबैभन्दा कम सुधारिएको खानेपानीको स्रोत प्रयोग गर्ने परिवारहरू (८३.५९ प्रतिशत) रहेको देखिन्छ भने सबैभन्दा बढी वडा नं. ९ मा ९९.१८ प्रतिशत घरपरिवारले सुधारिएको खानेपानीको स्रोत प्रयोग गर्ने गरेको देखिन्छ । नगरपालिकाका कुल १५ वडामध्ये ६ वटा वडामा खानेपानी सुविधा विस्तार भएको छ भने ९ वटा वडामा खानेपानी सुविधा विस्तार हुन बाँकी रहेको छ ।

### २.२.३ पूर्वाधार अवस्था

यस नगरपालिकामा वडा समिति र नगरपालिकाको निर्णयका आधारमा कुल ४३२१ वटा सडक खण्डलाई अन्तिम रुप दिइएको छ । काठमाडौं प्रवेश गर्ने मुख्य सडक त्रिभुवन राजपथ यस नगरपालिका क्षेत्रभित्रैबाट गएको छ । यस सडकको नागढुंगादेखि कलंकीसम्म करिव १४ कि.मी. भाग यस नगरपालिकाभित्र पर्दछ । यस देखि बाहेक मुख्य सहायक सडक, सहायक सडक, ग्रामीण सडक गरी करीब ५२६ मि.मी. सडक यस नगरपालिकाभित्र पर्दछ । जसमा कालोपत्रे सडक ८०.३२ कि.मी., ढलान सडक १८२.३९ कि.मी., ग्रचाभेल सडक ६.१३ कि.मी., कच्ची सडक २२६.३८, ब्लक ईंटा छापेको सडक १२.६९ कि.मी., ढुँगा छापेको सडक ३.८२ कि.मी. र गोरेटो वा अन्य सडक १४.२२ कि.मी. रहेका छन् ।

जनगणनाको नतिजा अनुसार चन्द्रागिरि नगरपालिकाका लगभग सबैजसो (९९ प्रतिशत) परिवारहरूले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नको लागि बिजुली प्रयोग गर्ने गरेको देखिएको छ । यस हिसावले यस चन्द्रागिरि नगरपालिकाभित्र शतप्रतिशत घरपरिवारहरूले बत्ति बाल्न सफा इन्धनको प्रयोग गर्ने गरेको पाइन्छ ।

### २.२.४ वातावरण तथा विपद् जोखिम व्यवस्थापन

नेपाल सरकार, वन विभागको तथ्याङ्क अनुसार यस नगरपालिका क्षेत्रमा कुल १९.१९ व.कि.मी. वन क्षेत्र रहेको छ । नगर सडक गुरुयोजना तर्जुमाका क्रममा नगरपालिकाले गरेको अध्ययन अनुसार यहाँ कुल ३८.९३ प्रतिशत अर्थात् १८.९ व.कि.मी क्षेत्रफलमा वन क्षेत्र रहेको छ । वन क्षेत्रले यहाँ हरियाली, सौन्दर्यता तथा जैविक विविधताको संरक्षण

गर्न टेवा पुऱ्याएको छ । सामुदायिक रुपमा वन व्यवस्थापन गर्न २३ वटा सामुदायिक वन उपभोक्ता समूहहरू सङ्लग्न रहेका छन् । वन डढेलो नियन्त्रणका लागि अग्निरेखा निर्माण गर्ने, सुरक्षाकर्मी परिचालन गर्ने कार्य भइआएको छ । नगरपालिकाको दक्षिणी सीमा क्षेत्रमा घना वन क्षेत्रको उपस्थिति छ । चिलाउने, कटुस, काफल, जामुन, सौर, उत्तिस, लप्सी, मयल, नास्पाति, ओखर यहाँको वन क्षेत्रमा धेरै मात्रामा उपलब्ध वनस्पतिहरू हुन् । यहाँ पाइने प्रमुख गैरकाष्ठ वन पैदावारमा अँगेरी, धसिंगरे, मलाय, भलायो, चुत्रो, जाई, गुलाफ हुन् । जडिबुटीको व्यावसायिक खेतीको पनि यहाँ उल्लेख्य सम्भावना रहेको छ। सुगन्धवाल, पिपला, लौठसल्ला, चिराइतो, जङ्गली कुरिलो, जङ्गली च्याउ यहाँ व्यावसायिक रुपमा उत्पादन गर्न सकिने जडिबुटीहरू हुन् । वनमा चरिचरन तथा खोरिया फडानी नहुनु स्थानीय वन संरक्षणका लागि महत्वपूर्ण पक्ष रहेका छन् । यहाँ पाइने वन्यजन्तुमा चितुवा, बँदेल, स्याल, वन बिरालो, सालक, मलसाँप्रो, मृग र पक्षीँहरूमा कालिज, ढुकुर, तित्रा, सुगा, जुरेली, कोकले, लामपुच्छ्रे, कोइली, फिस्टो, जङ्गली काग मुख्य छन् ।

राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा अनुसार यस नगरपालिकामा समग्र रुपमा खाना पकाउने इन्धनका लागि दाउरा प्रयोग गर्ने घरधुरीको हिस्सा नगन्य अर्थात् जम्मा १.८४ प्रतिशत रहेका छन् । तर, वडागत रुपमा हेर्दा वडा नं. २ मा अझै पनि १६.३३ प्रतिशत परिवारले खाना पकाउन काठ/दाउराको प्रयोग गर्ने गरेको देखिन्छ । त्यसपछि वडा नं. १ मा ९.२५ प्रतिशत परिवारले खाना पकाउन काठ/दाउराको प्रयोग गर्ने गरेको देखिन्छ भने बाँकी वडाहरूमा काठ/दाउरा प्रयोग गरेर खाना पकाउने परिवार नगण्य मात्रामा रहेको देखिन्छ ।

नगरपालिकाको पूर्वी उत्तर क्षेत्र घना आवासीय वस्तीका रुपमा विकास भै रहेको, दक्षिण पश्चिम क्षेत्र वन जंगल र डाँडाकाँले घेरिएको, ठूला नदीनाला नभएकाले पनि पनि बाढी पहिरो जस्ता ठूला विपदका घटना हालसम्म घटेको पाईंदैन । भूकम्प, कोभिड, सडक दुर्घटना जस्ता अन्य विपद्हरू भने यस नगरपालिकाले पनि भोगेको अवस्था देखिन्छ । आगामी दिनमा विपद्का यस्ता घटना घटेमा यसलाई सामाना गर्ने गरी नगरपालिका तयारी अवस्था रहेको देखिन्छ ।

नगरपालिकाको कुल क्षेत्रफलमध्ये ३४.०२ प्रतिशत भूमिमा कृषि क्षेत्र, १४.२२ प्रतिशत भूमिमा मानव निर्मित संरचना, ४७.१२ प्रतिशत भूमिमा वन तथा झाडी क्षेत्र, ३.९९ प्रतिशत भूमिमा सडक क्षेत्र रहेको छ । नैकाप पुरानो भञ्ज्याङ, बाँडभञ्ज्याङ, थानकोट, महादेवस्थान, बलम्बु, नैकाप नयाँ भञ्ज्याङ, मातातीर्थ, मच्छेगाउँलगायतका स्थानहरूमा खुला क्षेत्रहरूको उपलब्धता रहेको छ । वन तथा खुला क्षेत्र यहाँको स्वच्छ प्राकृतिक वातावरणको लागि नगरपालिकाका लागि महत्वपूर्ण प्राकृतिक सम्पदाहरू हुन् । नगरपालिकाको लगभग ५० प्रतिशतभन्दा बढी भूभाग डाँडाकाँडाले ढाकिएको छ । यहाँको वनजङ्गलले विभिन्न जनावर तथा चराचुरुङ्गीको लागि बासस्थान उपलब्ध गराएको छ ।

### २.२.५ संस्थागत विकास, सुशासन र सेवा प्रवाह

नगरपालिकामा कानूनद्धारा गठन गर्नु पर्ने भनिएका समिति तथा उपसमितिहरू गठन भई क्रियाशील रहेका छन् । यसै गरी नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट अख्तियार प्राप्त काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि सङ्घ तथा प्रदेशबाट जारी भएका सम्बन्धित कानुनका अतिरिक्त नगरपालिका आफैंले ७३ वटा कानुन निर्माण गरी स्थानीय शासन र सेवा प्रवाहमा सुधार गर्ने प्रयास गरेको छ । नगरपालिकाले बनाउनु पर्ने कानून १७ वटा ऐन, ३ वटा नियमावली, ३५ वटा कायविधि, १ वटा आचार संहिता, ४ वटा मापदण्ड र १३ वटा निर्देशिका छन् स्वीकृत भएका छन् । नगरपालिकामा स्थानीय सञ्चित कोष खर्च प्रणाली (SuTRA), PAMS, HMIS, EMIS लगायत राजस्व, सिफारिश सम्बन्धी लगायत १० प्रकारका सफ्टवेयरहरूको प्रयोगले नगरपालिकाको खर्च प्रणाली, पारदर्शिता र कार्यसम्पादनमा प्रभावकारिता वृद्धि गर्न सहयोग पुऱ्याएको छ ।

सुशासन, ऐन, कानुन तथा जवाफदेहिता प्रवर्द्धनका लागि नेपाल सरकारले विगतका वर्षदेखि स्थानीय तह संस्थागत क्षमता तथा स्वमूल्याङ्कन प्रणाली (LISA) कार्यान्वयनमा ल्याएको छ । कुल १०० अङ्कभार रहेको उक्त स्वमूल्याङ्कन प्रणालीमा नगरपालिकाले आ.व. २०७७/७८ मा ५९.०५ अङ्क प्राप्त गरेको थियो भने आ.व. २०७८/७९ मा ७४.२५ र आ.व. ०७९।८० मा ७६.७५ अङ्क प्राप्त गरेको छ । यसैगरी, १०० अंकभार रहेको नेपाल सरकारले नै आ.व. ०७६।७७ देखि नै अनिवार्य गरेको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा आ.व. ०७८।७९ मा ६२.५० र आ.व. ०७९।८० मा ८१.५० अंक प्राप्त गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नै विकास गरी

आ.व. ०७९।८० देखि अनिवार्य गरेको स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) मा यस नगरपालिकाले ५१ अंक प्राप्त गरेको छ । यी प्रणालीहरूको मूल्याङ्कन नतिजामा नगरपालिकाले हरेक वर्ष सुधार गर्दै लगेकाले नगरपालिका सुशासन र जवाफदेहिता प्रवर्द्धनमा उल्लेख्य प्रगति गर्दै गएको अवस्था प्रत्याभूत हुन्छ ।

संगठन तथा मानव संशाधन विकासतर्फ यस नगरपालिकामा सुधारोन्मुख कार्यहरू भै रहेको छन् । नगर कार्यपालिकाको कार्यालयको आफ्नै आधुनिक भवन तयार भई सेवा प्रवाह भै रहेको छ भने वडा नं. ६ र ७ बाहेकका १३ वटै वडाका आ-आफ्नै भवनबाट सेवा प्रवाह भइरहेको छ भने स्वास्थ्य संस्थाहरू पनि आ-आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् । बनाउन बाँकी रहेको वडा नं. ६ र ७ वडा कार्यालयको भवन पनि चालू आ.व. सम्पन्न गर्ने गरी काम भइरहेको छ ।  वडा कार्यालयहरूबाट सार्वजनिक सेवा छिटो-छरितो, गुणस्तरीय र पहुँचयोग्य बनाउने कोशिश गरिएको छ । सबै वडा कार्यालयमा कम्प्युटर, प्रिन्टर तथा अन्य आवश्यक भौतिक सामग्रीहरू व्यवस्था भएको र इन्टरनेटको सुविधा सबै वडा तथा स्वास्थ्य संस्थाहरूमा रहेको छ ।

नगरपालिकाको आ.व. २०७९/८० को वार्षिक कुल यथार्थ आय १ अर्ब ७५ करोड ३२ लाख ४९ हजार रहेकोमा आन्तरिक आयको हिस्सा करिव २५ प्रतिशत अर्थात् ४३ करोड २७ लाख ९२ हजार रहेको देखिन्छ । तर उक्त आ.व.मा प्रक्षेपण गरेको रकमको ५३ प्रतिशतमात्र आन्तरिक आय उठेको देखिन्छ । यसैगरी आ.व. ०७८।७९ भन्दा आ.व. ०७९।८० मा रु २१ करोड ५९ हजार बढी आन्तरिक आय उठेको देखिन्छ ।

नगरपालिकाले अर्धवार्षिक प्रकाशनका रुपमा रुपमा "चन्द्रागिरि दर्पण", "महिला बालबालिका मैत्री अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, महिला उद्यमी सहजीकरण रोष्टर तथा तथ्याङ्क संकलन तथा अध्यावधि वार्षिक प्रगति २०७९।०८०", नगरपालिकाको पार्श्वचित्र २०७६ लगायतका अन्य प्रगति प्रतिवेदन एवम् प्रकाशनका माध्यमबाट खण्डीकृत तथ्याङ्क सहितको तथ्याङ्क तयार गर्ने प्रयास गरेको देखिन्छ । यसदेखि बाहेक व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रमको अनलाईन प्रविधिबाट विवरण सङ्कलन र प्रतिवेदन तयारी हुने व्यवस्था छ । यसैगरी राजस्व शाखाबाट करदाताहरूको अद्यावधिक विवरण तयार हुने गरेको देखिन्छ ।

# परिच्छेद ३ : दीर्घकालीन सोच तथा अवधारणा

## ३.१ पृष्ठभूमि

विकासका सम्पूर्ण प्रयासहरूलाई सहभागितामूलक ढङ्गमा तय गरिएको विकासको दीर्घकालीन गन्तव्यतर्फ डोहोऱ्याउन तदनुरुपका दीर्घकालीन लक्ष्य, रणनीति, प्राथमिकता तथा विषय क्षेत्रगत उद्देश्य, कार्यनीति तथा आयोजना/कार्यक्रमहरू तय गरी चन्द्रागिरी नगरपालिकाको सम्पूर्ण विकास गतिविधिलाई स्पष्ट मार्गदर्शन गर्नु यस आवधिक योजनाको अवधारणा हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक विकास योजना तर्जुमा गरी लागू गर्नुपर्ने व्यवस्था गरेको हुँदा यस आवधिक योजनाले चन्द्रागिरि नगरपालिकाको समग्र विकास प्रयासहरूलाई योजनाबद्ध गर्न सघाउ पुऱ्याउनुका साथै कानुनी दायित्व निर्वाह गर्न समेत सघाउ पुऱ्याउँदछ ।

आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत गरी पाँचवटा विषयगत क्षेत्र अन्तर्गतका उपविषयगत क्षेत्रहरू समेटी स्थानगत विशेषताहरूमा आधारित रही यो आवधिक योजना तयार गरिएको छ । योजना तर्जुमाको प्रारम्भ स्थानीय सम्भावना (अवसर र सबल पक्ष) तथा समस्या (कमजोरी र चुनौती) को विश्लेषणबाट गरिएको छ । त्यसैगरी आवधिक योजनाको समष्टिगत लक्ष्य, रणनीति, प्राथमिकता तथा विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र आयोजना एवम् कार्यक्रमहरू पहिचान गरिएको छ । सहभागितामूलक ढङ्गमा तयार गरिएको हुँदा नगर विकासका साझेदार एवम् सरोकारवालाको साझा सहभागितामा यो आवधिक योजना कार्यान्वयनमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

यो आवधिक योजना नगरपालिकाको समष्टिगत सामाजिक-आर्थिक विकास, योजनाबद्ध शहरी विकास र पर्यावरणीय संरक्षण तथा प्रवर्द्धन गर्ने मूल ध्येयले तयार गरिएको हो । यस योजनाले चाहेको अधिकतम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्बित छ । यो आवधिक योजनाको विशेषता भनेको विषय क्षेत्रगत दीर्घकालीन रणनीतिक योजना र विषय क्षेत्रगत गुरुयोजनाका मूलभूत पक्षलाई एकैठाउँ समेटी पाँच वर्षका लागि प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमसहित तर्जुमा गरिएको हुँदा वार्षिक योजना तर्जुमाका लागि समेत यो योजना मार्गदर्शक बन्नेछ । मध्यमकालीन खर्च योजनाको रुपमा कार्यक्रम र बजेटसहित सरोकारवालाहरूको सहमतीमा तर्जुमा गरिएको हुँदा यसले विकासका माग र आवश्यकताहरूलाई सही सम्बोधन गर्ने विश्वास गरिएको छ ।

यो आवधिक योजनामा दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य र रणनीतिहरू तर्जुमा गर्दा नगरका विद्यमान समस्या, चुनौती, अवसर र सम्भावनाहरूलाई वृहद् विश्लेषण गरी सरोकारवालाहरूको राय सहमतीमा तर्जुमा गरिएको हुँदा यसको हुबहु कार्यान्वयन हुने विश्वास लिइएको छ ।

यस आवधिक योजना कार्यान्वयनका सन्दर्भमा नगरको विकासका लागि उपलब्ध प्रमुख संभावना तथा अवसरहरू देहाय अनुसार रहेका छन् :

## ३.२ प्रमुख सम्भावना र अवसर

- देशको राजधानी काठमाडौं उपत्यकाभित्र रहेको नगरपालिका भएको हुँदा स्थानीय उत्पादनका लागि ठूलो बजारमा सहज पहुँचको अवसर उपलब्ध रहेको ।
- उद्योग व्यवसायको विकास तथा उत्पादनमूलक कार्यहरूका लागि खाली जमिन तथा खुला क्षेत्रहरू रहेको ।
- यस नगरपालिकामा सम्भावनाअनुसार राजस्व सङ्कलन नभईरहेको कारण सम्पत्ति कर, घरबहाल कर र व्यवसाय कर जस्ता स्थानीय सरकारका प्रमुख राजस्व परिचालनको क्षेत्रलाई प्रभावकारी बनाई आन्तरिक आय सुदृढीकरण गर्न सकिने सम्भावना रहेको ।

- काठमाडौं उपत्यकामा बस्ती विकास, घरजग्गा कारोबार र उद्योग धन्दा विस्तारको क्षेत्रमध्ये चन्द्रागिरि नगरपालिका एक प्रमुख क्षेत्र रहेको हुँदा नमुना शहरी वस्ती विकास गर्ने तथा स्थायी आन्तरिक आयस्रोत बढाउने सम्भावना रहेको ।
- सडक, विद्युत्, खानेपानी, स्वास्थ्य, शिक्षा जस्ता भौतिक पूर्वाधार निर्माणका कार्य यस नगरपालिकामा आधारभूत रुपमा पूरा भइसकेको हुँदा त्यस्ता पूर्वाधारलाई आधुनिक, व्यवस्थित, दिगो र उदाहरणीय बनाउने अवसर रहेको ।
- दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास अनुरुप लक्ष्य नं. ३, ४, ५, ६ र ११ को प्रगति नगरपालिकाले संयुक्त राष्ट्रसङ्घमा पेश गरेको र यसरी पेश गर्नेमा चन्द्रागिरि नगरपालिका देशकै दोस्रो नगरपालिका बन्न पुगेको ।
- मातातीर्थ, विष्णुदेवी, मच्छेनारायण, चन्दन भराटेश्वर र भालेश्वर मन्दिरजस्ता देवालयहरू रहेको; सातगाउँले, महालक्ष्मी, किसीपिडी, कृष्ण र भीमसेन जात्रा मनाउने गरिएको; मच्छेगाउँ पुरुषोत्तम मेला लाग्ने गरेको र कालुपाण्डे समाधी लगायत विविध पौराणिक, ऐतिहासिक, सांस्कृतिक स्थलसहितका जीवन्त संस्कृति र परम्परा रहेकाले धार्मिक, सांस्कृतिक तथा आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना रहेको ।
- नगरपालिकामा पौराणिक जात्रा, पर्व, बाजागाजा, गुठी, र विशिष्ठ सामाजिक एवम् सांस्कृतिक धरोहरहरु रहेका
- काठमाडौं उपत्यका र विश्वको सर्वोच्च शिखर सगरमाथा सहित उच्च हिमाली श्रृङ्खलाहरूको सुन्दर दृश्यावलोकन गर्न सकिने स्थलहरू रहेको । साथै, केवल कार, होटल, रिसोर्ट, ठूला उद्यान सहितको देशको महत्वपूर्ण स्थलका रुपमा रहेको चन्द्रागिरि क्षेत्र यसै नगरपालिकाअन्तर्गत रहेकाले आन्तरिक तथा बाह्य पर्यटन समेतको उच्च सम्भावना रहेको ।
- उपत्यका आवागमनको मुख्य सडक नाका भएको र खुला क्षेत्रहरूसमेत रहेका हुँदा विशेष आर्थिक क्षेत्र स्थापना गर्न सकिने सम्भावना रहेको ।
- काठमाडौं उपत्यकाभित्रै अवस्थित नगरपालिका भएता पनि सामुदायिक वन सहित उल्लेख्य वन क्षेत्र (४७ प्रतिशत) भएकाले पर्यापर्यटन, जडिबुटी खेती लगायतका वनजन्य उत्पादनबाट आयआर्जन तथा रोजगारीमा वृद्धि गर्न सकिने
- युवा, महिला, विपन्न र पिछडिएको वर्गलाई आकर्षित गरी लघु, घरेलु, साना र मझौला उद्योगको विकास र विस्तार गर्न सकिने राम्रो सम्भावना रहेको । निजी क्षेत्रलाई आकर्षित गरी साना तथा मझौला उद्योगहरू विस्तार गर्न सकिने ।
- कुल घरपरिवारको १७.८५ प्रतिशत कृषि पेशामा सङ्लग्न रहेकाले उक्त घरपरिवारलाई उच्चमूल्यका कृषिबाली तथा *भर्टिकल फार्मिङ* लगायतका शहरी कृषि विकासका नवीन कार्यहरूमा आकर्षित गर्न सकिने ।
- राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ संस्थाहरूसँग समन्वय सम्बन्ध विस्तार गर्न नगरपालिका विगतदेखि नै सक्रिय रुपमा अग्रसर भएकाले बाह्य स्रोत आकर्षित गर्न सहज भएको
- सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन प्रणालीको सुरुआतले विद्युतीय शासनलाई व्यवहारमा रुपान्तरण गर्न सहज हुँदै गएको ।

## ३.३ नगर विकासका प्रमुख समस्या र चुनौती

बढ्दो शहरीकरणसँगै नगरपालिकामा विद्यमान प्रमुख समस्या तथा चुनौतीहरू देहायअनुसार रहेका छन् :

- फोहोरमैला व्यवस्थापन, वातावरणीय प्रदुषण, ढल निकास सम्बद्ध समस्याहरू निरन्तर बढ्दै गएकाले विकासका कार्यहरूलाई दिगो र वातावरणमैत्री बनाउन कठिन हुँदै गएको छ ।
- बढ्दो जनघनत्व र बस्ती विकासका कारण कतिपय वस्तीभित्रका सडकहरू यातायात सञ्चालनका लागि साँघुरा हुँदै गएका छन् । सडक विस्तारका लागि क्षतिपूर्ति प्रदान गर्ने कार्यका लागि ठूलो धनराशी आवश्यक पर्ने हुँदा सडक चौडा गर्ने कार्य चुनौतीपूर्ण भएको छ ।
- भूउपयोग योजना तर्जुमा नभएको र भू-वर्गीकरण पनि नभएको हुँदा भूमिको प्रकृति र सम्भावना अनुरुपको विकासको कार्य अघि बढ्न सकेको छैन ।
- तीन तहका सरकारबीच अधिकार क्षेत्रमा दोहोरोपना र तहगत समन्वय संयन्त्र फितलो भएका कारणले कतिपय आयोजना कार्यान्वयनमा कठिनाइ हुने गरेको छ ।

- काठमाडौं उपत्यका प्रवेश गर्ने नेपालको प्रविधियुक्त पहिलो सुरूङ मार्गका रुपमा रहेको नागढुङ्गा सुरुङमार्गले सिर्जना गर्ने अवसर र चुनौतीहरूको सम्बोधन गर्न स्पष्ट सोच सहितको कार्ययोजना तर्जुमा गर्नुपर्ने चुनौती रहेको छ ।
- नगरपालिकाको कतिपय विषयगत क्षेत्रहरूमा आधारभूत तथ्याङ्क तथा सूचनाको अभाव रहेको छ । यसैगरी, अन्य कतिपय विषयगत क्षेत्रहरूमा शाखागत लक्ष्य, उद्देश्य अनुरुप सूचक अनुरुप तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्ने परम्परा तथा पद्धतिको अभाव भएको हुँदा विद्यमान अवस्थाको सही पहिचान बिना नै योजना तर्जुमा गर्नुपर्ने बाध्यता विद्यमान रहेको छ ।
- आवधिक योजनाको कार्यान्वयन तथा जनअपेक्षा अनुरुपको विकास निर्माण कार्यलाई द्रूततर बनाउन आन्तरिक आयका स्रोतका अतिरिक्त अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा बाह्य निकायबाट लगानी तथा वित्तीय स्रोतको व्यवस्थापन गर्ने कार्य सहज छैन ।

## ३.४ निर्देशक सिद्धान्त

नगरपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र क्रियाकलापहरू निश्चित सिद्धान्तहरूबाट निर्देशित हुनु जरुरी हुन्छ । उपर्युक्त दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यका सन्दर्भमा निम्नानुसार सिद्धान्तहरूमा आधारित भई नगरपालिकाले समग्र विकास निर्माण र विकास व्यवस्थापनको नेतृत्व गर्नु पर्नेछ :

- दिगो विकास प्रवर्द्धन
- सहभागितामूलक विकास र आन्तरिक स्रोतको उच्चतम परिचालन
- व्यवस्थित शहरी विकास
- तथ्याङ्क र सूचनामा आधारित योजना पद्धती
- उत्पादनमुखी, अन्तरनिर्भर र उन्नत स्थानीय अर्थतन्त्र
- मानव संशाधन विकास र गुणस्तरीय जीवनयापन
- अधिकार र नतिजामा आधारित विकास व्यवस्थापन
- समावेशी विकास र न्यायपूर्ण समाजको स्थापना
- जलवायु परिवर्तन अनुकुलन तथा विपद् उत्थानशिलता
- गुणस्तरीय एवम् जनमुखी सेवा प्रवाह
- समन्वय, साझेदारी र सहकार्य
- सुशासन तथा सदाचार प्रवर्द्धन

## ३.५ दीर्घकालीन सोच

आवधिक योजनाको दीर्घकालीन सोच देहाय बमोजिम निर्धारण गरिएको छ :

**"ऐतिहासिक-सांस्कृतिक नगरी : समृद्ध पर्यटकीय चन्द्रागिरि"**

दीर्घकालीन सोचको व्याख्या देहाय बमोजिम रहेको छ :

- **ऐतिहासिक :** नेपालको इतिहासको विभिन्न कालखण्डका विभिन्न महत्वपूर्ण सम्पदा, ऐतिहासिक स्थलहरू लगायत प्राचीन वस्ती एवम् रीतिरिवाज संरक्षित तथा प्रवर्द्धित भएको
- **सांस्कृतिक :** विभिन्न जात्रा, मेला, पर्व, कला, भाषा तथा परम्पराहरू संरक्षण, प्रवर्द्धन भई समृद्ध सांस्कृतिक शहरका रुपमा पहिचान प्राप्त भएको
- **समृद्ध :** उच्च आर्थिक वृद्धि, व्यक्तित्व विकासका लागि उपयुक्त अवसर, दिगो तथा उत्थानशील भौतिक पूर्वाधार विकास र मानवीय आवश्यकताहरू परिपूर्ति मार्फत् गुणस्तरीय जीवनस्तरतर्फ अग्रसर भएको ।

- **पर्यटकीय नगरी :** जीवन्त संस्कृति, परम्परा, ऐतिहासिक, सांस्कृतिक धरोहर एवम् रमणीय प्राकृतिक वातावरणको विद्यमानताले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको चन्द्रागिरि भ्रमणलाई सार्थक तुल्याउँदै देशकै एक प्रमुख पर्यटक गन्तव्यका रुपमा स्थापित भएको शहर

## ३.६ समष्टिगत लक्ष्य

यस आवधिक योजनाको समष्टिगत लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

**"आर्थिक-सामाजिक तथा सांस्कृतिक रुपमा समुन्नत, दिगो र उत्थानशील पूर्वाधार र पर्यटनमा आधारित अर्थतन्त्रभएको राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा पहिचानयुक्त नगर निर्माण गर्ने"**

उपर्युक्त समष्टिगत लक्ष्य परिपूर्तिका लागि यस आवधिक योजनामा निम्नानुसारका परिमाणात्मक लक्ष्यहरू तय गरिएका छन् :

**तालिका ३.१ : समष्टिगत लक्ष्य सूचकहरू**

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | आधार वर्षसम्मको अवस्था | | | आवधिक योजनाको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | नेपाल | बागमती | चन्द्रागिरि | |
| **क.** | **समष्टिगत गन्तव्य तथा सूचक** | | | | | |
| १. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.७६० | ०.८२० | ०.६२२ | ०.७० |
| २. | औसत आयु | वर्ष | ८० | ८५ | ८५ | ८६ |
| ३. | मातृ मृत्युदर (प्रति १००,००० जीवित जन्ममा) | सङ्ख्या | ६५३ | ७२ | | |
| ४. | साक्षरता दर (५ वर्षभन्दा माथि) | | | | | |
| | महिला | प्रतिशत | ६९.३७ | | ८१.१६ | ९० |
| | पुरुष | प्रतिशत | ८३.५५ | | ९३.४६ | ९८ |
| ५. | बहुआयामिक गरिबी दर | प्रतिशत | २०.३० | १२.५९ | १२.५९ | १० |
| ६. | विपद्बाट हुने वार्षिक क्षति रकम | रु.करोड | | | १५.८४ | ११ |
| **ख** | **विषय क्षेत्रगत गन्तव्य र सूचक** | | | | | |
| ७. | कृषि बाहेक अन्य साना उद्यम व्यवसायमा सङ्लग्न घरपरिवार | प्रतिशत | | | १४.४ | २० |
| ८. | आर्थिक रूपले सक्रिय जनसङ्ख्या | प्रतिशत | | | ५४ | ५४ |
| ९. | बैक तथा वित्तीय संस्थाको शाखा | सङ्ख्या | | | ४७ | ६० |
| १०. | ५ वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | सङ्ख्या | | | ४७ | ३० |
| ११. | विद्यालय भर्ना दर | प्रतिशत | | | | |
| | क) आधारभूत तह (कक्षा १-८) खुद भर्ना दर | प्रतिशत | | | ९९.० | १००.० |
| | ख) माध्यमिक तह कक्षा (९-१२) कुल भर्ना दर | प्रतिशत | | | ९३.८ | ९९.५ |
| १२. | घर/कम्पाउण्डभित्रै खानेपानी सुविधा भएका घरधुरी | प्रतिशत | ३४.६ | ४३.९ | ७२.२ | १०० |
| १३. | शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९५.४ | ९८.८ | ९९.९६ | १०० |
| १४. | सडक घनत्व | प्रति वर्ग कि.मी. | ०.६३* | | १०.९५ | १२ |
| १५. | पूर्ण रुपमा विद्युत् सेवा पुगेका घरपरिवार | प्रतिशत | ९६.७* | | ९९ | १०० |
| १६. | इन्टरनेट सुविधा उपलब्ध घरधुरी | प्रतिशत | ३७.८ | ५५.२ | ७७.८ | १०० |
| १७. | गत पाँच वर्षमा कोभिड बाहेक अन्य विपद्जन्य घटनाबाट मृत्यु वा घाइते हुने | जना | | | १६५ | १३५ |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | आधार वर्षसम्मको अवस्था | | | आवधिक योजनाको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | नेपाल | बागमती | चन्द्रागिरि | |
| १८. | भूकम्प प्रतिरोधी मापदण्ड अनुसार बनेका घरमा बसोवास गर्ने परिवार | प्रतिशत | | | ५४ | ७५ |
| १९. | घर तथा जग्गामा महिलाको स्वामित्व भएका परिवार | प्रतिशत | ११.८ | १२.५ | १५.९४ | ३० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, कृषि गणना २०७८, सोह्रौं योजना, सङ्घ तथा प्रदेश र चन्द्रागिरि नगरपालिकाका विभिन्न प्रतिवेदन, २०८०*

*आ.व. २०७९/८०

## ३.७ समष्टिगत उद्देश्य

आवधिक योजनाका समष्टिगत उद्देश्यहरू देहायबमोजिम छन् :

१. दिगो तथा फराकिलो आर्थिक वृद्धि, पर्यटन र उद्यमशीलता मार्फत् सबल र समावेशी स्थानीय अर्थतन्त्र निर्माण गर्नु

२. नगरवासीलाई सहज, सर्वसुलभ, गुणस्तरीय र समावेशी शिक्षा एवम् स्वास्थ्य सेवाको सुनिश्चिता गर्नु

३. सुरक्षित, व्यवस्थित, सुविधायुक्त, स्वस्थ र आधुनिक शहरी पूर्वाधार निर्माण गर्नु

४. सफा एवम् स्वच्छ, विपद् उत्थानशील, जलवायु अनुकूलन र वातावरणमैत्री समुदाय निर्माण गर्नु

५. नगरपालिकालाई सबल, सक्षम, सुव्यवस्थित र असल शासन पद्धति अबलम्बन भएको निकायको रुपमा रुपान्तरण गर्नु ।

## ३.८ समष्टिगत रणनीति

यस आवधिक योजनाका समष्टिगत रणनीतिहरू देहाय अनुसार तय गरिएको छ :

१. तुलनात्मक लाभका उत्पादनशील क्षेत्रको पहिचान, व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण गरी आर्थिक वृद्धिलाई उच्च बनाई तथा प्रतिफलको वितरणलाई फराकिलो बनाउने

२. ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदा र स्रोतहरूको संरक्षण एवम् सम्बर्द्धन गर्दै नगरपालिकालाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा स्थापित गराउने

३. निजी क्षेत्रसमेतको सहकार्यमा नगरपालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र खेलकुदको मुख्य स्थल (Hub) का रुपमा विकास गर्ने

४. टिकाऊ, धान्न सकिने, दीगो र आधुनिक पूर्वाधारको विकासद्धारा नगरपालिकालाई काठमाडौं उपत्यकाको नमूना नगरको रुपमा विकास गर्ने ।

५. विकास प्रक्रियालाई सहभागितामूलक, वातावरणमैत्री, उत्थानशील र समावेशी बनाई दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्ने

६. उत्पादन र उत्पादकत्व वृद्धिका लागि सरकारी, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजबीचको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने ।

७. नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी उत्तरदायी बनाउँदै नगरपालिकाको संरचना र शासकीय प्रबन्धलाई समय सापेक्ष बनाई नगरवासीप्रति सुशासनको प्रत्याभूति दिलाउने

## ३.९ प्राथमिकताप्राप्त क्षेत्र

नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा उपलब्ध संभावना र अवसर एवम् सरोकारवालाहरूसँगको छलफलका आधारमा यस आवधिक योजनाले नगरपालिकाको समग्र दिगो विकास र समृद्धिका लागि प्राथमिकता प्राप्त क्षेत्रहरूको क्रम देहायअनुसार पहिचान गरेको छ :

- पर्यटन प्रवर्द्धन
- ऐतिहासिक र सांस्कृतिक सम्पदा संरक्षण
- उद्योग र व्यवसाय
- स्वास्थ्य सेवा र खानेपानी

- शिक्षा तथा खेलकुद
- दिगो र उत्थानशील पूर्वाधार तथा विपद् जोखिम न्यूनीकरण
- फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन र दिगो वन व्यवस्थापन
- व्यवस्थित बसोबासर तथा सहज यातायात
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- तथ्याङ्क र सूचना प्रविधि
- स्रोत व्यवस्थापन, वित्तीय अनुशासन तथा सुशासन प्रवर्द्धन

## ३.१० स्रोत अनुमान तथा प्रक्षेपण

नगरपालिकाको आय स्रोतहरूमा आन्तरिक आय, सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान, राजस्व तथा रोयल्टी बाँडफाँटबाट प्राप्त हुने आय मुख्य रुपमा रहेका छन् । यसबाहेक जनसहभागिता, निजी क्षेत्रको लगानी, विभिन्न गैरसरकारी संस्थाबाट हुने योगदान तथा अन्तर स्थानीय तह साझेदारीबाट पनि नगरको विकासका लागि वित्तीय श्रोत प्राप्त हुने गर्दछ । यस आवधिक योजनाको प्रक्षेपित स्रोतगत आय देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३.२ : आवधिक योजनाको स्रोतगत आय प्रक्षेपण**

| बजेटका स्रोतहरू | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमान | रकम रु. हजार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१/ ८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | ५ वर्षको जम्मा |
| **१. आन्तरिक आय** | ६४६४८६ | १५६०५०२ | १६३८५२७ | १७३६८३९ | १८५८४१८ | २००७०९१ | २१८७७२९ | ९४२८६०४ |
| **२. राजस्व बाँडफाँट** | ५८३५१३ | १६९०२९ | १७७४८० | १८८१२९ | २०१२९८ | २१७४०२ | २३६९६८ | १०२१२७८ |
| क. नेपाल सरकार | ८८४२५ | ११९९१७ | १२५९१३ | १३३४६८ | १४२८१० | १५४२३५ | १६८११६ | ७२४५४२ |
| ख. प्रदेश सरकार | ४९५०८८ | ४९११२ | ५१५६८ | ५४६६२ | ५८४८८ | ६३१६७ | ६८८५२ | २९६७३६ |
| **३. रोयल्टी बाँडफाँट** | | | | | | | | |
| क. वन रोयल्टी | | | | | | | | |
| **४. नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | ६६६९३८ | ६३३७०० | ६६५३८५ | ७०५३०९ | ७५४६७९ | ८१५०५३ | ८८८४१० | ३८२८८३६ |
| क. वित्तीय समानीकरण अनुदान | २२७८२८ | २१२३००. | २२२९१५ | २३६२९० | २५२८३० | २७३०५७ | २९७६३२ | १२८२७२३ |
| ख. सशर्त अनुदान चालू | ३९८८७४ | ३७१४००. | ३८९९७० | ४१३३६८ | ४४२३०४ | ४७७६८८ | ५२०६८० | २२४४०११ |
| ग. सशर्त अनुदान पूँजीगत | १६२५९ | १८५०० | १९४२५ | २०५९१ | २२०३२ | २३७९४ | २५९३६ | १११७७८ |
| घ. विशेष अनुदान | १५६२५ | २३५०० | २४६७५ | २६१५६ | २७९८६ | ३०२२५ | ३२९४६ | १४१९८८ |
| च. समपुरक अनुदान | ८३५२ | ८००० | ८४०० | ८९०४ | ९५२७ | १०२८९ | ११२१६ | ४८३३६ |
| **५. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | ७०००७ | ८०५४९ | ८४५७६ | ८९६५१ | ९५९२७ | १०३६०१ | ११२९२५ | ४८६६८० |
| क. वित्तीय समानीकरण अनुदान | २४९८८ | २३५१९ | २४६९५ | २६१७७ | २८००९ | ३०२५० | ३२९७२ | १४२१०३ |
| ख. सशर्त अनुदान चालू | १८९५६ | १९०३० | १९९८२ | २११८० | २२६६३ | २४४७६ | २६६७९ | ११४९८० |
| ग. सशर्त अनुदान पूँजीगत | ० | ४५०० | ४७२५ | ५००९ | ५३५९ | ५७८८ | ६३०९ | २७१८९ |
| घ. विशेष अनुदान | ४४१८ | ६००० | ६३०० | ६६७८ | ७१४५ | ७७१७ | ८४१२ | ३६२५२ |
| ङ. समपुरक अनुदान | २१६४४ | २७५०० | २८८७५ | ३०६०८ | ३२७५० | ३५३७० | ३८५५३ | १६६१५६ |
| **६. अन्य अनुदान** | | १५०००० | १६०००० | १६५००० | १७०००० | १७५००० | १८०००० | ८५०००० |
| **७. जनसहभागिता** | | १०००० | १०५०० | ११००० | ११५०० | १२००० | १३००० | ५८००० |

| बजेटका स्रोतहरू | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमान | रकम रु. हजार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१/ ८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | ५ वर्षको जम्मा |
| ८. निजी लगानी | | ८०००० | १००००० | १०५००० | ११०००० | ११५००० | ११६६०३ | ५४६६०३ |
| ९. अन्तर स्थानीय तह साझेदारी रकम | | ५०००० | ५५००० | ६०००० | ६५००० | ७०००० | ८०००० | ३३०००० |
| १०. विकास साझेदार संस्थाको लगानी | | ४५००० | ५०००० | ५५००० | ६०००० | ६५००० | ७०००० | ३००००० |
| ११. आन्तरिक ऋण परिचालन | | | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १९६६९४३ | २७७८७८० | २९४४४५४ | ३११५९२७ | ३३२६८२२ | ३५८०१४८ | ३८८५६३४ | १६८५०००० |

*स्रोत : नगरपालिका आर्थिक प्रशासन शाखाको यथार्थ खर्च र अनुमानमा आधारित*

## ३.११ मानव संशाधनको अवस्था, आवश्यकता पहिचान र प्रक्षेपण

यो योजना तर्जुमाका बखत नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेत कुल ३८६ कर्मचारीहरू नगरपालिका अन्तरगत कार्यरत रहेका छन्; जसमध्ये स्थायी दरबन्दीमा १९९ जना र करार तथा ज्यालादारीमा १८७ जना रहेका छन् । विस्तृत विवरण तालिका ३.३ मा दिइएको छ :

**तालिका ३.३ : नगरपालिकामा कार्यरत कर्मचारीको विवरण**

| क्र.सं. | विवरण | स्थायी | करार | ज्यालादारी | जम्मा |
|---|---|---|---|---|---|
| १ | नगरपालिकातर्फ | ६७ | ३३ | | १०० |
| २ | गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमतर्फ | | २ | | २ |
| ३ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तातर्फ | | २ | | २ |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ | | ३ | | ३ |
| ५ | नगर प्रहरी | | २४ | | २४ |
| ६ | न.पा.तर्फ जम्मा | ६७ | ६४ | | १३१ |
| ७ | वडा कार्यालयतर्फ | ४७ | ४० | | ८७ |
| ८ | थानकोट प्राथमिक अस्पताल | ११ | ३१ | | ४२ |
| ९ | स्वास्थ्य संस्थातर्फ सामुदायिक नर्स समेत | ७४ | ५२ | २ | १२६ |
| | नगरपालिकामा कार्यरत कुल कर्मचारी संख्या | १९९ | १८७ | | ३८६ |

*स्रोत : प्रशासन शाखा, चन्द्रागिरि नगरपालिका, २०८१*

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय यस नगरपालिकामा नगरपालिकाको कार्यालय तर्फ ३२ र वडा कार्यालयतर्फ ३० गरी कुल ६२ जनाको दरबन्दी प्रस्ताव गरेको छ । तह, सेवा र समूह अनुसार विभिन्न पदहरूमा स्वीकृत दरबन्दीको सङ्ख्या देहाय अनुसार रहेको छ :

**तालिका ३.४ : प्रस्तावित कर्मचारी दरबन्दी**

| क्र.सं. | पद | तह | सेवा | समूह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा. प्र. | १ | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | १ | |
| ३ | सि.डी.इ. | ९/१० | इञ्जि. | सिभिल | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | १ | |
| ७ | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | १ | |

| क्र.सं. | पद | तह | सेवा | समूह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | इञ्जिनियर | ६ | इञ्जि. | सिभिल | १ | |
| ९ | इञ्जिनियर | ६ | इञ्जि. | सिभिल | १ | |
| १० | आ.ले.प.अधिकृत | ६ | प्रशासन | लेखा | १ | |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | ३ | |
| १२ | अ.हे.व. | ५/६ | स्वास्थ्य | हे. ई. | १ | |
| १३ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे ई | १ | |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | ५ | |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | १ | |
| १७ | सब-इञ्जिनियर | ५ | इञ्जि. | सिभिल | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | १ | |
| १९ | कम्प्युटर अपरेटर | ५ | विविध | | १ | |
| २० | अमिन | ४ | इञ्जि. | सर्भे | १ | |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र. | ३ | |
| २२ | स.ले.पा. | ४ | प्रशासन | लेखा | १ | |
| २३ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | १ | |
| | **जम्मा** | | | | ३२ | |
| | **वडा कार्यालय (१५ वटा)** | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | ७ | |
| २ | सब-इञ्जिनियर | ५ | इञ्जि. | सिभिल | ७ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | ८ | |
| ४ | अ.सब-इञ्जिनियर | ४ | इञ्जि. | सिभिल | ८ | |
| | **जम्मा** | | | | ३० | |
| | **कुल जम्मा** | | | | ६२ | |

## ३.१२ नगर गौरवका आयोजना

चन्द्रागिरि नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार तथा भौतिक अवस्थामा उल्लेख्य सुधार ल्याउन सघाउ पुऱ्याउने केही प्रमुख आयोजनाहरूलाई गौरवका आयोजनाको रुपमा पहिचान गरिएको छ। नगर गौरवका आयोजना तथा तिनको संक्षिप्त विवरण निम्नअनुसार रहेको छ :

**तालिका ३.५ : नगर गौरवका आयोजना**

| क्र. सं. | आयोजना | स्थान | उद्देश्य | लागत (रु ०००) |
|---|---|---|---|---|
| १. | बृहत् खानेपानी तथा सरसफाई आयोजना | सबै वडा | नगरवासीहरूलाई स्वच्छ खानेपानी सहजरुपमा उपलब्ध गराउनु | ४०००० |
| २. | मातातीर्थ क्षेत्र पर्यटकीय सुदृढीकरण आयोजना | वडा नं. ६ | नगरपालिकाको दीर्घकालीन सोचको नारालाई मूर्त रुप दिँदै नगरपालिकालाई देशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने | ३०००० |

| क्र. सं. | आयोजना | स्थान | उद्देश्य | लागत (रु ०००) |
|---|---|---|---|---|
| ३. | मत्स्यनारायण क्षेत्र विकास कार्यक्रम | वडा नं. ९ | कार्यका साथै उल्लेखित क्षेत्रको भौतिक पूर्वाधार विकास गरी सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्नु । | २५००० |
| ४. | ईन्द्रस्थान सुधार कार्यक्रम | वडा नं. १ | | १५००० |
| ५. | विष्णुदेवी परिसर सुधार कार्यक्रम | वडा नं. १५ | | १५००० |
| ६. | फोहोर व्यवस्थापन केन्द्र निर्माण आयोजना | थानकोट नगर अस्पताल | नगरपालिकालाई शून्य फोहोर विर्सजनतर्फ उन्मुख गराउनु | २०००० |
| ७. | नैकाप फुटबल मैदान सुदृढीकरण आयोजना | वडा नं. १४ | नगर तथा राष्ट्रिय स्तरका खेलकुद आयोजना सञ्चालन गर्न सक्ने क्षमताको खेलकुद मैदान निर्माण गर्नु | ३०००० |
| ८. | वडा रुपान्तरणकारी कार्यक्रम | सबै वडा | वडाको आ आफ्नो आवश्यकता पहिचानका आधारमा एक-एक वटा गौरवका आयोजना सञ्चालन गरी नगरलाई सम्बृद्ध बनाउने | १५०००० |

द्रष्टव्य : उपरोक्त बमोजिमका नगर गौरवका आयोजनाका लागि आवश्यक बजेटको स्रोत सम्बन्धित विषयक्षेत्र/उपक्षेत्रको कार्यक्रम तथा बजेटमा सङ्लग्न गरिएको छ ।

# परिच्छेद ४ : आर्थिक विकास

## ४.१ पृष्ठभूमि

परम्परागत रुपमा कृषि र पशुपालन मुख्य पेशा रहँदै आएको यस नगरपालिकामा केही वर्षयता शहरीकरण तीव्र बन्दै गएको छ, फलस्वरुप हाल व्यापार व्यवसाय र सेवा क्षेत्र यहाँको प्रमुख आर्थिक क्रियाकलापका रुपमा विकास भएको छ। वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको अन्तिम नतिजाअनुसार यहाँका २१ प्रतिशत जनसङ्ख्या खुद्रा तथा थोक व्यापार, मोटरगाडी तथा मोटरसाइकलहरूको मर्मतमा सङ्लग्न रहेको देखिन्छ। यस्तै, करिब १९ प्रतिशत जनसङ्ख्या निर्माण तथा उत्पादन सम्बन्धी काममा, १३.५ प्रतिशत जनसंख्या विभिन्न सेवा मूलक क्षेत्रमा र बाँकी जनसङ्ख्या अन्य विभिन्न क्षेत्रमा सङ्लग्न रहेको देखिन्छ। धार्मिक, सांस्कृतिक एवम् पर्यावरणीय पर्यटनको सम्भावनालाई दृष्टिगत गर्दै नगरपालिकाले यहाँको आर्थिक विकासका लागि पर्यापर्यटनलाई उच्च महत्व दिएको छ।

नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण पाटो पर्यटन क्षेत्रमा यस नगरपालिकाले विस्तारै फड्को मार्दै गरेको अवस्था छ। यस नगरपालिका क्षेत्रमा रहेका धार्मिक स्थलहरू जस्तै मातातीर्थ मन्दिर, मत्छेनारायण मन्दिर, शहिद स्मारक, चन्द्रागिरि केवुल कार, भालेश्वर महादेव मन्दिर, शहिर स्मारक पार्क र प्राकृतिक रुपमा सुन्दर डाँडाकाँडाहरू भएकाले यो क्षेत्र पर्यटकको आकर्षणको रुपमा रहेको छ। पर्यटकलाई लामो समय राख्ने प्याकेजका अभावमा यहाँ आउने पर्यटकहरू रात बिताउने गरी आउने गरेको पाइँदैन। पर्यटक आकर्षण गर्नका लागि पदमार्गको पहिचान तथा निर्माण गर्नुका साथै होटल एवम् होमस्टेको सङ्ख्यामा बृद्धि गर्न सके पर्यटकको बसाई लम्ब्याउन सकिने देखिन्छ।

बैंक तथा वित्तीय संस्थाको उल्लेख्य पहुँच भएको यस नगरपालिकामा विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखाहरूमा २८ वटा वाणिज्य बैंक, ४ वटा विकास बैंक, ६ वटा लघुवित्त संस्था, ९ वटा विमा कम्पनीका शाखा कार्यालयहरू रहेका छन्। नगरपालिकाकै नियमनमा रहने विभिन्न वडाहरूमा रहेका सहकारी संस्थाको सङ्ख्या १४६ वटा रहेको छ। आफ्नो व्यवसायको पूँजी अनुसार यहाँका करीब ७५ प्रतिशत व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर आफ्नो व्यवसाय सञ्चालन गरिरहेका छन्। नगरपालिकाका वडाहरूमा बस्ती विस्तार हुँदै गर्दा यहाँ अन्य व्यवसायिक गतिविधिहरू पनि बढ्दै गएका छन्, जसको फलस्वरुप बैंक तथा वित्तीय संस्थाहरूको शाखा विस्तार हुने क्रम पनि बढ्दै गएकाले भविष्यमा यस नगरापलिका क्षेत्रमा आर्थिक गतिविधिहरू बढ्दै जाने देखिन्छ।

कृषि गणना २०७८ अनुसार यस नगरपालिका कुल घरधुरीमध्ये १७.८५ प्रतिशत परिवारले कृषि पेशा अँगालेका छन् भने नगरपालिकाको कुल जमिनमध्ये ६९१ हेक्टर जमीन खेतियोग्य जमीन रहेको छ। खेतियोग्य जमिन घट्दै गएको तथा अन्य पेशा व्यवसाय बढ्दै गएको परिवेशमा नगरपालिकाले परम्परागत कृषि प्रणालीलाई क्रमशः आधुनिक शहरी कृषि प्रणालीमा रुपान्तरण गर्दै लैजानुपर्ने अवस्था सुरु भइसकेको छ।

यस नगरपालिकामा पर्यटन तथा कृषि बाहेकको अर्को मुख्य पेशा पशुपंक्षी पालन हो। पशुचौपाया पाल्ने कृषक परिवार र पशुचौपायाको सङ्ख्या हेर्दा यस चन्द्रागिरि नगरपालिकाका जम्मा १९२० कृषक परिवारले पशुचौपाया पालन गरेको देखिन्छ। राजधानी शहर भएका कारण यहाँ उत्पादित दूध तथा दुग्धजन्य पदार्थ तथा कुखुरा र अण्डा सजिलै बेच्न सकिन्छ। पशु पंक्षी पालनमा पनि कृषि ज्ञान केन्द्र तथा नगरपालिकाबाट आर्थिक तथा प्राविधिक सहयोग हुँदै आएको छ। यसदेखि बाहेक यहाँका बासिन्दाको अन्य पेशामा मुख्य राजमार्ग र भित्री सडकहरूमा रहेका बजारहरूमा थोक तथा खुद्रा व्यापार व्यवसाय गर्ने, स-साना चिया पसल तथा होटल व्यवसाय, वर्कशप लगायतका व्यवसाय रहेका छन्। यसैगरी यहाँ ठूला लगानी गरी विभिन्न सवारी साधन तथा अन्य दैनिक उपभोग्य र विलासिताका वस्तुहरूका शोरुम, पेट्रोल पम्प व्यवसाय, ट्रान्सपोर्ट व्यवसाय, पार्टी प्यालेस जस्ता व्यवसायहरू संचालित छन्। राजधानी प्रवेश गर्ने नाका यसै नगरपालिकाको बीच भागबाट गएकाले यस नगरपालिकाभित्र साना, मझौला तथा ठूला उद्योगहरू समेत सञ्चालित छन्। यस नगरपालिका केही व्यक्तिहरू वैदेशिक रोजगारीमा गएका तथा केही व्यक्तिहरू काठमाडौंका अन्य शहरमा गएर व्यापार व्यवसाय र अन्य रोजगारी गर्ने गरेका छन्।

जनगणना २०७८ को नतिजा अनुसार यस नगरपालिकाभित्र १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक क्रियाकलापलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार हेर्दा कुल जनसङ्ख्या ५९७१५ जना व्यक्तिहरूमध्ये ५९.५६ प्रतिशत पुरुष र ४०.४४ प्रतिशत महिलाहरू क्रियाशील रहेका छन्। आर्थिक क्रियाकलापमा संलग्न जनसङ्ख्यामध्ये

पेशागत रुपमा सबैभन्दा बढी सामान्य वा प्राथमिक पेशाका कामदारहरू ३७.१६ प्रतिशत रहेको देखिन्छ भने अन्यमा सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू, पेशाविद्हरू, व्यवस्थापकहरू, प्राविधिक तथा सहायक पेशविद्हरू, शिल्पकला तथा कालिकगढ लगायतका छन् ।

माथि उल्लेखित विषयवस्तुलाई आधार मान्दा यस नगरपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको व्यापार व्यवसाय, कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, वित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोहोऱ्याउन यस क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौती समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य एवम् उक्त लक्ष्य, उद्देश्य प्राप्तिका लागि अवलम्वन गर्नुपर्ने रणनीति र विषय क्षेत्रगत प्रमुख कार्यक्रमहरू देहायअनुसार प्रस्तुत गरिएको छ ।

## ४.२ विद्यमान अवस्था विश्लेषण

### ४.२.१ उद्योग, व्यापार व्यवसाय र आपूर्ति

#### (क) सबल पक्ष, अवसर र संभावना

यस नगरपालिकाभित्रका प्रमुख बजारहरूमा बाडभञ्याङ, थानकोट चेकपोष्ट, बलम्बु, ढुंगेअड्डा, गुर्जुधारा, नयाँ नैकाप, सतुङ्गल, दहचोक, बोशी गाउँ, मच्छेगाउँ आदि हुन् । यस नगरपालिकाको कलङ्की नागढुङ्गा सडकका दायाँ बायाँ क्षेत्र तथा भित्री सहायक सडकका आसपास क्षेत्रमा उद्योग व्यवसायहरू सञ्चालित छन् । नगरपालिकाको राजस्व शाखाबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ बैशाख मसान्तसम्म यस नगरपालिकामा ७७१५ वटा व्यवसाय दर्ता भएका देखिन्छन् । यसैगरी चन्द्रागिरि नगरपालिकाको आर्थिक विकास स्थिति पत्र, २०८० मा घरेलु तथा साना उद्योग विभागबाट प्राप्त तथ्याङ्क भनी उल्लेख भए अनुसार यहाँ उत्पादनमूलक उद्योग ५५६३ वटा, कृषि तथा वन पैदावारमा आधारित उद्योग १७५१ वटा र सेवामूलक उद्योग १६१७४ वटा रहेको देखिन्छ । उद्योग पूर्वाधारहरूको विकासका निमित्त आवश्यक न्यूनतम पूर्वाधारहरू जस्तै सडक, पानी तथा बिजुलीको सुविधा छ भने राजधानी शहर भएकाले बजारको पनि लगभग सुनिश्चिता नै छ । अधिकांश उद्योगका लागि कच्चा पदार्थ राजधानी बाहिरबाट ल्याउनु पर्दा उत्पादन लागत बढी भई उत्पादित सामानको मूल्य सोही बमोजिम निर्धारण गर्नु गर्दा यसको मार उपभोक्तालाई पर्न गएको अवस्था देखिन्छ । मुख्यतः यहाँका बासिन्दाको मुख्य पेशा उद्योग तथा व्यापार व्यवसाय भएकाले स्थानीयस्तरमा नै कच्चा पदार्थ उपलब्ध हुने खालका उद्योग व्यवसायलाई प्रवर्द्धन गर्नु पर्ने देखिन्छ । यसका साथै वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई व्यापार व्यवसायमा लगाउन प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू ल्याउन र वैदेशिक रोजगारीबाट भित्रिएका दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी सञ्चालन गर्न सकिने खालका कार्यक्रमहरू ल्याउन सकिने संभावना रहेको देखिन्छ ।

#### (ख) समस्या तथा चुनौती

उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक न्यूनतम पूर्वाधार उपलब्ध भएता पनि यस नगरपालिकाभित्र औद्योगिक ग्राम वा औद्योगिक क्षेत्र स्थापना गर्न सकिएको छैन साथै भूउपयोग नीति लागू नभएका कारण जुनसुकै ठाउँमा उद्योग धन्दा स्थापना हुनाले कतिपय स्थानमा पर्याप्त पूर्वाधार नपुगेको अवस्था पनि छ भने उद्योगहरूबाट हुने वातावरणीय प्रदूषणको अवस्था अध्ययन हुन सकेको छैन । यस नगरपालिका क्षेत्रभित्र रहेका वातावरण प्रदूषण गराउने उद्योगधन्दालाई वातावरणमैत्री बनाउनुपर्ने चुनौती रहेको छ । नगरपालिकाभित्र औद्योगिक ग्राम स्थापना गर्ने, उद्योगमैत्री वातावरण सृजना गरी स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसर वृद्धि गर्नुपर्ने पनि उद्योग व्यापार क्षेत्रका यहाँको मुख्य चुनौती रहेको देखिन्छ ।

### ४.२.२ संस्कृति तथा पर्यटन

#### (क) सबल पक्ष, संभावना र अवसर

यस नगरपालिकाको दीर्घकालीन सोच नै ऐतिहासिक, सांस्कृतिक नगरी, समृद्ध पर्यटकीय चन्द्रागिरि भन्ने नारालाई मूर्तरुप दिन पनि यस नगरपालिकालाई सांस्कृतिक र पर्यटकीय नगरीको रुपमा विकास गर्ने खालका गतिविधिहरू सञ्चालन गर्नु पर्ने हुन्छ । यस नगरपालिकाभित्र प्रसिद्ध मातातीर्थ मन्दिर, नारायण मन्दिर, मत्छेनारायण मन्दिर, शहिद स्मारक पाक, काजी कालु पाण्डे समाधि, साकुरा पार्क, इन्द्र दह, ड्रिगुड काग्यु रिन्छेन पाली गुम्बा, धैरेनि डाँडा, घट्टे डाँडा, लगलगे पार्क, बुद्ध पार्क लगायतका अन्य धेरै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । जहाँ विभिन्न पर्वहरूमा मेला लाग्ने गर्दछ,

त्यसबेला श्रद्धालुहरूको घुईंचो हुन्छ । यस नगरपालिकाभित्रै केवलकार सञ्चालनमा रहेको छ। केवलकारको माथिल्लो स्टेसनमा भालेश्वर महादेवको मन्दिर लगायत चन्द्रागिरि हिल्सका नामबाट चिनिने यस स्थानमा स्तरीय होटल समेत भएकाले यहाँ पर्यटकहरूको घुईंचो लाग्छ । यसदेखि बाहेक विभिन्न पर्वहरूमा देखाइने परम्परागत जात्राहरू जस्तै : सतुंगल जात्रा लगायतका अन्य जात्राहरू पनि यस नगरपालिका क्षेत्रमा देखाइन्छ । यसरी यहाँ धार्मिक तथा सांस्कृतिक पर्वहरू मनाइने तथा मेला लाग्ने स्थानहरू भएकाले पर्यटकहरूलाई अझ बढी समयसम्म राख्न ग्रामीण क्षेत्रमा होमस्टेको व्यवस्था गर्न सके अझ बढी पर्यटक भित्रचाउन सकिने सम्भावना देखिन्छ ।

### (ख) समस्या तथा चुनौती

पर्यटन गुरुयोजनाको अभावमा नगरपालिका तथा अन्य निजी क्षेत्रबाट यस नगरपालिकाभित्र पर्यटकका लागि घुम्ने प्याकेजको विकास भएको देखिँदैन, जसका कारण पर्यटकहरू आफूखुशी घुम्न आउने तथा कतिपय पर्यटकहरूलाई यहाँका अधिकांश पर्यटकीयस्थलको जानकारी समेत भएको पाइदैन । पर्यटकहरूलाई रात विताउने खालको प्याकेज बनाउन नसक्दा पर्यटकलाई लामो समय राख्न सक्ने अवस्था रहेको देखिँदैन । नगरपालिकामा पर्यटन सम्बन्धी आवश्यक तथ्याङ्कहरु समेत व्यवस्थित नभएकाले यस क्षेत्रमा कस्तो खालको नीति र कार्यक्रम बनाउने भन्ने विषय पनि चुनौतीको रुपमा देखिन्छ ।

काठमाडौं उपत्यकाभित्रैका आन्तरिक पर्यटकहरू एक दिनमै भ्रमण गरी आ-आफ्नै गन्तव्यमा फर्कन भ्याउने, पर्यटकका लागि होटल र लज ज्यादै न्यून रहेकाले काठमाडौं बाहिरका पर्यटकहरू पनि बास बस्न काठमाडौंका अन्य बढी होटल तथा लज केन्द्रीत शहरमा जाने भएकाले एक दिनभन्दा बढी पर्यटकलाई राख्न सक्ने गरी स्थानीयस्तरमा स्तरीय होटल तथा होमस्टे सङ्ख्या बढाई पर्यटकलाई आकर्षित गर्नु चुनौतीपूर्ण देखिन्छ । हाल ज्यादै न्यून मात्रामा भएका होमस्टेहरू भएका र पर्यटकहरूका लागि रात बस्नेखालका प्याकेजहरू नबनाइएकाले पर्यटकहरू दिउँसोको समयमा मात्र घुमफिर गरी फर्कने गरेका छन् ।

## ४.२.३ सहकारी, बैंक एवम् वित्तीय सेवा

### (क) सबल पक्ष, अवसर र संभावना

नगरवासीको पहुँच कायम गर्नका लागि यस नगरपालिका क्षेत्रमा बैंक तथा वित्तीय सेवाको उपस्थिति उल्लेख्य रुपमा रहेको छ । यस नगरपालिकाभित्र विभिन्न वित्तीय संस्थाका शाखाहरूमा २८ वटा वाणिज्य बैंक, ४ वटा विकास बैंक, ६ वटा लघुवित्त संस्था, ९ वटा विमा कम्पनीका शाखाहरू गरी ४७ वटा वित्तीय संस्थाका कार्यालयहरू रहेका छन् । नगरपालिकाकै नियमनमा रहने विभिन्न वडाहरूमा रहेका सहकारी संस्थाको सङ्ख्या १४६ वटा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगरपालिकाभित्रका जम्मा ३५,९९४ परिवारहरूमध्ये ७९.७० प्रतिशत परिवारमा कम्तिमा १ जना सदस्यको बैक खाता रहेको देखिन्छ । यसै गरी कुल १,३६,८६० जना व्यक्तिहरूमध्ये आधा जनसङ्ख्या (५०.४९ प्रतिशत) को कुनै कुनै बैक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ । यसैगरी कुल ६८,३०३ पुरुषहरूमध्ये ५३.०७ प्रतिशत र कुल ६८,५५७ जना महिलाहरूमध्ये ४७.९२ प्रतिशतको कम्तिमा कुनै एकवटा बैक तथा वित्तीय संस्थामा खाता रहेको छ । यस विवरण अनुसार कुल परिवार सङ्ख्याको लगभग आधा परिवारका कम्तिमा एकजना सदस्यको वित्तीय संस्थामा खाता रहेको देखिन्छ । यसकारण यस नगरपालिकामा वित्तीय संस्थाको पहुँच राम्रो रहेको विश्वास गर्न सकिन्छ ।

यसैगरी बैङ्क र वित्तीय संस्थाबाट लाभान्वित औद्योगिक, व्यावसायिक क्षेत्रको हिस्सा करीव ८० प्रतिशत रहेको छ भने बाँकी २० प्रतिशत गैरव्यावसायिक क्षेत्रमा लगानी भएको देखिन्छ । साना, मझौला तथा ठूला उद्योग तथा अन्य व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज हुन सकेमा नगरपालिकाको आर्थिक विकासले थप गति लिन सक्नेछ ।

### (ख) समस्या तथा चुनौती

तथ्याङ्क विश्लेषण गर्दा अझै पनि वित्तीय सुविधाको पहुँचबाट ५० प्रतिशतभन्दा बढी घरपरिवार बञ्चित हुनु, वित्तीय साक्षरताको कमी हुनु, परम्परागत सोचले बैंकतर्फ आकर्षित नहुनु प्रमुख समस्याको रुपमा रहेको छ । साथै वित्तीय संस्थाबाट ऋण सुविधा लिन चाहिने आवश्यक धितोको अभावले पनि अधिकांश व्यवसायीहरू यसको पहुँचबाट टाढै रहेका छन् । बैङ्कको लगानी सबै वडाहरूमा विस्तार नहुनु, सहकारी सञ्चालनमा कर्मचारी एवम् पदाधिकारीहरूको क्षमतामा कमी हुनु, सहकारीहरूको नियमित एवम् प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग भए नभएको विषयमा अध्ययन नहुनु जस्ता विषयहरू यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ ।

### ४.२.४ कृषि, सिंचाई तथा खाद्य सुरक्षा

#### (क) सबल पक्ष, अवसर र संभावना

कुल ४३.९० वर्ग कि.मी. क्षेत्रफल रहेको यो नगरपालिका सङ्घीय राजधानी काठमाडौँको दक्षिण पश्चिम भागमा अवस्थित छ। यस नगरपालिकाको कुल जनसङ्ख्या १,३६,८६० रहेको छ जसमध्ये पुरुष ६८३०३ (४९.९० % ) र महिला ६८५५७ ( ५०.१० % ) रहेको छ। यस नगरपालिकाका रैथाने बासिन्दाहरूले आफ्नो प्रमुख पेशा कृषिलाई नै बनाएका छन्। यस देखि बाहेक विभिन्न जिल्लाबाट आएर विभिन्न पेशा व्यवसायमा संलग्न केही बासिन्दाहरूले जग्गा भाडामा लिएर तरकारी खेती गर्ने गरेका छन्। यस नगरपालिका क्षेत्रमा पर्याप्त मात्रामा खोलानाला नभएकाले कृषियोग्य जमिनको आधाभन्दा कम क्षेत्रमा मात्र सिंचाई सुविधा पुगेको छ भने खेतीपाती गर्ने तौर तरिका अझै सम्म पनि परम्परागत तथा निर्वाहमुखी किसिमको छ, जसले गर्दा भूमीको कृषि उत्पादन र उत्पादकत्व दुवै कम छ।

राष्ट्रिय कृषि गणना २०७८ को नतिजा अनुसार चन्द्रागिरि नगरपालिकाको कुल ३५९९४ घरपरिवारमध्ये ६४२५ कृषक परिवार रहेको देखिन्छ जुन कुल परिवारको १७.८५ प्रतिशत हुन आउँछ। चन्द्रागिरि नगरपालिकामा रहेका ६४२५ कृषक परिवारले १००४४ वटा कित्ताको ६९०.९ हेक्टर जमिनमा कृषि चलन गरेको देखिन्छ। यस हिसावले औसतमा एउटा कृषक परिवारले १.६ कित्ता जग्गामा खेती गरेको देखिन्छ भने औसतमा एक कृषक परिवारसँग ०.११ हेक्टर कृषि जमिन रहेको देखिन्छ। चन्द्रागिरि नगरपालिकामा खेती गरिएको कुल ६९०.९ हेक्टर जमिनमध्ये २९९.२ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको देखिन्छ। यस हिसावले कुल कृषि योग्य जमिनको ४३.३१ प्रतिशत भुभागमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ।

चन्द्रागिरि नगरपालिकामा खेती गरिएको कुल ६९१ हेक्टर जमिनमध्ये २९९.२ हेक्टर जमिनमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ। धरातलीय हिसाबले अधिकांश स्थान खेतीयोग्य र काठमाडौं उपत्यकाको मलिलो माटोका कारण यहाँका कृषि पेशा गर्ने बासिन्दादहरूको मुख्य आयस्रोत तरकारी खेती नै हो। यसका साथै विगतदेखि नै यहाँ बेमौसमी तरकारी खेती गर्ने गरिएको छ। नगरपालिकाभित्रै र काठमाडौंका अन्य शहर नजिकै भएकाले उत्पादित वस्तु विक्री गर्न बजारको समस्या छैन। बेमौसमी तरकारीका लागि आवश्यक टनेल बनाउन तथा विऊ विजन तथा प्राविधिक सहयोग कृषि ज्ञान केन्द्र र नगरपालिका तथा अन्य निकायबाट हुँदै आएको छ। यहाँको विशेष उत्पादन भनेको च्याउ हो। काठमाडौंमा पहिलोपटक च्याउ खेती बलम्बुमा भएको हो भन्ने यहाँका जनप्रतिनिधिहरूको दावी छ। यसदेखि बाहेक यहाँ उपत्यकाका अन्य स्थानमा हुने जस्तै साग, काउली, बन्दा, सिमी, गोलभेडा, भण्टा, बोडी, काँक्रो, घिरौंला, करेला, मुला लागायत अन्य मौसमी तरकारी मुख्य रुपमा उत्पादन गर्ने गरिएको छ र कृषकस्तरबाट संकलन गरी नजिकैको कालिमाटी थोक बजारमा पठाउने गरिएको छ। यहाँ व्यक्तिगत तथा सामूहिक दुवै रुपमा तरकारी खेती हुँदै आएको छ। यहाँका वडाहरूमा ३०४ वटा कृषक समूहहरू गठन एवम् दर्ता भई तरकारी तथा खाद्यान्न खेती एवम् दुध उत्पादनमा क्रियाशील छन्। खेतीयोग्य जमीनमध्ये समथर जमीन तुलनात्मक रुपमा बढी भएता पनि यहाँ अन्नबाली नगन्य रुपमा मात्र उत्पादन हुन्छ, जसमा धेरै उत्पादन हुने भनेको धाम, गहुँ, मकै र कोदो हो। तर तरकारी खेतीबाटै बढी आम्दानी लिन सकिने भएकाले अन्न बाली रोप्ने चलन क्रमशः कम हुँदै गएको छ। यस नगरपालिकाका क्षेत्रमा उत्पादित धान, गहुँ र मकै व्यवसायिक रुपमा नभई आफैंलाई खानका लागि रैथाने बालीको रुपमा खेती गरिने गरिएको छ।

चन्द्रागिरि नगरपालिकाको आर्थिक विकास स्थिति पत्र २०८० मा उल्लेख भए अनुसार यस नगरपालिकाकाभित्र वार्षिक रुपमा ४५ मे.टन तरकारी, ८५ मे.टन खाद्यान्न बाली, ४७.२९ मे. टन तेलहन, १३.३० मे.टन कन्दमुल र ६८.९६ मे.टन कोशे बाली उत्पादन हुन्छ भनी उल्लेख भएबाट यो नगरपालिका कृषि उत्पादनबाट आत्मनिर्भरतातर्फ उन्मुख हुँदै गएको देखिन्छ। तर बढ्दो शहरीकरणका कारण खेतीयोग्य जमीन क्रमशः घटदै जानाले आत्मनिर्भरता तर्फको उन्मुखताले निरन्तरता पाउने सम्भावना ज्यादै कम देखिन्छ

नगरको आर्थिक विकासका सम्भावना बोकेका क्षेत्रहरू जस्तै कृषि, पर्यटन, उद्योग व्यापार ब्यवसाय आदि मध्ये कृषि क्षेत्रलाई तुलनात्मक हिसाबले ठूलो सम्भावना बोकेको क्षेत्रको रुपमा लिने गरिएता पनि यस नगरपालिकाका अधिकांश क्षेत्र शहरीकरण तर्फ उन्मुख भई कृषियोग्य जमीन क्रमशः घट्दै गएकाले आगामी दिनमा वैकल्पिक पेशा व्यवसाय अंगाल्नु पर्ने देखिन्छ। अझै पनि भूउपयोग नीति बनाई कृषियोग्य जमीनको संरक्षण र उत्पादकत्व बढाउन सकेमा कृषिमा निर्भर परिवारको जीविकोपार्जन सहज हुनुका साथै नगरको आर्थिक विकासमा समेत योगदान पुग्न सक्ने अवसर देखिन्छ। कृषकहरूलाई वैज्ञानिक रुपमा खेती गरिएका सफल स्थानहरूको पनि भ्रमण गराउन सके यसबाट सिकेका पाठहरूले कृषि पेशाको प्रवर्द्धनमा सघाऊ पुग्ने देखिन्छ।

यसैगरी राष्ट्रिय कृषि गणना २०७८ अनुसार चन्द्रागिरि नगरपालिकामा खेती गरिएको कुल ६९०.९ हेक्टर जमिनमध्ये २९९.२ हेक्टर जमिनमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ । यस हिसावले कुल कृषियोग्य जमिनको ४३.३१ प्रतिशत भूभागमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ । यस नगरपालिकाभित्रका प्रमुख खोलाहरूमा बल्खु खोला, दाउदली खोला र बोसन खोला हुन् । यी खोलाहरूमा हिउँद महिनामा ज्यादै कम मात्रामा पानीको बहाव हुने हुँदा सिंचाइका लागि पर्याप्त पानी उपलब्ध हुँदैन । यसदेखि बाहेक केही स्थानमा इनार र ट्युवेलको प्रयोगबाट पनि स्थानीयस्तरमा सिंचाई गरिएको पाइन्छ ।

### (ख) समस्या तथा चुनौती

बढदो शहरीकरण र जग्गा वर्गीकरणको अभावमा दिनानुदिन कृषियोग्य जमीन घट्दै गएको तथ्य तथ्याङ्कले देखाउँछ । यसै पनि राजधानी प्रवेश गर्ने प्रमुख नाका भएको यस नगरपालिका क्षेत्र अधिकांश जिल्लावासीको आकर्षणको केन्द्रविन्दु भएकाले यहाँ तीव्र रुपमा जनसङ्ख्या वृद्धि भइरहेको छ । यसकारण भविष्यमा यस नगरपालिकाका कृषि पेशामा संलग्न बासिन्दाहरूले प्रमुख पेशा कृषि नभई अन्य पेशा व्यवसाय अपनाउनु पर्ने देखिन्छ । कृषि पेशामा विद्यमान मुख्य समस्याहरूमा उन्नत मल बिउ बिजन समयमा पर्याप्त मात्रामा उपलब्ध नहुनु, कृषि दक्ष प्राविधिक तथा विज्ञको अभाव हुनु, पर्याप्त मात्रामा कृषि बीमाको प्रचलन नहुनु, कृषियोग्य भूमि क्रमश : घटदै जानु, सिंचाईको लागि मूल कम हुनु र भएका मुल पनि सुक्दै जानु, आधुनिक कृषि प्रणालीबारे कृषकलाई तालिमको अभाव हुनु, पर्याप्त मात्रामा कृषि यान्त्रीकरणको अभाव हुनु, कृषि उपज भण्डारणको लागि कोल्ड स्टोरेज/चिस्यान केन्द्रको कमी, रोजगारीको लागि युवाको विदेश पलायन तथा भएका युवा पनि कृषि पेशामा आकर्षित नहुनु, पकेट खेतीमा विभिन्न किसिमको रोग लाग्नु र कृषि क्षेत्र नतोकिनु वा वर्गीकरण नगरिनु आदिलाई प्रमुख समस्याका रुपमा लिन सकिन्छ । यसबाहेक बजारमा उपलब्ध तरकारी तथा स्थानीय रुपमा उत्पादन हुने तरकारीमा पनि कीटनाशक विषादीको अनियन्त्रित प्रयोग भएको हुँदा क्यान्सर, नसा तथा श्वासप्रश्वास सम्बन्धी रोगहरूको जोखिम पनि बढेको छ ।

कुल कृषियोग्य क्षेत्रफल ६९०.९ हेक्टरमात्र रहेको यस नगरपालिकाको कृषियोग्य भूमिलाई जोगाइ राख्नु यसको प्रमुख चुनौतीका रुपमा लिन सकिन्छ । दिनानुदिन कृषियोग्य जमीनमा संरचना बन्नु, सिंचाईको पर्याप्त सुविधा नहुँदा यस पेशालाई निरन्तरता दिन नसक्नु, परम्परागत खेती प्रणालीमा सुधार ल्याउन नसक्नु, युवाको विदेश पलायन रोकी कृषि पेशामा आकर्षित गराउन नसक्नु, उन्नत मल बिउ बिजनको समयमा उपलब्धता नहुनु, कृषि उपज विक्री वितरणमा बिचौलियाको हाबी हुनु जस्ता प्रमुख चनौतीहरू रहेका छन् । यसैगरी यहाँको प्रमुख उत्पादन च्याउ खेतीका लागि आवश्यक कच्चा पदार्थ परालका लागि तराईकै जिल्लामा निर्भर रहनु पनि अर्को चुनौतीको रुपमा रहेको छ ।

यसैगरी खेतीयोग्य जमीनमध्ये अझै पनि करीब ५८ प्रतिशत जग्गामा सिंचाई सुविधा नपुग्नु र पुगेका स्थानमा पनि बाह्रै महिना पानी उपलब्ध नहुनु प्रमुख समस्याको रुपमा रहेको छ । भूमिगत सिंचाइको उपयोग खर्चिलो हुनु र यसका कारण उत्पादन लागत बढ्नु पनि समस्याको रुपमा रहिरहेको छ । सिंचाइका अन्य बैकल्पिक स्रोतहरूको पहिचान गर्न नसक्नु, पक्की कुलोको निर्माण पर्याप्त मात्रामा नहुनु, निर्मित कुलोहरू नियमित र भरपर्दो नहुनु, सिंचाइको आवश्यकता तथा हालको क्षमताबारे अध्ययन नहुनु जस्ता समस्या रहेका छन् । साथै सञ्चालित सबै सिंचाइ योजनाको नियमित स्थायी ढङ्गले मर्मत सम्भार हुन नसक्नु एवम् सिंचाइ सुविधा नपुगेका ठाउँका लागि वैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा देखिन्छन् ।

## ४.२.५ पशुपन्छी विकास

### (क) सबल पक्ष, अवसर र संभावना

राष्ट्रिय कृषि गणना २०७८ अनुसार यस नगरपालिकामा पशुचौपाया पाल्ने कृषक परिवार र पशुचौपायाको सङ्ख्या हेर्दा कुल ६४२५ घरपरिवारहरूमध्ये जम्मा १९२० कृषक परिवारले पशुचौपाया पालन गरेको देखिन्छ । तीमध्ये १०२४ कृषक परिवारले २५४८ वटा गाई/गोरु पालेको, ९९ कृषक परिवारले २६० वटा राँगा/भैसी पालेको, ८१७ कृषक परिवारले ७१२९ वटा बाख्रा/च्याङ्ग्रा पालेको, ८० कृषक परिवारले ५८७ वटा भेंडा/भेंडी पालेको, ७१ कृषक परिवारले ६८८ वटा सुँगुर/बंगुर पालेको देखिन्छ । यसैगरी कुखुरा तथा अन्य पन्छीतर्फ हेर्दा २०४१ कृषक परिवारसँग ३,९०,६६६ वटा कुखुरा र २०० वटा कृषक परिवारले १७४६ वटा अन्य पंन्छिहरू पालेको देखिन्छ । पशुपालनका लागि आवश्यक घाँसका लागि पर्याप्त निजी घाँसका लागि पर्याप्त वन जंगल नभएता पनि नगरपालिका समेतको सहयोगमा कृषकहरूले उन्नत घाँस खेती समेत गर्दै

आएका छन् । तर यसबाट वर्षभरी ख्वाउने घाँस उत्पादन नहुने भएकाले बाँकी समय पराल र दानाको भरमा पशुपालन गरी दूध लगायत दुग्धजन्य पदार्थ र मासुजन्य पदार्थ उत्पादन गरी नगरको आवश्यकतालाई परिपूर्ति एवम् आफ्नो आर्थिक गर्जो टार्ने यहाँका कृषकहरूलाई प्रोत्साहन गर्दै नगरपालिकाले आगामी दिनमा पशुपालनका लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिनु पर्ने देखिन्छ । यसैगरी आफ्नो जग्गा जमीन नहुनेले पनि जग्गा भाडामा लिई हाँस तथा कुखुरापालन व्यवसाय गरी नगरलाई आवश्यक पर्ने अण्डा तथा मासु आपूर्तिमा आ-आफ्ना तर्फबाट योगदान गरेका छन् । उनीहरूलाई पनि प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू जस्तै दानामा अनुदान, उत्पादित विक्रीका लागि बजारिकणको सहजीकरण जस्ता कार्यहरू नगरपालिकाहरूबाट गर्न सके यसतर्फ थप कृषकहरू आकर्षित हुने देखिन्छ ।

### (ख) समस्या र चुनौती

पशुपंक्षी विकासको संभावना पर्याप्त हुँदाहुँदै पनि नगरपालिका क्षेत्रमा पशुपालनका लागि पर्याप्त जग्गा उपलब्ध नहुनाले उन्नत जातको गाई फारमहरू खोल्न नसकिनु, बजारको बढी सुनिश्चिता भएको बाखापालन पर्याप्त मात्रामा हुन नसक्नु, उपलब्ध जग्गामा आधुनिक किसिमको गोठ तथा खोरको व्यवस्थामा कमी हुनु, उन्नत घाँसको उत्पादन क्षेत्र कम हुनु आदी प्रमुख समस्याको रुपमा रहेका छन् । अन्य समस्याहरूमा कृषकहरूलाई पर्याप्त मात्रामा पशुपालन सम्बन्धी तालीमको कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यवसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशुबधस्थल, पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला लगायतका सुविधा अपेक्षित मात्रामा नहुनाले पनि पशुपन्छीपालन व्यवसायको स्तरवृद्धि हुन सकिरहेको छैन ।

पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु र पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रुपमा रहेको छ ।

## ४.२.६ श्रम, रोजगारी तथा गरिवी निवारण

### (क) सबल पक्ष, अवसर र संभावना

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधानले दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमबीच सु-सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पूँजी, प्रविधि आदि देशभित्रै सदुपयोग गर्ने नीति लिएको छ । हाल नेपालमा श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा सङ्लग्न रहेको र बेरोजगार दर ११.४ प्रतिशत रहेको छ ।

चन्द्रागिरि नगरपालिकामा १० वर्षभन्दा माथिको आर्थिक रुपले सक्रिय जनसङ्ख्या ३६.९४% छ । नगरपालिकामा कृषि, मेकानिक, सेवा तथा वस्तु बिक्री, व्यवस्थापकीय कार्य, कारखाना तथा यन्त्र प्रचालक, प्राविधिक सहायक, कार्यालय सहायक, सुरक्षा निकाय जस्ता पेशामा संग्लग्न छन् । रोजगारीको हाक प्रत्याभूत गर्न नेपाल सरकारले विसं २०७५ सालबाट ७५३ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।

नगरपालिकामा विद्यमान मानवीय संसाधनको उपयुक्त परिचालन गरि आर्थिक समृद्धि हासिल गर्न सकिने, कृषि पशुपालन लगायतका क्षेत्रलाई व्यवसायीकरण गरि तथा उद्योग धन्दाको विकास गरि स्थानीय स्तरमानै रोजगारीका अवसर सिर्जना गर्ने, वैदेशिक रोजगारीबाट प्राप्त सिप तथा पूँजीलाई उत्पादनशील क्षेत्रमा लगाउन सकिने, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन हुनु यस क्षेत्रका सम्भावना तथा अवसर हुन् ।

### (ख) समस्या र चुनौती

उपलब्ध श्रमशक्तिको उचित सदुपयोग गर्न नसक्नु, श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसक्नु, स्थानीय स्तरमा रोजगारीका पर्याप्त अवसर नहुनु, श्रम शक्तिको रुपमा रहेको युवा विदेश पलायन हुने क्रम तीव्र हुनु, स्थानीय स्तरमा श्रम शक्तिको माग र आपूर्तिबीचको असन्तुलन, प्रधानमन्त्री रोजगार कार्यक्रमले सबै बेरोजगारलाई समेट्न नसक्नु, न्युन ज्यालादर यस क्षेत्रका प्रमुख समस्या हुन् । वैदेशिक रोजगारी तथा शिक्षाबाट प्राप्त ज्ञान तथा सीपलाई सदुपयोग गर्नु, नगरपालिकाका युवा श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा सङ्लग्न गराउनु, बालश्रम पूर्ण रुपमा अन्त्य गर्नु, अनौपचारिक क्षेत्रका रोजगारीमा समान ज्याला कायम गर्नु, सबै तालिम प्राप्त जनशक्तिलाई रोजगारीमा संग्लग्न गराउनु, वैदेशिक रोजगारीमा जाने सबैलाई सीपमूलक तालिम प्रदान गरेर मात्र पठाउनु यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

## ४.३ विषयक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.३.१ विषय क्षेत्रगत लक्ष्य

उल्लेख्य, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने

### ४.३.२ विषय क्षेत्रगत उद्देश्य

१. स्थानीय कच्चा पदार्थ, श्रम तथा सीपमा आधारित एवम् सूचना प्रविधिलगायतका आधुनिक उद्योग व्यवसायको स्थापना, विकास र विस्तार गर्नु
२. सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटकीय पूर्वाधारको विकास गरी संस्कृति र पर्यटन प्रवर्द्धन गर्नु
३. नगरबासीको सहज पहुँच वृद्धि हुने गरी बैंक तथा वित्तीय संस्थाको परिचालन गर्दै सेवाको विस्तार गर्नु,
४. सिंचाई सुविधाको उपलब्धतासँगै कृषि उत्पादन वृद्धि गरी उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउनु,
५. पशुपक्षी उत्पादनलाई आत्मनिर्भरतातर्फ उन्मुख हुने गरी उत्पादकत्वमा वृद्धि गर्नु,
६. स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गरी श्रमिकको हक हितको सुरक्षा गर्नु ।

### ४.३.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. स्थानीय कच्चा पदार्थ, श्रम तथा सीपमा आधारित एवम् सूचना प्रविधिलगायतका आधुनिक उद्योग व्यवसायको स्थापना, विकास र विस्तार गर्नु** | |
| १.१. स्थानीय कच्चा पदार्थ, साधन स्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने तथा आधुनिक उद्योग व्यवसाय विस्तारको सम्भावना खोजी गर्ने | १.१.१ स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरू सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसँग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।<br>१.१.२ व्यावसायिक सम्भाव्यता भएका वस्तुहरूको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा बेरोजगार युवाहरूलाई सीप विकास एवम् उद्यमशीलता विकास तालिमबाट क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.१.३ बेरोजगार युवाहरूलाई कृषि, पशुपालन, तरकारी तथा पर्यटन क्षेत्रमा व्यवसायिक विकास, तथा उद्यमशीलता विकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोबारमा गतिशिलता ल्याइनेछ ।<br>१.१.४ स्थापित उद्योग ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरू, बैकिङ्ग सेवा, व्यावसायिक परामर्श लगायतका सेवाहरू एकै स्थानमा उपलब्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ल्याइनेछ । यसका लागि सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>१.१.५ सूचना प्रविधिसम्बन्धी उद्योगहरू विस्तार गर्न आवश्यक पहल गरिनेछ । |
| १.२. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धतामा जोड दिने | १.२.१ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवम् आय स्तरमा वृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजीकरण र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।<br>१.२.२ परम्परागत सीप विकासलाई आधुनिकीकरण गरी त्यसलाई व्यावसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।<br>१.२.३ आवश्यक पूँजी लगानीको अभाव उद्योग व्यवसाय सुरु गर्न नसकिरहेकाहरूलाई सहकारी तथा वित्तीय संस्थासँग समन्वय गरी व्यवसाय सञ्चालनको वातावरण सिर्जनामा सहयोग गरिनेछ ।<br>१.२.४ लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसँग सहकार्य गरिनेछ । |
| १.३. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | १.३.१ लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१.३.२ उद्योग व्यवसाय विकास सम्बन्धी कानून, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।<br>१.३.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३.४ नगरपालिका भित्र संचालित व्यवसायिक फर्महरूको दर्ता तथा नविकरणलाई अनिवार्य गरिनेछ । |
| १.४.स्थानीय स्तरमा उत्पादन भएका सामग्रीको उपयोग तथा निकासी प्रवर्द्धन गर्ने । | १.४.१ स्थानीय मौलिकता तथा पहिचान झल्कने वस्तुहरूको उत्पादनमा वृद्धि तथा निकासीका लागि सहजीकरण गरिनेछ ।<br>१.४.२ सार्वजनिक कार्यालय/कार्यक्रममा स्थानीय उत्पादनको प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>१.४.३ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक विकासका लागि आवश्यक सबै प्रकारका भौतिक पूर्वाधारहरूको निर्माण सहित उद्योगग्रामको स्थापना गरिनेछ ।<br>१.४.४ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग खोल्न प्राथमिकता दिइनेछ ।<br>१.४.५ स्थानीय उत्पादनको विक्री वितरणका लागि विभिन्न स्थानमा विक्री कक्ष स्थापना गरिनेछ ।<br>१.४.६ औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना सङ्कलन र वितरणलाई विस्तार गरिनेछ । |
| १.५. दैनिक उपभोग्य सामग्रीको आपूर्ति तथा वितरण व्यवस्था सहज गर्ने । | १.५.१ कालोबजारी, एकाधिकार, कृतिम अभाव सिर्जना जस्ता कार्यको अन्त्य गर्न निजि क्षेत्र तथा सहकारी क्षेत्रसँग सहकार्य गरि दैनिक उपभोग्य सामग्रीको सहज आपूर्ति तथा वितरणको व्यवस्था गरिनेछ ।<br>१.५.२ व्यवस्थित बजार विकासको लागि सहजीकरण गरिनेछ ।<br>१.५.३ नियमित रुपमा बजार अनुगमन गरी तथा गुणस्तरहीन सामग्री बिक्री वितरणलाई निरुत्साहित गरिनेछ ।<br>१.५.४ उपभोक्ता तथा व्यापारीलाई गुणस्तरीय सामग्री उपभोग सम्बन्धि सचेत गरिनेछ । |
| **उद्देश्य २. सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटकीय पूर्वाधारको विकास गरी संस्कृति र पर्यटन प्रवर्द्धन गर्नु** | |
| २.१ नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय सम्भावनाका क्षेत्रहरूको पहिचान तथा पूर्वाधार विकास गर्ने । | २.१.१ पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरू तथा मौलिक संस्कृति र परम्पराको पहिचान पर्यटकीय उपजको रुपमा विकास गरिनेछ ।<br>२.१.२ पर्यटन क्षेत्रको समग्र विकासका लागि नगरको पर्यटन विकास गुरुयोजना तयार गरि लागू गरिनेछ ।<br>२.१.३ सामुदायिक वनसंगको सहकार्यमा पर्यटकीय गन्तव्य विकास तथा विस्तार गरिनेछ । जस अन्तर्गत पदमार्ग तथा अन्य पर्यटकीय संरचनाको निर्माण गरिनेछ ।<br>२.१.४ नगरपालिकाभित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरू पहिचान गरी तिनको विवरण तयार गर्ने र गन्तव्य स्थलहरूमा पुग्न आवश्यक भौतिक पूर्वाधारहरू निर्माण गरिनेछ ।<br>२.१.५ निजि क्षेत्रको समेत सहभागितामा पर्यटकीय गतिविधि वृद्धि गर्न Amusement Park, Water Kingdom जस्ता आधुनिक पूर्वाधारहरूको विकास गरिनेछ ।<br>२.१.६ नगरपालिकाभित्रका डाँडाकाँडामा पर्यटकलाई आकर्षित गर्न Hill Station र View Tower को विकास गरिनेछ । |
| २.२ पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्ने | २.३.१ उपयुक्त स्थानमा सेवा सुविधा सहितका होमस्टे सञ्चालनका लागि स्थानीय युवा तथा ईच्छुक नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ र आवश्यक सहयोग गरिनेछ ।<br>२.३.२ निजी क्षेत्रसँगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवम् बाह्य पर्यटक वृद्धिका लागि पर्यटन मेला र महोत्सव नियमित रुपमा आयोजना गरिनेछ ।<br>२.३.३ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरूबाट व्यापक प्रचार-प्रसार गरी गन्तव्य स्थलहरूको बारेमा जानकारी गराइनेछ । |
| २.३ स्थानीय कला र संस्कृतिको संरक्षण गर्ने | २.३.१ स्थानीय कला तथा साहित्यको संरक्षण गर्न प्रोत्साहन तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२.३.२ जिल्ला, प्रदेश तथा राष्ट्रिय पहिचान बनाएका कलाकार तथा श्रष्टालाई प्रोत्साहन गरिनेछ ।<br>२.३.३ स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन (वार्षिक) गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २.४ पर्यटन क्षेत्रका लागि आवश्यक जनशक्तिको विकास गर्ने । | २.४.१. पर्यटनमैत्री व्यवहार प्रवर्द्धनका लागि पर्यटन व्यवसायमा संग्लग्न व्यसायीलाई आतिथ्यता सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४.२. पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक तालिमहरू सञ्चालन गरिनेछ ।<br>२.४.३. पर्यटकीय विविधिकरणका लागि छिमेकी नगरपालिकाहरूसँग सहकार्य तथा समन्वय गरिनेछ । |
| **उद्देश्य ३. नगरबासीको सहज पहुँच वृद्धि हुने गरी बैंक तथा वित्तीय संस्थाको परिचालन गर्दै सेवाको विस्तार गर्नु** | |
| ३.१ वित्तिय संस्थाको विवरण अद्यावधिक गर्ने र अनुगमन तथा नियमन गरी संस्थागत सुशासन कायम गर्ने । | ३.१.१. नगरपालिका सेवा क्षेत्र रहेका वित्तीय संस्थाहरूको लगत अद्यावधिक राखिनेछ ।<br>३.१.२. सहकारी संस्थाहरूलाई अनिवार्य रुपमा वार्षिक तथा चौमासिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरिनेछ ।<br>३.१.३. सहकारी तथा वित्तीय सेवा हेर्ने थप जनशक्तिको व्यवस्था / कार्य जिम्मेवारी प्रदान गरिनेछ ।<br>३.१.४. सहकारी क्षेत्रको जोखिम व्यवस्थापनका लागि नियमित अनुगमन तथा नियमन गरिनेछ ।<br>३.१.५. सहकारी क्षेत्रको संस्थागत क्षमता विकास गरि प्रभावकारी सेवा प्रवाहलाई प्रोत्साहन गरिनेछ ।<br>३.१.६. सहकारी संस्थाहरूको एकीकरण गर्ने कानुन बनाई एकीकरण कार्यलाई अघि बढाइनेछ । |
| ३.२ बैंकिङ सेवाको विस्तार गरी व्यावसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | ३.२.१. बैंकिङ सेवाको विस्तार एवम् कृषि, उद्योग तथा व्यापार क्षेत्रमा बैंकिङ लगानी वृद्धि गर्न बैङ्कहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३.२.२. बैंकहरूसँगको सहकार्यमा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.३. आर्थिक कारोबारका लागि बैंक तथा वित्तीय संस्थामार्फत् हुने कारोबारलाई प्रोत्साहन गरिनेछ ।<br>३.२.४. बैकिङ्ग कारोबारको भुक्तानी प्रक्रिया तथा कारोबारमा नगदी कारोबारभन्दा गैर नगद पद्धतिको विकास गर्न वित्तिय संस्थाहरूसँगको समन्वयमा आधार तयार गर्न पहल गरिनेछ । |
| ३.३ बैंकिङ कारोबारमा नगरवासीको सहज पहुँच कायम गर्ने | ३.३.१. प्रत्येक वडामा कम्तिमा एक वटा बैंक रहने गरी शाखा खोल्न सहजीकरण गरिनेछ ।<br>३.३.२. वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, ज्येष्ठ नागरिकहरूको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली सञ्चालन गर्न समन्वय गरिनेछ ।<br>३.३.३. आर्थिक कारोबार विस्तार लागि बैङ्क तथा वित्तीय शाखा विस्तार गर्न सहजीकरण गरिनेछ ।<br>३.३.४. उत्पादनशील क्षेत्रमा लगानी गर्न चाहने व्यक्तिलाई ऋण प्रवाहका लागि बैंक तथा वित्तीय संस्थासंग समन्वय तथा सहकार्य गरिनेछ । |
| **उद्देश्य ४. सिंचाई सुविधाको उपलब्धतासँगै कृषि उत्पादन वृद्धि गरी उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउनु** | |
| ४.१ उपलब्ध स्रोतहरूको अधिकतम उपयोग गर्दै उपयुक्त प्रविधि मार्फत् परम्परागत कृषि प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्दै लैजाने । | ४.१.१ नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण सिंचाई पूर्वाधारहरूको पहिचान गरि लगत तयार गरी अतिक्रमणबाट बचाउने ।<br>४.१.२ कृषियोग्य भूमिमा सिंचाईको सुनिश्चित गरि कृषि उत्पादनमा वृद्धि गरिनेछ ।<br>४.१.३ सिंचाईका लागि पानी कम भएका स्थानमा प्लाष्टिक पोखरी, थोपा सिंचाई, पानीको पुन प्रयोग (करेसाबारीमा) जस्ता वैकल्पिक विधिको प्रयोग बढाईनेछ ।<br>४.१.४ कौशी खेती, तलामय (vertical) खेती, कन्टेनर खेती, खेर गएको खाद्यान्नबाट मल बनाउने जस्ता विभिन्न विधिहरू प्रयोग गरी शहरी कृषिको प्रवर्द्धन गर्दै लगिनेछ ।<br>४.१.५ तुलनात्मक लाभ दिनेखालका र रैथाने बीउ-जिन, बेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवम् उच्च मूल्यका कृषि उपजहरूको व्यवसायिक खेतिलाई व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>४.१.६ सिँचाई पूर्वाधारको मर्मत संभार तथा व्यवस्थापनमा लाभका आधारमा उपभोक्ताको योगदान रहने गरी मर्मत सम्भार कोषको स्थापना गरि उपभोक्तालाई नै जिम्मेवार बनाईनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.१.७ सङ्घीय र प्रदेश सरकारको सहयोगमा उपलब्ध स्रोतमा आधारित सिंचाइलाई व्यवस्थित गरी कृषि उपजहरूको उत्पादनमा वृद्धि ल्याइनेछ ।<br>४.१.८ कृषि बालीमा लाग्ने रोग, कीटाणुबाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ ।<br>४.१.९ जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>४.१.१० ऐतिहासिक च्याउ नगरी घोषणा गर्ने उद्देश्यका साथ च्याउको पकेट क्षेत्र निर्धारण गरी अधिकतम उत्पादन गर्ने कार्यक्रम ल्याइनेछ । |
| ४.२ खाद्य सुरक्षाका लागि कृषियोग्य जमिनको संरक्षण एवम् सदुपयोग गर्ने । | ४.२.१ भूउपयोग नीतिको मर्म अनुरुप कृषियोग्य भूमिको गैरकृषि उपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।<br>४.२.२ कृषियोग्य भूमिको अधिकतम उपयोग गरि कृषि उत्पादकत्व बढाउन कृषक सहुलियत कार्यक्रम ल्याइनेछ ।<br>४.२.३ वास्तविक कृषकको पहिचान गरी सेवा सुविधा केन्द्रित गरिनेछ ।<br>४.२.४ माटोको गुणस्तर कायम राख्न मिश्रित खेतीलाई प्रवर्द्धन गरिनेछ ।<br>४.२.५ स्थानीय कृषि उत्पादनबाट आत्मनिर्भर हुने गरी उत्पादकत्व बढाउन प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू ल्याइनेछ । |
| ४.३ प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्ने | ४.३.१ रासायनिक मलको व्यापक प्रयोगवाट माटोको उर्वराशक्तिमा आएको ह्रासलाई न्यूनीकरण तथा उर्वराशक्तिलाई पुनर्स्थापित गर्न घर-घरबाट निस्कने फोहोरमैला, गोठेमल, पशुमूत्रलाई एकत्रित गरी जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।<br>४.३.२ ताइचिन धान, गहुँ, मकै जस्ता कृषि जस्ता स्थानीय रैथाने जातका कृषि उत्पादन र तरकारी उत्पादनलाई प्रोत्साहन गरिनेछ ।<br>४.३.३ रैथाने जातको विउ (फापर, मकै, भटमास आदी) संरक्षण गर्न बीउ बैंकको स्थापना गरिनेछ ।<br>४.३.४ जैविक खेतीलाई प्रोत्साहन गर्न उत्पादित कृषि वस्तुको गुणस्तर प्रमाणीकरणमा सहयोग पुर्याईनेछ ।<br>४.३.५ सहरी क्षेत्रमा करेसाबारी तथा कौशी खेतीलाई प्रोत्साहन गरिनेछ ।<br>४.३.६ जैविक कृषि उत्पादनको बजार सुनिश्चित गर्न नगरपालिका क्षेत्रमा मार्ट सञ्चालन गर्दै कृषि बजारमा स्थान सुरक्षित गरिनेछ ।<br>४.३.७ व्यवसायिक प्रांगारिक मल तथा जैविक विषादी उत्पादनका लागि प्रविधिमा सहयोग गरिनेछ ।<br>४.३.८ जैविक उत्पादनलाई प्रवर्द्धन गर्न यसको महत्व तथा फईदाका बारेमा समुदायलाई सचेत बनाउन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.३.९ सामुदायिक वनसँगको सहकार्यमा लप्सि, कुरिलो लगायत अन्य नगदे बालीको खेती गरिनेछ । |
| ४.४ कृषि उपजहरूको व्यावसायीकरण तथा बजार प्रवर्द्धन गर्ने | ४.४.१ कृषिलाई सम्मानित पेशाको रुपमा स्थापित गर्न कृषि र उद्योग बीच अन्तर सम्बन्ध स्थापना गरि उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्ने कृषक र उद्योगी बीच सहकार्यका लागि समन्वय गरिनेछ ।<br>४.४.२ कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र बजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>४.४.३ नगरपालिकाको मुख्य-मुख्य स्थानहरूमा तरकारी संकलन केन्द्रहरू स्थापना गरी कृषि बजार केन्द्रको रुपमा विकास गरिनेछ ।<br>४.४.४ कृषि सहकारी मार्फत रैथाने उत्पादन विक्री वितरणको व्यवस्था मिलाइनेछ ।<br>४.४.५ कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवम् अनुदानहरूको व्यवस्था गरी कृषि पेशालाई सम्मानित पेशाका रुपमा विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.४.६ बेरोजगार युवाहरूमा सीप विकास तालिम प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरूको रोजगारीका लागि सहजीकरण गरिनेछ ।<br>४.४.७ महिला, दलित, अति विपन्नहरूलाई व्यावसायिक खेतिका लागि प्रोत्साहित गर्दै उनीहरूमा उद्यमशीलता विकास गरिनेछ र निःशुल्क कृषि बीमा, बीउविजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५ पशुपक्षी उत्पादनलाई आत्मनिर्भरतातर्फ उन्मुख हुने गरी उत्पादकत्वमा वृद्धि गर्नु** | |
| ५.१ तुलनात्मक रुपमा लाभ भएका पशुपंक्षी पालनलाई प्रोत्साहन गर्दै पशुपंक्षी जन्य उत्पादन वृद्धि गरि आर्थिक उपार्जनको माध्यमको रुपमा विकास गर्ने । | ५.१.१. तुलनात्मक लाभ भएका पशुपंक्षीजन्य उत्पादनहरूको व्यवसायिक पालनका लागि कृषकहरूको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको स्रोतको रुपमा स्थापित गराइनेछ ।<br>५.१.२. बेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न निजी क्षेत्रसँग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको व्यवस्था गरी यस पेशाप्रति प्रोत्साहित गरिनेछ ।<br>५.१.३. नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरूमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>५.१.४. सामुदायिक वनसँगको सहकार्यमा पशु आहारका लागि गुणस्तरीय एवम् पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइनेछ ।<br>५.१.५. पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरूसँग समन्वय गरिनेछ ।<br>५.१.६. कृषक तथा कृषि एवम् पशुपालन फार्महरूको सीप, क्षमता अभिवृद्धि एवम् व्यवसायिकता विकासमा सहजीकरण गरिनेछ ।<br>५.१.७. दूध, अण्डा तथा मासुको उत्पादन र उपलब्धता बढाउन नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । |
| ५.२ पशुपंक्षीमा आधारित उत्पादनको औद्योगिकरण तथा बजारिकरणमा सहयोग गर्ने | ५.२.१ पशुजन्य उत्पादनको संकलन, प्रशोधन, गुणस्तर परिक्षण, प्याकेजिङ, ब्रान्डीङमा सहयोग गरिनेछ ।<br>५.२.२ पशुजन्य उत्पादनमा आधारित उद्योग स्थापनामा समन्वय तथा सहकार्य गरिनेछ ।<br>५.२.३ पशुपालनका क्षेत्र उत्कृष्ट किसान सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.२.४ दुध उत्पादन पकेट क्षेत्र पहिचान गरि संकलन केन्द्र तथा मिल्क पार्लर विकास गरिनेछ<br>५.२.५ पशुपंक्षीजन्य उत्पादनहरूको स्थानीय एवम् बाह्य वजार प्रवर्द्धन गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, बिक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधारहरू एक उपयुक्त स्थानमा निर्माण गरिनेछ । |
| ५.३ पशुपंक्षी पालन गर्ने किसानको लगानी सुरक्षाको प्रत्याभूति गर्ने । | ५.३.१. व्यावसायिक पशुपालन गर्ने कृषकलाई पशु बिमा गर्न प्रोत्साहन गरिनेछ ।<br>५.३.२. पशुपंक्षीमा लाग्ने रोग तथा महामारी नियन्त्रणमा सहयोग गरिनेछ ।<br>५.३.३. पशुजन्य उत्पादनको न्युनतम मुल्य निर्धारण गरि कृषकको लगानी सुरक्षणको प्रत्याभूत गराईनेछ ।<br>५.३.४. पशुपंक्षी पालनका लागि नगरपालिकाबाट निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइनेछ ।<br>५.३.५. सार्वजनिक स्थानमा खुला छोडिएका पशुपंक्षी नियन्त्रणमा लिइनेछ । |
| **उद्देश्य ६. स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गरी श्रमिकको हक हितको सुरक्षा गर्नु ।** | |
| ६.१. मानव संसाधनको विकास गरि रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्ने | ६.१.१. स्थानीय श्रमिकलाई रोजगारीमा प्रथामिकता दिन रोजगारदातालाई प्रोत्साहन गरिनेछ ।<br>६.१.२. स्वदेशी तथा विदशी रोजगारीका लागि श्रमबजारको माग अनुसार दक्ष तथा अर्ध दक्ष जनशक्ति उत्पादन गरि रोजगार सूचना प्रणालीमा आवद्ध गरिनेछ ।<br>६.१.३. सीप विकास सम्बन्धी स्थानीय स्तरमा सञ्चालन गरिने तालिमहरूको प्रमाणीकरण गरिनेछ ।<br>६.१.४. स्वरोजगारमा जान चाहने स्थानीय युवालाई निजहरूको प्रस्तावका आधारमा वित्तीय सहयोग गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ६.१.५. नगरपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरूलाई प्राथमिकता दिइनेछ । |
| ६.२. युवालाई लक्षित गरी उत्पादन, रोजगारी र आयमा वृद्धि गर्ने | ६.२.१. बेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन र निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र नमुना आयोजना संञ्चालन गरिनेछ ।<br>६.२.२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय सञ्चालनका लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६.२.३. वैदेशिक रोजगारमा जाने कार्यलाई निरुत्साहन गर्न एवम् स्थानीयस्तरमै रोजगारीको सुनिश्चितता गर्न रोजगारदाता र बेरोजगार व्यक्तिहरूबीचको पुलको रुपमा रोजगार सेवा केन्द्रलाई प्रभाकारी बनाइनेछ । |

## ४.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात् चन्द्रागिरि नगरवासी आय तथा रोजगारी अभिवृद्धि भई आर्थिक समृद्धिको दिशातर्फ अग्रसर भएका हुनेछन् । यसै आवधिक योजनाको कार्यान्वयनबाट बाह्रै महिना सिंचाइ सुविधा पुग्ने खेतीयोग्य जमीनको क्षेत्रफल ४३ प्रतिशतबाट बढेर ७० प्रतिशत पुग्नेछ । यसैगरी कृषि उपजको भण्डारणका लागि २ वटा कोल्डस्टोर निर्माण भई सञ्चालनमा आएका हुनेछन् । कम्तिमा ५० प्रतिशत जनसङ्ख्याको उद्योग व्यवसाय क्षेत्र र ८० प्रतिशत जनसङ्ख्याको बैङ्क तथा वित्तीय संस्थाहरूमा सहज पहुँच पुगेको हुनेछ । नगरपालिका क्षेत्रमा एउटा औद्योगिकग्रामको स्थापना भई उद्योग कलकारखानाहरू सञ्चालनमा आएका हुनेछन् । यस आवधिक योजनाको कार्यान्वयन पश्चात् आर्थिक विकासका क्षेत्रमा हासिल हुने समग्र अपेक्षित नतिजाहरू, योजना तर्जुमा गर्दाको अवस्था (आधार रेखा), वार्षिक अपेक्षित प्रगति परिमाण, पुष्ट्याइँका आधार तथा पूर्वानुमान एवम् जोखिम पक्ष देहायअनुसार रहेका छन् :

**तालिका ४.१ : आर्थिक विकासको नतिजा खाका**

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| **प्रभाव :** उद्योग व्यवसायमा आधुनिकता, व्यावसायिकता, जवाफदेहिता र प्रतिस्पर्धी क्षमताको विकास भएको हुने | राष्ट्रिय कारोबार/निकासी गर्ने उद्यम व्यवसाय | सङ्ख्या | १२ | १२ | १३ | १४ | १५ | १५ | १५ |
| | परम्परागतबाट उत्पादन ढाँचाबाट आधुनिकमा रुपान्तरित भएका उद्योगहरूको हिस्सा | प्रतिशत | २ | २ | ३ | ४ | ५ | ६ | ६ |
| | लघु, घरेलु तथा साना उद्योगहरूमा रोजगार जनसङ्ख्या | सङ्ख्या | १७००० | १७५०० | १८००० | १८५०० | १९००० | २०००० | २०००० |
| **असर :** उद्योग, व्यापार तथा व्यवसाय वातावरणमैत्री, उपभोक्तामैत्री र नाफामूलक भई रोजगार प्रवर्द्धन भएको हुने | बेरोजगारी दर | प्रतिशत | ८.४८ | ८ | ७.५ | ७ | ६.५ | ५ | ५ |
| | फोहोरमैला निष्काशन तथा उत्सर्जनमा वातावरण संरक्षणका उपायहरू अवलम्बन गर्ने उद्योगहरू | प्रतिशत | २८ | ३० | ३५ | ३० | ५० | ६० | ६० |
| | वातावरणमैत्री उद्योग व्यवसायको हिस्सा | प्रतिशत | १५ | १७ | २० | २५ | ३० | ३५ | ३५ |
| **प्रतिफल १ :** उद्योग, व्यापार, व्यवसायको सङ्ख्यात्मक र गुणात्मक वृद्धि भएको हुने | लघु, घरेलु तथा साना उद्योगहरू | सङ्ख्या | १३५० | १३५५ | १३६० | १३६५ | १३७० | १४०० | १४०० |
| | नगरपालिकामा दर्ता भएका उद्योग व्यवसाय | सङ्ख्या | ७७१५ | ७७५० | ७८०० | ७९०० | ८००० | ८२०० | ८२०० |
| | उद्यम, व्यापार, व्यवसायमा सिर्जना भएको वार्षिक नयाँ रोजगारी | जना | ४५० | ५०० | ६०० | ७०० | ८०० | १००० | १००० |
| **प्रतिफल २ :** उद्योग, व्यापार, व्यवसाय प्रतिस्पर्धी र उच्च प्रतिफलयुक्त भएको हुने | सञ्चालित औद्योगिक, व्यावसायिक मेला | सङ्ख्या | ० | १ | १ | २ | २ | ३ | ३ |
| | उद्योग तथा व्यवसायमा आश्रित परिवार | सङ्ख्या | २३९० | २४०० | ३४५० | २५०० | २६०० | २७०० | २७०० |
| | महिला तथा दलित समुदायले नेतृत्व गरेका उद्यम, व्यापार, व्यवसाय | सङ्ख्या | ५२ | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ |
| | स्वरोजगारमा संलग्न उद्यमी, व्यवसायी | सङ्ख्या | ५५० | ६०० | ६२० | ६५० | ७०० | ७५० | ७५० |
| **प्रभावः** पर्यटन क्षेत्र नगरको आर्थिक विकासको | होटेल, टाभल, ट्रेकिङ एजेन्सीलगायतका पर्यटकीय क्षेत्रबाट नगरपालिकाले प्राप्त गरेको राजस्व | रु. हजार | | | | | | | |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| एक प्रमुख हिस्साका रुपमा स्थापित भएको हुने | पर्यटन क्षेत्रमा रोजगार जनसङ्ख्या | सङ्ख्या | ६५० | ६६० | ६७० | ६९० | ७०० | ८०० | ८०० |
| | नगरपालिकाभित्र दैनिक घुम्न आउने पर्यटक सङ्ख्या (सरदर) | सङ्ख्या | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | २००० |
| **असरः** पर्यटन सम्बद्ध क्षेत्रमा आम्दानी र रोजगारीमा वृद्धि भएको हुने | प्रति पर्यटक औसत दैनिक खर्च | अमेरिकी डलर | १० | १२ | १५ | २० | २५ | ३० | ३० |
| | पर्यटन लक्ष्यित होटलको उपभोग दर (Occupancy rate) | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० | ९० | ९० |
| | होटेल, टाभल, ट्रेकिङ एजेन्सीमा काम गर्ने कर्मचारी | सङ्ख्या | ६५० | ६६० | ६७० | ६९० | ७०० | ८०० | ८०० |
| | भ्रमण गर्ने बाह्य पर्यटक (वार्षिक) | सङ्ख्या | ३५०० | ३६०० | ३७०० | ३८०० | ४००० | ४५०० | ४५०० |
| **प्रतिफल १:** पर्यटकीय पूर्वाधारहरूको निर्माण, सुधार, विस्तार भएको हुने | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | सङ्ख्या | ३५ | ३६ | ४० | ४५ | ५० | ६० | ६० |
| | राष्ट्रिय पर्यटक लक्ष्यित होटल | सङ्ख्या | ३ | ३ | ३ | ४ | ४ | ५ | ५ |
| | पर्यटकीय उद्देश्यले पुनर्जिवित गरिएका संस्कृति सम्पदा | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ५ | ५ |
| | व्यवस्थित पर्यटकीय स्थलहरू | सङ्ख्या | १० | ११ | १२ | १५ | १८ | २० | २० |
| | पर्यटन लक्ष्यित उद्यम व्यवसाय | सङ्ख्या | ३२ | ३५ | ३७ | ४० | ४५ | ५० | ५० |
| **प्रतिफल २:** पर्यटक र पर्यटन क्षेत्रको सङ्ख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने | आतित्थ्यताको क्षेत्रमा दक्ष जनशक्ति | सङ्ख्या | १६० | १६५ | १८० | २०० | २५० | ३०० | ३०० |
| | भ्रमण गर्ने आन्तरिक पर्यटक (दैनिक) | सङ्ख्या | २५०० | २७०० | ३००० | ३२०० | ३५०० | ४००० | ४००० |
| | राष्ट्रिय पर्यटकको औसत बसाइ अवधि | दिन | १ | १ | २ | २ | २ | ३ | ३ |
| | महिलाद्वारा व्यवस्थापन गरिएका पर्यटनसम्बन्धी व्यवसाय | सङ्ख्या | १२ | १२ | १५ | २० | २३ | २५ | २५ |
| **प्रभाव :** सहकारी क्षेत्र विश्वसनीय, गतिशील र नतिजामुखी भएको हुने | सहकारीको व्यवस्थापन र कार्यशैलीप्रति सन्तुष्ट सदस्यको हिस्सा | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | १०० |
| | सहकारीले लगानी गरेका क्षेत्र | सङ्ख्या | ९ | ९ | ९ | ९ | १० | १० | १० |
| | सहकारीको लगानीबाट सिर्जित रोजगारी | कार्यदिन | २४० | २४२ | २४५ | २५० | २५३ | २५५ | २६० |
| **असर :** उद्यम, व्यवसाय र जीविकोपार्जनका लागि सहज वित्तीय पहुँच सुनिश्चित भएको हुने | वित्तीय क्षेत्रको कुल लगानी (सहकारी समेत) | प्रतिशत | ७० | ७२ | ७५ | ७८ | ८० | ९० | |
| | सहकारीमा आवद्ध घरपरिवार | सङ्ख्या | १७९९७ | १८५०० | १९००० | १९५०० | २०००० | २१००० | २१००० |
| | सहकारी क्षेत्रको कर्जा असुली दर | प्रतिशत | ५८ | ६० | ६५ | ७० | ७५ | १०० | १०० |
| **प्रतिफल १ :** सहकारीहरूको सेवामा गुणस्तरीयता र सञ्चालनमा विश्वसनीयता अभिवृद्धि भएको हुने | वार्षिक साधारण सभा गर्ने सहकारी | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० | १०० | १०० |
| | आन्तरिक सुशासन सुदृढ भएका सहकारी (निर्णय प्रक्रिया, मतदान र बोर्डमा सदस्यलाई सहभागिताको अवसर) | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | १०० |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| | गत वर्षको नाफामध्ये सदस्यहरूलाई बाँडफाँट गरिएको हिस्सा | प्रतिशत | १० | १२ | १३ | १४ | १५ | १८ | १८ |
| **प्रतिफल २ :** सहकारीको क्षेत्र विविधिकृत भएको हुने | उत्पादक सहकारी | सङ्ख्या | ६ | ६ | ६ | ७ | ८ | १० | १० |
| | उपभोक्ता सहकारी | सङ्ख्या | २ | २ | २ | २ | ३ | ५ | ५ |
| | बचत ऋण सहकारी | सङ्ख्या | १०५ | १०५ | १०६ | १०७ | १०८ | १०९ | ११० |
| | बहुउद्देश्यीय सहकारी | सङ्ख्या | ३२ | ३२ | ३३ | ३३ | ३४ | ३५ | ३५ |
| **प्रभाव :** जैविक खेतीको प्रवर्द्धन एवम् खाद्य सुरक्षाको प्रत्याभूति भएको हुने | कृषिमा आत्मनिर्भर घरपरिवार (वर्षभरी खान पुग्ने घरपरिवार) | सङ्ख्या | १५४० | १६०० | १६५० | १७०० | १७५० | १८०० | १८०० |
| | खेती गरिएको (ओगटेको) क्षेत्र | वर्ग कि.मी. | ३४ | ३५ | ३७ | ३८ | ३९ | ४० | ४० |
| | खाद्यान्नको वार्षिक मूल्य वृद्धिदर (नेरा बैंक) | प्रतिशत | ७.९५ | ७.५० | ६.५० | ६.०० | ५.०० | ४.०० | ४.०० |
| **असर :** गुणस्तरीय खाद्य सामग्रीहरू वर्षैभरि पर्याप्त मात्रामा र सुपथरुपमा उपलब्ध भएको हुने तथा कृषि क्षेत्रले हरियाली प्रवर्द्धनमा योगदान पुगेको हुने | न.पा.को आन्तरिक आयमा कृषि क्षेत्रको योगदान | प्रतिशत | | १.५ | २ | २,५ | ३ | ४ | ४ |
| | कृषि थोक बजार बिक्री स्थल | सङ्ख्या | ० | १ | १ | ० | ० | ० | २ |
| | खेती गरिएको ओगटेको क्षेत्र | हे | ६९०.९० | ७०० | ७२० | ७३० | ७५० | ८०० | ८०० |
| | वार्षिक खाद्य गुणस्तर परीक्षण | सङ्ख्या | ० | १ | २ | २ | ३ | ४ | १२ |
| **प्रतिफल : १** कौशीखेतीलगायतको कृषि कार्यबाट हरियाली वृद्धि भएको हुने | कौशी खेतीमा सङ्लग्न घरधुरी | प्रतिशत | २५ | २७ | ३० | ३५ | ५० | ५० | ५० |
| | कौशी खेती सम्बन्धी जानकारीप्राप्त घरधुरी | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ६० | ६० |
| | जैविक मल प्रयोग गर्ने घरधुरी | प्रतिशत | ४५ | ४७ | ५० | ५५ | ६० | ७० | ७० |
| **प्रभाव :** गुणस्तरीय पशुजन्य उत्पादनको सहज उपलब्धतामा वृद्धि भएको हुने | ताजा पशुजन्य उत्पादनको पहुँच भएको घरपरिवार | प्रतिशत | १७ | २० | २५ | ३० | ३५ | ५० | ५० |
| | गुणस्तर सुनिश्चित दूध, मासु, अण्डा बिक्री गर्ने पसलको हिस्सा | प्रतिशत | ७२ | ८० | ८५ | ९० | १०० | १०० | १०० |
| | पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भरता | प्रतिशत | १० | १२ | १५ | २० | ३० | ४० | ४० |
| **असर :** पाल्तुपशुहरू स्वस्थ, संरक्षित भएको हुने सडक तथा सार्वजनिक स्थलहरू छाडा पशुहरूको अवरोधमुक्त भएको हुने तथा | वार्षिक कम्तिमा एकपटक अनुगमन भएका निजी पशु सेवा प्रदायक | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० | १०० | १०० |
| | छाडा पशुहरूको सङ्ख्या (अनुमानित) | सङ्ख्या | ८० | ७० | ६० | ५० | ४० | २० | २० |
| | छाडा पशुसम्बन्धी उजुरी (ट्राफिक अवरोध, फोहोरमैला, रोगब्याध आदि) | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० |
| | छाडा पशुहरूको संरक्षण गर्ने केन्द्रहरू | सङ्ख्या | ० | ० | १ | १ | १ | २ | २ |
| **प्रतिफल १ :** पशु सेवा सहज र पशुजन्य उत्पादनको बिक्री वितरण प्रभावकारी भएको हुने | पशुउपचार केन्द्रहरू | सङ्ख्या | ३ | ३ | ४ | ५ | ६ | १० | १० |
| | व्यवस्थित बधशाला | सङ्ख्या | ० | १ | २ | ३ | ५ | ७ | ७ |
| | दर्ता भएका पशुसेवा प्रदायक | सङ्ख्या | १२ | १३ | १५ | १७ | २० | २५ | २५ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| | भ्यासेक्टोमी गरिएका छाडा कुकुर | सङ्ख्या | ७०० | ८०० | ९०० | १००० | १२०० | १५०० | १५०० |
| **प्रतिफल २ :** पशुजन्य उत्पादनको बिक्री वितरण स्वस्थ र प्रभावकारी भएको हुने | मापदण्ड अनुरुपका मासु पसल | प्रतिशत | ५५ | ५५ | ६० | ७० | ८० | १०० | १०० |
| | मापदण्ड अनुरुपका डेरी | प्रतिशत | ८५ | ८८ | ९० | ९५ | १०० | १०० | १०० |
| | चिस्यान केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | २ | २ | २ |
| | पशुजन्य उत्पादनहरूको बिक्री वितरणसम्बन्धी मापदण्ड | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ |

## ४.५ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको ***आर्थिक विकास*** क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय सङ्घ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा सङ्घ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकता आधारमा योजना अवधिका लागि देहायअनुसारको कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ :

**तालिका ४.२ : आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य**

| क्र. सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक लक्ष्य | प्रति एकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजारमा) | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | |
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| **१. उद्योग, व्यापार, व्यवसाय र आपूर्ति** | | | | | | | | | | | | | | | |
| १.१ | औद्योगिक पूर्वाधार स्थापना एवम् नयाँ उद्यमी उत्पादन कार्यक्रम | वटा | १ | २५००० | १५०००० | १ | २५००० | १ | २७००० | १ | ३०००० | १ | ३३००० | १ | ३५००० |
| १.२ | स्थानीय उत्पादन बिक्री प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | ५००० | ४००० | २७६०० | १ | ५००० | १ | ५३०० | १ | ५५०० | १ | ५८०० | १ | ६००० |
| १.३ | स्थानिय कच्चा पदार्थमा आधारित व्यवसायी सहुलियत अनुदान कार्यक्रम | वटा | १ | ५००० | २७५०० | १ | ५००० | १ | ५२०० | १ | ५५०० | १ | ५८०० | १ | ६००० |
| १.४ | उद्यमी क्षमता विकास कार्यक्रम (औजार प्रविधि हस्तान्तरण) | पटक | ५ | ४५०० | २२५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० |
| १.५ | औद्योगिक मेला प्रर्दशनी आयोजना तथा सहभागिता | पटक | ५ | ५००० | २७६०० | १ | ५००० | १ | ५३०० | १ | ५५०० | १ | ५८०० | १ | ६००० |
| १.६ | व्यवसाय दर्ता/नवीकरण अभियान | पटक | ५ | ४५०० | २७००० | १ | ४५०० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ७५०० |

| क्र. सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक लक्ष्य | प्रति एकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजारमा) | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | |
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १.७ | वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि, पशुपालन, तरकारी खती, मौलिक कला तथा पर्यटन सम्बन्धी तालिम | जना | १५० | ६० | १०४०० | ३० | १८०० | ३० | १९०० | ३० | २००० | ३० | २२०० | ३० | २५०० |
| १.८ | उद्योग व्यवसाय विकास सम्बन्धी कानून, मापदण्ड तयारी एवम् अनुगमन तथा नियमन | पटक | ५ | ५०० | ३५०० | १ | ५०० | १ | ६०० | १ | ७०० | १ | ८०० | १ | ९०० |
| **उद्योग, व्यापार, व्यवसाय र आपूर्तिको जम्मा** | | | | | **२९६१००** | | **५१३००** | | **५४८००** | | **५८७००** | | **६२९००** | | **६८४००** |
| **२. संस्कृति तथा पर्यटन** | | | | | | | | | | | | | | | |
| २.१ | पर्यटन विकास गुरुयोजना तर्जुमा | पटक | १ | २००० | २००० | १ | २००० | | | | | | | | |
| २.२ | पर्यटकीय गन्तव्य पूर्वाधार विकास तथा विस्तार कार्यक्रम | कि.मी | ५० | १०००० | १२०००० | २ | २०००० | २ | २०००० | २ | २४००० | २ | २६००० | २ | ३०००० |
| २.३ | सार्वजनिक, निजी, साझेदारी अन्तर्गत आधुनिक पर्यटकीय पूर्वाधारको निर्माण | सङ्ख्या | ५ | २०००० | ११५००० | १ | २०००० | १ | २०००० | १ | २२००० | १ | २३००० | १ | ३०००० |
| २.४ | पर्यटकीय सेवा सुविधा विकास र विस्तार कार्यक्रम | पटक | ५ | ५००० | २७५०० | १ | ५००० | १ | ५२०० | १ | ५५०० | १ | ५८०० | १ | ६००० |
| २.५ | स्थानीय भाषा, संस्कृति संरक्षण एवम प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ७५०० | ३८००० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ८००० |
| २.६ | स्थानीय स्रष्टा/कलाकार/संस्कृतिकर्मी प्रोत्साहन कार्यक्रम | पटक | ५ | ३००० | १७६०० | १ | ३००० | १ | ३३०० | १ | ३५०० | १ | ३८०० | १ | ४००० |
| २.७ | पर्यटन व्यवसायी तथा युवाहरूका लागि पर्यटन तालिम (हस्पिटालिटी तथा पथ प्रदर्शक गाइड सम्बन्धी तालिम सहित) कार्यक्रमहरू | सङ्ख्या | १५० | ४० | १४९०० | ३० | १२०० | ३० | १५०० | ३० | १७०० | ३० | ५००० | ३० | ५५०० |
| २.८ | पर्यटन प्रवर्द्धनका लागि डकुमेन्ट्री निर्माण एवम् प्रशारण, ब्रोसर्स प्रकाशन लगायतका गतिविधिहरू | पटक | ५ | ५००० | ३५२०० | १ | ५००० | १ | ७४०० | १ | ८५०० | १ | ६८०० | १ | ७५०० |

| क्र. सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक लक्ष्य | प्रति एकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजारमा) | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | |
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| २.९ | धार्मिक एवं पर्यटकीय क्षेत्र सुधार एवं सुदृढीकरण आयोजना | संख्या | ४ | २०००० | ८०००० | १ | २०००० | १ | २०००० | १ | २०००० | १ | २०००० | | |
| २.१० | संस्कृति तथा पर्यटन सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ५ | १०००० | ५०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० |
| **संस्कृति तथा पर्यटनको जम्मा** | | | | | ५००२०० | | ९३७०० | | ९४९०० | | १०२७०० | | १०७९०० | | १०१००० |
| **३. सहकारी, बैंक एवम् वित्तीय सेवा** | | | | | | | | | | | | | | | |
| ३.१ | स्थायी र अस्थायी रुपमा बसोबास गर्ने व्यवसायीहरूका लागि वित्तीय साक्षरता कार्यक्रम | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ३.२ | सहकारी संस्थाको क्षमता विकास कार्यक्रम (एकीकरण समेत) | पटक | १ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.३ | एक वडा एक बैंक अभियान तथा घुम्ति बैंकिङ प्रणाली | पटक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ३.४ | सहुलियतपूर्ण कर्जा प्रवाहमा सहजीकरण गर्ने | पटक | ५ | ४०० | २००० | १ | ४०० | १ | ४०० | १ | ४०० | १ | ४०० | १ | ४०० |
| ३.५ | सहकारी सुरक्षा कोष स्थापना | पटक | ५ | १०००० | ५६००० | १ | ९००० | १ | १०००० | १ | ११००० | १ | १२००० | १ | १४००० |
| ३.६ | बैंकिङ्ग सेवा प्रवाह (ऋण तथा अनुदान) बारे वित्तीय संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम | | ५ | ४०० | २००० | १ | ४०० | १ | ४०० | १ | ४०० | १ | ४०० | १ | ४०० |
| **सहकारी, बैंक एवम् वित्तीय सेवाको जम्मा** | | | | | ७५००० | ६ | १२८०० | ६ | १३८०० | ६ | १४८०० | ६ | १५८०० | ६ | १७८०० |
| **४. कृषि तथा खाद्य सुरक्षा** | | | | | | | | | | | | | | | |
| ३.१ | सिंचाईका लागि पानी कम भएका स्थानमा प्लाष्टिक पोखरी, थोपा सिंचाई, पानीको पुनः प्रयोग ( करेसाबारीमा) जस्ता बैकल्पिक विधिहरूको प्रयोग | सङ्ख्या | ५० | १००० | ६१००० | १० | १०००० | १० | ११००० | १० | १२००० | १० | १३००० | १० | १५००० |
| ४.२ | मर्मत सम्भार कोष स्थापना गरी उपभोक्ता समिति मार्फत सिंचाई आयोजनाहरूको मर्मत सम्भार | पटक | ५ | ५००० | २७५०० | १ | ५००० | १ | ५२०० | १ | ५५०० | १ | ५८०० | १ | ६००० |
| ४.३ | रैथाने विऊ विजनको संरक्षणका लागि वेर्ना उत्पादन तथा वितरण | पटक | ५ | ७५०० | ३८६०० | १ | ७५०० | १ | ७६०० | १ | ७७०० | १ | ७८०० | १ | ८००० |

| क्र. सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य (रु. हजारमा) | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | |
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ४.४ | निजी क्षेत्रसँगको समन्वयमा कृषि बालीमा लाग्ने रोग, कीटाणुबाट हुने क्षतिलाई कम गर्न कृषि विमा कार्यक्रम संचालन | पटक | ५ | ९००० | ४७६०० | १ | ९००० | १ | ९३०० | १ | ९५०० | १ | ९८०० | १ | १०००० |
| ४.५ | कृषि भूमिको अधिकतम उपयोग एवम् माटोको गुणस्तर कायम राख्न मिश्रित खेतीलाई प्रोत्साहन गर्दै कृषकहरूलाई मल तथा विऊमा अनुदान कार्यक्रम | पटक | ५ | ६००० | ३२५०० | १ | ६००० | १ | ६३०० | १ | ६५०० | १ | ६७०० | १ | ७००० |
| ४.६ | जैविक मल उत्पादन प्रोत्साहन कार्यक्रम | पटक | ५ | १२००० | ६०१०० | १ | १२००० | १ | १२३०० | १ | १०००० | १ | १२८०० | १ | १३००० |
| ४.७ | जैविक उत्पादनको प्रवर्द्धनका लागि नगरपालिका क्षेत्रमा मार्ट सञ्चालन | सङ्ख्या | २ | ५००० | १०००० | १ | ५००० | | | १ | ५००० | | | | |
| ४.८ | महिला, दलित तथा अति विपन्न वर्ग एवम् बेरोजगार युवाहरू लागि व्यवसायिक खेती तथा पशुपालन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ५ | ६००० | ३२१०० | १ | ६००० | १ | ६३०० | १ | ६००० | १ | ६८०० | १ | ७००० |
| ४.९ | कृषि विऊ विजन उत्पादनलाई उद्योगको रुपमा विकास गर्ने कार्यक्रमहरू | पटक | ५ | २५०० | १३१५० | १ | २५०० | १ | २५५० | १ | २६०० | १ | २७०० | १ | २८०० |
| ४.१० | तरकारी तथा दुग्ध संकलन केन्द्र स्थापना | सङ्ख्या | २ | ४००० | ८५०० | १ | ४००० | | | १ | ४५०० | | | | |
| ४.११ | च्याउ उत्पादन पकेट क्षेत्र विकास कार्यकम | पटक | ५ | १०००० | ७३००० | १ | १०००० | १ | १२००० | १ | १३००० | १ | १८००० | १ | २०००० |
| ४.१२ | कृषि तथा पशु प्राविधिकहरूको क्षमता विकास तालिम | पटक | ५ | १५०० | ११४०० | १ | १७०० | १ | २००० | १ | २२०० | १ | २५०० | १ | ३००० |
| ४.१३ | शहरी कृषि (कौशी खेती समेत) प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १०००० | ७१००० | १ | १०००० | १ | १२००० | १ | १२००० | १ | १७००० | १ | २०००० |
| ४.१४ | कृषि सम्बन्धी सालबसाली अन्य कार्यक्रम (चिस्यान केन्द्र निर्माण समेत) | पटक | ५ | १४००० | १०७००० | १ | १४००० | १ | २२००० | १ | २०००० | १ | २५००० | १ | २६००० |

| क्र. सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक लक्ष्य | प्रति एकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजारमा) | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | |
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| **कृषि तथा खाद्य सुरक्षाको जम्मा** | | | | | **५९३४५०** | | **१०२७००** | | **१०८५५०** | | **११६५००** | | **१२७९००** | | **१३७८००** |
| **५** | **पशुपन्छी विकास** | | | | | | | | | | | | | | |
| ५.१ | पशुपंक्षीजन्य उत्पादनहरूको व्यवसायिक पालनका लागि कृषकहरूको क्षमतामा अभिवृद्धि कार्यक्रम | पटक | ५ | १००० | ७५०० | १ | १००० | १ | १२०० | १ | १५०० | १ | १८०० | १ | २००० |
| ५.२ | पशुपंक्षी व्यवसायका लागि वित्तीय सुविधा (निजी क्षेत्रसँग सहकार्य समेत) कार्यक्रम | पटक | ५ | ५००० | २७५०० | १ | ५००० | १ | ५२०० | १ | ५५०० | १ | ५८०० | १ | ६००० |
| ५.३ | नश्ल सुधार कार्यक्रम (सेक्स सिमेनको उपलब्धता, बाछी वितरण समेत) | पटक | ५ | ६००० | ३२६०० | १ | ६००० | १ | ६३०० | १ | ६५०० | १ | ६८०० | १ | ७००० |
| ५.४ | पशुपंक्षी विमा सहयोग कार्यक्रम | पटक | ५ | ३००० | १७३०० | १ | ३००० | १ | ३२०० | १ | ३४०० | १ | ३७०० | १ | ४००० |
| ५.५ | पशुपंक्षीमा आधारित उत्पादनको औद्योगिकरण तथा बजारिकरण सहयोग कार्यक्रम | | ५ | ५००० | २७४०० | १ | ५००० | १ | ५२०० | १ | ५५०० | १ | ५७०० | १ | ६००० |
| ५.६ | पशु विकासका लागि पूर्वाधार विकास कार्यक्रम (स्वच्छ मासु वजार तथा पशु बधशाला निर्माण, पशुस्वास्थ्य ल्याव स्थापना, दुध संकलन केन्द्र निर्माण) | सङ्ख्या | १० | ५००० | ७५००० | २ | १०००० | २ | १२००० | २ | १५००० | २ | १८००० | २ | २०००० |
| ५.७ | पशु शिविर संचालन | सङ्ख्या | ५ | १२०० | ८००० | १ | १२०० | १ | १४०० | १ | १६०० | १ | १८०० | १ | २००० |
| ५.८ | दुग्ध उत्पादन प्रोत्साहन अनुदान | पटक | ५ | ५००० | २७५०० | १ | ५००० | १ | ५३०० | १ | ५५०० | १ | ५७०० | १ | ६००० |
| ५.९ | पशुपालनको माध्यमबाट गरिवी निवारण कार्यक्रम (बाखा/बंगुर पालन/कुखुरा) | पटक | ५ | ४००० | २२६०० | १ | ४००० | १ | ४३०० | १ | ४५०० | १ | ४८०० | १ | ५००० |
| ५.१० | छाडा चौपाया तथा भुस्याहा कुकुर व्यवस्थापन कार्यक्रम | पटक | ५ | १५०० | १०१०० | १ | १५०० | १ | १८०० | १ | २००० | १ | २३०० | १ | २५०० |
| ५.११ | क्षमता विकास कार्यक्रम (डेरी उद्यम तालिम, कृषक अवलोकन भ्रमण) | पटक | ५ | ७०० | ३५०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० |

| क्र. सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | कुल भौतिक लक्ष्य | प्रति एकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजारमा) | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८१/८२ | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/८६ | |
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ५.१२ | पशुपंक्षी विकास सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ५ | ९०० | ३६००० | १ | ९००० | १ | ८००० | १ | ७००० | १ | ५००० | १ | ७००० |
| | **पशुपन्छी विकासको जम्मा** | | | | **२९५०००** | | **५१४००** | | **५४६००** | | **५८७००** | | **६२१००** | | **६८२००** |
| **६** | **श्रम, रोजगारी तथा गरिवी निवारण** | | | | | | | | | | | | | | |
| ६.१ | दक्ष तथा अर्ध दक्ष जनशक्ति उत्पादन कार्यक्रम | सङ्ख्या | ७५० | १५ | १२८५० | १५० | २२५० | १५० | २५०० | १५० | २६०० | १५० | २७०० | १५० | २८०० |
| ६.२ | बेरोजगार लक्षित उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | ५ | ५००० | २३००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ३००० | १ | ५००० |
| ६.३ | रोजगार सेवा केन्द्र सदृढीकरण कार्यक्रम | | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ६.५ | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक कार्यक्रम | जना | ३०० | ५ | ९१८० | ६० | ३०० | ६० | ३३० | ६० | ३५० | ६० | ४००० | ६० | ४२०० |
| ६.६ | रोजगारदाताको प्रोफाइल तयार | पटक | २ | ५०० | १००० | | | | | १ | ५०० | १ | ५०० | | |
| ६.७ | रोजगार एवम् सीप मेला संचालन (साझेदारी, सहभागिता, सम्बाद मंच संचालन समेत) | पटक | ५ | २५०० | १३१०० | १ | २५०० | १ | २५०० | १ | ३२०० | | २५०० | १ | २४०० |
| ६.८ | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको सीपको सदुपयोग गर्दै रोजगार पुनर्स्थापना कार्यक्रम | पटक | ५ | २००० | १०००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० |
| | **श्रम, रोजगारी तथा गरिवी निवारणको जम्मा** | | | | **७१६३०** | | **१२५५०** | | **१२८३०** | | **१४१५०** | | **१५२००** | | **१६९००** |
| **७** | **विकास साझेदारहरूसँगको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरू+** | पटक | ५ | | **५५४३९९** | | **९३८३६** | | **१०३४६१** | | **१०८१९१** | | **११४२५१** | | **१३४६५९** |
| | **आर्थिक विकासको जम्मा** | | | | **२३८५७७९** | | **४१८२८६** | | **४४२९४१** | | **४७३७४१** | | **५०६०५१** | | **५४४७५९** |

**+स्पष्टीकरण :** विकास साझेदारद्वारा सञ्चालन हुने आयोजनाहरू क्षेत्रगत रुपमा एकमुष्ठ बजेट विनियोजन गरी उल्लेख गरिएको छ। क्षेत्रगत रुपमा विनियोजित उक्त बजेटबाट नगरपालिकाले सहभागितामूलक ढंगबाट तर्जुमा गरिने वार्षिक कार्यक्रममा उपयुक्त प्रस्तावहरू समावेश गरी नगर सभाबाट पारित भए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ। कार्यक्रम सम्बन्धित साझेदार संस्थाहरुसँगको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

# परिच्छेद ५ : सामाजिक विकास

## ५.१ पृष्ठभूमि

सामाजिक विकासले व्यक्तिको सक्षमता, आत्मसम्मान तथा सामाजिक समविकास अभिवृद्धि गर्दै गुणस्तरीय जीवनयापनका लागि आधारहरू तयार गर्दछ। सुदृढ सामाजिक विकासले दिगो विकासका लक्ष्यहरू प्राप्तीमा पनि योगदान गर्दछ।

नेपालको संविधान तथा विद्यमान नीति तथा योजनाहरूले सामाजिक विकासलाई उच्च प्राथमिकता दिएका छन्। संविधानको प्रस्तावनाले सामाजिक न्याय तथा समावेशीकरण र समतामूलक समाज निर्माणको ध्येय लिएको छ। नागरिकको मौलिक हक अन्तरगत संविधानले आधारभूत तहको स्वास्थ्य तथा पोषण, प्राथमिक तहसम्मको अनिवार्य शिक्षा, माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ। संविधानको राज्य निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरिएको छ।

सम्पन्न हुन लागेको वर्तमान १५औं राष्ट्रिय योजनाले मुलुकको समग्र विकासका लागि समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनका अवसर सृजना गर्ने कुरालाई उच्चतम महत्व दिएको छ। बागमती प्रदेशको प्रथम आवधिक योजनाले पनि सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिएको छ। नेपालले लिएको दिगो विकास लक्ष्यअन्तरगत सन् २०३० सम्ममा सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ। बागमती प्रदेशको पहिलो आवधिक विकास योजना गुणस्तरीय शिक्षा तथा दक्ष जनशक्ति भन्ने शैक्षिक विकास क्षेत्रको दीर्घकालीन सोच सहित शिक्षाको गुणस्तर सुधारमा केन्द्रित भएको देखिन्छ।

काठमाडौं उपत्यकामा जनसङ्ख्या बढ्दै जाने क्रममा यहाँको जनसङ्ख्यामा उच्च रुपमा वृद्धि हुँदै गएको छ। वि.सं २०५८ को जनगणनामा यहाँको जनसङ्ख्या ५५,०३२ रहेकोमा वि.सं. २०६८ को जनगणनामा ८७,५५३ पुगेको देखिन्छ भने वि.सं. २०७८ को जनगणनामा यहाँको जनसङ्ख्या १३६,८६० पुगेको छ। यसबाट बीस वर्षको अवधिमा नै यहाँको जनसङ्ख्या २.४८ गुणाले वृद्धि भएको देखिन्छ। तीव्र जनसङ्ख्या वृद्धिले व्यापार व्यवसायलगायत अन्य आर्थिक सामाजिक क्रियाकलापहरू प्रवर्द्धन गर्नुका साथै विभिन्न स्वास्थ्य समस्याहरू पनि निम्त्याएको छ।

जनसङ्ख्याको तीव्र वृद्धिलाई मध्यनजर गर्दै सामाजिक विकास अन्तर्गत नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गत रहेका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, कला तथा संस्कृति जस्ता उप-क्षेत्रमा यस आवधिक योजनाको लक्ष्य प्राप्तीका लागि सम्भावना, अवसर, समस्या तथा चुनौतीको विश्लेषण लगायत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी तर्जुमा गरिएको छ।

## ५.२ विद्यमान अवस्था विश्लेषण

### ५.२.१ शिक्षा

#### (क) सम्भावना र अवसर

२०६८ को जनगणनामा यस नगरपालिकाको कुल साक्षरता दर ८१.१६ प्रतिशत रहेकोमा वि.सं. २०७८ मा आइपुग्दा ६ प्रतिशत बिन्दुले वृद्धि भई ८७.२७ प्रतिशत पुगेको छ। नगरपालिकाको कुल जनसङ्ख्यामा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको जनसङ्ख्या १०.७५ प्रतिशत रहेको छ भने स्नातकोत्तर वा सोभन्दा माथि उत्तीर्ण गरेको जनसङ्ख्या ५.१३ प्रतिशत रहेको छ।

नेपालको संविधानले मौलिक हक अन्तरगत आधारभूत तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार प्रत्याभूत गरे बमोजिम यहाँ कुल ५० वटा सामुदायिक विद्यालयहरूमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पठन-पाठन भइआएको छ।

विद्यालय सुधार योजनाहरू तथा शैक्षिक क्यालेण्डर निर्माण तर्जुमा गरी कार्यान्वयमा ल्याइएको छ । यहाँ प्राविधिक धार मात्र सञ्चालित एक विद्यालय समेत गरी कुल ४२ वटा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् भने आधारभूत विद्यालय कुल १८ र बालकक्षा सञ्चालन भएका विद्यालय ७३ वटा रहेका छन् । उच्च शिक्षातर्फ दुईवटा क्याम्पस सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त एक वटा सामुदायिक सिकाइ केन्द्र, दुईवटा धार्मिक विद्यालय तथा तीनवटा महिला विद्यालय सञ्चालनमा रहेका छन् । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेकाले नगरपालिकालाई शिक्षा क्षेत्रलाई नजिकबाट अनुगमन, मूल्याङ्कन गरी स्थानीय शैक्षिक व्यवस्थापनको नेतृत्व गर्ने अधिकार प्राप्त भएको छ । यस बाहेक मातृभाषामा शिक्षा हासिल गर्ने हक कानुनले सुरक्षित गरेको छ ।

नगरपालिकामा वडैपिच्छे कम्तीमा एउटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालय रहेका छन् । विद्यालयको आवश्यकता, औचित्यताका आधारमा भवन, कक्षा कोठा, शौचालय, डेक्स बेञ्च, खानेपानी, विद्युत्, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला लगायत न्यूनतम भौतिक पूर्वाधार, जनशक्ति तथा पठन-पाठनका सामग्रीहरू रहेका छन् । नगरका सबै बालबालिकालाई माध्यमिक विद्यालयसम्मको पहुँच सहज रहेको छ । सबै वडामा प्रारम्भिक बाल कक्षा (ECD) तथा न्यूनतम कर्मचारीहरूको व्यवस्था रहेको छ । बालमैत्री शिक्षाको अवधारणा कार्यान्वयनमा ल्याउने प्रयास भएको छ । कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूका लागि दिवा खाजाको व्यवस्था भएकाले उपस्थिति दर बढाउन सहयोग पुगेको छ । विद्यालयहरूको आफ्नो भवन तथा जग्गा भएकाले विद्यालयहरूमा थप शैक्षिक पूर्वाधार विकास गर्न सहज भएको छ । नगरपालिकाको शिक्षा शाखा नगरको शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्न क्रियाशील रहेको छ र ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने र निर्देशिका, परिपत्रहरू जारी गरी विद्यालयहरूको गुणस्तर वृद्धिका लागि प्रयासरत रहेको छ । धेरै विद्यालयमा EMIS पद्धति कार्यान्वयनमा आएको हुँदा तथ्याङ्क व्यवस्थापन गर्न, तथ्याङ्क विश्लेषणका नतिजामा आधारित रही निर्णयमा पुग्न सहज हुँदै गएको छ । विद्यालयहरूमा व्यवस्थापन समिति, शिक्षक-अभिभावक सङ्घ, युवा क्लब, स्काउट, जुनियर रेडक्रस, बालक्लब गठन भई शैक्षिक गुणस्तर अभिवृद्धि एवम् अतिरिक्त क्रियाकलापहरूमार्फत् बालबालिकाको चौतर्फी विकासका लागि भूमिका खेलिरहेका छन् । पछिल्लो समयमा विद्यालयहरू प्रविधिमैत्री हुँदै गएका छन् । प्रारम्भिक बाल कक्षा र विद्यालयमा कर्मचारीहरूको व्यवस्था रहेको छ । कक्षा एकदेखि पाँचसम्मका बालबालिकालाई दिवा खाजाको व्यवस्था भएकाले विद्यार्थीको उपस्थिति दर उच्च बनाउन सहयोग पुगेको छ ।

### (ख) समस्या र चुनौती

सङ्ख्यात्मक दृष्टिकोणले शैक्षिक क्षेत्रमा गत आधी शताव्दीयता उल्लेख्य उपलब्धी हासिल भए पनि शैक्षिक गुणस्तर सुधार गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने दृष्टिकोणले अझ धेरै काम गर्नुपर्ने अवस्था रहेको छ । सबै विद्यालयमा दक्ष विषयगत शिक्षक पूर्ति गर्न सकिएको छैन । जनसङ्ख्याको भौगोलिक वितरणको अवस्था र विद्यालयको अवस्थितिका बीचमा तालमेल देखिँदैन जसका कारण कुनै विद्यालयमा विद्यार्थीको चाप निकै उच्च र कुनै विद्यालयमा निकै न्यून रहेको छ । सीमित स्रोत साधन तथा दरबन्दी रहेको वर्तमान अवस्थामा उपलब्ध दरबन्दीलाई विद्यार्थी सङ्ख्याका आधारमा समानुपातिक ढङ्गले बाँडफाँट गर्ने कार्य प्रभावकारी हुन सकेको छैन । सबै विद्यालयमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) पद्धति कार्यान्वयनमा आउन सकेको छैन । अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीको क्षमताको चौतर्फी विकास गर्न विद्यालयहरूमा स्रोत साधन, बजेटको अभाव रहेको छ । नगरपालिकामा यसका लागि सहयोग गर्न सक्ने पर्याप्त बजेट रहेको छैन । कहिँ कतै विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको प्रयासमा केही राम्रा कामहरू भइरहेको भए पनि उचित मूल्याङ्कन र प्रोत्साहनको कमी रहेको छ । नेवारी मातृभाषीको बाहुल्यता रहेको भए पनि रञ्जना लिपिको ज्ञान भएको विज्ञ उपलब्ध नहुँदा पठन-पाठनमा कठिनाइ रहेको छ । प्रारम्भिक बालकक्षाको व्यवस्था भए पनि बालविकास सहजकर्ता, लेखापाल, कार्यालय सहयोगीका लागि समय सापेक्ष पारिश्रमिकको व्यवस्था नहुँदा उत्प्रेरणाको कमी रहेको छ र कतिपय स्थानमा कोठाको उचित व्यवस्था हुन सकेको छैन । कतिपय विद्यालयमा भवनहरूको कमी रहेको छ भने कतै विद्यालयका जग्गा अतिक्रमण भएका छन् । दिवा खाजाका लागि उपलब्ध रकम निकै न्यून रहेको छ र यस्तो खाजाबापतको रकम माथिल्ला कक्षाहरूका लागि उपलब्ध पनि छैन ।

### ५.२.२ स्वास्थ्य तथा पोषण

### (क) सम्भावना र अवसर

प्रत्येक वडामा एउटा स्वास्थ्य संस्था रहेको छ र कुल १७ स्वास्थ्य संस्था रहेका छन् । सबै स्वास्थ्य संस्थामा न्यूनतम स्वास्थ्यकर्मीहरूको उपलब्धता छ । आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सहज रहेको छ । मातृमृत्युदर, नवजातशिशु मृत्युदर तथा बाल मृत्युदर उल्लेख्य रुपमा घट्दै गएको छ । खोप कार्यक्रम, सुरक्षित मातृत्व, परिवार नियोजन तथा सामुदायिक नर्सिङ एवम् घरदैलो कार्यक्रमको कभरेज राम्रो रहेको छ । औषधोपचारका लागि आवश्यक न्यूनतम उपकरणदेखि भवनलगायतका पूर्वाधारको उपलब्धता रहेको छ । प्रजनन् उमेर समूहका महिलाहरूको सङ्ख्या ४३,७९१ रहेको छ । नगरपालिकामा विशेषज्ञ चिकित्सक १ जना, मेडिकल अधिकृत १२ जना, जनस्वास्थ्य निरीक्षक/अहेव/वरिष्ठ अहेव ६८ जनालगायत हे.अ./सि.अ.हे.व./अ., रेडियोग्राफी, स्टाफ नर्स, विद्यालय नर्स, सामुदायिक नर्स, अनमी, अहेव, ल्याव असिस्टेन्ट/ल्याव टेक्नेसियन, कार्यालय सहायक कुल २८७ जना कार्यरत रहेका छन् । नगरपालिकामा नगर अस्पताल १ वटा, स्वास्थ्य चौकी ११ वटा, आयुर्वेद औषधालय १ वटा, शहरी स्वास्थ्य केन्द्र ६ वटा, बर्थिङ सेन्टर १ वटा, क्षयरोग माक्रोसकोपी सेन्टर ३ वटा, OTC सेन्टर ४ वटा, सुरक्षित गर्भपतन केन्द्र ११ स्थान, DOTs १७ स्थान, आधारभूत प्रयोगशाला १४ वटा, PMTCT १७ स्थान, किशोर-किशोरी मैत्री क्लिनिक ४ स्थान, खोप क्लिनिक १७ स्थान, महिला स्वास्थ्य स्वयम्सेविका १५० जना र एम्बुलेन्स सेवा २ वटा रहेको छ ।

महिला स्वास्थ्य स्वयम्सेविकादेखि चिकित्सकसम्म विभिन्न तहमा प्रतिबद्ध स्वास्थ्यकर्मी र कर्मचारीहरूको उपस्थिति नगरपालिकामा स्वास्थ्य क्षेत्रको सबल पक्षका रुपमा रहेको छ । नगरपालिकाको सर्भेक्षण अनुसार यहाँ बालबालिकालाई दिनको चार पटक पौष्टिक आहार खुवाउने परिवार ६१ प्रतिशत र दिनको तीनपटक पौष्टिक आहार खुवाउने परिवार २३.७ प्रतिशत रहेका छन् । स्वास्थ्य संस्थाहरूबाट विशेषज्ञ चिकित्सक सहित Video X-ray, ECHO तथा मुटुरोग सम्बन्धि सेवा, निःशुल्क Rabies vaccine (ARV) सेवा, स्वास्थ्य बिमा सम्बन्धी सेवालगायतका नवीन प्रयासहरू पनि सुरु गरिएका छन् । साथै स्वास्थ्य सेवा प्रवाहका लागि आयुर्वेदिक पद्धति पनि प्रचलनमा रहेको छ । आयुर्वेद सेवा प्रदान गर्न भौतिक संरचना पर्याप्त रहेको छ र विशेषज्ञ स्तरबाट गुणस्तरीय रुपमा स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । नगरभित्रका होटल, रिसोर्ट, आश्रम, गुम्बा आदिमा पर्यटन प्रवर्द्धनका लागि आयुर्वेद सेवा सञ्चालनमा रहेको छ । स्वास्थ्य संस्थाहरूले वार्षिक औसत करिब तीन लाख व्यक्तिहरूलाई स्वास्थ्य सुविधा उपलब्ध गराउँदै आएका छन् । नगरपालिकाभित्रका स्वास्थ्य क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूबाट विभिन्न सहयोग प्राप्त हुने गरेको छ । नगरपालिकामा स्वस्थ शहरको अवधारणा सुरु भई कार्यान्वयन सुरु भएको हुँदा स्वस्थ शहरका लागि सकारात्मक वातावरण तयार भई स्वच्छता तथा सरसफाइ तथा शीघ्र रुपमा गुणस्तरीय जीवन हासिल गर्ने सम्भावना वृद्धि भएको छ ।

### (ख) समस्या र चुनौती

स्वास्थ्य सेवाका क्षेत्रमा न्यूनतम पूर्वाधार तथा जनशक्ति रहेको भए पनि गुणस्तरीय, भरपर्दो, किफायती स्वास्थ्य सेवाको सहज पहुँच स्थापित हुन सकेको छैन । क्षयरोग तथा हेपाटाइटिस बीका घटनाहरू बढ्दै गएको देखिन्छ । स्वास्थ्य संस्थामा मापदण्डअनुसारको पूर्वाधारको कमी रहेको छ । पूर्वाधारहरू अपाङ्गतामैत्री तथा बालमैत्रीरुपमा निर्माण हुन सकेका छैनन् । गुणस्तरीय इन्टरनेट सुविधा, औजार तथा उपकरण, जनशक्ति व्यवस्थापन तथा क्षमता विकासका अवसरको कमी रहेको छ । सार्वजनिक स्थलमा स्तनपान गृहको निर्माण भएको छैन । जनस्वास्थ्यलाई प्रभावित गर्ने नसर्ने तथा दीर्घरोगमा वृद्धि हुँदै गएको छ ।

पत्रुखाद्यान्न (junk food) लगायत अस्वस्थकर खानपान तथा जीवनशैलीमा वृद्धि हुँदै गएको छ । सूर्तीजन्य पदार्थ र मदिराजन्य वस्तुको सेवन र स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने औषधी तथा विषादीको कृषि क्षेत्रमा उपयोगका कारण जनस्वास्थ्य समस्या आउने गरेको छ । कोभिड-१९ जस्ता महामारी तथा मौसमजन्य रोगप्रतिको पूर्वतयारी कमजोर रहेको छ । ग्यास्टाइटिस, रेस्पिरेटरी ट्र्याक इन्फेक्सन, हाइपरटेन्सन, ज्वरो, मधुमेह, युरिनरी ट्र्याक इन्फेक्सन बहिरङ्ग विभागमा आउने प्रमुख बिरामीहरू रहने गरेका छन् । विरामीको चाप अनुसार अस्पताल सुविधाको कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन रहेको छैन । स्वास्थ्य संस्थामा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधारको कमी रहेको छ । सबै स्वास्थ्य संस्थाका भवन मापदण्डअनुसारका छैनन् । स्वास्थ्यकर्मीका लागि क्षमता विकासका अवसरको कमी रहेको छ । सरकारी तहबाट प्रदान गरिने स्वास्थ्य सेवाप्रतिको जनविश्वास कमजोर हुँदा नागरिकहरू निजी स्वास्थ्य सेवातर्फ आकर्षित छन् तर निजी स्वास्थ्य सेवा खर्चिलो भएको हुँदा सर्वसाधारण नागरिकले धान्न मुस्किल

हुनेखालको छ। स्वास्थ्य बीमाको प्रभावकारिताका न्यून हुँदा यसप्रतिको जनविश्वास घट्दो क्रममा रहेको छ। स्वास्थ्य संस्थाका भवन तथा कोठाहरू स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुरुपका छैनन्। सङ्गठन व्यवस्थापन सर्भेक्षण हुन सकेको छैन। २४ घण्टे सेवा प्रवाह सुरु भए पनि सो अनुरुप जनशक्तिको उचित व्यवस्थापन हुन सकेको छैन। सेवा प्रदायकको तुलनामा सेवाग्राहीको चाप उच्च रहेको छ। विद्यमान कर्मचारीलाई विविध क्षेत्रमा क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ। सम्बन्धित सबै कर्मचारी सूचना प्रणालीसँग पर्याप्त अद्यावधिक हुन सकेका छैनन्। कर्मचारी संरचनालाई थप प्रभावकारी, जवाफदेही बनाउनुपर्ने खाँचो रहेको छ। खोप प्रणालीमा drop-out र wastage rate बढी हुने गरेको छ। साथै, कर्मचारीहरूका लागि प्रोत्साहनमूलक कार्यक्रमहरूको पनि अभाव रहेको छ।

### ५.२.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### (क) सम्भावना र अवसर

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई उच्च महत्वका साथ सम्बोधन गर्ने प्रयास गरेको छ। सबै तहको सरकारले आ-आफ्नो नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल महत्व दिने गरेको देखिन्छ। यस अनुसार नगरपालिकामा पनि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, आदिवासी जनजाति, द्वन्द्व पीडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि सकारात्मक पहल हुने गरेका छन्। बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि तयार भएको छ भने बालमैत्री स्थानीय शासन कार्यान्वयनका आधारहरू तयार हुँदै गएको छ। बालअधिकार सम्बन्धी नीति कानुनहरू तर्जुमा भएका छन्। सबै वडामा बालक्लब गठन भई परिचालन भएका छन् । नगरपालिकामा बालकोष स्थापना भएको छ। ज्येष्ठ नागरिक भवन तथा दिवा सेवा सञ्चालनमा ल्याइएको छ। दलितहरूका लागि नगरपालिका तथा वडा तहमा बजेट विनियोजन हुनु, समूहहरूमा एकजना दलित समुदायको प्रतिनिधित्व अनिवार्य हुनु, बालबालिकाका लागि पोषण कार्यक्रम हुनु दलित समुदायको उत्थान र विकासका लागि स्थानीय स्तरमा उपलब्ध केही प्रमुख अवसर हुन्। अपाङ्गता भएकाहरूका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था रहेको छ। समय समयमा अपाङ्गता सहयोग सामग्री वितरण गर्ने गरिएको छ। एम्बुलेन्समा निःशुल्क सेवा प्रदान गर्ने गरिएको छ। अपाङ्गता दिवस मनाएर सरोकारवालाहरूको ध्यानाकर्षण गर्ने तथा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनमा रहेको छ। घुम्ती शिविरमार्फत् अपाङ्गता परिचयपत्र बाँड्ने गरिएकाले अपाङ्गता भएकाहरूलाई सहज भएको छ।

### (ख) समस्या र चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा नीतिगत तथा व्यावहारिक तहबाट सकारात्मक परिवर्तन भएको छ, यद्यपि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको उपस्थिति प्रभावशाली हुन सकेको छैन। पुरुषको साक्षरता दर ९३.४६ प्रतिशत रहेकोमा महिलाको साक्षरता दर ८१.१६ प्रतिशत मात्र रहेकोले महिला पुरुषबीचको विभेद अझै उल्लेख्य रहेको देखिन्छ। महिला, दलित, विपन्न समुदायमा पर्याप्त सीप तथा पूँजीको कमीका कारण गुणस्तरीय तथा प्रतिस्पर्धी सामग्री उत्पादन गर्न कठिनाइ हुँदै आएको छ। सञ्चार एवम् विद्युतीय माध्यमहरूको सहज पहुँचलाई दुरुपयोग गर्दै दुर्व्यसनीमा लाग्ने बालबालिकाको सङ्ख्या वृद्धि हुँदै गएकोछ। तालिम लगायत क्षमता विकासका कार्यक्रम अपेक्षाअनुरुप प्रभावकारी नहुँदा स्रोतको अधिकतम उपयोग हुन नसकेको देखिन्छ। मनोसामाजिक समस्याबाट ग्रस्त महिलालक्ष्यित कुनै कार्यक्रम सञ्चालन हुन सकेको छैन। लैङ्गिक हिंसा, बाल हिंसा, जेष्ठ नागरिक हिंसा, बालश्रम शोषण जस्ता घटना अझै घट्ने गरेका छन्। अभिभावहरूलाई बालबालिका हुर्काउन तथा उनीहरूलाई अनुशासित जीवन सिकाउन शान्तिपूर्ण, मैत्रीपूर्ण विधिहरूको प्रयोग गर्न प्रेरित गर्नुपर्ने अवस्था रहेको छ। अपाङ्ग तथा जेष्ठ नागरिकको जीवनयापनमा कठिनाइ रहको छ। ज्येष्ठ नागरिक भवन दिवा सेवा सञ्चालनमा ल्याइएको भए पनि बजेटको कमीले सेवा केन्द्र चलाउन नसक्ने अवस्था उत्पन्न भएको छ। नगरपालिकामा अझै पनि जातीय विभेद कायमै छ। जातीय विभेद निर्मूल गर्ने कार्य नगरपालिका र समुदायको प्राथमिकताको विषय बन्न सकेको छैन। विपन्न, दलित, आदिवासी तथा जनजाति समुदायमा शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी जानकारीको कमी रहेको छ। चन्द्रागिरि नगरपालिकाको कुल १,३६,८६० जना जनसङ्ख्यामा २३५२ जना व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिन्छ जुन कुल जनसङ्ख्याको १.७२ प्रतिशत हुन आउँछ। अपाङ्गतामध्ये सबैभन्दा धेरै शारीरिक अपाङ्गता (८५० जना), न्यून दृष्टि अपाङ्गता (४५३ जना), पूर्ण दृष्टिविहीन (३३ जना) रहेका छन्। अपाङ्गता भएका अभिभावकका

बालबालिकाको आर्थिक व्यवस्थापनमा कठिनाइ रहेको छ । यस नगरपालिकामा १८ वर्ष अगाडि विवाह गर्नेको प्रतिशत २६.०५ प्रतिशत र १५ वर्षभन्दा अगाडि विवाह गर्नेको हिस्सा २.६७ प्रतिशत रहेको छ ।

### ५.२.४ खानेपानी तथा सरसफाइ

#### (क) सम्भावना र अवसर

नगरपालिकाका विभिन्न स्थानमा प्राकृतिक रुपमा धारा, कुवा, झरनाहरूलगायत खानेपानीका प्राचीन स्रोत एवम् संरचनाहरू समेत रहेका छन् । यसबाहेक भूमिगत जलस्रोत समेत उपलब्ध रहेकाले प्रशोधन, परीक्षण गरी उपभोग गर्न सकिने अवस्था रहेको छ ।

वितरण प्रणाली तथा शुल्कमा एकरुपता कायम गरी न्यायपूर्ण रुपमा खानेपानीको वितरण गरी खानेपानी तथा सरसफाइ सेवालाई व्यवस्थित गर्न नगरपालिकाले "चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८०" जारी गरेको छ । यसै ऐनमा नगर प्रमुखको अध्यक्षतामा "चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ परिषद्"को गठन गरिएको छ । यसबाहेक वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति पनि गठन गरिएको छ ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको अन्तिम नतिजाअनुसार यस नगरपालिकाका ३५९९४ घरधुरीमध्ये २६००३ अर्थात् ७२ प्रतिशत घरधुरीको परिसरमा र १९ प्रतिशत घरधुरीको परिसर बाहिर पाइप वितरित खानेपानीको सुविधा उपलब्ध रहेको छ । अन्य घरधुरीले जारको पानी, कुवाको पानी, झरनाको पानी र अन्य स्रोतबाट खानेपानी उपभोग गर्ने गरेका छन् । नगरपालिकाको खानेपानी तथा ढल निकासको दीर्घकालीन समाधान गर्न सहयोग गर्ने उद्देश्यले एसियाली विकास बैङ्कको आर्थिक एवम् प्राविधिक सहयोगमा शहरी खानेपानी तथा सरफाइ क्षेत्रगत आयोजना सञ्चालन हुन गइरहेको छ ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको अन्तिम नतिजाअनुसार यस नगरपालिकाका ८.७ प्रतिशत घरधुरीमा सार्वजनिक ढलमा जोडिएको फ्लस चर्पी रहेको छ भने ७८.८ प्रतिशत घरधुरीमा सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस चर्पी रहेको छ । यसबाहेक १२.३ प्रतिशत घरधुरीको खाल्टे चर्पी रहेको छ भने ०.२ प्रतिशत अर्थात् ५६ घरधुरीले सार्वजनिक शौचालय प्रयोग गर्दछन् ।

### ५.२.५ युवा तथा खेलकूद

#### (क) सम्भावना र अवसर

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई नेपालको संविधानले निर्दिष्ट गरेको छ । वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी तथा खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई उच्च महत्व दिएको छ । बागमती प्रदेशको पहिलो आवधिक योजनाले युवा उद्यमशिलता तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यका साथ युवालाई आत्मनिर्भरताका अवसरहरू प्रदान गर्ने नीति लिएको छ ।

नगरपालिकामा खेलकुद विकासको उच्च सम्भावना रहेको छ । यहाँ दक्षिण एसियाली खेलकुद, एसियाली खेलकुदलगायतका विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता दुई दर्जनभन्दा बढी खेलाडीहरूको बसोवास रहेको छ । राष्ट्रिय स्तरको नैकाप फुटबल मैदानलगायत तीनवटा फुटबल/भलिबल मैदान, २० वटा व्याडमिन्टन कोर्ट, ७ वटा कराते डोजो तथा एक दर्जन प्रामाणिक खेलकुद प्रशिक्षकहरू रहेका छन् । नगर खेलकुद विकास समिति गठन भई नगरपालिकास्तरमा खेलकुद राष्ट्रपति रनिङ्ग शिल्ड नियमित रुपमा हुने गरेको छ । विद्यालय स्तरमा खेल प्रशिक्षण र खेलकुद प्रतियोगिताहरू हुने गरेका छन् । युवा लक्षित व्यवसाय सञ्चालनका लागि प्रविधि सहयोग, तालिम तथा आर्थिक प्रोत्साहनका कार्यक्रम रहेका छन् । अन्तरपालिका खेलमा खेलाडीका लागि खर्च व्यवस्थापन हुने गरेको छ । नयाँ पुस्ताले स्थानीय स्तरका अवसर तथा सम्भावनाहरू पहिचान गर्न नसक्नु तथा केही गर्छु भन्नेहरूका लागि उचित वातावरणको कमी रहेको छ ।

### (ख) समस्या र चुनौती

स्थानीयस्तरमा युवाका लागि क्षमता विकास एवम् मर्यादित रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ। आवश्यकताअनुसार गुणस्तरीय खेल मैदान, पर्याप्त मात्रामा प्रशिक्षण, खेल सामग्री तथा व्यावसायिक खेलका अवसरमा कमी रहेको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय पदक जितिसकेका खेलाडीहरू रहेका छन् तर एउटा प्रतियोगिता सम्पन्न भएपछि अर्को प्रतियोगिता हुन दुईदेखि चार वर्षसम्मको समयावधि लाग्ने र यसबीचमा प्रतिस्पर्धात्मक कार्यक्रमहरूको अभाव रहने गरेको छ।

युवा सशक्तीकरण, स्वरोजगारी तथा आत्मनिर्भरताका लागि कार्यक्रमहरू सञ्चालनमा भएता पनि युवा बेरोजगारी तथा युवा पलायनको प्रवृत्ति रोकिन सकेको छैन। युवाका लागि परामर्श तथा अभिमुखीकरणको कमी रहेको छ भने कृषि तथा उद्योग क्षेत्रमा युवा आकर्षण न्यून रहेको छ। राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता तथा चासो न्यून रहेको छ। युवा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम प्रभावकारी हुन सकेको देखिँदैन।

## ५.२.६ संस्कृति, कला, भाषा

### (क) सम्भावना र अवसर

चन्द्रागिरि नगरपालिका ऐतिहासिक, सांस्कृतिक रुपमा सम्पन्न रहेको छ। नेवारी भाषा, कलाका लागि समृद्ध रहेको यस नगरपालिकामा क्षेत्री, ब्राह्मण, तामाङ, मगर, सन्यासी/दसनामी, दलित, राईलगायत अन्य समुदायका कला संस्कृतिले यस क्षेत्रमा नगरपालिकालाई अझ बढी समृद्ध बनाएका छन्। नगरपालिकाभरि यहाँ तीन दर्जनभन्दा बढी मन्दिरहरू रहेका छन्। मातातीर्थ मन्दिर यहाँको निकै प्रसिद्ध मन्दिर हो। दशैं, तिहार, रामनवमी, शिव रात्री, चैते दशैं, कुशे औंशी, कृष्ण जन्माष्टमीलगायत सात गाउँले जात्रा, महापूजा, सिठी नख, ल्होसार, योमरी पूर्णिमा, सामा चखेवा जस्ता चाडपर्वहरू मनाउने गरिएकाले परम्परा एवम् संस्कृतिको संरक्षणमा योगदान पुगेको छ। मातातीर्थ औंशीमा मातातीर्थ मन्दिरमा आउने श्रद्धालु, शिवरात्रीका बेलमा भालेश्वर मन्दिरमा आउने श्रद्धालु र सातगाउँले जात्रामा विष्णुदेवी मन्दिरमा आउने श्रद्धालुहरूको सङ्ख्या हजारौं हुने गर्दछ र यसबाहेक अन्य थुप्रै मन्दिर, मेला, पर्व, गुम्बाहरूले धार्मिक पर्यटन प्रवर्द्धनको सम्भावना बोकेका छन्। धिमे बाजा तथा बाँसुरी बाजा समूहहरू क्रियाशील छन्। रञ्जना लिपिको संरक्षणमा सक्रिय संस्थाहरूको उपस्थिति छ। *न्हु दया भिन्तुना* जस्ता पर्वहरूमा सक्रिय युवा जमात हुनु यहाँको संस्कृति संरक्षणका लागि निकै सबल पक्ष हो। यहाँ रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थलहरू, यहाँको जातीय एवम् सांस्कृतिक विविधता यहाँको संस्कृति, कला, भाषाका सबल पक्षहरू हुन्। यस बाहेक नगरपालिकामा ध्यान केन्द्रहरू, ध्यान शिविरहरू, योगकेन्द्रहरू, आश्रमहरू (स्वामि अरविन्द, विकासानन्द, ओशो आश्रम) रहेका छन्। कालु पाँडे समाधीस्थल तथा इन्द्र दह यहाँका यहाँका ऐतिहासिक तथा पौराणिक स्थलहरू हुन्। संस्कृति, कला, भाषाले यहाँको पहिचान एवम् सामाजिक एकता अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुऱ्याएका छन्। साथै स्थानीय स्तरमा पर्यटन र आर्थिक गतिविधिको प्रवर्द्धनमा समेत यहाँका यी सम्पदाहरू महत्वपूर्ण रहेकाछन्।

मातातीर्थ औंशीमा तीन लाखभन्दा बढी भक्तजन स्नान गर्न यहाँको मातातीर्थ मन्दिरमा आउँदछन्। यस्तै शिवरात्रीका बेलामा श्रद्धालुहरू भालेश्वर मन्दिरमा रातभर जाग्राम बस्ने गर्दछन्। विष्णुदेवी मन्दिरमा तीन दिनसम्म मनाइने सातगाउँले जात्रा यस नगरपालिकाको अर्को महत्वपूर्ण पर्व हो। मच्छेन्द्रनाथ मेला यहाँको अर्को महत्वपूर्ण मेला हो। हरेक तीन वर्षमा विष्णु भगवानको पूजाआजा गरी यो पर्व मनाइन्छ।

### (ख) समस्या र चुनौती

पश्चिमी सांस्कृतिक प्रभावले स्थानीय संस्कृति ओझेलमा पर्दै गएको छ। नेपाल भाषाको रञ्जना लिपि होस् वा संस्कृति संरक्षणमा जुटेका अन्य समूहहरू हुन्, आर्थिक तथा भौतिक अभाव झेलिरहेका छन्। युवा पुस्ताको ठूलो हिस्सामा स्थानीय संस्कृति, परम्पराप्रतिको रुची घट्दै गएको पाइन्छ। स्थानीयस्तरमा लाग्ने मेला तथा जात्राको व्यवस्थापन कमजोर हुने गरेको छ। धार्मिक तथा ऐतिहासिक स्थलको खोज, लेखन तथा प्रचार प्रसारको कमी रहेको छ। मौलिक कला तथा सीपको हस्तान्तरण तथा बजारीकरणमा कमी रहेको छ।

## ५.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सामाजिक विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएकोछ ।

### ५.३.१ लक्ष्य

चन्द्रागिरि नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

- अन्तर्राष्ट्रिय गुणस्तरको शिक्षा, उच्चस्तरीय सहज स्वास्थ्य सेवा भएको, स्वच्छ, समावेशी, सशक्त, सुसंस्कृत र अतिथिमैत्री समाज निर्माण गर्ने

### ५.३.२ उद्देश्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. सबै विद्यार्थीको व्यक्तिगत विकास र सामाजिक प्रगतिका लागि आवश्यक ज्ञान, सीप र मूल्यमान्यतासहितको गुणस्तरीय र जीवनोपयोगी शिक्षा उपलब्ध गराउनु
२. स्वस्थ्य समुदाय निर्माणका लागि सबैको सहज पहुँचयुक्त उच्च गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गर्नु
३. लैङ्गिक, जातीय एवम् सबै प्रकारका हिंसामुक्त, सशक्त लक्ष्यित वर्गयुक्त, न्यायपूर्ण समाज निर्माण गर्नु
४. सबै नागरिकका दैनिक आवश्यकता परिपूर्ति हुने गरी स्वच्छ र सर्वसुलभ खानेपानी उपलब्ध गराउनु र सरसफाइ कायम राख्नु ।
५. खेलकुद, व्यक्तित्व विकास, आयआर्जन तथा रोजगारीका अवसरहरूमार्फत् युवा वर्गको समष्टिगत क्षमता विकास गर्नु
६. स्थानीय संस्कृति, सम्पदा तथा ऐतिहासिक धरोधरको संरक्षण, प्रवर्द्धन गर्नु

### ५.३.३ रणनीति तथा कार्यनीति

यस योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ :** सबै विद्यार्थीको उच्च व्यक्तिगत विकास र सामाजिक प्रगतिका लागि आवश्यक ज्ञान, सीप र मूल्यमान्यतासहितको गुणस्तरीय शिक्षा उपलब्ध गराउनु | |
| १.१. विद्यालय भवनलगायत शैक्षिक पूर्वाधारको स्तर वृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने | १.१.१ विद्यालयहरूको विद्यमान भवन, कक्षा कोठा, फर्निचर, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, गणित प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, मल्टिमेडिया आदि शैक्षिक पूर्वाधार तथा सामग्रीहरूको मूल्याङ्कन गरी आवश्यकता प्राथमिकीकरण गरिनेछ ।<br>१.१.२ शैक्षिक पूर्वाधारको स्तर वृद्धि एवम् आधुनिकीकरणका लागि तत्कालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।<br>१.१.३ विद्यालय नक्साङ्कन गरी विद्यार्थी सङ्ख्या तथा भौगोलिक दूरीका आधारमा विद्यालय समायोजन, कक्षा स्तरोन्नति वा घटाउने पद्धतिको अवलम्बन गरिनेछ ।<br>१.१.४ कानुनी प्रक्रिया पूरा गरी विद्यालयका जग्गा विद्यालयकै नाममा ल्याउन पहल गरिनेछ ।<br>१.१.५ प्राथमिकताअनुसार पूर्वाधार विकास गर्न नगरपालिकाका अतिरिक्त प्रदेश सरकार, सङ्घीय सरकार तथा दातृ संस्थाको स्रोत परिचालनका लागि पहल गरिनेछ ।<br>१.१.६ शौचालय, कक्षा कोठालगायत सिङ्गो विद्यालय परिसरमा सरसफाइ कायम गर्न विद्यालयलाई परिचालन गरिनेछ ।<br>१.१.७ हरेक विद्यालयमा कम्तीमा एक विधामा विशिष्ठ प्रशिक्षक, खेलकुद सामग्री र भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ । |
| १.२. शैक्षिक गुणस्तर सुधार गर्न नीतिगत | १.२.१ दरबन्दी मिलान गरी विद्यार्थीका अनुपातमा शिक्षकको व्यवस्था गरिनेछ । यसबाट पनि शिक्षक अपुग हुने देखिएमा थप शिक्षक पूर्तिको पहल गरिनेछ । बालबिकास केन्द्रहरूलाई राष्ट्रिय न्यूनतम मापदण्डको पालना सुनिश्चित गरिनेछ । साथै, बालबिकास केन्द्रका |

| रणनीति | कार्यनीति |
|---|---|
| एवम् व्यवस्थापकीय सुधार गर्ने | सहजकर्ता, आया, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक पुग्ने गरी आवश्यक थप रकम समेत प्रदान गरिनेछ ।<br>१.२.२ शिक्षकहरूको विषयगत दक्षता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ र सम्बन्धित शिक्षकको कार्य सम्पादनलाई शैक्षिक उपलब्धीसँग मापन गरिनेछ ।<br>१.२.३ विद्यालय सुधार योजना तर्जुमा तथा कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । नगरपालिकाभरिका विद्यालय सुधार योजनामा समावेश भएका क्रियाकलापबाट छनोट गरी केही नमुना क्रियाकलाप कार्यान्वयन गर्न नगरपालिकाबाट वार्षिक रुपमा सहयोग गरिनेछ ।<br>१.२.४ दिवा खाजा कार्यक्रम हाल कक्षा ५ सम्म रहेकोमा माथिल्ला कक्षाहरूसम्म विस्तार गर्न सम्भावनाको खोजी गरिनेछ ।<br>१.२.५ अटिज्मलगायत सबैखालका अपाङ्गता भएका बालबालिका लागि विद्यालयमा अध्ययन अध्यापनको छुट्टै व्यवस्थाका लागि पहल गरिनेछ ।<br>१.२.६ सबै वडामा कम्तीमा एक-एक वटा विद्यालयलाई सुविधासम्पन्न नमुना विद्यालयका रुपमा रुपान्तरण गरिनेछ ।<br>१.२.७ विद्यालय अनुगमनलाई नियमित, वस्तुनिष्ठ बनाई सुझावहरू कार्यान्वयन गरिनेछ । नतिजाको आधारमा प्रधानाध्यापकहरूलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ । शैक्षिक गणुस्तर अभिवृद्धिमा प्रविधिमैत्री तथा शैक्षिक सामाग्री सहितको शिक्षण सिकाई क्रियाकलापमा जोड दिई उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षक, विद्यार्थी र विद्यालय प्रोत्साहन गरिनेछ ।<br>१.२.८ विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने वातावरण तयार गर्न अभिभावक परिचालन, सूचना प्रविधि प्रयोगलगायत विविध विधि प्रयोग गरिनेछ ।<br>१.२.९ बालबालिकाको सिकाइ प्रकृयामा सुधार गर्न अविभावकहरूको सहभागिता, अतिरिक्त क्रियाकलापहरू, नवीनतम शिक्षण विधिहरूमा जोड दिइनेछ । |
| १.३. विद्यार्थीहरूमा समयानुकूल सीप कौशलमा जोड दिन प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन गर्ने | १.३.१ इच्छुक एवम् सक्षम विद्यालयहरूमा प्राविधिक व्यावसायिक धारका कक्षाहरू सञ्चालन गरी एक विद्यालय एक उद्यम सञ्चालनको नमूना शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३.२ प्राविधिक विद्यालयमा गुणस्तर कायम गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा सामग्रीको यथोचित व्यवस्था गरिनेछ ।<br>१.३.३ स्थानीय पाठ्क्रमलाई जीवनउपयोगी विषयवस्तुहरू समेटी थप जानकारीमूलक एवम् रोचक बनाइनेछ ।<br>१.३.४ राष्ट्रिय तथा स्थानीयस्तरमा ख्याती कमाएका उत्प्रेरक, उद्यमी, कृषक, कालिगड, ख्यातीप्राप्त व्यक्ति तथा सिल्पीहरूसँग अन्तरकृया तथा सीप हस्तान्तरणलाई वार्षिक नियमित कार्यक्रमका रुपमा स्थापित गरिनेछ । |
| १.४. विद्यालयको संस्थागत तथा संरचनागत सुधार गरी गुणस्तरीयता प्रवर्द्धन गर्ने | १.४.१. विद्यालय अनुगमनलाई व्यवस्थित तथा नियमित गराउँदै शैक्षिक क्यालेण्डर, स्थानीय पाठ्यक्रम तथा विद्यालय सुधार योजना तयारी र कार्यान्वयनमा जोड दिइनेछ । "हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रम"को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।<br>१.४.२. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अविभावक सङ्घको क्रियाशीलता वृद्धि गरी विद्यालयको शैक्षिक गतिविधिमा सुधार गरिनेछ ।<br>१.४.३. विद्यालयमा बालक्लब गठन गरी सिर्जनात्मक गतिविधिमा सङ्लग्नता अभिवृद्धि गरिनेछ ।<br>१.४.४. विद्यालयमा स्वास्थ्य सेवा एवम् स्वास्थ्य शिक्षाका लागि क्रमशः एक विद्यालय एक नर्स कार्यक्रमलाई विस्तार गरिनेछ ।<br>१.४.५. शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ताको क्षमता विकास गर्ने तथा प्रोत्साहित गर्ने तथा आवश्यकता अनुसार पदपूर्ति गरी प्रारम्भिक बालशिक्षाको गुणस्तर वृद्धिमा जोड दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १.५. समन्वय र सहकार्यमा आधारित रही उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि पहल गर्ने | १.५.१. "चन्द्रागिरि नगरको इच्छा : छोरी बुहारीलाई उच्च शिक्षा" भन्ने नारालाई सार्थ बनाउन नगरका छोरी बुहारीलाई उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।<br>१.५.२. "एक घर एक स्नातक" कार्यक्रम सञ्चालन गरी उच्च शिक्षाका लागि विपन्न समुदायलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।<br>१.५.३. स्थानीय स्तरमा उच्च शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन सम्बन्धन, जनशक्ति तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ ।<br>१.५.४. उच्च शिक्षाको शैक्षिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन उच्चमाध्यमिक शिक्षा परिषद्, सम्बन्धित विश्व विद्यालयहरू तथा प्रदेश एवम् सङ्घ सरकारसँग समन्वय एवम् सहकार्य गरिनेछ ।<br>१.५.५. विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न आर्थिक सहयोग तथा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>१.५.६. उच्च शिक्षामा गुणस्तर कायम गर्न नविनतम विधिको उपयोगलाई अनुसरण गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ ।<br>१.५.७. उच्च शिक्षालाई पढ्दै कमाउँदै भन्ने नारा अनुसार व्यवसायिक क्षेत्रमा इन्टर्नसिप तथा स्वयम्सेवा र बजार माग अनुसारको सीप हस्तान्तरण गरिनेछ । |
| **उद्देश्य २ :** स्वस्थ समुदाय निर्माणका लागि सबैको सहज पहुँचयुक्त उच्च गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गर्नु | |
| २.१. स्वास्थ्य संस्थाहरूमा आवश्यक उपकरणहरूको उपलब्धता तथा भौतिक पूर्वाधारहरूको निर्माणमा नेपाल सरकारको मापदण्ड कार्यान्वयन सुनिश्चित गर्ने | २.१.१. नगरपालिकाका स्वास्थ्य संस्थाका भौतिक पूर्वाधारहरूलाई नेपाल सरकारको मापदण्डको कसीमा मूल्याङ्कन गरी तदनुरुप बनाउन कार्ययोजना तर्जुमा गरिनेछ ।<br>२.१.२. स्वास्थ्य चौकीमा ल्याव सेवा, अल्ट्रा साउण्ड सेवा र एम्वुलेन्स लगायत सेवा तथा सम्बन्धित स्वास्थ्य संस्थाको स्तरअनुसार आवश्यक उपकरणहरू नेपाल सरकारको मापदण्ड बमोजिम पूर्ति गर्दै लगिनेछ। सबै स्वास्थ्य संस्थामा प्रयोगशाला सुनिश्चित गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।<br>२.१.३. सङ्घ र प्रदेश सरकार तथा दातृसंस्थाहरूसँगको सहकार्यमा नगरपालिकाभित्रका स्वास्थ्य केन्द्रहरूको पूर्वाधार तथा क्षमता विकास गरिनेछ ।<br>२.१.४. स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूका भवन निर्माण, मर्मत सम्भार, आवश्यक औजारको व्यवस्था मिलाइनेछ ।<br>२.१.५. विद्युतीय हाजिरी तथा सिसि क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन लगायत सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ । |
| २.२. विशेषज्ञ स्वास्थ्य सेवाको उपलब्धता वृद्धि गरी विशिष्टीकृत, गुणस्तरीय तथा सबैको सहज स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने | २.२.१ समुदायमा स्वास्थ्य सेवाको पहुँच बढाउन स्थापना गरिएका शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रलाई स्रोत साधन सम्पन्न गरी सेवा प्रवाहलाई प्रभावकारी गराइनेछ ।<br>२.२.२ नगर अस्पतालालाई स्तरोन्नति गर्दै विशेषज्ञ सेवा दिने रिफरल सेन्टरको रुपमा विकास गर्दै लगिनेछ ।<br>२.२.३ बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य एकाइको विस्तार गरी आवश्यक दरवन्दी थप गरिनेछ ।<br>२.२.४ स्वास्थ्य शिविरमार्फत् विशिष्टीकृत स्वास्थ्य सेवालाई जनस्तरमा पुऱ्याइनेछ ।<br>२.२.५ नगर अस्पतालमा डायलासिस सेवा सुरु गरी मृगौला बिरामीको जीवन यापन सहज बनाउन प्रयत्न गरिनेछ ।<br>२.२.६ प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सेवा सञ्चालनका लागि रिभल्विङ्ग फण्डको व्यवस्था गरिनेछ ।<br>२.२.७ सुविधासम्पन्न अस्पताल निर्माण, स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य साक्षरता वृद्धिका लागि लगानी गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | २.२.८ स्वास्थ्यकर्मीहरूलाई कार्यसम्पादन स्तर तथा आवश्यकताका आधारमा पुरस्कृत गर्ने, तालिम दिने र अतिरिक्त जिम्मेवारी बहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुविधा उपलब्ध गराइनेछ । |
| २.३. स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुधार गर्न नीतिगत व्यवस्था गर्ने | २.३.१ नगरभित्र सञ्चालन हुने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.३.२ एक स्वास्थ्य संस्था एक चिकित्सक नीति कार्यान्वयनमा ल्याइनेछ ।<br>२.३.३ मूल्याङ्कनका आधारमा उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।<br>२.३.४ नगर अस्पताललाई स्तरोन्नति गर्दै विशेषज्ञ सेवा दिने रिफरल सेन्टरका रुपमा विकास गर्दै लगिनेछ ।<br>२.३.५ नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट उत्पादित औषधीजन्य फोहोरमैला व्यवस्थापन गर्न थानकोट प्राथमिक अस्पतालमा फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्ने नीति लिइनेछ । |
| २.४. स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने | २.४.१ निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँग समन्वय गरी नगरपालिकाको सिफारिशमा नागरिकहरूलाई तोकिएअनुसार निःशुल्क तथा सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>२.४.२ स्वास्थ्य बीमा कार्यक्रमका समस्याहरू पहिचान र सम्बोधन गरी प्रभावकारी बनाउँदै लैजान पहल गरिनेछ ।<br>२.४.३ नेपाल सरकारले तोकेको कडा रोगको बिरामीहरूलाई गरिने सिफारिश तथा नगरबाट दिइने विशेष सुविधालाई निरन्तरता दिइनेछ ।<br>२.४.४ एकल महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको ५० प्रतिशत बीमा रकम नगरपालिकाबाट उपलब्ध गराइनेछ ।<br>२.४.५ सबैखालका अपाङ्गता भएका व्यक्तिहरूको बीमा शुल्क नगरपालिकाले उपलब्ध गराई स्वास्थ्य सेवामा सहज पहुँच तथा बीमा सेवाको कभरेज बढाइनेछ ।<br>२.४.६ सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।<br>२.४.७ सम्पूर्ण स्वास्थ्य पूर्वाधारहरूलाई समयसीमा तोकी अपाङ्गतामैत्री तथा बालमैत्रीरुपमा निर्माण गरिनेछन् । |
| २.५.पोषण सेवा तथा स्वस्थ जीवनशैलीको प्रवर्द्धन गरी दिगो पोषण सेवा सुदृढ गर्ने । | २.५.१. सुनौलो हजार दिनका गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरूको पोषण सुधार गर्ने र नेपाल सरकारबाट उपलब्ध सम्पूर्ण खोप सेवाहरू सहजरुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।<br>२.५.२. पोषण, मातृशिशु स्वास्थ्य तथा सुरक्षित मातृत्व प्रवर्द्धनका लागि फोलिक एसिड, क्याल्सियम चक्की, पूर्व प्रसूति स्याहारका लागि घर भ्रमण, सुत्केरीलाई पोषिलो आहार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>२.५.३. मधुमेह तथा उच्च रक्तचापको औषधी उपलब्ध गराई ज्येष्ठ नागरिकको स्वास्थ्य रक्षामा सहयोग गरिनेछ ।<br>२.५.४. कर्मचारीहरूलाई तनाव व्यवस्थापन, पुनर्ताजगीसम्बन्धी तालिम र उत्प्रेरणामूलक कार्यक्रममार्फत् सेवा प्रवाहमा सुधार गरिनेछ ।<br>२.५.५. नर्सिङ घरदैलो कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवा पहुँच वृद्धि गरिनेछ । |
| २.६. स्वास्थ्य सेवा पद्धतिको विविधीकरण गर्ने | २.६.१ आयुर्वेद सेवालाई विस्तार गर्दै भरपर्दो वैकल्पिक स्वास्थ्य पद्धतिका रुपमा स्थापित गरिनेछ ।<br>२.६.२ मातातीर्थ आयुर्वेद औषधालयलाई १५ शय्यायुक्त मातातीर्थ सामुदायिक अस्पतालका रुपमा विकास गरिनेछ ।<br>२.६.३ मातातीर्थ आयुर्वेद औषधालयमा योग साधना केन्द्र, जडिबुटी उद्यान र ग्रामीण औषधी पसल स्थापना गरिनेछ ।<br>२.६.४ हरेक वडामा आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गरी सेवा विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६.५ समुदायस्तरमा योग, आयुर्वेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापन सचेतना विस्तार गरिनेछ । प्राकृतिक चिकित्सा, योग, जडीबुटी तथा अन्य वैकल्पिक स्वास्थ्योपचार तथा स्वस्थ जीवनशैली सम्बन्धी विधिहरूको प्रवर्द्धन र विस्तार गरिनेछ । |
| **उद्देश्य ३:** लैङ्गिक, जातीय एवम् सबै प्रकारका हिंसामुक्त, सशक्त लक्षियत वर्गयुक्त, न्यायपूर्ण समाज निर्माण गर्नु | |
| ३.१. आर्थिक-सामाजिक क्षेत्रमा पिछडिएको वर्गलाई विशेष अवसर उपलब्ध गराई मूलप्रवाहीकरण गर्ने । | ३.१.१ महिला, अपाङ्गता भएका, दलित, आदिवासी तथा जनजाति र पछाडि परेको वर्गका लागि आत्मनिर्भरताका अवसर सिर्जना गर्न तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी सीप विकास तालिम तथा महिलाको नाममा हुने व्यवसाय दर्तामा छुटको व्यवस्था गरिनेछ ।<br>३.१.२ महिला र पुरुषका लागि समान कामका लागि समान ज्याला सुनिश्चित गरिनेछ ।<br>३.१.३ जेष्ठ नागरिक सम्मान एवम् जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनलाई सहज गराउन आवश्यक सामग्रीहरू वितरण गरिनेछ ।<br>३.१.४ एकल महिलाहरूलाई सीपमूलक तालिम, महिला स्वयम्सेविका तालिमलगायतका अन्य अवसरमा प्राथमिकता दिइनेछ । एकल महिलाको सुरक्षा र संरक्षणलाई विशेष जोड दिइनेछ ।<br>३.१.५ स्थानीय समिति तथा संयन्त्रहरूमा एकल महिलाहरूलाई सहभागी गराइनेछ ।<br>३.१.६ दलित, जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गका हक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास, कानुनी सचेतना, अन्तरक्रियाजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.१.७ अनाथ, बेसहारा तथा हिंसामा परेका महिला, जेष्ठ नागरिक तथा बालबालिकाहरूको तत्काल सुरक्षाको लागि आश्रयस्थल र उपचारको व्यवस्था गरिनेछ । |
| ३.२. स्थानीय नीति निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउने । | ३.२.१. लैङ्गिक उत्तरदायी बजेट परीक्षणका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>३.२.२. स्थानीय संयन्त्र, उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य महिला समूह, आमा समूह, स्थानीय विपद् व्यवस्थापन समिति लगायत वडा तथा विषयगत समिति तथा संरचनालाई समावेशी बनाइनेछ ।<br>३.२.३. लक्षित वर्ग सञ्जालका पदाधिकारीहरूको अधिकार, जिम्मेवारी तथा कार्यदिशा सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ ।<br>३.२.४. नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गरी बालबालिकाको बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण पाउने र सहभागिताको अवसरलाई सुनिश्चित गरिनेछ ।<br>३.२.५. सार्वजनिक पूर्वाधारहरूलाई अपाङ्तामैत्री बनाउन विशेष जोड दिइनेछ ।<br>३.२.६. सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा वृद्धि गरिनेछ ।<br>३.२.७. अपाङ्गता भएका व्यक्तिले सञ्चालन गर्ने व्यवसाय दर्तालाई निःशुल्क गरिनेछ ।<br>३.२.८. नगरपालिकास्तरीय सम्पूर्ण सुविधासम्पन्न स्तरीय विद्यालय स्थापना गरी सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई शिक्षाको सहज पहुँच सुनिश्चित गरिनेछ ।<br>३.२.९. ज्येष्ठ नागरिकहरूका लागि दिवा सेवा केन्द्र तथा विश्रामस्थल निर्माण गरिनेछ ।<br>३.२.१०. सबै वडामा ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री उद्यान निर्माण गरिनेछ ।<br>३.२.११. दलित तथा विपन्न समुदायलाई स्थानीय योजना तर्जुमा, अनुगमन मूल्याङ्कनका कार्यमा अर्थपूर्ण सहभागी हुन प्रेरित गरिनेछ । |
| ३.३. नीतिगत तथा व्यावहारिक सुधारहरूमार्फत् महिला तथा लक्ष्यित वर्गमा सामाजिक विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्ने | ३.३.१. हिंसापीडित व्यक्तिहरूका लागि कानुनी सहायता तथा अल्पकालीन सेवा केन्द्र स्थापना गरिनेछ ।<br>३.३.२. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समुदायको पहिचान गरी आर्थिक तथा सामाजिक क्षेत्रमा सशक्तिकरण गरिनेछ ।<br>३.३.३. महिला तथा किशोरीमाथि हुने सबै प्रकारको हिंसा अन्त्य गरिनेछ । बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, एसिड आक्रमण तथा छुवाछुत जस्ता खराब अभ्यासहरू अन्त्य गरिनेछ ।<br>३.३.४. अनुगमन प्रणालीलाई प्रभावकारी बनाई बालश्रम निषेध गरिनेछ तथा बालश्रममुक्त स्थानीय तह घोषणा गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.३.५. हिंसापीडित एवम् अपाङ्गता भएका बालबालिकाका लागि अपाङ्गतामैत्री व्यवस्थापन गरिनेछ । <br> ३.३.६. अनाथ, अपाङ्गता भएका व्यक्ति, अशक्त, असहाय, टुहुरा, बेबारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्दार, संरक्षण पुनर्स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ । <br> ३.३.७. जातीय छुवाछुत तथा महिला एवम् बालहिंसा सम्बन्धी तथ्याङ्क नियमित सङ्कलन विश्लेषण गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ । |
| **उद्देश्य ४:** स्वच्छ, सुरक्षित निरन्तर खानेपानी उपलब्ध गराउनु र सरसफाइ कायम राख्नु । | |
| ४.१ खानेपानीका स्रोतको संरक्षण र पुनर्भरणमा जोड दिई दिगोपन प्रवर्द्धन गर्ने | ४.१.१ मुहान, कुवा, झरनाजस्ता खानेपानीका स्रोतहरूको प्राथमिकताका साथ संरक्षण गरिनेछ । सांस्कृतिक वस्तीभित्र रहेका ढुङ्गेधारा, इनार, कुवा, पोखरीहरूको संरक्षणमा कलात्मकता प्रदान गरिनेछ । <br> ४.१.२ पाइप वितरित खानेपानीको पहुँच नभएका र अन्य इच्छुक घरधुरीमा आकाशे पानी सङ्कलन र प्रयोगका लागि घरधुरीको आर्थिक अवस्था हेरी प्रोत्साहनको व्यवस्था गरिनेछ । <br> ४.१.३ वन क्षेत्रमा भूमिगत जल पुनर्भरण पोखरीहरू निर्माण गरी उपत्यकाको भूमिगत जलको प्राकृतिक सन्तुलन कायम राख्न योगदान पुर्‍याइनेछ । घरधुरी स्तरमा पनि भूमिगत पानी पुनर्भरण क्षेत्र निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । <br> ४.१.४ दिगो, भरपर्दो खानेपानी सेवा विस्तार गर्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको स्रोत परिचालन गरिनेछ । |
| ४.२ खानेपानीको वितरण प्रणाली गुणस्तरमा सुधार गरी खानेपानी आपूर्तिको प्रभावकारिता वृद्धि गर्ने | ४.२.१ खानेपानीको वितरण प्रणाली तथा महशुलमा एकरुपमा ल्याई समानता प्रवर्द्धन गरिनेछ । <br> ४.२.२ नगरभित्र खानेपानी गुणस्तर परीक्षण केन्द्र स्थापना गरी नगरभित्र वितरण गरिने खानेपानीमा नेपाल खानेपानी गुणस्तर मापदण्ड पालना गर्ने प्रवन्ध गरिनेछ । <br> ४.२.३ सडक तथा ढल निर्माण गर्नुअघि खानेपानीका पाइप बिच्छ्याउन प्राथमिकताका साथ पहल गरिनेछ । <br> ४.२.४ घर वा कुनै निकायबाट ढल निकास गर्दा अनिवार्य रुपमा प्रशोधन गरी वा सोकपिट बनाएर मात्र निकास गर्नुपर्ने कानुनी प्रवन्ध गरिनेछ । |
| **उद्देश्य ५:** खेलकुद, व्यक्तित्व विकास, आयआर्जन तथा रोजगारीका अवसरहरूमार्फत् युवा वर्गको समष्टिगत क्षमता विकास गर्नु | |
| ५.१ युवाहरूलाई सीप, क्षमता विकासका अवसरहरू उपलब्ध गराई व्यावसायिकता तथा खेलकुदतर्फ आकर्षित गर्ने | ५.१.१ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद्सँग सहकार्य गरी चन्द्रागिरि नगरस्तरीय प्राविधिक शिक्षालयमा व्यावसायिक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । <br> ५.१.२ युवाहरूलाई नवीन, अन्वेषणमुखी विचारहरूतर्फ आकर्षित गरी अन्वेषण तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ । तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उपयुक्त क्षेत्रमा रोजगार हुन चाहने युवालाई आवश्यक तालिम तथा अवसरहरू प्रदान गरिनेछ । <br> ५.१.३ व्यवस्थित खेल मैदान र संरचनाको विकास गरी युवा वर्गलाई खेलकुद क्षेत्रमा आकर्षित गरिनेछ । एथलेटिक्सका लागि सिन्थेटिक ट्र्याक निर्माण गर्न प्रदेश सरकार, सङ्घ सरकार र राष्ट्रिय खेलकुद परिषद्सँग सहकार्य गरिनेछ । <br> ५.१.४ नगरपालिकामा रहेको मदन भण्डारी खेल मैदानलाई अन्तर्राष्ट्रिय खेल मैदानको स्तरमा र नैकाप, मातातीर्थ, थानकोट, बनदेवी, दहचोक, पैयुँपाटा, भकुण्डेचौर, पिमफालीचौर, मुखियाचौर, पाखाचौर खेल मैदानलाई राष्ट्रिय स्तरमा स्तरोन्नति गरिनेछ । <br> ५.१.५ वार्षिक रुपमा राष्ट्रिय, प्रादेशिक तथा नगरस्तरीय खेलकुद प्रतियोगिता तथा महोत्सवको आयोजना गरी खेलकुदको विकासलाई प्रोत्साहित गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । <br> ५.१.६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्थानीय खेलाडीहरूलाई वार्षिक रुपमा सम्मान तथा प्रोत्साहन गर्ने नीति लिइनेछ । |
| ५.२ युवा वर्गको उत्प्रेरणा, सकारात्मक सोच, | ५.२.१ युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रक्रिया तथा सामाजिक रुपान्तरणप्रतिको दायित्वबोध गराइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सिर्जनशील क्षमता र नेतृत्व क्षमताको प्रवर्द्धन गर्ने । | ५.२.२ युवाहरूको वडास्तरीय क्लब र नगरस्तरीय सञ्जाल गठन गरी सामाजिक तथा आर्थिक रुपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ ।<br>५.२.३ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका अनुभव स्थानीय युवाहरूमाझ आदान-प्रदान गरी सत्मार्गतर्फ अभिप्रेरित गरिनेछ ।<br>५.२.४ युवा उद्यमशिलता अभिवृद्धि गर्न सङ्घीय र प्रादेशिक कार्यक्रमसँग तादात्म्यता कायम गरी स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिनेछ ।<br>५.२.५ लागू पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरूमा निगरानी समूह गठन गरी परिचालन गरिनेछ । |
| **उद्देश्य ६:** स्थानीय संस्कृति, सम्पदा तथा ऐतिहासिक धरोधरको संरक्षण, प्रवर्द्धन गर्नु | |
| ६.१ स्थानीय सम्पदा, सीप, कला तथा संस्कृतिको पहिचान, संरक्षण एवम् प्रवर्द्धन गर्ने । | ६.१.१ स्थानीय ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षण गरी पर्यटन क्षेत्रको विकाससँग आवद्ध गरिनेछ ।<br>६.१.२ नगरकार्यपालिका कार्यालय अन्तरगत सम्पदा, कला तथा संस्कृति हेर्ने संयन्त्र तयार गरी क्रियाशील गराइनेछ ।<br>६.१.३ कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्शनीको नियमित आयोजना गरिनेछ । |
| ६.२ स्थानीय सम्पदा, कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धान गरी पर्यटन विकाससँग आवद्ध गर्ने । | ६.२.१ स्थानीय सम्पदा, कला तथा संस्कतिसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि शोधकर्ता, अनुसन्धान केन्द्र तथा विश्वविद्यालयका गतिविधिसँग समन्वय र सहकार्य गरिनेछ ।<br>६.२.२ स्थानीय सम्पदा, कला, भाषा, संस्कृति र रहनसहन समेटिएको डकुमेन्ट्री निर्माण गरी सार्वजनिक गरिनेछ ।<br>६.२.३ स्थानीयस्तरमा रहेका परम्परागत सीपलाई नयाँ प्रविधिसँग आवद्ध गराइ थप व्यावसायिक बनाइनेछ ।<br>६.२.४ स्थानीयस्तरमा मिनि संग्राहलय स्थापना गरी स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रचार प्रसार गरिनेछ । |

## ५.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

यस आवधिक योजनाको कार्यान्वयनपश्चात् नगरपालिकाको स्वास्थ्य सेवा उच्च गुणस्तरीय र भरपर्दो भएको भई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच वृद्धि भएको हुने तथा विशिष्टीकृत स्वास्थ्य सेवाको प्रवर्द्धन भएको हुनेछ ।

**तालिका ५.१ : सामाजिक विकास क्षेत्रको नतिजा खाका**

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आ.व. ०७९/८० | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **प्रभाव :** नागरिकहरू शिक्षित, सचेत, प्रतिस्पर्धी र नैतिकवान् भएका हुने | स्नातक तह उत्तीर्ण जनसङ्ख्या | प्रतिशत | १०.७५ | ११.०० | ११.५ | १२ | १२.५ | १३ | १३.५ |
| | साक्षरता दर | प्रतिशत | ८७.३ | ८७.५ | ८७.७ | ८७.९ | ८८.१ | ८८.४ | ८८.७ |
| | सामुदायिक विद्यालयको कक्षा १० को जिपिए औसत | जिपिए | २.४१ | | ३.० | ३.० | ३.२५ | ३.२५ | ३.५ |
| | एसइइभन्दा अगावै विद्यालय छाड्ने दर | प्रतिशत | २३ | | २० | १६ | १२ | ९ | ५ |
| **असर :** शिक्षा गुणस्तरीय भएको हुने र नागरिकहरू समयानुकूल दक्ष तथा सुशिक्षित भएका हुने | सामुदायिक विद्यालयहरूमा एसइइको औसत जीपीए | प्रतिशत | २.४१ | | ३.० | ३.१० | ३.२५ | ३.३५ | ३.५ |
| | विद्यालय छोडेका विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या | सङ्ख्या | ४८४२ | ४५०० | ४३०० | ३५०० | ३००० | २५०० | २००० |
| | विद्यालय बाहिर रहेका (५-१५ वर्ष) बालबालिका | सङ्ख्या | ७८२ | | ७०० | ५०० | ३०० | २०० | ० |
| | स्वच्छ, सफा विद्यालय | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| | प्राविधिक धार नभएका र भएका सामुदायिक विद्यालय | अनुपात | ४९:१ | ४९:१ | ४९:१ | ४९:१ | ४९:२ | ४९:२ | ४९:२ |
| **प्रतिफल १ :** सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी अभिवृद्धि भएको हुने | प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी | प्रतिशत | १३ | | १४ | १५ | १६ | १७ | १८ |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ७७ | | ८० | ८४ | ८८ | ९२ | ९५ |
| | प्राथमिक विद्यालयको खुद भर्ना दर | प्रतिशत | ९९ | ९९ | ९९.२५ | ९९.५ | ९९.७५ | १०० | १०० |
| | कक्षा ८ को उतिर्ण दर | प्रतिशत | ९५ | | ९७ | ९९ | १०० | १०० | १०० |
| **प्रतिफल २ :** गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुने | कुल विद्यार्थीमध्ये प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीको हिस्सा | प्रतिशत | १० | | १० | १० | १५ | १५ | १५ |
| | अपाङ्गतामैत्री विद्यालय | प्रतिशत | ६० | | ५५ | ५० | ४५ | ४० | ३५ |
| | विद्यालय छाड्ने बालबालिकाको प्रतिशत | प्रतिशत | १४४४ | १४०० | १२०० | १००० | ८०० | ६०० | ५०० |
| | बालबालिकालाई विद्यालय पुग्न आधी घण्टाभन्दा बढी समय लाग्ने परिवार | प्रतिशत | ७ | ७ | ७ | ७ | ७ | ६ | ५ |
| | सामुदायिक विद्यालयमा विद्यार्थी-शिक्षक अनुपात | अनुपात | ३१.३३ | ३१.३३ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| | पत्रु खाद्यान्न (junk food) निषेधित विद्यालय | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | स्नातक तह उतीर्ण अपाङ्ग | सङ्ख्या | | | | | | | |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आ.व. ०७९/८० | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **प्रतिफल ३ :** गुणस्तरीय शिक्षा र विपद् उत्थानशील शैक्षिक प्रणालीका लागि आवश्यक शैक्षिक वातावरण निर्माण भएको हुने | विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय ( आ.वि. र मा.वि.) | प्रतिशत | ८० | ८० | ८५ | ९५ | १०० | १०० | १०० |
| | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने सामुदायिक विद्यालय | प्रतिशत | ९० | ९०९० | ९५ | १०० | १०० | १०० | १०० |
| | छात्र तथा छात्राका लागि छुट्टा छुट्टै सफा शौचालय भएका विद्यालयको हिस्सा | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| | आधुनिक तथा विद्यार्थीमैत्री शिक्षण विधिमा तालिमप्राप्त शिक्षक | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९० | १०० | १०० |
| | बालमैत्री पुर्वाधार (पर्खाल, कक्षा कोठा र खेल मैदान तथा खेलकुद सामग्रीहरू) भएका विद्यालय | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| | खानेपानी तथा सरसफाइको सुविधा भएका आधारभूत विद्यालय | प्रतिशत | | ९० | ९२ | ९५ | १०० | १०० | १०० |
| | भूकम्प र अन्य विपद् प्रतिरोधी संरचना भएका विद्यालय | प्रतिशत | | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| **प्रभाव :** स्वास्थ्य सेवा उच्च गुणस्तरीय र भरपर्दो भएको हुने | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | प्रति हजार | ३.१९ | ३.१५ | ३.० | २.५ | १.५ | १ | ०,५ |
| | नवजात शिशुको मृत्युदर | प्रति हजार | २.३९ | २.३८ | २.१५ | २.० | १.५ | १.२५ | १.०५ |
| | घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनटभन्दा बढी समय लाग्ने परिवार | सङ्ख्या | १५९ | | १५९ | ० | ० | ० | ० |
| | मानसिक रोगका बिरामी | सङ्ख्या | ५४० | १८१५ | १८०० | १७८५ | १७७० | १७५० | १७०० |
| | उच्च रक्तचापका बिरामी | सङ्ख्या | ५९९८ | ५६७० | ५५०० | ५२५० | ५००० | ४७०० | ४५०० |
| | पाँच वर्षमुनिका बालबालिकामा झाडापखालाको संक्रमण दर | प्रति हजारमा | ७५.९ | ५२.९ | ५० | ४५ | ४० | ३५ | ३० |
| | नयाँ सेवाग्राही (स्वास्थ्य सेवामा सुधार भएको अनुमानसहित आउने) | सङ्ख्या | ८४४४२ | ९२००५ | ९२५०० | ९३००० | ९३५०० | ९४००० | ९४५०० |
| | रक्त अल्पता रहेका ५ वर्षमुनिका बालबालिका | सङ्ख्या | १ | ७ | ७ | ७ | ७ | ७ | ७ |
| | स्वासप्रश्वासको संक्रमण (ARI) दर | प्रति हजारमा | १८३.२ | १३९.६ | ११० | ९० | ७० | ६० | ५० |
| **असर :** आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच वृद्धि भएको हुने तथा | कम तौलका नवजात शिशु | प्रतिशत | ०.१७ | ०.२७ | ०.५ | ० | ० | ० | ० |
| | नगरपालिकाभित्र कार्यरत चिकित्सक (सरकारी तथा निजीसमेत) | सङ्ख्या | १८६ | १८६ | १८६ | १८६ | २०० | २०० | २०० |
| | गत एक वर्षमा मृत्यु भएका बालबालिकाको सङ्ख्या | सङ्ख्या | ४७ | ४७ | ४५ | ४२ | ४१ | ३८ | ३५ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आ.व. ०७९/८० | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| विशिष्टीकृत स्वास्थ्य सेवाको प्रवर्द्धन भएको हुने | पूर्ण खोप पाएका बालबालिका | प्रतिशत | ११३ | ९१.६ | १०० | १०० | १०० | १०० | १०० |
| | कुष्ठरोग, कालाजार र हात्तीपाइले रोगका बिरामी | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० |
| | १५ वर्षभन्दा बढी उमेरका रक्त अल्पता भएका महिला | प्रतिशत | १.१८ | १.१९ | १.१७ | १.१४ | १.११ | १.०९ | १.०५ |
| | राष्ट्रिय सम्बन्धन/मान्यताप्राप्त स्वास्थ्य संस्था/अस्पताल | सङ्ख्या | १६ | ३० | ३१ | ३१ | ३२ | ३२ | ३२ |
| **प्रतिफल १ :** आधारभूत स्वास्थ्य सेवा सुलभ, कम खर्चिलो र भरपर्दो भएको हुने | चौबीसैघण्टा प्रसूति सुविधा उपलब्ध स्वास्थ्य संस्था | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | २ |
| | निःशुल्क औषधीहरूको औसत उपलब्धता दर | प्रतिशत | ९९ | | ९९ | ९९ | ९९ | ९९ | ९९ |
| | राष्ट्रिय कार्यक्रम अनुसार सबै खोप प्राप्त गर्ने जनसङ्ख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | प्रोटोकल अनुसार चार पटक पूर्वप्रसुति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत | प्रतिशत | ६१.७ | ६५.५ | ७० | ७५ | ८० | ८५ | ९० |
| **प्रतिफल २ :** स्वास्थ्य सेवाको गुणस्तरीयता र दिगोमा वृद्धि भएको भएको हुने | विशिष्ठ, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरू | सङ्ख्या | १२ | १२ | १२ | १३ | १३ | १४ | १५ |
| | स्वास्थ्य संस्थाका भवनहरूमा स्वास्थ्य मन्त्रालयको मापदण्ड | पालना भए नभएको | नभएको | नभएको | नभएको | नभएको | भएको | भएको | नभएको |
| | प्राथमिक उपचार गर्न सक्ने दक्ष जनशक्ति | सङ्ख्या | | | | | | | |
| | आम हताहती व्यवस्थापन प्रणाली भएका स्वास्थ्य संस्थाहरू (Mass casulty management) | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | ३ |
| | स्वास्थ्य संस्थाका भवनहरूमा कोठाहरूको पर्याप्तता | भएको/ नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | भएको | भएको |
| | प्रति एक लाख जनसङ्ख्यामा स्वास्थ्यकर्मी ( सरकारी तथा निजी) | सङ्ख्या | ४१४ | ४०८ | ४०० | ३९५ | ३९० | ३८५ | ३८० |
| **प्रभाव:** महिला, बालबालिका, दलितलगायतका लक्षित वर्ग सुरक्षित, प्रतिस्पर्धी र आत्मनिर्भर भएको हुने | कुल घरपरिवारमध्ये स्वरोजगारमा सङ्लग्न भएका महिला भएका घरपरिवार | प्रतिशत | | | | | | | |
| | कृषि बाहेक अन्य उद्यम व्यवसाय सञ्चालन गर्ने महिला पुरुष अनुपात | अनुपात | ५६:४४ | ५६:४४ | ५५:४५ | ५४:४६ | ५३:४७ | ५२:४८ | ५१:४९ |
| | महिला, दलित तथा अपाङ्गद्वारा सञ्चालित व्यवसाय | सङ्ख्या | | | | | | | |
| | घरेलु हिंसा | सङ्ख्या | ३१ | | २८ | २५ | १८ | १० | ५ |
| | लागूपदार्थ दुर्व्यसनमा सङ्लग्न बालबालिका | सङ्ख्या | २९५८ | २९०० | २८०० | २५०० | २३०० | २१०० | १९०० |
| | स्थानीय सरकारका पदहरूमा महिलाहरूले ओगटेको हिस्सा | प्रतिशत | | ४४.३० | ४४.३० | ४५.० | ४५.० | ४७.० | ४७.० |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आ.व. ०७९/८० | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **असर :** लक्ष्यित वर्ग आर्थिक तथा सामाजिक रुपमा सशक्त भएको हुने | बालगृह | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ४ | ४ |
| | कुल बजेटमा लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने स्थानीय तहको बजेटको हिस्सा | प्रतिशत | | १.५ | १.७ | २ | २.५ | ३ | ३.५ |
| | स्थानीय सरकारका पदहरूमा महिलाहरूको हिस्सा | प्रतिशत | | ४४.३० | ४४.३० | ४५ | ४५.५ | ४६ | ४६.५ |
| | श्रमशक्तिमा पुरुषका तुलनामा महिलाको अनुपात | अनुपात | ०.६८ | | ०.६५ | ०.६ | ०.५५ | ०.५ | ०.५ |
| | सडक बालबालिका | सङ्ख्या | ६४ | ६४ | ५० | २५ | ० | ० | ० |
| | बालविवाह | सङ्ख्या | २२ | | २० | १० | ५ | ० | ० |
| | न.पा.बाट व्यावसायिक सीपमूलक तालिमप्राप्त महिला | सङ्ख्या | ९०० | | ९५० | १००० | १०५० | ११०० | १२०० |
| | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | १२ | १२ | १६ | १६ | १८ | १८ | २० |
| | मानव बेचबिखन सम्बन्धी मुद्दामा विगत तीन वर्षमा पीडित भएकाको सङ्ख्या | सङ्ख्या | ६५९ | | ६०० | ५०० | ३०० | २०० | ५० |
| **प्रतिफल १ :** लिंग, वर्ण, जाति, धर्म आदिका आधारमा हुने सबै किसिमका भेदभाव निर्मूल भएको हुने | जातीय छुवाछुत सम्बन्धी घटना (वार्षिक) | सङ्ख्या | १२ | १० | ८ | ५ | २ | ० | ० |
| | बालश्रम मुक्त घोषणा भएका वडा | सङ्ख्या | १ | ५ | ५ | ८ | १२ | १५ | ० |
| | बालविवाह | सङ्ख्या | सङ्ख्या | २२ | | २० | १० | ५ | ० |
| | नेतृत्वदायी पदमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | प्रतिशत | | १६.६६ | १६.६६ | १६.६६ | १६.६६ | २० | २० |
| | घरेलु कामदार बालश्रमिक | सङ्ख्या | ११ | ११ | ६ | ५ | १ | ० | ० |
| **प्रतिफल २ :** महिला, दलित र अन्य लक्ष्यित वर्गमा आयआर्जन र रोजगारीका अवसरहरू वृद्धि भएको हुने | लक्ष्यित वर्गको कार्यक्रममा विनियोजन हुने बजेट | प्रतिशत | | २.०२५ | २.५ | ३ | ३.५ | ३.५ | ४ |
| | सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ७ | १० | २० | ३० | ४० | ५० | ६० |
| **प्रभाव::** खानेपानी तथा सरसफाइ सेवा गुणस्तरीय, नियमित र पर्याप्त हुने | पानीजन्य रोगबाट प्रभावित | घरपरिवार | ६०४ | | ५५० | ५०० | ४५० | ४०० | ३५० |
| | २४ सै घण्टा खानेपानी आपूर्ति हुने घरधुरी | प्रतिशत | ० | ० | ० | ० | १० | १० | १० |
| | झाडापखाला तथा आउँको संक्रमण दर (प्रति हजारमा) | | | | | | | | |
| | फोहोरपानी प्रशोधन प्लान्ट | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ |
| | सर्वसाधारणको पहुँच भएको स्वच्छ सफा शौचालय | सङ्ख्या | १५ | १५ | १५ | २० | २५ | ३० | ३० |
| **असर :** | आधारभूत खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ९५.४९ | | ९५ | ९४ | ९२ | १०० | १०० |
| | खानेपानी धारा वितरित घरधुरी | सङ्ख्या | २३०१६ | २३०१६ | २५००० | २६००० | २८००० | २९००० | ३४००० |
| | आधारभूत सरसफाइको पहुँच भएका घरपरिवार | प्रतिशत | ९९.८ | ९९.९८ | ९९.९ | ९९.९ | १०० | १०० | १०० |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आ.व. ०७९/८० | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| गुणस्तरीय र दिगो खानेपानी तथा सरसफाइ सेवा उपलब्ध भएको हुने | कुल सडकमध्येमा हरेक दिन सफाइ गरिने सडकको लम्बाइ | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| | निष्काशित कुल फोहोर पानीमध्ये प्रशोधित पानीको हिस्सा | प्रतिशत | ० | ० | ५ | १० | १५ | २० | २५ |
| **प्रतिफल १ :** खानेपानीका स्रोतहरूको विविधिकरण र खानेपानी आपूर्तिमा वृद्धि भएको हुने | खानेपानी आयोजना | सङ्ख्या | ६५ | ६५ | ६५ | ६६ | ६७ | ६७ | ६७ |
| | कम्पाण्डभित्रै पाइप वितरित खानेपानी सुविधा भएका घरधुरी | प्रतिशत | ७२.२ | ७३ | ७३ | ७३ | ७३ | ८० | ८० |
| | हिउँद याममा दैनिक खानेपानी माग र आपूर्तिबीचको अन्तर | लिटर (हजार) | ५०० | ५०० | ४५० | ४०० | ३५० | ५० | ० |
| **प्रतिफल २ :** स्वच्छता र सरसफाइको स्तरवृद्धि भएको हुने | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने घरपरिवार | प्रतिशत | ५० | ५० | ६० | ७० | ८० | ९० | १०० |
| | नगरपालिकाको फोहार सङ्कलन प्रणालीमा आवद्ध घरधुरी प्रतिशत | प्रतिशत | ६० | ६० | ७० | ८० | ९० | १०० | १०० |
| | आधारभूत सरसफाइमा पहुँच भएको घरपरिवार | प्रतिशत | ९५.४९ | ९६ | ९७ | ९९ | १०० | १०० | १०० |
| | सङ्कलन हुने फोहोरमैलामध्ये वैज्ञानिक एवम् वातावरणमैत्री हिसाबले विसर्जन हुने फोहोरमैलाको हिस्सा | प्रतिशत | ० | ० | ० | १० | १५ | २० | २५ |
| | व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसङ्ख्या | प्रतिशत | ९० | ९२ | ९५ | १०० | १०० | १०० | १०० |
| **प्रभाव:** ऐतिहासिक संस्कृति, सम्पदाको सरक्षण र सुदृढीकरण भएको हुने | जात्रा, पर्व, संस्कृति, सम्पदा अवलोकन गर्नेहरूको वार्षिक सङ्ख्या | लाख | ५० | ५० | ५५ | ६० | ६५ | ७० | ७५ |
| | नियमित रुपमा मनाइने जात्रा | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| | सांस्कृतिक संग्रहालय | सङ्ख्या | २ | २ | २ | ३ | ३ | ३ | ३ |
| **असर:** नगरका मूर्त, अमूर्त संस्कृति, सम्पदाको दिगो संरक्षण र प्रवर्द्धन भएको हुने | संरक्षित प्राचीन वस्ती | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ |
| | जात्रा, मेला, पर्व, गुठी सञ्चालनका निम्ति विनियोजित बजेट | रु. हजार | | ११२०० | ११२०० | ११२०० | ११२०० | ११५०० | ११५०० |
| | पुनर्जागृत गरिएका लिपि | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ |
| **प्रतिफल १:** स्थानीय भाषा, संस्कृति, कला, साहित्यको संरक्षण र प्रवर्द्धन भएको हुने | परम्परागत सीप, कौशलमा आधारित व्यवसायका प्रकार | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ |
| | मातृभाषा पढाइ हुने आधारभूत विद्यालय | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | २ |
| **प्रतिफल २:** | संरक्षित ऐतिहासिक, पौराणिक मन्दिरहरू | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |
| | पुनर्निर्माण भएका सम्पदा | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आ.व. ०७९/८० | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदा स्थलहरूको संरक्षण, पुनर्निर्माण र जीर्णोद्धार भएको हुने | सांस्कृतिक सम्पदा स्थलहरूको संरक्षण, पुनर्निर्माण र जीर्णोद्धारमा नगरपालिकाको लगानीमध्ये स्थानीय समुदायको हिस्सा | प्रतिशत | १० | १० | १५ | १५ | १५ | २० | २० |
| **प्रभाव :** युवा र खेलकुद क्षेत्र प्रतिस्पर्धी र राष्ट्रिय क्षमतायुक्त भएका हुने | दक्षिण एसियाली खेलकुदमा पदक जित्ने खेलाडी | सङ्ख्या | ७ | ७ | ७ | १० | १० | १० | १० |
| | दक्षिण एसियाली खेलकुदमा सहभागी खेलाडी | सङ्ख्या | | | | | | | |
| | दक्षिण एसियामा पदक जितेको खेल विधा | सङ्ख्या | ५ | ५ | ५ | ७ | ७ | ७ | ७ |
| | राष्ट्रिय खेलकुद प्रतिस्पर्धामा पदकप्राप्त युवा | सङ्ख्या | १ | १ | | | | | |
| **असर :** युवाहरूमा समयानुकूल ज्ञान, सीप, क्षमता र राष्ट्रिय भावना अभिवृद्धि भएको हुने | १०+२ वा सोभन्दा बढी शैक्षिक योग्यता भएकामध्ये कम्प्युटर, सूचना प्रविधिका क्षेत्रमा शिक्षा हासिल गर्ने युवा | प्रतिशत | २.१ | २.१ | २.५ | ३.० | ३.५ | ४.० | ४.५ |
| | राष्ट्रियस्तरका खेलकुद मैदान | सङ्ख्या | १ | १ | १ | १ | १ | २ | २ |
| | प्रामाणिक खेलकुद प्रशिक्षकहरू | सङ्ख्या | १० | १० | १० | १२ | १२ | १४ | १५ |
| **प्रतिफल १ :** युवाहरूका लागि सीप, दक्षता, क्षमता अभिवृद्धिका लागि अवसरहरू वृद्धि भएको हुने | खेलकुद पूर्वाधार | | | | | | | | |
| | फुटबल, भलिबल मैदान | सङ्ख्या | २ | २ | २ | २ | २ | ५ | ५ |
| | ब्याडमिन्टन कोर्ट | सङ्ख्या | २० | २० | २० | २० | २० | २० | २० |
| | स्वीमिङ पुल | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| | कराँते डोजो | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ९ | ९ |
| | स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | सङ्ख्या | | | | | | | |
| **प्रतिफल २ :** युवाहरू स्थानीय तथा राष्ट्रिय सामाजिक आर्थिक एवम् खेलकुदका गतिविधिमा वृद्धि भएको हुने | रोजगारी तथा आम्दानीका लागि विदेशमा रहेको जनसङ्ख्या | सङ्ख्या | २३८१२८ | | २३८००० | २३७५०० | २३७००० | २३७५०० | २३७००० |
| | राष्ट्रियस्तरका खेलकुद गतिविधिमा सङ्लग्न हुने युवा | सङ्ख्या | | | | | | | |
| | नियमित खेलकुद प्रतियोगिता सञ्चालन गराउने विद्यालय | सङ्ख्या | ६५ | ६५ | ६८ | ७० | ७४ | ७८ | ८० |
| **प्रतिफल ३ :** खेलकुदको विकासका लागि प्रोत्साहनमूलक वातावरण तयार भएको हुने | वार्षिक खेलकुद प्रतियोगिता | सङ्ख्या | ८ | ८ | ८ | ८ | ९ | ९ | ९ |
| | रंगशाला/कभर्ड हल | सङ्ख्या | १० | | १० | १० | १० | ११ | ११ |
| | वार्षिक अन्तर विद्यालय खेलकुद प्रतियोगिता | सङ्ख्या | ३ | ३ | ३ | ४ | ४ | ५ | ५ |
| | खेलकुद विषय पढाउने विद्यालय | सङ्ख्या | ७० | ७० | ७० | ७२ | ७५ | ७७ | ८० |

## ५.५ प्रमुख कार्यक्रम तथा आयोजना

सामाजिक विकास क्षेत्रका लक्ष्य, उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख कार्यक्रम तथा आयोजना तय गरिएका छन् :

**तालिका ५.२ : सामाजिक विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना र वित्तीय लक्ष्य**

*(रकम रु. हजारमा)*

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १ | शिक्षा | | | | १९२३५०० | | ४६४९०० | | ४६९४०० | | ४३१९०० | | २८५४०० | | २७१९०० |
| १.०१ | विद्यालय भवन निर्माण/प्रबलीकरण तथा मर्मत कार्यक्रम | वटा | १५ | ५००० | ७५००० | ३ | १५००० | ३ | १५००० | ३ | १५००० | ३ | १५००० | ३ | १५००० |
| १.०२ | फर्निचर, शैक्षिक सामग्री एवम् प्रयोगशाला स्थापना कार्यक्रम | विद्यालय संख्या | २८ | ५०० | १४००० | ५ | २५०० | १० | ५००० | १० | ५००० | ३ | १५०० | | ० |
| १.०३ | शिक्षक कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | जना | ७० | ७००० | ४९०००० | २५ | १७५००० | २५ | १७५००० | २० | १४०००० | | | | ० |
| १.०४ | अपाङ्गता नमूना विद्यालय निर्माण आयोजना | संख्या | १ | २५००० | २५००० | १ | १२५०० | | १२५०० | | ० | | ० | | ० |
| १.०५ | "हाम्रो चन्द्रागिरि, स्थानीय पाठ्यक्रम निर्माण कार्यक्रम" | पटक | १ | १००० | १००० | १ | १००० | | ० | | ० | | ० | | ० |
| १.०६ | खेलमैदान सुधार/निर्माण कार्यक्रम | संख्या | १० | १००० | १०००० | २ | २००० | ३ | ३००० | ३ | ३००० | २ | २००० | | ० |
| १.०७ | खेलकुद सामग्री सहयोग कार्यक्रम | पटक | १० | ८०० | ८००० | २ | १६०० | २ | १६०० | २ | १६०० | २ | १६०० | २ | १६०० |
| १.०८ | छात्रवृत्ति कार्यक्रम | पटक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| १.०९ | बालविकास केन्द्र सुदृढीकरण कार्यक्रम | पटक | २ | २००० | ४००० | | ० | १ | २००० | १ | २००० | | ० | | ० |
| १.१० | शैक्षिक जनशक्ति व्यवस्थापन कार्यक्रम ( शिक्षक कर्मचारी तलब भत्ता) | पटक | ५ | २५०००० | १२५०००० | १ | २५०००० | १ | २५०००० | १ | २५०००० | १ | २५०००० | १ | २५०००० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १.११ | विद्यालयस्तरीय खेलकुद एवम् अतिरिक्त क्रियाकलाप | पटक | १० | ५०० | ५००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० |
| १.१२ | विद्यार्थीहरूको व्यावसायिक प्राविधिक सीप विकास कार्यक्रम | विद्यालय संख्या | १० | ८०० | ८००० | २ | १६०० | २ | १६०० | २ | १६०० | २ | १६०० | २ | १६०० |
| १.१३ | विद्यालय शौचालय निर्माण तथा सुधार कार्यक्रम | संख्या | १० | २००० | २०००० | | ० | | ० | ५ | १०००० | ५ | १०००० | | ० |
| १.१४ | बालबालिकामा बानी सुधार तथा उत्प्रेरणामूलक कार्यक्रम | पटक | १० | १०० | १००० | २ | २०० | २ | २०० | २ | २०० | २ | २०० | २ | २०० |
| १.१७ | नियमित कार्यक्रमहरू | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| २ | स्वास्थ्य | | | | १५६२५० | | ५९५० | | ७१३०० | | ३१७०० | | ४१३५० | | ३०९५० |
| २.०१ | नेपाल सरकारको मापदण्ड अनुरुप नभएका स्वास्थ्य संस्थाहरूको भवन स्तरोन्नती गरी मापदण्डअनुरुप बनाउने कार्यक्रम | संख्या | १५ | ५००० | ७५००० | ० | ० | ५ | २५००० | ५ | २५००० | ५ | २५००० | ५ | २५००० |
| २.०२ | स्वास्थ्य संस्थाहरूमा औजार, उपकरण | पटक | ५ | २००० | १०००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० |
| २.०३ | नगर अस्पताल स्तरोन्नति कार्यक्रम | पटक | १ | २०००० | २०००० | | ० | १ | २०००० | | ० | | ० | | ० |
| २.०४ | स्वास्थ्य बीमा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १०० | ५०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० |
| २.०५ | विद्यालय नर्स कार्यक्रम | पटक | ५ | ८५० | ४२५० | १ | ८५० | १ | ८५० | १ | ८५० | १ | ८५० | १ | ८५० |
| २.०६ | मातृशिशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| २.०७ | रोग निरोधात्मक कार्यक्रम (सर्ने, नसर्ने रोगको नियन्त्रण तथा जनचेतना) | पटक | ५ | ८०० | ४००० | १ | ८०० | १ | ८०० | १ | ८०० | १ | ८०० | १ | ८०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| २.०८ | स्वस्थ जीवनचर्या, मनोसामाजिक परामर्श र सचेतनामूलक कार्यक्रम | पटक | ५ | २०० | १००० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| २.०९ | मातातीर्थ आयुर्वेद अस्पताल निर्माण आयोजना | संख्या | १ | २०००० | २०००० | | ० | १ | २०००० | | ० | | ० | | ० |
| २.१० | योग तथा आयुर्वेद प्रवर्द्धन (योगहल, जडिबुटी उत्पादन ) | पटक | १ | १०००० | १०००० | | ० | | ० | | ० | १ | १०००० | | ० |
| २.११ | ज्येष्ठ नागरिक सेवा कार्यक्रम | पटक | २ | ४०० | ८०० | | ० | | ० | १ | ४०० | १ | ४०० | | ० |
| २.१२ | स्वास्थ्य जनशक्ति व्यवस्थापन/प्रोत्साहन कार्यक्रम | पटक | २ | ३५० | ७०० | | ० | १ | ३५० | १ | ३५० | | ० | | ० |
| २.१३ | नियमित कार्यक्रमहरू | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३ | सामाजिक समावेशीकरण तथा संरक्षण | | | | ४३३५० | | ७८०० | | ७८०० | | १२१५० | | ७८०० | | ७८०० |
| ३.०१ | एकल/महिला, दलित, अपाङ्गता तथा अटिजम भएका र सीमान्तीकृत समुदायका लागि सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ३.०२ | मनोसामाजिक परामर्श सेवा (सबै वडा) | पटक | ५ | ३०० | १५०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |
| ३.०३ | लैङ्गिक एवम् जातीय विभेद निर्मूलका लागि अभियान | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ३.०४ | ज्येष्ठ नागरिक विश्राम स्थल निर्माण कार्यक्रम | स्थान | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.०७ | कार्यालयहरूमा स्तनपान कक्ष निर्माण कार्यक्रम | स्थान | १५ | १०० | १५०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ३.०८ | अपाङ्गताग्राम सम्भाव्यता अध्ययन कार्यक्रम | पटक | १ | ८५० | ८५० | | ० | | ० | १ | ८५० | | ० | | ० |
| ३.०९ | सडक-मानवमुक्त अभियानमा सहकार्य | पटक | ५ | २०० | १००० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| ३.१० | अटिजम केयर सेन्टर स्थापना | स्थान | १ | ३५०० | ३५०० | | ० | | ० | १ | ३५०० | ० | ० | | ० |
| ३.११ | बालमैत्री शासन प्रवर्द्धन कार्यक्रम (बालश्रम निषेध, योजनाचक्रमा बालसहभागिता, बालमैत्री वडा घोषणा, बालव्यक्तित्व विकास लगायत अभियानमूलक कार्यक्रमहरु) | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.१२ | दलित अधिकार संरक्षण, क्षमता विकास तथा रोजगारी अभिवृद्धि कार्यक्रम | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.१३ | यौनिक अल्पसङ्ख्यक संरक्षण तथा क्षमता विकास कार्यक्रम | पटक | ५ | ६०० | ३००० | १ | ६०० | १ | ६०० | १ | ६०० | १ | ६०० | १ | ६०० |
| ३.१४ | बाल अधिकार प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | ५ | ७०० | ३५०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० |
| ३.१५ | नैतिक शिक्षा एवम् कला संस्कृति जनजागरण अभिवृद्धि कार्यक्रम | सङ्ख्या | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ३.१६ | नियमित कार्यक्रमहरू | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.१७ | संघसंस्था समन्वय, सहजीकरण एवम् नियमन | पटक | ५ | २०० | १००० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| ४ | खानेपानी तथा सरसफाइ | | | | २०१५००० | | ६४७६०० | | ३२७६०० | | ४९८६०० | | ३७३६०० | | १६७६०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ४.०१ | एकीकृत खानेपानी वितरण प्रणाली सुधार एवम् विस्तार कार्यक्रम | पटक | १ | ३००००० | ३००००० | १ | ३००००० | | ० | | ० | | ० | | ० |
| ४.०२ | खानेपानीका स्रोत एवम् परम्परागत धाराहरूको संरक्षण/प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ४.०३ | भूमिगत जल पुनर्भरण कार्यक्रम | स्थान | १० | ८०० | ८००० | २ | १६०० | २ | १६०० | २ | १६०० | २ | १६०० | २ | १६०० |
| ४.०४ | शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजनामा सहकार्य | पटक | १ | २०००० | २०००० | १ | २०००० | | ० | | ० | | ० | | ० |
| ४.०५ | खानेपानी गुणस्तर परीक्षण केन्द्र स्थापना/प्रवर्द्धन कार्यक्रम | संख्या | १ | १००० | १००० | | ० | | ० | १ | १००० | | ० | | ० |
| ४.०६ | शहरी सरसफाइ प्रवर्द्धन कार्यक्रम (सडक तथा वस्तीको सरसफाइमा जनसहभागिता) | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ४.०७ | स्मार्ट सार्वजनिक शौचालय निर्माण कार्यक्रम | स्थान | १० | २००० | २०००० | | ० | | ० | ५ | १०००० | ५ | १०००० | | |
| ४.०८ | आकासे पानी सङ्कलन र प्रयोगमा नागरिक सहकार्य | पटक | १ | १००० | १००० | | ० | | ० | | ० | १ | १००० | | ० |
| ४.०९ | ढल सञ्जाल निर्माण कार्यक्रम (नाला, म्यानहोल, पम्पिङ स्टेशन, इनलेट, क्याच बेसिन, ग्रीज ट्र्याप समेत) | किमी | १० | ८०००० | ८००००० | २ | १६०००० | २ | १६०००० | २ | १६०००० | २ | १६०००० | २ | १६०००० |
| ४.१० | फोहोरपानी प्रशोधन केन्द्र (ट्रिटमेन्ट प्लान्ट स्थापना) | सङ्ख्या | १ | ३५००० | ३५००० | | ० | | ० | | ० | १ | ३५००० | | ० |
| ४.११ | दिसाजन्य लेदो संकलन तथा प्रशोधन कार्यक्रम | किमी | १० | ८०००० | ८००००० | २ | १६०००० | २ | १६०००० | ४ | ३२०००० | २ | १६०००० | | ० |
| ४.१२ | नियमित कार्यक्रमहरू | सङ्ख्या | ५ | ५००० | २५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० |
| ५ | युवा तथा खेलकुद | | | | ५५००० | | ३५०० | | १४५०० | | १८००० | | १६५०० | | २५०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ५.०१ | युवा वर्गका लागि जीवनोपयोगी सीप एवम् रोजगारी अभिवृद्धि कार्यक्रम | जना | ५०० | १० | ५००० | ५० | ५०० | १०० | १००० | २०० | २००० | १५० | १५०० | | ० |
| ५.०२ | युवा वर्ग उत्प्रेरणा एवम् परामर्श सेवा कार्यक्रम (२५०० जना) | पटक | १ | ५०० | ५०० | १ | ५०० | | ० | | ० | | ० | | ० |
| ५.०३ | मदन भण्डारी अन्तर्राष्ट्रिय खेल मैदान निर्माण आयोजना | सङ्ख्या | १ | १०००० | १०००० | | ० | | ० | | ० | १ | १०००० | | ० |
| ५.०४ | खेलमैदान निर्माण/स्तरोन्नति कार्यक्रम | सङ्ख्या | ५ | १००० | ५००० | | ० | | ० | ३ | ३००० | २ | २००० | | ० |
| ५.०५ | खेलकुद प्रतियोगिता सञ्चालन | सङ्ख्या | १० | १००० | १०००० | २ | २००० | २ | २००० | २ | २००० | २ | २००० | २ | २००० |
| ५.०६ | प्रतिभाशाली युवा तथा खेलाडी प्रोत्साहन कार्यक्रम | सङ्ख्या | १५ | १०० | १५०० | | ० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | | ० |
| ५.०७ | खेलकुद प्रवर्द्धनका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी तथा खेलकुद संस्थाहरूसँगको सहकार्य विस्तार कार्यक्रम | सङ्ख्या | १ | ५०० | ५०० | | ० | १ | ५०० | | ० | | ० | | ० |
| ५.०८ | एटलेटिक्सका लागि सिन्थेटिक ट्र्याक निर्माणमा सहकार्य | सङ्ख्या | १ | २०००० | २०००० | | ० | १ | १०००० | | १०००० | | ० | | ० |
| ५.०९ | नियमित कार्यक्रमहरू | सङ्ख्या | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ६ | संस्कृति, भाषा, कला | | | | १६८९५० | ३ | ३११५० | ४ | ३४२५० | ४ | ३९२५० | ३ | ३६१५० | ३ | २८१५० |
| ६.०१ | ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण/जीर्णोद्धार संरक्षण, प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १४०० | ७००० | १ | १४०० | १ | १४०० | १ | १४०० | १ | १४०० | १ | १४०० |
| ६.०२ | सांस्कृतिक, पौराणिक, ऐतिहासिक सम्पदाको | पटक | १ | १००० | १००० | | ० | | ० | १ | ५०० | | ५०० | | ० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत | कुल वित्तीय लक्ष्य | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| | अभिलेखीकरण/डकुमेन्ट्री निर्माण कार्यक्रम | | | | | | | | | | | | | | |
| ६.०३ | पौराणिक, ऐतिहासिक जात्रा, पर्व, गुठी, मेलाहरूको सञ्चालन | पटक | ५ | १०००० | ५०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० |
| ६.०५ | सांस्कृतिक संग्रहालय निर्माण आयोजना | सङ्ख्या | १ | १५००० | १५००० | | ० | | ० | | ७५०० | १ | ७५०० | | ० |
| ६.०६ | किसिपिडी क्षेत्र गुरुयोजना कार्यान्वयन | सङ्ख्या | १ | १५०० | १५०० | | ० | १ | ७५० | | ७५० | | ० | | ० |
| ६.०७ | बलम्बु क्षेत्र संरक्षण गुरुयोजना कार्यान्वयन | सङ्ख्या | १ | १०००० | १०००० | ०.३ | ३००० | ०.५ | ५००० | ०.२ | २००० | | ० | | ० |
| ६.०८ | परम्परागत झिँगटी वस्ती संरक्षण तथा होमस्टे प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १०००० | ५०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० |
| ६.०९ | राष्ट्रिय अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध विस्तार कार्यक्रम | सङ्ख्या | १ | ७०० | ७०० | | ० | १ | ३५० | | ३५० | | ० | | ० |
| ६.१० | भाषा/कला/बाजागाजा संरक्षण, प्रवर्द्धन तथा कलाकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम | सङ्ख्या | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ६.११ | सामाजिक विकासका क्षेत्रमा विकास साझेदारहरूको कार्यक्रम | सङ्ख्या | ५ | ५२५० | २६२५० | १ | ५२५० | १ | ५२५० | १ | ५२५० | १ | ५२५० | १ | ५२५० |
| | कुल | | | | ४३६२०५० | | ११६०९०० | | ९२४८५० | | १०३१६०० | | ७६०८०० | | ५०८९०० |

# परिच्छेद ६ : पूर्वाधार विकास

## ६.१.पृष्ठभूमि

जुनसुकै स्थानको आर्थिक-सामाजिक विकासलाई सहज बनाउन तथा सेवा प्रवाहमा गतिशीलता र प्रभावकारिता वृद्धि गर्न समुचित पूर्वाधारको विकास पहिलो शर्तको रुपमा रहन्छ। साथै, भौतिक पूर्वाधारको विकासले विभिन्न भूगोलमा रहेका सेवाग्राही जनसङ्ख्याको अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गर्न सघाउ पुऱ्याउन र सोमार्फत् बजार, सेवा सुविधामा पहुँच एवम् उपभोग जस्ता दैनिक जनजीवन सञ्चालन गर्न एवम् आर्थिक गतिविधिलाई चलायमान बनाउन समेत प्रत्यक्ष योगदान पुग्दछ। पूर्वाधार तथा संरचनाबाट समुचित लाभ लिन पूर्वाधारको गुणस्तरीय एवम् सन्तुलित निर्माण र दिगो सञ्चालन सुनिश्चित गरी नियमित मर्मत-सम्भार एवम् संरक्षणका उपायहरू अपनाउनु आवश्यक हुन्छ। यस विषयलाई मध्यनजर गर्दै बागमती प्रदेश सरकारको पहिलो आवधिक योजना (आ.व. २०७६।०७७ - २०८०।८१) ले प्रदेशका ठूला शहर, मझौला शहर, बजार केन्द्र र ग्रामीण आवासीय वस्तीहरूमा नियोजित रुपमा भौतिक पूर्वाधार र सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँचमा अभिबृद्धि गर्ने लक्ष्यका साथ प्रादेशिक र स्थानीय भौतिक योजना (स्पासियल स्ट्रक्चर प्लान) र एकीकृत मापदण्डको कार्यान्वयनलाई संस्थागत गर्नु र क्षेत्रीय र आधारभूत शहरी पूर्वाधारको अवस्थामा सुधार गर्नु भन्ने उद्देश्य राखेको छ। यस्तैगरी, सङ्घीय १५औं पञ्चवर्षीय योजनाले कुल यातायात खर्च न्यूनतम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्ने र सहज सवारी आवागमन सुनिश्चित गर्ने उद्देश्य राखेको छ।

अन्तर्राष्ट्रिय प्रतिवद्धताको रुपमा रहेको दिगो विकास लक्ष्यले दिगो र व्यवस्थित आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा हरियाली र खुल्ला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यी लक्ष्यहरू हासिल गर्नका लागि भू-उपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको द्रुत गतिमा विकास गर्ने, सामाजिक-आर्थिक विकासमा सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयन गर्नुपर्ने हुन्छ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई विकासको दीर्घकालीन सोच र लक्ष्यतर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः नगरपालिकाको आवश्यकता अनुरुप वस्ती, आवास, भवन (शहरी विकास), सडक तथा यातायात, विद्युत तथा उर्जा र सूचना, संचार तथा प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण गरी सो अनुरुप विकासको मार्गचित्रलाई चन्द्रागिरि नगरपालिकाको आवधिक योजनाको पूर्वाधार विकास क्षेत्रअन्तर्गत समावेश गरिएको छ। नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको सबल पक्ष, अवसर र सम्भावना, समस्या तथा चुनौतीलगायत विद्यमान अवस्था र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

## ६.२. विद्यमान अवस्था विश्लेषण

### ६.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास

### (क) सम्भावना र अवसर

सेवा प्रवाहका लागि यस नगरपालिकामा आवश्यक संरचनाहरू तयार भएका छन्। नगर कार्यपालिकाको भवन लगयत वडा नं. ६ र ७ बाहेकका वडाहरू आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन्। यसैगरी नगर अस्पताल १, स्वास्थ्य चौकी ११, आर्युवेद अस्पताल १, शहरी स्वास्थ्य केन्द ६, बर्थिङ सेन्टर १ लगायतका सेवाहरू आ आफ्नै भवनबाट प्रवाह भै रहेका छन्। नगरपालिकाले भवन निर्माण आचार संहिता स्वीकृत गरी सोही बमोजिम बाटो तथा भवनको मापदण्ड तोकिएका छन्। नगरपालिकाभित्र नक्सा पास नगरी कुनै पनि भवन निर्माण गर्न नपाउने व्यवस्था कडाइका साथ लागू गरिएको छ। यस नगरपालिकाबाट गत आ.व. ०७९।८० मा ६६२ वटा नक्सापास र ११६७ वटा घर/भवनको निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगरपालिकामा ३५९९४ परिवारको बसोबास रहेको छ। जसमध्ये ५४.०३ प्रतिशत परिवार बसोवास गरेको घरको जग पिल्लरसहित ढलान भएको, ३५.३८ प्रतिशत परिवार बसोवास गरेको घरको जग सिमेन्टको जोडाई भएको ईटा/ढुंगाबाट बनेको, ६.३३ प्रतिशत परिवार बस्ने घरको जग माटोको जोडाई भएको ईटा/ढुङ्गाबाट बनेको, ३.४३ प्रतिशत परिवार बसोबास गरेको घरको जग काठ/बाँसको खाँबो गाडेको र ०.८२ प्रतिशत परिवार बसोवास गरेको घरको जग अन्य प्रकारको बनोट रहेको देखिएको छ। यस नगरपालिकाभित्र निजी क्षेत्रबाट संचालित आवास परियोजनाहरू सञ्चालित भएका छन्।

४३.९ वर्ग कि.मी क्षेत्रफल भएको यस नगरपालिकाभित्र ६.८३ (१४%) वर्ग कि.मी. आवास क्षेत्र रहेको छ । काठमाडौं उपत्यकाभित्र तुलनात्मक रुपमा वस्ती विस्तार गर्न सकिने सम्भावना रहेको यस नगरपालिकामा व्यवस्थित वस्ती विकासका लागि नगरपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय भू-उपयोग नीति २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरूको बीचमा हरित क्षेत्रको अवधारणा सहितको भूउपयोग क्षेत्रको खाका कार्यान्वयन गर्न जरुरी देखिएको छ । यसको आधारमा भू-उपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्ने देखिएको छ । नगरपालिकाको १५ वटा वडाहरूमध्ये ७ वटा वडाहरूमा तुलनात्मक रुपमा सार्वजनिक खुल्ला जमिन बढी रहेको भए पनि यकिन तथ्याङ्क भने रहेको छैन । हालसम्म यस नगरपालिकामा उत्पादन हुने फोहरमैला नुवाकोट जिल्लामा रहेको डम्पिङ साइटमा व्यवस्थापन गरिरहिएको भएता पनि आगामी दिनमा नगरपालिका क्षेत्रबाट निष्काशन हुने फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न वर्गीकरण, पुनःप्रयोग र प्रशोधनको सुविधासहितको *सेनिटरी ल्याण्डफिल साइट* निर्माणको आवश्यकता देखिन्छ ।

राजधानी शहर भएकोले यस नगरपालिकाभित्र सङ्घ, प्रदेश तथा अन्य दातृ निकायबाट लगानी भइरहेको, आवास तथा वस्ती विकासका लागि निजी क्षेत्रको सङ्लग्नता बढ्दै जानु, जग्गा विकासका (Land Pooling, GLD) माध्यमबाट व्यवस्थित सहर विकास गर्न सकिने, मौलिक पहिचान सहितका आधुनिक पूर्वाधार विकास गर्न सकिने आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरू हुन् ।

### (ख) समस्या र चुनौती

नगरपालिकाको मुख्य राजमार्ग आसपास र उत्तर पूर्व तर्फका अधिकांश क्षेत्रहरूमा शहरीकरण भई बाक्लो बस्ती विस्तार भइसकेता पनि पश्चिम दक्षिणतर्फका अधिकांश भूगागहरू ग्रामीण परिवेशमै रहेका छन् । २०७२ सालको भूकम्पपश्चात् नगरपालिकाले भवन बनाउँदा राष्ट्रिय भवन आचार संहिता बमोजिम मापदण्ड पालना गर्ने गरेता पनि यसभन्दा अगाडि बनेका कतिपय घर तथा भवनहरू उक्त आचार संहिता बमोजिम नभएका भएता पनि यसको यकीन तथ्याङ्क उपलब्ध छैन । २०७२ भन्दा अगाडी बनेका कतिपय सरकारी तथा निजी भवनहरूको नक्सा पास नभएको, अव्यवस्थित र जोखिम क्षेत्रमा रहेका वस्तीलाई वैज्ञानिक भूउपयोग योजनामा आधारित रही एकीकृत वस्ती विकास गर्नु, निजी क्षेत्रबाट हुने जग्गा विकास (Plotting) गर्दा मापदण्ड अनुरुप सडक तथा अन्य पूर्वाधारको विकास हुन नसक्नु, सार्वजनिक जग्गाको अतिक्रमण हुनु, छरिएर रहेको वस्तीका कारण पूर्वाधार विकास खर्चिलो हुनु, व्यवस्थित सहरी विकासका लागि समग्र नगरपालिकाको भौतिक विकास योजना नभएको आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरू हुन् । यद्यपी ०७२ सालको भूकम्पभन्दा अगाडि बनेका घरहरूमध्ये गत आ.व.सम्ममा १६९२ वटा घरहरू नगरपालिकामा अभिलेखीकरण भएका छन् ।

नगरपालिकाको बजार क्षेत्रमा सडक नाली, ढल निकास, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन, बजारीकरण लगायत अन्य पूर्वाधार र सुविधाहरूको अपेक्षित रुपमा विकास भइसकेको छैन । राष्ट्रिय भू-उपयोग नीति २०७२ अनुसार भूउपयोग योजना तर्जुमा र भूउपयोग क्षेत्र निर्धारण गरी सोअनुसार वस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा लगायत पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र हरित क्षेत्रका लागि नीतिगत, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन ।

यसैगरी बजार तथा समग्र नगर क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन उद्यान, पर्यटकीय, मनोरञ्जन तथा क्रीडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी रहेको छ। नगरपालिकामा दमकल, विपद्को समयमा सुरक्षित आश्रयस्थल, गोदाम घर र विपद्को अवस्थामा उद्धार सामाग्रीको कमी रहेको देखिन्छ । यस क्षेत्रमा आधुनिक मापदण्ड अनुसार बनेका भूकम्प प्रतिरोधी भवनहरूमा बसोवास गर्ने घरधुरी ५४ प्रतिशत मात्र रहेका छन् । बाँकी घरधुरीहरूलाई पनि तत्काल भुकम्प प्रतिरोधी बनउनु पर्ने अर्को चुनौती नगरपालिका सामु रहेको छ ।

### ६.२.२ सडक, पुल तथा यातायात

#### (क) सम्भावना र अवसर

काठमाडौं प्रवेश गर्ने मुख्य सडक त्रिभुवन राजपथ यस नगरपालिका क्षेत्रभित्रैबाट गएको छ । यस सडकको नागढुङ्गादेखि कलङ्कीसम्म करिव १४ कि.मी. भाग यस नगरपालिकाभित्र पर्दछ । यसदेखि बाहेक मुख्य सहायक सडक, सहायक सडक, ग्रामीण सडक गरी करीब ५२६ मि.मी. सडक यस नगरपालिकाभित्र पर्दछ । जसमा कालोपत्रे सडक ८०.३२ कि.मी., ढलान सडक १८२.३९ कि.मी., ग्रचाभेल सडक ६.१३ कि.मी., कच्ची सडक २२६.३८, ब्लक ईंटा छापेको सडक १२.६९ कि.मी., ढुँगा छापेको सडक ३.८२ कि.मी. र गोरेटो वा अन्य सडक १४.२२ कि.मी. रहेका छन् ।

नगरपालिका क्षेत्रभित्रको सडकको चौडाइ र मापदण्डको आधारमा रणनीति सडक, जिल्ला सडक, नगरस्तरीय सडक र कृषि सडक गरी सडकलाई चार वर्गमा वर्गीकरण गरिएको छ । उक्त सडकहरूको सडक क्षेत्राधिकार, सेट ब्याक लगायतका मापदण्डहरू नगर यातायात गुरुयोजनामा परिभाषित गरिए अनुसार हुनेछ, जसअनुसार सडकको चौडाइको न्यूनतम मापदण्ड तोकिएको छ ।

#### (ख) समस्या र चुनौती

नगर यातायात गुरुयोजना बिना नै लगानी भइरहेको, सबै सडकको अध्ययन भई डीपीआर नबनेको, नगरपालिकाको सबै क्षेत्रमा नियमित बस सेवा नभएको, ट्रक टर्मिनल नभएको, नगरपालिका क्षेत्रभित्र बसपार्क नभएको, बजार क्षेत्रमा पैदलयात्री मैत्री सडक नभएको, ट्राफिक व्यवस्थापन, सडक पूर्वाधारमा टुक्रे बजेटको बाहुल्यता, विभिन्न सेवा प्रदायक निकायसँगको समन्वयमा कमि, सडक पूर्वाधार प्रति स्थानीयको अपेक्षाकृत अपनत्व नहुनु, अनुगमन तथा मूल्याङ्कन फितलो हुनु, मापदण्ड अनुरुपका निर्माण सामग्रीको प्रयोग नहुनु यस क्षेत्रमा समस्या तथा चुनौतिहरू छन् ।

यसैगरी, नगरपालिकाका सबै वडा तथा वस्तीहरू सामान्यतः सडक सञ्जालमा जोडिएको भएता पनि १ देखि ९ नं. वडाका ग्रामीण वस्तीहरूका अधिकांश सडकहरू स्तरोन्नति हुन बाँकी रहेका छन्, जसले गर्दा बाह्रै महिना सहज रुपमा यातायात सेवा सञ्चालनमा समस्या रहेको छ साथै सडकको मापदण्ड अनुसार सडक निर्माण गर्न सकिएको छैन । नगरपालिकाको सडक मापदण्ड लागू हुन नसक्दा धेरैजसो सडकहरू साँघुरो रहेका छन् र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि कायम हुन सकेको छैन । समग्र नगरपालिकाभित्रका आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको उचित व्यवस्थापन हुन सकेको छैन ।

सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायाँबायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण र वृक्षरोपण गरी संरक्षण र सुन्दरता कायम गर्नुपर्ने खाँचो रहेको छ । सडकमा फोहोर थुपार्ने प्रवृत्ति यस नगरपालिकामा बढ्दो रुपमा रहेको छ, यसलाई निर्मूल गर्न सकिएको छैन । नगरपालिकाको विभिन्न स्थानमा सडकहरूको रेखाङ्कन, नक्साङ्कन, नामकरण र प्राथमिकता निर्धारण हुन नसकेको तथा सडकको स्तरोन्नति भई यातायात सुचारु हुन सकेको छैन ।

सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरण संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दो छ । सडक निर्माणसँगै आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरू प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन ।

### ६.२.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

#### (क) सम्भावना र अवसर

नगरपालिकाको सबै वस्तीका घरधुरीहरूमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा उपलब्ध रहेको छ । यस नगरपालिकाका ९९.९१ प्रतिशत घरपरिवारले वत्ती बाल्नका लागि विद्युत् सेवाको प्रयोग गर्दछन् । खाना पकाउनका लागि कुल घरपरिवारमध्ये १.११ प्रतिशतले विद्युत्को प्रयोग गर्छन् भने ०.०१ प्रतिशतले बायोग्याँसको प्रयोग गर्दछन् । अझै पनि १.८४ प्रतिशत परिवारले खाना पकाउन दाउराको प्रयोग गरिरहेका छन् । यहाँ सबैभन्दा बढी ९६.९६ प्रतिशत परिवारले खाना पकाउन ए.पि. ग्याँसको प्रयोग गर्ने गरेका छन् ।

### (ख) समस्या र चुनौती

यस नगरपालिकामा अझै पनि केही घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । विद्युत्, बायोग्याँस तथा स्वच्छ ऊर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ । ग्रामीण क्षेत्रहरूमा उद्योग व्यवसाय सञ्चालन, सिंचाइको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत् लाइनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र घना वस्ती भएका स्थानमा सबैतिर सडक बत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । यसैरी पर्याप्त मात्रामा सिसी टिभी जडान हुन सकेको छैन । नगरपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरूबीचको समन्वय र सहकार्यलाई नियमित र दिगो बनाउनु एक प्रमुख चुनौतीको रुपमा देखिएको छ ।

## ६.२.४ सूचना, संचार र प्रविधि

### (क) सम्भावना र अवसर

नगरपालिकाको सबै क्षेत्रमा मोबाइल टेलिफोनको पहुँच रहेको छ भने वडा कार्यालय, अन्य सेवा प्रवाह गर्ने सरकारी तथा निजी क्षेत्रका कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ । नगरपालिकाको कुल जनसङ्ख्यामध्ये ९८.२२ प्रतिशत जनसङ्ख्यासँग मोवाइल सेट, १४.८० प्रतिशतसँग ल्याण्डलाइन फोन, ४३.६४ प्रतिशतसँग ल्यापटप/कम्प्युटर, ७७.८४ प्रतिशतसँग इन्टरनेट सेवा रहेको छ । नगरपालिकाले इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा सञ्चारमा सुविधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम गर्दै आईरहेको छ ।

नगरपालिकामा लेखा प्रणाली व्यवस्थापनका लागि SuTRA, जिन्सी व्यवस्थापनका लागि PAMS; घटना दर्ताका लागि VERS सफ्टवेयर तथा आन्तरिक सूचना प्रवाह प्रणालीका लागि SMS सेन्ट्रल सञ्चालन गरी विद्युतीय शासन प्रणाली मार्फत् शासन प्रणालीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी बनाउन उल्लेख्य कार्यहरू गर्दै आएको छ । यसबाहेक ETDS र e-payment जस्ता सूचना प्रविधिमा आधारित कार्यसञ्चालन प्रणालीलाई संस्थागत गरिएको छ । नगरपालिकामा वेभसाइट, मोबाइल *एप्स्* र विभिन्न १० प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवेयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । नगरपालिकाका यी सञ्चार माध्यमहरू मार्फत् सूचना नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भइरहेका छन् ।

### (ख) समस्या र चुनौती

नगरपालिका क्षेत्रभित्र सूचना तथा सञ्चार प्रविधिको उपलब्धता राम्रो भएता पनि यसको प्रयोग केवल सामान्य प्रयोजन (जस्तै इमेल तथा म्यासेज पठाउने, सूचना सामग्री अपलोड गर्ने आदि) का लागि मात्र भएका छन् । सेवा प्रवाहका लागि अनलाइन निवेदन लिने, सोही अनुरुप सेवा प्रवाह गर्न सकिने अवस्था भएता पनि यसतर्फ प्रगति हुन सकेको देखिँदैन । निजी क्षेत्र तथा आम उपभोक्ताहरूले पनि सञ्चार सेवाको प्रयोग निजी प्रयोजनका लागि मात्र गरेको देखिन्छ । तर यसको माध्यमबाट विभिन्न सफ्वेयरहरूका विकास गरी भौतिक रुपमा उपस्थित नभई *भर्चुअल* रुपमा प्रयोग गरी सेवा लिन र दिन सकिने गरी यसको प्रयोग भएका देखिँदैन । कतिपय बस्ती र स्थानहरूमा मोबाइल सेवाको गुणस्तर कमजोर रहेको छ । नगरपालिका क्षेत्रभित्र सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र सबै वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध भएता पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । केही स्थानमा इन्टरनेट सेवाको गति सुस्त हुने र मोवाइल नेटवर्क कमजोर भएता पनि यिनीहरूको क्षमता वृद्धि गरी पूर्ण क्षमता चलाउनुपर्ने देखिन्छ ।

# ६.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

यस नगरपालिकाको पूर्वाधार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएकोछ :

# ६.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

## ६.३.१ विषय क्षेत्रगत लक्ष्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

- सुविधा सम्पन्न, आधुनिक, व्यावसायिक र व्यवस्थित शहर निर्माण गर्ने

### ६.३.२ विषय क्षेत्रगत उद्देश्य

नगरपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१ व्यवस्थित आवास तथा सहरी विकासका माध्यमबाट सहरी सेवा, सुबिधा तथा पूर्वाधार विकास र विस्तार गर्नु ।

२ समुचित यातायात विकास तथा व्यवस्थापनमार्फत् शहरी जनजीवन सहज तथा सुलभ बनाउन सडक पूर्वाधारको दिगो विकास, संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा सहित सवारी आवागमन सुनिश्चित गर्नु ।

३ दिगो र भरपर्दो उर्जाको नियमित पहुँच सुनिश्चित गर्दै उत्पादनशील क्षेत्रमा खपत गर्नु र वातावरणमैत्री वैकल्पिक ऊर्जाको पहुँच बढाई जीवनस्तरमा सुधार ल्याउनु ।

४ सूचना, प्रविधिलाई सर्वसुलभ, भरपर्दो, गुणस्तरीय र सबैको पहुँचयोग्य बनाउनु ।

### ६.३.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : व्यवस्थित आवास तथा सहरी विकासका माध्यमबाट सहरी सेवा, सुविधा तथा पूर्वाधार विकास एवम् विस्तार गर्नु** | |
| १.१ अव्यवस्थित तथा छरिएको वस्तीको बढ्दो क्रमलाई नियन्त्रण, नियमन तथा व्यवस्थापन गर्दै स्थानीय तथा अस्थाई जनसङ्ख्याका लागि आवासको सुनिश्चितता गर्ने | १.१.१ भूउपयोग योजना तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी तदनुरुप वस्ती विकास गर्न नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण अन्तर्गत विभिन्न चरणमा आवास तथा वस्ती विकासका लागि वडागत स्थानहरू पहिचान गरिनेछ ।<br>१.१.२ तोकिएको वस्ती विस्तार क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहभागितामा क्रमश जग्गा विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ भूउपयोग योजना तर्जुमा गरी निजी क्षेत्रलाई तोकिएको स्थानमा मात्र एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न दिइनेछ ।<br>१.१.४ वस्ती विकास, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि तथा दक्ष जनशक्ति विकास गरिनेछ ।<br>१.१.५ संयुक्त आवास तथा बहुतल्ले भवनको अवधारणा अनुरुप शहरी केन्द्रमा निजी क्षेत्रको लगानीमा आवासको विकास गरिनेछ ।<br>१.१.६ भाडाको घरको अवधारणा अनुरुप वस्ती विकास तथा विस्तारको क्षेत्रमा निजी तथा सार्वजनिक साझेदारीमा आवासको विकास गरिनेछ ।<br>१.१.७ अति विपन्न, लोपोन्मुख अति सिमान्तकृत तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गरिनेछ साथै भूकम्प प्रतिरोधि घर निर्माण गर्न निरन्तर प्रोत्साहित गरिनेछ । |
| १.२ भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने | १.२.१ प्रत्येक घडेरीमा आवत-जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदिका लागि जग्गा विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.२.२ भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागू गर्न भवन विभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.३ जग्गा विकासका लागि निर्देशित जग्गा विकास कार्यक्रम, जग्गा एकीकरण कार्यक्रम, घडेरी तथा सेवा सुविधा कार्यक्रमलगायतका प्रचलित विधिहरूको अध्ययन गरी स्थानीय सम्भाव्यता सुहाउने विधि अवलम्बन गरिनेछ ।<br>१.२.४ नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको लगत सङ्कलन, नक्साङ्कन, अभिलेखकरण गरी कानून अनुसार उत्पादन तथा आयमूलक क्षेत्रमा परिचालनको व्यवस्था गरिनेछ ।<br>१.२.५ नगरपालिका क्षेत्रमा नापी नक्सा, घरजग्गा, धनीपूर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.२.६ औद्योगिकग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपत्कालीन उद्दार सामग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ । |
| १.३ भवन निर्माण मापदण्ड कडाईका साथ कार्यान्वयन गर्दै वडा कार्यालयलाई समावेशी सेवामैत्री कार्यालयको रुपमा विकास गर्ने | १.३.१. नगरपालिकाभित्र निर्माण हुने संरचना भवन निर्माण मापदण्ड अनुरुप भए नभएको नियमित अनुगमन गरिनेछ ।<br>१.३.२ भवन निर्माण मापदण्ड कार्यान्वयन भइसकेपछि अनुमति नलिई निर्माण भएका भवनलाई एक पटकलाई तोकेको जरिवाना लिई अभिलेखीकरण गरिनेछ ।<br>१.३.३ भवन निर्माण मापदण्ड कार्यान्वयन गरी नगरमा निर्माण गरिने भवनहरूबाट नगरको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा आउन सक्ने ह्रास न्यूनीकरण गरिनेछ ।<br>१.३.४ इञ्जिनियर, सब-इञ्जिनियर, परामर्शदाता लगायत निर्माण कार्यमा सङ्लग्न दक्ष कामदारहरूलाई भवन निर्माण आचार-संहिता सम्बन्धी तालिम प्रदान गरी तालिमप्राप्त प्राविधिक र दक्ष व्यक्तिहरूबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ ।<br>१.३.५ सार्वजनिक-निजी साझेदारीको अवधारणा लागू गरी पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता वृद्धि गरिनेछ ।<br>१.३.६ अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री र वातावरणमैत्री रुपमा वडा कार्यालय भवन निर्माण/पुनःनिर्माण गरी वडा कार्यालयमा फरक क्षमता भएका सबै वर्गको पहुँच सुनिश्चित गरिनेछ ।<br>१.३.७ सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट निरन्तर सेवा प्रवाह गरिनेछ । |
| **उद्देश्य २ः सहरी जनजीवन सहज तथा सुलभ बनाउन सडक पूर्वाधारको दिगो विकास, संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा सहित सवारी आवागमन सुनिश्चित गर्नु** | |
| २.१ सहरी परिवहनको सन्तुलित विकासका लागि यातायात क्षेत्रको गतिशीलतामा वृद्धि गर्ने । | २.१.१ नगर यातायात गुरुयोजनाका आधारमा सडकहरूको क्षेत्राधिकार तथा नामकरण गरि सडक प्रोफाइल (Road Inventory) तयार गरिनेछ ।<br>२.१.२ सहरी सडक मापदण्ड अनुसार सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।<br>२.१.३ सहरी केन्द्रबीच यातायात सम्पर्क सुदृढ गर्न नगरपालिकाका भित्री सडकहरूको मर्मत तथा आवश्यता अनुसार स्तरोन्नति गरिनेछ । निर्मित सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना सहज रुपमा यातायात सञ्चालनको प्रत्याभूत गरिनेछ ।<br>२.१.४ आवश्यक स्थानमा बसपार्क, ट्रकपार्क तथा पार्किङको व्यवस्था गरी यातायात सञ्चालनको व्यवस्था सुदृढ गरिनेछ ।<br>२.१.५ सडक तथा सार्वजनिक स्थानमा निर्माण सामग्री तथा अवरोध पुऱ्याउने खालका अन्य सामग्रीहरू राख्नेलाई कानून अनुसार कारवाही गरी आवागमन सहज बनाइनेछ ।<br>२.१.६ सडक र अन्य पूर्वाधारको गुणस्तर सुधारका लागि आवश्यकताअनुसार अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यलाई जिम्मेवार सबैको भूमिका वृद्धि गर्ने नीति लिइनेछ ।<br>२.१.७ यातायातको साधनमा साइकललाई समेत प्राथमिकता दिदै साइकल ट्र्याक तथा साइकल लेनको विकासको सम्भाव्यता अध्ययन गरिनेछ । |
| २.२ सडक अधिकार क्षेत्र तथा पूर्वाधारसम्बन्धी मापदण्डहरू तर्जुमा र कार्यान्वयन गरी पूर्वाधार क्षेत्रको गुणस्तर अभिवृद्धि गर्ने | २.२.१ नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड र स्तर निर्धारण, नक्साङ्कन, वर्गीकरण, नामकरण र प्राथमिकता निर्धारण सहित सडक तथा यातायातको विकास र विस्तारलाई सुव्यवस्थित बनाउँदै लगिनेछ ।<br>२.२.२ प्रहरी, प्रशासन, टोल विकास संस्थाहरू र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>२.२.३ सडक मापदण्ड लागू हुनुभन्दा अघि बनेका र रहेका संरचनाहरू हटाउन सरोकारवालासँग परामर्श र वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२.४ परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरूको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.२.५ आवश्यक स्थानमा साईनेज, जेब्रा क्रसिङ व्यवस्थापन गरि यसको प्रयोगका लागि चेतनामुलक कार्य गरिनेछ ।<br>२.४.६ पैदल यात्री मैत्री सडक निर्माणका लागि आवश्यकताका आधारमा सडकको एकतर्फी वा दुवैतर्फ फुटपाथको व्यवस्था गरिनेछ ।<br>२.२.७ नगरपालिका क्षेत्रभित्रको सडकलाई जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आधारित गरी नामकरण, साङ्केतीकरण तथा अभिलेखीकरण गरिनेछ । |
| २.३ सडक सौन्दर्यकरणलाई प्राथमिकता दिँदै सडकका सहायक पूर्वाधारको विकास गरि सहज आवागमन सुनिश्चित गर्ने । | २.३.१ सडकको सुन्दरता बढाउन विभिन्न प्रकारका रुख विरुवा रोप्ने कार्यलाई प्राथमिकता दिइनेछ ।<br>२.३.२ प्रमुख सहरी क्षेत्रमा अप्टिकल फाईबर तथा अन्य तार व्यवस्थित गर्न सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।<br>२.३.३ सडकमा नालालाई अनिवार्य गरी दिगोपनमा वृद्धि गरिनेछ ।<br>२.३.४ प्रदेश सरकार, विभिन्न विकास साझेदार तथा निजी क्षेत्रसंग सहकार्य गरी प्रमुख सडकको निश्चित दुरी तथा आवश्यक स्थानमा निश्चित दुरीमा ट्राफिक पोस्ट, प्रतिक्षालय, विश्रामस्थल, सार्वजनिक शौचालय जस्ता पूर्वाधार निर्माण तथा नियमित मर्मत सम्भार गरिनेछ ।<br>२.३.५ लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरिनेछ ।<br>२.३.६ सडक सञ्जाल निर्माण गर्दा यातायातलाई आर्थिक प्रणालीसँग आवद्ध गरी पूर्वाधार निर्माण र आर्थिक विकासलाई एकसाथ अघि बढाउनका लागि, कृषि उत्पादन र बजारीकरण, व्यापार र व्यवसायलाई प्राथमिकतामा राखी सडकको विकास र विस्तार गर्दै लगिनेछ । |
| **उद्देश्य ३ : दिगो र भरपर्दो उर्जाको नियमित पहुँचको सुनिश्चिता प्रदान गर्दै उत्पादनशील क्षेत्रमा खपत गर्नु र वातावरणमैत्री वैकल्पिक उर्जाको पहुँच बढाई जीवनस्तरमा सुधार ल्याउनु** | |
| ३.१ विद्युत् वितरण प्रणालीलाई प्रभावकारी बनाई उत्पादनशील क्षेत्रमा खपतमा बढाउने | ३.१.१ विद्युत आपूर्ति नियमित र भरपर्दो बनाउन सरोकारवाला निकायसँग समन्वय, अनुगमन तथा नियमन गरिनेछ ।<br>३.१.२ विद्युत् प्राधिकरणसँगको समन्वय र लागत साझेदारीमा विद्युत् लाइनको क्षमता विस्तार गर्ने र जीर्ण पोल तथा तार मर्मत गरिनेछ ।<br>३.१.३ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>३.१.४ अन्य पूर्वाधारको निर्माणका क्रममा विद्युतका पूर्वाधारमा प्रभाव पर्ने भएमा व्यवस्थापनका लागि सोहि निकायलाई जिम्मेवार बनाउने नीति अबलम्बन गरिनेछ ।<br>३.१.३ साना तथा घरेलु उद्योग, खानेपानी, सिंचाई लगायतको क्षेत्रमा खपत हुने विद्युत सहुलियतका लागि पहल गरिनेछ ।<br>१.१.४ सबै सार्वजनिक स्थान तथा कार्यालयमा विद्युत्को पहुँच विस्तार गर्ने । |
| ३.२ नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धन गरी स्वच्छ ऊर्जाको पहुँच र उपयोग वृद्धि गर्ने | ३.२.१ वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन एवम् नियमनको व्यवस्था गरी स्वच्छ ऊर्जामा पहुँच वृद्धि गरिनेछ ।<br>३.२.२ दाउरा र जैविक ऊर्जाको प्रयोगलाई कम गर्दै लैजान बायोग्याँस, सुधारिएको चुल्हो, बायो ब्रिकेट, विद्युत् चुल्हो र सौर्य उपयोगको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>३.२.३ विपन्न वस्तीमा एल.पी. ग्याँसको सट्टामा बायोग्याँस लगायत वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।<br>३.२.४ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.६ विद्युत वितरण, मर्मत सम्भार सम्बन्धि तालिम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.२.७ वैकल्पिक उर्जा सम्बन्धि विभिन्न तालिम संचालन गरी यसको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ४: सूचना तथा प्रविधिको सर्वसुलभ विस्तार, भरपर्दो र गुणस्तरीय बनाई सबैको पहुँचयोग्य बनाउनु ।** | |
| ४.१ नागरिकको सुसूचित हुन पाउने अधिकारको प्रत्याभूत गर्दै नगरपालिकालाई डिजिटल नगरपालिकाको रुपमा स्थापित गर्ने । | ४.१.१ मोबाइल एप्स्, एफ.एम. रेडियो, पत्रपत्रिका र वेबसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरिनेछ ।<br>४.१.२ नगरपालिकाको सबै क्षेत्रमा सूचना प्रविधिमा पहुँच वृद्धि गर्न सेवा प्रदायक संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>४.१.३ नगरका दैनिक सेवा प्रवाह, गुनासो सुनुवाई व्यवस्थापनमा सूचना प्रविधिको उच्चतम उपयोग गरिनेछ ।<br>४.१.४ सार्वजनिक कार्यालयमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिनेछ ।<br>४.१.५ डिजिटल साक्षरता कार्यक्रम संचालन गरिनेछ ।<br>४.१.६ सावजनिक आमसंचार माध्यमलाई मर्यादित र व्यवसायिक बनाइनेछ ।<br>४.१.७ सूचना व्यवस्थापन प्रणालीमा आधारित सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ ।<br>४.१.८ नगरपालिकाको मुखपत्रको रुपमा चन्द्रागिरि दर्पणको प्रकाशनलाई निरन्तरता दिइनेछ ।<br>४.१.९ पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>४.१.१० स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>४.१.११ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रोत्साहन गरिनेछ ।<br>४.१.१२ नगरपालिकाको निश्चित क्षेत्रमा हरित उद्यान, मनोरञ्जनात्मक सेवा तथा सुविधाहरूसहितको फ्रि वाईफाई जोन (free wifi zone) स्थापना गरी इन्टरनेट सेवामा आमनागरिकको पहुँच वृद्धि गर्नुका साथै नगरपालिकाको सौन्दर्य अभिवृद्धि गरिनेछ ।<br>४.१.१३ पूर्वाधार सम्बन्धी चेकलिष्टहरू तयार गरी प्रविधिमैत्री अनुगमन एप्लिकेसन/औजार जस्तै SOLSTIC/MIMS प्रयोग मार्फत् अनुगमन कार्यलाई अझ बढि प्रभावकारी र पारदर्शी बनाइनेछ ।<br>४.१.१४ Online पद्धति मार्फत सेवा प्रवाहको शुरुवात गरिनेछ । |
| ४.२ सूचना तथा सञ्चार सम्बन्धी आधुनिक प्रविधिलाई विद्युतीय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने माध्यमका रुपमा परिचालन गर्ने | ४.२.१ नगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गरिनेछ ।<br>४.२.२ नगरपालिकामा सूचना केन्द्र स्थापना गरी नगरपालिकाको विकाससँग सम्बन्धित सम्पूर्ण सूचनाहरू एकीकृत रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ तथा सूचना केन्द्रलाई नगरपालिकाको तथ्याङ्कलाई डिजिटल रुपमा सङ्कन, व्यवस्थापन, प्रशोधन तथा विश्लेषण गर्न सक्षम बनाइनेछ ।<br>४.२.३ वडा कार्यालयहरूबाट सङ्कलित सूचना/तथ्याङ्कलाई सूचना केन्द्रमा जोड्ने व्यवस्था गरिनेछ ।<br>४.२.४ नगरपालिकाबाट सञ्चालित सबै आयोजनाहरूमा सूचनापाटी, त्रैमासिक सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिनेछ । प्रत्येक वडामा नगरपालिका स्तरीय त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>४.२.५ नगरपालिकामा सूचना पाटीको व्यवस्था गरी सम्बन्धित सबै सूचनाहरू नियमित रुपमा प्रकाशन र अद्यावधीकरण गर्ने व्यवस्था गरिनेछ ।<br>४.२.६ आयोजना तथा कार्यक्रम सम्झौता, अनुगमन तथा सुपरीवेक्षण र प्रगति प्रतिवेदन लगायतका कार्यहरूलाई अनलाईन योजना सफ्टवेयर प्रणालीमा जोडी |

| रणनीति | कार्यनीति |
|---|---|
| | नगरपालिका तथा योजना शाखाको योजना अध्ययन र प्रगती समीक्षा क्षमता सुदृढीकरण गरिनेछ । |
| ४.३ नगरबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी र प्रकोप लगायतका विषयसम्बन्धी सूचना अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने | ४.३.१ नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ ।<br>४.३.२ सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठन-पाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>४.३.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र मुख्य बजारमा सडक बत्ती एवम् सिसिटिभी क्यामेरा जडान गरिनेछ ।<br>४.३.४ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>४.३.५ टेलिफोन टावरको सङ्ख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग निकायसँग समन्वय र पैरवी गरिनेछ ।<br>४.३.६ स्थानीय सञ्चार माध्यमसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाइ, कृषि, उद्यम विकास र विपद् व्यवस्थापन लगायतका विषय क्षेत्रमा सूचना प्रविधि प्रणालीमा आधारित जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । |

## ६.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात् समग्रमा यस नगरपालिकाको आवास क्षेत्र, बजार, औद्योगिक पूर्वाधार व्यवस्थित र उत्थानशील भएको हुनेछ । यस क्रममा नगरपालिकाको थप पाँच स्थानमा योजनावद्ध र पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ । योजना अवधिमा कम्तिमा १५ वटा बजार केन्द्रहरू आधारभूत पूर्वाधार समेत व्यवस्थित रुपमा नमूनाको रुपमा विकास गरिएका हुनेछन् । नगरपालिकामा ७० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधि तथा मापदण्ड अनुसार बनेका आवासमा बसोबास गरेका हुनेछन् ।

नगरपालिकाको सबै वडा केन्द्रहरूबाट नगर कार्यपालिका केन्द्र जोडन सडकहरू कालोपत्रे भएका हुनेछन् । कालोपत्रे वा पक्की सडक २०० कि.मी. थप भई पक्की सडक सञ्जालमा पहुँच भएका जनसङ्ख्या ९५ प्रतिशत पुगेको हुनेछ । नगरपालिकामा बसोबास गर्ने हरेक घरपरिवार २० मिनेट सयममा नगरपालिका केन्द्र र १५ मिनेट समयमा वडा केन्द्रमा पुग्न सक्नेछन् । हरेक स्वास्थ्य संस्थामा यातायात सुविधाको सहज पहुँच हुनेछ । नगरपालिकामा बसोबास गर्ने ७० प्रतिशत घरपरिवारसँग यातायातको आफ्नै कुनै साधन उपलब्ध रहेको हुनेछ । साथै, योजना अवधिमा नगरपालिकामा विद्युत् सेवा शतप्रतिशत घरपरिवारमा पुगेको हुनेछ भने सुधारिएको चुल्हो, बायोग्याँस लगायतका स्वच्छ उर्जाको पहुँचमा वृद्धि भएको हुनेछ । यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा ९० प्रतिशत जनसङ्ख्याको पहुँच पुगको हुनेछ । पूर्वाधार विकास क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६.१ : पूर्वाधार विकास क्षेत्रको नतिजा खाका**

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| **प्रभाव :** आवास, भवन तथा वस्ती सुव्यवस्थित, सुरक्षित र सुन्दर भएका हुने | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | ५४ | ६० | ६५ | ७० | ७५ | ८० | ८० |
| | विगत ३ वर्षमा विपद्जन्य घटनाबाट भएको क्षति नोक्सानीको मौद्रिक मूल्य | रु.करोड | १५.८४ | १४ | १२ | ११ | १० | ९ | ९ |
| | बिजुली तथा केवलका तारहरू भूमिगत भई सौन्दर्यता वृद्धि भएका सडकको लम्बाइ | किमी | ० | ५ | १० | २० | ३० | ५० | ५० |
| | सुचारु नालायुक्त सडकको अंश | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ६० | ६० |
| | सुन्दर, हरित, सार्वजनिक उद्यान | सङ्ख्या | १९ | २० | २२ | २५ | ३८ | ३० | ३० |
| **असर :** आवास, भवन तथा वस्ती सहज पहुँचयुक्त र विपद् उत्थानशील हुने | अग्नि नियन्त्रक तथा एम्बुलेन्सको सहज पहुँच भएको घरधुरी | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ९० | १०० | १०० |
| | ढल निकासको सुविधा भएका घरधुरी | प्रतिशत | ३५ | ४० | ४५ | ५५ | ६० | ७० | ७० |
| | एक किमीको दुरीभित्र खुला क्षेत्र भएका घरधुरी | प्रतिशत | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० | ६० |
| | पैदलयात्रीमैत्री सडक पेटी भएका सडक | किमी | ३३ | ३५ | ३७ | ४० | ४२ | ५० | ५० |
| | विपद्को अवस्थामा सामुहिक प्रयोगमा आउन सक्ने खुला क्षेत्र | सङ्ख्या | १२ | १२ | १३ | १३ | १४ | १५ | १५ |
| **प्रतिफल १ :** आवास तथा भवन स्वीकृत | भवन आचार संहिता पालना गरी निर्माण गरिएका भवनहरू | प्रतिशत | ५४ | ५६ | ५८ | ६० | ६२ | ६५ | ६५ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| मापदण्डअनुरुप तर्जुमा भएका हुने | विजुली, खानेपानीलगायतका आधारभूत सुविधा उपलब्ध घरधुरी | सङ्ख्या | ९० | ९१ | ९२ | ९५ | ९८ | १०० | १०० |
| | अपाङ्गतामैत्री सार्वजनिक भवन (र्‍याम्प, स्वचालित ढोका) | प्रतिशत | १ | २ | ३ | ४ | ५ | ६ | ६ |
| **प्रतिफल २** विपद् जोखिम न्यूनीकरण भएको हुने | आपतकालीन सामुहिक आश्रयका लागि खुला स्थान भएका वडाहरू | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ |
| | रात्रीकालीन सडकबत्ती भएका टोल | सङ्ख्या | ९५ | ११० | ११५ | १२० | १३० | १५० | १५० |
| | न.पा.मा वार्षिक विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| **प्रभाव :** सबै टोल आवागमन र ढुवानीका लागि सहज पहुँचयुक्त, अन्तरआवद्धतायुक्त भएका हुने | जनघनत्व प्रति किमी सडक | जनघनत्व | २६० | २५५ | २५० | २४० | २३० | २२० | २२० |
| | कालोपत्रे सडक र ग्राभेल सडकको अनुपात | अनुपातः | १५:१ | | | | | | |
| | राम्रो हालतमा भएका सडकको हिस्सा | प्रतिशत | ४५ | | | | | | |
| | सबै लिंग, उमेर र अपाङ्गता भएकाहरूका लागि सहज यातायात सुविधा भएका टोल | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ६० | ६० |
| **असर :** सडक एवम् सहायक पूर्वाधार सुदृढ र विपद प्रतिरोधी भएको हुने | नियमित मर्मत संभार र सुरक्षाको मापदण्ड पुरा भएका सडक, पुल | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| | मापदण्डअनुरुप सडकपेटी भएका सडकहरूको हिस्सा | प्रतिशत | ३० | ३३ | ३७ | ४० | ४५ | ५० | ५० |
| **प्रतिफल १ :** सडल, पुल, यातायातको गुणस्तरमा सुधार भएको हुने | क्षतिग्रस्त सडक | कि.मी. | ७ | ५ | ४ | ३ | २ | १ | ० |
| | सुचारु नालायुक्त सडकको अंश | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ७० | ८० | ८० |
| | भूकम्प प्रतिरोधी सार्वजनिक भवनहरू | प्रतिशत | ५४ | ५६ | ५८ | ६० | ६२ | ६५ | ६५ |
| | सार्वजनिक सवारी दुर्घटना न्यूनीकरण | सङ्ख्या | | | | | | | |
| | सढड लेन तथा सङ्केत चिन्हहरूको उपलब्धता | प्रतिशत | १५ | २० | २५ | ३० | ४० | ५० | ५० |
| **प्रतिफल २ :** अन्तरआवद्धता सुदृढ र दैनिक आवागमन थप सहज भएको हुने | स्तरान्नति भएका सडकको लम्बाइ | किमी | २७२ | ३०० | ३२० | ३४० | ३५० | ४०० | ४०० |
| | तोकिएको समय तालिका अनुसार सार्वजनिक यातायात उपलब्ध हुने रुटहरू | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० |
| | ३० मिनेटको पैदलयात्रामा यातायात सेवा, विद्यालय तथा अस्पतालको पहुँच भएका घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | १०० |
| **प्रभाव :** अविच्छिन्न तथा पर्याप्त विद्युत् र वैकल्पिक ऊर्जा आपूर्तिबाट दैनिक जीवन सहज एवम् | कुल ऊर्जामा नवीकरणीय ऊर्जाको हिस्सा | प्रतिशत | ०.०६ | ०.१० | ०.५० | १ | २ | ३ | ३ |
| | अनपेक्षित रुपमा बत्ती जाने दर आवृत्ति र अवधि (साप्ताहिक) | घण्टा | | | | | | | |
| | घरायसी प्रयोगमा मासिक औसत विद्युत् खपत प्रतिपरिवार | युनिट | ३० | ३२ | ३५ | ३८ | ४० | ४२ | ४२ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको हुने | सडक बत्ती जडान भएका गल्लीहरू | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | १०० |
| **असर :** विद्युत् एवम् वैकल्पिक ऊर्जा दैनिक जीवन तथा उद्योग व्यवसायका लागि पर्याप्त, अविच्छिन्न, सुरक्षित र विश्वसनीय रुपमा उपलब्ध भएको हुने | वैकल्पिक/नवीकरणीय ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.०६ | | | | | | |
| | विद्यत् आपूर्तिमा उपभोक्ता सन्तुष्टि | उच्च/मध्यम/निम्न | मध्यम | उच्च | उच्च | उच्च | उच्च | उच्च | उच्च |
| | विद्युत नांङ्गा तार विस्तपित गरी लेमिनेटेड तारमा परिवर्तन | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | १०० |
| **प्रतिफल १ :** विद्यत् तथा वैकल्पिक /नवीकरणीय ऊर्जा सेवाको विस्तार भएको हुने | विद्युत् सेवाको पहुँच भएका घरधुरी | सङ्ख्या | ३५९६२ | ३५९७० | ३५९७५ | ३५९८० | ३५९८५ | ३५९९४ | ३५९९४ |
| | सौर्य ऊर्जा प्रणाली | सङ्ख्या | ३५० | ४०० | ५०० | ६०० | ७०० | १००० | १००० |
| | खाना पकाउने इन्धनका लागि विद्युत् प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.११ | २ | ५ | १० | १५ | २० | २० |
| **प्रतिफल २ :** विद्यत् तथा वैकल्पिक/नवीकरणीय ऊर्जाको पूर्वाधार तथा व्यवस्थापन सुधार र सचेतनामा वृद्धि भएको हुने | सौर्य ऊर्जाबाट उत्पादित विद्युत् | कि.वा. | ० | ० | ० | १ | २ | ५ | ५ |
| | न.पा.मा उपलब्ध ऊर्जाका प्रकार (विद्युत्, सौर्य, वायु आदि) | सङ्ख्या | ३ | ३ | ३ | ४ | ४ | ४ | ४ |
| | विद्युत्जन्य दुर्घटना | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० |
| **प्रभाव :** स्थानीय शासन प्रणाली र सामाजिक जनजीवन सूचना प्रविधिमा आधारित भएको हुने | एकीकृत विद्युतीय तथ्यांक व्यवस्थापन केन्द्र (Integrated data center) | सङ्ख्या | ० | १ | १ | १ | २ | २ | २ |
| | विद्युतीय प्रणालीमा आधारित सेवा प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ७ | १० | २० | ३० | ४० | ५० | ५० |
| | अलनाइन माध्यमबाट गुनासो गर्ने र सुनुवाइ गर्ने | प्रतिशत | १५ | २० | २५ | ३० | ४० | ५० | ५० |
| **असर :** सूचना तथा सञ्चार प्रविधि सुरक्षित, गुणस्तरीय, भरपर्दो र सर्वसुलभ भएको हुने | साइबर परीक्षण (cyber audit) | सङ्ख्या | ० | | | | | | |
| | न.पा.को सेवा प्रवाह सुदृढीकरण सम्बन्धी सफ्टवेयर तथा एप | सङ्ख्या | १० | १२ | १३ | १४ | १५ | २० | २० |
| | अनलाइन माध्यमबाट कर तिर्ने घरपरिवार | प्रतिशत | | | | | | | |
| **प्रतिफल १ :** सूचना प्रविधिको गुणस्तर र प्रयोगमा वृद्धि भएको हुने | इन्टरनेट सेवा प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | २८०१७ | २९०० | २९५०० | ३०००० | ३१००० | ३२००० | ३२००० |
| | निःशुल्क इन्टरनेट भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | २५ | ३० | ४० | ५० | ६० | ८० | ८० |
| | घरपरिवारमा कम्प्युटर भएकार परिवार | सङ्ख्या | १५७०९ | १६००० | १६५०० | १७००० | १७५०० | १८००० | १८००० |
| | घरपरिवारमा टीभी भएका परिवार | सङ्ख्या | २७४८८ | २८००० | २८५०० | २९००० | २९५०० | ३०००० | ३०००० |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| **प्रतिफल २ :** सञ्चार माध्यमहरू जिम्मेवार, व्यावसायिक, आधुनिक हुने | सार्वजनिक सरोकारका विषयमा जानकारी दिने सार्वजनिक स्थलमा भएका डिजिटल सूचना पाटीहरू | सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ४० | ४० |
| | कुल सडक लम्बाइमध्ये सीसीटीभीको प्रभाव क्षेत्रमा रहेको सडक | प्रतिशत | ८ | १२ | १५ | २० | ३० | ४० | ४० |
| | विद्युतीय माध्यमबाट सेवा लिन सकिने नगरपालिकाका विभागहरू | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | १० | १० |
| | कम्प्युटर, इमेल इन्टरनेटको आधारभूत जानकारी भएको जनसङ्ख्या | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ | ९० | ९० |

## ६.५ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको पूर्वाधार विकास क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय सङ्घ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा सङ्घीय सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकता आधारमा योजना अवधिमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रम देहायअनुसार रहेका छन् :

**तालिका ६.२ : पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना र वार्षिक वित्तीय लक्ष्य**

(रकम रु '०००)

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १ | **आवास, भवन, बस्ती तथा शहरी विकास** | | | | | | | | | | | | | | |
| १.१ | भू उपयोग नीति र भू उपयोग कार्यान्वयन कार्यविधि तर्जुमा | पटक | २ | ५०० | १००० | १ | ५०० | १ | ५०० | | | | | | |
| १.२ | भू उपयोग योजना तथा भौतिक विकास गुरुयोजना तर्जुमा | पटक | २ | २००० | ४००० | १ | २००० | १ | २००० | | | | | | |
| १.३ | निजी क्षेत्रसँगको साझेदारीमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन | सङ्ख्या | २ | ६०००० | १२०००० | १ | २०००० | १ | ३०००० | १ | ३०००० | १ | २०००० | १ | २०००० |
| १.४ | भवन निर्माण क्षेत्रमा काम गर्ने प्राविधिकहरूका लागि क्षमता विकास कार्यक्रम | सङ्ख्या | १०० | ३० | ३००० | २० | ६०० | २० | ६०० | २० | ६०० | २० | ६०० | २० | ६०० |
| १.५ | भवन निर्माण मापदण्ड पुनरावलोकन, स्वीकृति तथा नियमन | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १.६ | सार्वजनिक जग्गाको लगत संकलन र नक्साँकन | पटक | १ | १००० | १००० | | | १ | १००० | | | | | | |
| १.७ | वडा कार्यालय भवन/स्वास्थ्य चौकी निर्माण तथा मर्मत | सङ्ख्या | ४ | ५०००० | २००००० | १ | ५०००० | | | १ | ५०००० | १ | ५०००० | १ | ५०००० |
| १.८ | नगरपालिका क्षेत्रभित्र सम्मेलन केन्द्र निर्माण | वटा | १ | ३०,००० | ३०००० | | | १ | १५००० | | १५००० | | | | |
| १.९ | औद्योगिक ग्राम निर्माणको विस्तृत आयोजना प्रतिवेदन एवम् निर्माण | वटा | १ | ५०००० | ६०००० | १ | २०००० | १ | २०००० | | | १ | १०००० | १ | १०००० |
| १.१० | ढल निकास आयोजना | कि.मी. | १० | ४०,००० | ४००००० | १ | ४०००० | १ | ४०००० | २ | ८०००० | ३ | १२०००० | ३ | १२०००० |
| १.११ | करिडोर सडक निर्माण | कि.मी. | २० | ५०,००० | १०००००० | ३ | १५०००० | ३ | १५०००० | ५ | २५०००० | ४ | २००००० | ५ | २५०००० |
| | **आवास, भवन, बस्ती तथा शहरी विकासको जम्मा** | | | | **१८२१५००** | | **२८३६००** | | **२५९६००** | | **४२६१००** | | **४०११००** | | **४५११००** |
| २ | **सडक, पुल तथा यातयात** | | | | | | | | | | | | | | |
| २.१ | सहरी सडक मापदण्ड अनुसार सडक स्तरोन्नति | कि.मी. | ६० | १०००० | ४२०००० | १० | १००००० | १० | १००००० | १० | १००००० | १० | १००००० | २० | २०००० |
| २.२ | साईकल ट्र्याक तथा साईकल लेनको विकासको सम्भाव्यता अध्ययन | पटक | २० | १००० | ३०००० | ५ | ५००० | ५ | ५००० | ५ | ५००० | ५ | ५००० | १० | १०००० |
| २.३ | साईनेज तथा जेब्रा क्रसिङ निर्माण तथा व्यवस्थापन | सङ्ख्या | १०० | ६० | ६००० | २० | १२०० | २० | १२०० | २० | १२०० | २० | १२०० | २० | १२०० |
| २.४ | कालोपत्रे सडक निर्माण | कि.मी. | १५० | १०००० | १५००००० | ३० | ३००००० | ३० | ३००००० | ३० | ३००००० | ३० | ३००००० | ३० | ३००००० |
| २.५ | ग्राभेल सडक निर्माण | कि.मी. | १०० | ५००० | ७००००० | २० | १००००० | २० | १००००० | २० | १००००० | २० | २००००० | २० | २००००० |
| २.६ | ढलान सडक निर्माण | कि.मी. | १० | १२००० | १५६००० | २ | २४००० | २ | २४००० | २ | २४००० | २ | २४००० | ५ | ६०००० |
| २.७ | नयाँ सडक निर्माण (ट्र्याक खोल्ने) | कि.मी. | १० | ५००० | ६१००० | २ | १०००० | २ | ११००० | २ | १२००० | २ | १३००० | २ | १५००० |
| २.८ | ढुँगा सोलिंग | कि.मी. | ५ | २००० | ८००० | १ | २००० | १ | २००० | १ | २००० | १ | १००० | १ | १००० |
| २.९ | जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आधारित गरी नामकरण, साङ्केतीकरण तथा अभिलेखीकरण | पटक | १ | ५००० | ५००० | १ | २००० | १ | ३००० | | | | | | |
| २.१० | सडक किनारमा वृक्षरोपण एवम् अन्य सडक सुन्दरता सम्बन्धी कार्यक्रम | पटक | १ | ८००० | ८००० | १ | ३००० | | | १ | ३००० | १ | २००० | | |
| २.११ | आकाशे पुल निर्माण | संख्या | ४ | २७००० | ८७००० | १ | २०००० | १ | २०००० | १ | २२००० | १ | २५००० | | |
| २.१२ | उपभोक्ता समिति तथा निर्माण समितिको क्षमता विकास | पटक | ५ | ४५०० | २३६०० | १ | ४५०० | १ | ४६०० | १ | ४७०० | १ | ४८०० | १ | ५००० |
| | **सडक, पुल तथा यातयातको जम्मा** | | | | ३००४६०० | ९४ | **५७१७००** | ९३ | **५७०८००** | ९३ | **५७३९००** | ९३ | **६७६०००** | १०९ | **६१२२००** |
| ३ | **विद्युत तथा बैकल्पिक उर्जा** | | | | | | | | | | | | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ३.१ | विद्युत् लाइनको क्षमता विस्तार र जीर्ण पोल तथा तार मर्मत | पटक | ५ | १०००० | ६०००० | १ | १०००० | १ | ११००० | १ | १२००० | १ | १३००० | १ | १४००० |
| ३.२ | सडक वत्ति जडान | वटा | १००० | ५० | ५१००० | ३०० | १५००० | ३०० | १६००० | २०० | ९००० | १०० | ५००० | १०० | ६००० |
| ३.३ | बायोग्याँस (गोबरग्यास) निर्माणमा अनुदान | वटा | ५०० | २०० | १००००० | १०० | २०००० | १०० | २०००० | १०० | २०००० | १०० | २०००० | १०० | २०००० |
| ३.४ | बायोग्याँस, सुधारिएको चुल्हो, बायो ब्रिकेट, विद्युत् चुल्हो र सौर्य उपयोगको प्रवर्द्धन एवम् विस्तार कार्यक्रम । | पटक | ५ | ७५०० | ३९९०० | १ | ७५०० | १ | ७७०० | १ | ८००० | १ | ८२०० | १ | ८५०० |
| ३.५ | हावामिल सम्भाव्यता अध्ययन | पटक | १ | १५०० | १५०० | | | १ | १५०० | | | | | | |
| ३.६ | विद्युत वितरण, मर्मत सम्भार तथा बैकल्पिक ऊर्जा सम्बन्धि स्थानीयस्तरमा तालिम संचालन | पटक | १५० | ४० | ६००० | ३० | १२०० | ३० | १२०० | ३० | १२०० | ३० | १२०० | ३० | १२०० |
| | **विद्युत तथा बैकल्पिक उर्जाको जम्मा** | | | | २६९४०० | ४३३ | **५५७००** | ४३४ | **५९५००** | ३३३ | **५२४००** | २३३ | ४९७०० | २३३ | **५२१००** |
| ४ | **सूचना, सञ्चार र प्रविधि** | | | | | | | | | | | | | | |
| ४.१ | डिजिटल साक्षरता कार्यक्रम | पटक | ५ | ७५०० | ४०००० | १ | ७५०० | १ | ७८०० | १ | ८००० | १ | ८२०० | १ | ८५०० |
| ४.२ | पदाधिकारी र सेवाग्राही रेडियो, टेलिभिजन संवाद कार्यक्रम | पटक | ५ | २००० | १२४०० | १ | २००० | १ | २२०० | १ | २५०० | १ | २७०० | १ | ३००० |
| ४.३ | चन्द्रागिरि नगरपालिका एप्स निर्माण | वटा | १० | ५०० | ५७०० | ३ | १५०० | ३ | १५०० | २ | १२०० | २ | १५०० | | |
| ४.४ | सार्वजनिक स्थलहरूमा फ्री वाईफाईको व्यवस्था | स्थान | ५० | २०० | १२५०० | २० | ४००० | १५ | ३५०० | १० | ३००० | ५ | २००० | | |
| ४.५ | संवेदनशील स्थानमा सि.सि. टि भी जडान | स्थान | १०० | १०० | १०००० | २० | २००० | ४० | ४००० | ४० | ४००० | | | | |
| ४.६ | सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना | पटक | १५ | ५०० | ७५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० |
| ४.७ | युवा लक्षित सूचना प्रविधि तालिम | सङ्ख्या | १०० | २० | २५०० | २० | ४०० | २० | ४५० | २० | ५०० | २० | ५५० | २० | ६०० |
| **सूचना, सञ्चार र प्रविधिको जम्मा** | | | | | ९०००० | | **१८९००** | | **२०९५०** | | **२०७००** | | **१६४५०** | | **१३०००** |
| ५ | **विकास साझेदारहरुसँगको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरु** | पटक | ५ | | **११७६५७६** | | **१८५५३०** | | **२७०३२५** | | **१९०२१०** | | **२०६२२०** | | **३२४२९२** |
| **पूर्वाधार विकासको कुल जम्मा** | | | | | **६३६२०७६** | | **१११५४३०** | | **११८११७५** | | **१२६३३१०** | | **१३४९४७०** | | **१४५२६९२** |

# परिच्छेद ७ : वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ पृष्ठभूमि

हावा, पानी, माटोको स्वच्छता स्वच्छ जीवनका लागि; प्राकृतिक स्रोतहरूको उपलब्धता आर्थिक गतिविधिका लागि र विपद् व्यवस्थापन विकासका उपलब्धीहरूको दिगोपन सुनिश्चित गर्न आवश्यक हुन्छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेकोछ। यसैगरी, संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ। नेपालको संविधानको अनुसूची ८ ले वातावरण संरक्षण तथा विपद् जोखिम व्यवस्थापनलाई स्थानीय सरकारको क्षेत्राधिकार भित्र राखेको छ। संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। यस सन्दर्भमा सङ्घीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

प्राकृतिक वातावरणमा विश्वव्यापीरूपमा विनाश हुँदै जाँदा विश्वभरि नै विपद्का आवृत्ति बढ्दै गएको; तापक्रम र वर्षाका प्रवृत्तिहरू विनाशकारी बन्दै गएको सन्दर्भमा वातावरण संरक्षण तथा विपद् जोखिम व्यवस्थापन सबैको साझा मुद्दाको रुपमा पनि स्थापित भइसकेको छ। यस परिप्रेक्ष्यमा सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य तथा साझेदारीमा यो योजना कार्यान्वयन गर्ने उद्देश्य राखिएको छ।

## ७.२ विद्यमान अवस्था विश्लेषण

### ७.२.१ वन, हरियाली तथा जैविक विविधता

#### (क) संभावना र अवसर

नगरपालिकाको १९.१९ व.कि.मी.[1] भूमिमा रहेको वन क्षेत्रले यहाँ हरियाली, सौन्दर्यता तथा जैविक विविधताको संरक्षण गर्न टेवा पुऱ्याएको छ। सामुदायिक रुपमा वन व्यवस्थापन गर्न २३ वटा सामुदायिक वन उपभोक्ता समूहहरू सङ्लग्न रहेका छन्। वन डढेलो नियन्त्रणका लागि अग्नि रेखा निर्माण गर्ने, सुरक्षाकर्मी परिचालन गर्ने कार्य भइआएको छ। नगरपालिकाको दक्षिणी सीमा क्षेत्रमा घना वन क्षेत्रको उपस्थिति छ। चिलाउने, कटुस, काफल, जामुन, सौर, उत्तिस, लप्सी, मयल, नास्पाति, ओखर यहाँको वन क्षेत्रमा धेरै मात्रामा उपलब्ध वनस्पतिहरू हुन्। यहाँ पाइने प्रमुख गैरकाष्ठ वन पैदावारमा अँगेरी, धसिंगरे, मलाय, भलायो, चुत्रो, जाई, गुलाफ हुन्। जडिबुटीको व्यावसायिक खेतीको पनि यहाँ उल्लेख्य सम्भावना रहेको छ। सुगन्धवाल, पिपला, लौठसल्ला, चिराइतो, जङ्गली कुरिलो, जङ्गली च्याउ यहाँ व्यावसायिक रुपमा उत्पादन गर्न सकिने जडिबुटीहरू हुन्। वनमा चरिचरन तथा खोरिया फडानी नहुनु स्थानीय वन संरक्षणका लागि महत्वपूर्ण रहेका छन्। यहाँ पाइने वन्यजन्तुमा चितुवा, बँदेल, स्याल, वन बिरालो, सालक, मलसाँप्रो, मृग र पक्षीहरूमा कालिज, ढुकुर, तित्रा, सुगा, जुरेली, काकले, लामपुच्छ्रे, कोइली, फिस्टो, जङ्गली काग मुख्य छन्।

#### (ख) समस्या र चुनौती

पर्याप्त मात्रामा जडिबुटी पाइने भए पनि बर्जदन्ती, चिराइतो, वनतुलसी, अँगेरी, धँगेरी, चुत्रो, ऐसेलुजस्ता केही जडिबुटी लोपोन्मुख भएका छन्। वन उपभोक्ता समूहहरू जडिबुटीको व्यावसायिक खेतीतर्फ आकर्षित हुन सकेका देखिँदैनन्। साथै, जडिबुटी तथा तिनको व्यावसायिक खेतीको सम्भावनाबारे राम्रो जानकारी भएको पनि देखिँदैन। वनजन्य आय

[1] नेपाल सरकार, वन विभागको तथ्याङ्क अनुसार यस नगरपालिका क्षेत्रमा कुल १९.१९ व.कि.मी. वन क्षेत्र रहेको र नगर सडक गुरुयोजना तर्जुमा गर्ने क्रममा गरिएको स्थलगत सर्भेक्षणमा वन १८.९ व.कि.मी. र नगरको कुल क्षेत्रफल ४८.०५४ व.कि.मी. देखिएको।

आर्जनका सम्भावना उल्लेख्य भए पनि वन उपभोक्ता समूहहरूले खास आम्दानी गर्न सकेको देखिँदैन। केही वन उपभोक्ता समूहहरू निष्क्रिय रहेका छन्। वर्षेनी वन डढेलो लाग्ने गरेको छ। वन व्यवस्थापनमा सबैको सहभागिता कायम हुन सकेको छैन। दण्ड जरिवानालगायत अन्य अभिलेख व्यवस्थित हुन नसकेको, लेखा परीक्षण नभएको, नवीकरण बाँकी रहेका उपभोक्ता समूहहरूको हिस्सा ठूलो रहेको छ। करिब आधिजसो वन उपभोक्ता समूहहरूका साधारण सभा हुन सकेको देखिँदैन। वन तथा जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान हुन सकेको छैन। काउलोको बोक्रा, चिराइतो, सुनगाभा, सुनाखरी, सुनकाउलो (तेजपात) जस्ता वन पैदावारहरू चोरी निकासी हुने गरेका छन् र चोरी निकासी नियन्त्रणको प्रयास हुन सकेको देखिँदैन। जनावरमा जङ्गली खरायो, सालक तथा चराचुरुङ्गीमा काँडेभ्याकुर, जङ्गली काग, तित्रा, सिम कुखुरा लोपोन्मुख भएका छन्। वन क्षेत्रमा भएका पोखरीहरू सबै लोप भएका छन्। दिगो वन व्यवस्थापन सुरु गर्ने भनिए पनि यथार्थमा हुन सकेको देखिँदैन।

### ७.२.२ वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन

#### (क) संभावना र अवसर

नगरपालिकाको १३.९६ प्रतिशत भूमि वनक्षेत्रले ढाकिएको हुँदा नगरपालिकाको समग्र प्राकृतिक वातावरणलाई स्वच्छ राख्न मद्दत पुगेको छ। नगरपालिकाको कुल क्षेत्रफलमध्ये २१.६२ प्रतिशत भूमिमा कृषि क्षेत्र, ५१.४२ प्रतिशत भूमिमा मानव निर्मित संरचना, २६.८६ प्रतिशत भूमिमा वन तथा झाडी क्षेत्र, ०.०७ प्रतिशत भूमिमा औद्योगिक क्षेत्र, ०.०३ प्रतिशत भूमिमा खोलानाला रहेको छ। नैकाप पुरानो भञ्ज्याङ, बाँडभञ्ज्याङ, थानकोट, महादेवस्थान, बलम्बु, नैकाप नयाँ भञ्ज्याङ, मातातीर्थ, मच्छेगाउँलगायतका स्थानहरूमा खुला क्षेत्रहरूको उपलब्धता रहेको छ। वन तथा खुला क्षेत्र यहाँको स्वच्छ प्राकृतिक वातावरणको लागि नगरपालिकाका लागि महत्वपूर्ण प्राकृतिक सम्पदाहरू हुन्। नगरपालिकाको ५० प्रतिशतभन्दा बढी भूभाग डाँडाकाँडाले ढाकिएको छ। यहाँको वनजङ्गलले विभिन्न जनावर तथा चराचुरुङ्गीको लागि बासस्थान उपलब्ध गराएको छ।

डाँडाको उच्च भूभागबाट सुन्दर हिमश्रृङ्खला, हरिया पर्वतहरूको सुन्दर दृश्य देखिन्छ। भालेश्वर डाँडाबाट गणेश हिमाल, लाङटाङ, दोर्जे लाक्पा, गौरीशङ्कर र सगरमाथा समेतको दृश्यावलोकन गर्न सकिन्छ। यहाँबाट सूर्योदय र सूर्यास्तको राम्रो दृश्य पनि देखिन्छ। रातान्मे फुलेका गुराँसयुक्त पदमार्गबाट सेताम्मे हिमश्रृङ्खलाको सौन्दर्यता देख्न सकिने यहाँको भूगोल काठमाडौंको जनसङ्ख्यालाई हाइकिङ, साइक्लिङ, बाइकिङका लागि आकर्षित गर्न उत्कृष्ट प्राकृतिक वातावरणका रुपमा उपलब्ध छ। पर्यटकीय चन्द्रागिरि बनाउने नगरपालिकाको दिर्घकालीन सोचलाई व्यवहारमा रुपान्तरण गर्न नगरपालिकाका लागि यी महत्वपूर्ण सम्पदा हुन्।

घरधुरीमै फोहोरमैला वर्गीकरण गर्ने अभ्यास हुनु यहाँको फोहोरमैला व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण पक्ष हो। यसले गर्दा फोहोरमैला बढ्दै गए पनि कुहिने फोहोरलाई कम्पोष्ट मल बनाएर तथा पुनःचक्रीय प्रयोग हुन सक्ने फोहोरमैलालाई सोहीअनुसार प्रयोगमा पठाएर आयआर्जन गर्न सकिने सम्भावना पनि रहेको छ। गैरसरकारी तथा निजी संस्थाहरूले फोहोरमैला सङ्कलनमा नगरपालिकालाई सहयोग गर्दै आएका छन्। नगरपालिकाको फोहोरमैला सङ्कलन/व्यवस्थापनको कार्यमा झण्डै चार दर्जन सवारी साधनहरू प्रयोग हुँदै आएका छन्। वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार ८७.५ प्रतिशत घरधुरीमा फ्लस सुविधा भएका शौचालय सुविधा रहेको छ।

#### (ख) समस्या र चुनौती

वन क्षेत्रमा अतिक्रमण बढ्दै गएकाले जङ्गली जीवजन्तुको वासस्थान सङ्कुचित हुँदै गएको छ, भूक्षयका लागि सकारात्मक वातावरण बनेको छ। ठाउँ-ठाउँमा पहिरो गएका छन् र बढ्दै गएका छन्। वनमाथिको अतिक्रमणले कार्बन सञ्चितीमा क्षय पुगेको छ। शहरीकरणमा वृद्धि भएसँगै दैनिक रुपमा निष्काशन हुने फोहोरमैलाको मात्रामा समेत निरन्तर बढ्दै गएको छ। खुला रुपमा फोहोर तथा प्लाष्टिक जलाउने प्रचलन रहेको कारण वायु तथा भूमि प्रदूषण पनि बढ्दै गएको छ। वन क्षेत्रमा खानेपानीका मुहानहरू रहेका छन् र तर तिनको संरक्षणका लागि पर्याप्त कदम चाल्न सकेको देखिँदैन।

विभिन्न समयमा नगरपालिकाले फोहोरमैला समयमा उठाउन नसक्दा दुर्गन्ध बढ्ने गरेको छ। फोहोरमैला व्यवस्थापनका लागि खुला क्षेत्रहरू उपलब्ध भए पनि फोहोरमैला प्रशोधन केन्द्र तथा सेनिटरी ल्याण्डफिल साइटको व्यवस्था हुन सकेको छैन। नगरपालिकामा उल्लेख्य मात्रामा खुला क्षेत्र तथा सार्वजनिक जमिन उपलब्ध भए पनि तिनको साँध सिमाना यकिन गर्ने तथा अभिलेखीकरण गर्ने कार्य हुन सकेको छैन। सडक, खुला स्थानलगायतमा फोहोर फाल्ने प्रचलन कायमै

रहेको छ । बल्खुलगायतका खोला तथा अन्य खोला खोल्सा जैविक, अजैविक फोहोरमैलाले प्रदूषित बनेका छन् । शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा तयार भएको नगरपालिकाको वस्तुस्थिति विवरण अनुसार १२८६ घरपरिवार सदस्यले खोलामा, ७३४ घरपरिवार सदस्यले सडकमा, ७३४१ घरपरिवार सदस्यले ल्याण्डफिल साइटमा, ८४१ घरपरिवारले आफ्नै कम्पाउण्डमा कम्पोष्ट मल बनाएर फोहोरमैलाको व्यवस्थापन गर्ने गरेका छन् भने १३२५ घरपरिवारले भ्यानलाई फोहोरमैला बुझाउने गरेका छन् र ३९१८ घरपरिवारले कसरी फोहोरमैला व्यवस्थापन गर्दछन् । उक्त प्रतिवेदनअनुसार नगरपालिकामा प्रतिव्यक्ति दैनिक फोहोरमैला निष्काशन ०.३२ कि.ग्रा. रहेको छ । उक्त प्रतिवेदनअनुसार यस नगरपालिकाबाट निष्काशित फोहोरमैलामध्येमा ६० प्रतिशत ल्याण्डफिल साइटमा, १० प्रतिशत पुनःचक्रिय प्रयोगमा ल्याएर, २५ प्रतिशत मल बनाएर तथा ५ प्रतिशत अन्य विभिन्न किसिमले व्यवस्थापन हुने गरेको छ ।

### ७.२.३ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन

#### (क) संभावना र अवसर

नगरपालिकामा रहेको वन क्षेत्रले कार्बन सञ्चितीकरणमा योगदान पुऱ्याएको छ । वडा नं. १, ३, ४, ६, ७, ८ र ९ का विभिन्न क्षेत्रमा खानेपानीका मुहानहरू रहेका छन्, जसको संरक्षण स्थानीय जीवजन्तु, चराचुरुङ्गी तथा वनस्पतिलगायत स्थानीय समुदायका लागि समेत महत्वपूर्ण रहेको छ । खुला जमिनको उपलब्धता र धेरै स्थानमा पातलो बस्ती हुनाले पूर्वाधार विस्तार गर्ने तथा नयाँ पूर्वाधारहरू निर्माण गर्ने कार्यमा घना वस्तीको तुलनामा सहज हुने अवस्था रहेको छ । शहरी क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्रलगायतका मिश्रित आर्थिक गतिविधि भएको हुँदा जलवायु विषमताका अवस्थामा पनि कुनै न कुनै आर्थिक गतिविधि सुचारु राख्न सकिने अवस्था रहन्छ । खुला क्षेत्र तथा वन जङ्गलको उपलब्धताका कारण भूमिगत जल पुनर्भरण गर्न सहज वातावरण रहेको छ । सबै वडामा सडक सञ्जाल विस्तार भएकाले आपत्कालीन अवस्थामा उद्दार तथा राहतका कार्यक्रम सञ्चालन गर्न सहज छ । साथै, स्थानीय स्तरमै सशस्त्र प्रहरी बलको उपस्थिति हुनाले उद्दार राहतलाई थप छिटो, प्रभावकारी र ठूलो स्तरमा गर्न सकिने अवसर छ । नगरपालिकामा वातावरण तथा विपद् जोखिम व्यवस्थापन शाखाले सक्रिय रुपमा समग्र नगरपालिकाभरिको विपद् व्यवस्थापनको नेतृत्व गर्दैआएको छ ।

#### (ख) समस्या र चुनौती

वन क्षेत्रमाथि अतिक्रमण बढ्दै जाँदा भूक्षय बढ्दै गएको छ । नगरपालिकाका विभिन्न क्षेत्रमा भएका पानीका मुहान तथा पोखरीहरू सुक्दै गएका कारण वन्यजन्तुमाथि चाप बढेको छ । वर्षेनी हुने वन डढेलोले वायु प्रदूषण बढाएको छ । बढ्दो तापक्रमका कारण मच्छडको प्रकोप पनि बढ्दै गएको छ । जलवायुजन्य विषमताका कारण मनसुनको प्रवृत्ति अनिश्चित हुँदा कहिले खडेरी तथा कहिले घनघोर वर्षाको सम्भावना पनि बढ्दै गएको छ ।

## ७.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

### ७.३.१ लक्ष्य

दिगो वन व्यवस्थापन, स्वच्छ वातावरण र सन्तुलित पर्यावरण सहितको विपद् उत्थानशील समुदाय निर्माण गर्ने

### ७.३.२ उद्देश्य

१. वन तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गरी आयआर्जन क्षेत्रको रुपमा विकास गर्ने
२. दिगो वातावरणीय अभ्यासहरू तथा प्रभावकारी फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता तथा जनस्वास्थ्यको प्रवर्द्धन गर्नु
३. जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न सक्ने क्षमता तथा विपद् उत्थानशीलतामा वृद्धि गर्नु

### ७.३.३ रणनीति तथा कार्यनीति

वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रका लक्ष्य उद्देश्यहरू हासिल गर्न देहायअनुसार रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ :

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य नं. १ : जीवन्त तथा उत्थानशील प्राकृतिक वातावरण सिर्जना गर्न वन तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्नु | |
| १.१. दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरी पर्यावरणीय सन्तुलन र आयआर्जनका अवसरमा वृद्धि गर्ने | १.१.१. वन क्षेत्रको सर्भेक्षण गरी वनस्पति प्रजाति, माटोको गुणस्तर, जलस्रोत तथा जैविक विधिताको अभिलेखीकरण तथा मूल्याङ्कन गरिनेछ ।<br>१.१.२. जडिबुटी तथा एभोकाडो, लप्सी, कटुस, रुद्राक्ष, ओखरलगायतका नगदे वनस्पतीको खेती विस्तार गरी आयआर्जन वृद्धि गरिनेछ ।<br>१.१.३. वनको पर्यावरण, सन्तुलन तथा क्षमतालाई कुनै असर नपर्ने गरी वन क्षेत्रका बूढा, ढलापडा, रोगी, खोक्रा वृक्षको सदुपयोग गर्दै नयाँ वनस्पतिको वृद्धि र विकासका लागि मार्ग प्रशस्त गर्न डिभिजन वन कार्यालयसँग पहल गरिनेछ ।<br>१.१.४. वनको नियमित अनुगमन गरी वन संरक्षणको अवस्था र प्रजातिगत पुनरुत्पादन र गुणस्तरको अवस्थामा ध्यान दिन आवश्यक समन्वय गरिनेछ ।<br>१.१.५. दिगो वन व्यवस्थापन गर्न सम्बन्धित वन उपभोक्ता समूह र डिभिजन वन कार्यालयसँग सहकार्य गरिनेछ ।<br>१.१.६. वन क्षेत्रमा व्यावसायिक जडिबुटी खेतीलगायत गैरकाष्ठ वन पैदावारको उपयोगका लागि वन उपभोक्ता समूहहरूलाई प्रोत्साहित गरिनेछ ।<br>१.१.७. हरियाली प्रवर्द्धनको लागि हावापानी, माटो र भूगोल अनुरुप खाली जग्गाहरूमा वृक्षरोपण गरिनेछ ।<br>१.१.८. पुनर्भरण पोखरीहरूको निर्माण गरी भूमिगत पानीको अवस्थामा सुधार गरिनेछ ।<br>१.१.९. प्लटिङ तथा अन्य निर्माण कार्यलाई नियमन गरी वन क्षेत्रको अतिक्रमण नियन्त्रण गरिनेछ । |
| १.२. जैविक विविधताको संरक्षण तथा हरियाली क्षेत्रहरूको प्रवर्द्धन गर्ने | १.२.१ दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।<br>१.२.२ विद्यमान प्रजातिको सङ्ख्या कायम राख्दै नयाँ प्रजातिको प्रवर्द्धनको प्रयास गरिनेछ ।<br>१.२.३ सडकको आसपास तथा घरधुरी स्तरमा वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।<br>१.२.४ उद्यान क्षेत्रहरूको निर्माण गरी शहरी सौन्दर्यता र हरियाली प्रवर्द्धन गरिनेछ ।<br>१.२.५ नागरिकहरूलाई कौशी खेती तथा हरियो छानोका लागि प्रोत्साहन गरिनेछ । |
| उद्देश्य नं. २ : दिगो वातावरणीय अभ्यासहरू तथा प्रभावकारी फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता तथा जनस्वास्थ्यको प्रवर्द्धन गर्नु | |
| २.१ प्राकृतिक वातावरण संरक्षणका लागि आवश्यकता अनुसार नीति तर्जुमा/परिमार्जन गर्ने तथा कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्ने | २.१.१. चन्द्रागिरि एकीकृत फोहोरमैला व्यवस्थापन कार्यविधि तथा मापदण्ड तयारी गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२.१.२. आवश्यक कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन गरी जल, वायु, माटो तथा ध्वनीको प्रदूषण नियन्त्रण गरिनेछ ।<br>२.१.३. नगरपालिकालाई वातावरणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।<br>२.१.४. सार्वजनिक स्थानमा फोहोरमैला गर्ने कार्यलाई दण्डित गर्ने व्यवस्था गरिनेछ ।<br>२.१.५. नदी, खोला, सार्वजनिक स्थल, बाटो आदिलाई सबै प्रकारका फोहोरमैला निषेधित क्षेत्र घोषणा गरिनेछ ।<br>२.१.६. खोलानाला, खोल्सा-खोल्सीमा ढल तथा सेप्टिक ट्याङ्की लगायतको फोहोर मिसाउने कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।<br>२.१.७. उद्योग तथा कलकारखानाले निष्काशन एवम् उत्सर्जन गर्ने प्रदूषणलाई मापदण्डको दायरामा ल्याइनेछ ।<br>२.१.८. नगरभित्र रहेका सार्वजनिक खोला, इनार, कुवा र ऐतिहासिक पोखरीहरू सफाइ गरी स्वच्छ वातावरण निर्माणलाई अभियानका रुपमा अघि बढाइनेछ ।<br>२.१.९. नक्सापासमा वृक्षरोपणलाई अनिवार्य गरिनेछ । |
| २.२ वातावरण संरक्षणका लागि आवश्यकताअनुसार पूर्वाधार तथा | २.२.१. सार्वजनिक स्थल, मुख्य सडक, मुख्य चोकमा सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिइनेछ ।<br>२.२.२. सबै प्रमुख सडक र सार्वजनिक स्थलहरूमा सरसफाइ तथा सौन्दर्यीकरणका कार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| संरचना निर्माण र व्यवस्थापकीय कार्यहरूलाई प्राथमिकताका साथ अघि बढाउने | २.२.३. प्लाष्टिक झोलालाई कागजका झोलाबाट प्रतिस्थापित गर्न आवश्यक आवश्यक व्यवस्था गरिनेछ ।<br>२.२.४. फलाम, सिसा, प्लाष्टिक तथा कागजजन्य नकुहिने फोहोर र कुहिने फोहोरमैलालाई स्रोतमै वर्गीकरण गरी तदनुरुप सङ्कलन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>२.२.५. अस्पताल तथा उद्योगहरूबाट निष्काशन हुने हानिकारक फोहोरमैलालाई छुट्टै व्यवस्थापन गर्न आवश्यक प्लान्टको स्थापना गरिनेछ ।<br>२.२.६. नगरपालिकाका विभिन्न स्थानमा वायु प्रदूषण मापन यन्त्रहरू जडान गरी नियमित अनुगमन गर्ने र उपत्यकाभरि नै यस कार्यलाई प्रोत्साहित गर्न आवश्यक समन्वय गरिनेछ ।<br>२.२.७. हरेक वडामा पुराना पोखरीहरूको संरक्षण र नयाँ दुईवटा पोखरी निर्माण गरिनेछ र भूमिगत जल पुनर्भरणमा योगदान पुऱ्याइनेछ ।<br>२.२.८. पूर्वाधार निर्माणमा वातावरण परीक्षण र सुझाव कार्यान्वयनलाई अनिवार्य गरिनेछ ।<br>२.२.९. ऐतिहासिक त्रिभुवन पार्कलाई नगरपालिकाको मातहत ल्याई नमुना पार्कका रुपमा विकास गरिनेछ ।<br>२.२.१०. भिरालो जमिनमा प्लटिङलाई निषेधित गरिनेछ । |
| उद्देश्य नं. ३ : जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न सक्ने क्षमता तथा विपद् उत्थानशीलतामा वृद्धि गर्नु | |
| ३.१. स्थानीय समुदायको जलवायु अनुकूलन क्षमता वृद्धि गर्न पूर्वतयारी तथा न्यूनीकरणका कार्यहरूलाई प्राथमिकताका साथ अघि बढाउने | ३.१.१. बाढी पहिरो तथा भूक्षय संवेदनशील क्षेत्रहरू पहिचान गरी रोकथामका उपायहरू अवलम्बन गरिनेछ ।<br>३.१.२. सुविधासम्पन्न स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी २४सै घण्टा कार्य सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।<br>३.१.३. नगरपालिका, वडा कार्यालय र नगरपालिका मातहतका सार्वजनिक सेवाका कार्यालय, निजी आवास क्षेत्र, उद्योग, औद्योगिक भवनहरूमा अग्नि नियन्त्रक राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । |
| ३.२. विपद् जोखिम व्यवस्थापनका अवधारणालाई मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गर्ने | ३.२.१. नगरपालिकामा विपद् व्यवस्थापन समिति र वडा तहमा विपद् व्यवस्थापन स्वयम्सेवी कार्यदल गठन, क्षमता अभिवृद्धि र परिचालन गरी समुदायमा आपत्कालीन अवस्थामा तत्काल प्रतिकार्यमा जुट्न सक्ने क्षमता अभिवृद्धि गरिनेछ ।<br>३.२.२. विपद् व्यवस्थापन स्वयम्सेवी कार्यदललाई खोज उद्दार, प्राथमिक उपचार, आपत्कालीन आश्रय स्थल निर्माण, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन जस्ता विषयमा तालिम दिइनेछ ।<br>३.२.३. आपत्कालमा आवश्यकता अनुसारको बजेट सुनिश्चित गर्न विपद् व्यवस्थापन कोष स्थापना गरी वार्षिक रुपमा रकम विनियोजन गर्दै लगिनेछ । |

## ७.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

यस आवधिक योजनाको कार्यान्वयनपश्चात् वन तथा जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन भई नगरपालिकाको वातावरण तथा पर्यावरण स्वस्थ तथा सन्तुलित हुने र समुदाय उत्थानशील हुने अपेक्षा गरिएको छ । नतिजा तालिका देहायअनुसार रहेको छ :

**तालिका ७.१ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको नतिजा खाका**

| विषय क्षेत्र/उपक्षेत्रगत नतिजा | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **प्रभाव :** स्वस्थ वातावरण, सन्तुलित पर्यावरण र समुदाय उत्थानशील भएको हुने । | वनले ढाकेको क्षेत्र | व.कि.मी | १९.१९ | १९.१९ | १९.१९ | १९.१९ | १९.१९ | १९.१९ |
| | फोहोरमैलामुक्त खोला र पोखरीहरूको सङ्ख्या | प्रतिशत | ० | ० | २ | २ | ३ | ४ |
| | फोहोरपानी प्रशोधन प्लान्ट | सङ्ख्या | ० | ० | १ | १ | १ | १ |
| | वायु गुणस्तर सूचकाङ्क औसत (µg/m3, 24 hours' average) (local standard) | सूचकाङ्क | ७२ | ७० | ६५ | ६० | ५५ | ५० |
| | सुव्यवस्थित सेनिटरी ल्याण्डफिल साइट | सङ्ख्या | ० | ० | ० | १ | १ | १ |
| **असर :** जल, वायु तथा माटोको गुणस्तरमा सुधार भएको र विपद्जन्य क्षति नोक्सानी न्यून भएको हुने | उद्यान तथा सडक किनारमा गरिएको वृक्षरोपण | सङ्ख्या | ७००० | १०००० | १४००० | १८००० | २२००० | २५००० |
| | मापदण्ड अनुरुप वातावरणीय प्रभाव अध्ययन गरी निर्माण गरिने आयोजनाको हिस्सा | प्रतिशत | १० | १२ | ३० | ४० | ५० | १०० |
| | शहरको निर्मित क्षेत्रमध्ये खुला क्षेत्रको हिस्सा | प्रतिशत | ४.७५ | ४.८ | ५.० | ६.० | ६.५ | ७.० |
| | हरित छतयुक्त घरहरू (कौशी खेती) | सख्या | १००० | १२०० | १४०० | १६०० | १८०० | २००० |
| | कुल उद्यान तथा हरित क्षेत्र | सङ्ख्या | २६ | २६ | २६ | २८ | ३० | ३० |
| **प्रतिफल :** वन तथा हरियालीमा वृद्धि तथा जैविक विविधताको संरक्षण, प्रवर्द्धन भएको हुने | वृक्षारोपणबाट वृद्धि भएको हरित क्षेत्र | रोपनी | २.०३ | २.५४ | ३.०५ | ३.५ | ४ | ४.५ |
| | बिरुवा रोपिएका नयाँ सडक पेटी | किमी | ३.३ | ५ | ७ | ९ | ११ | १५ |
| | वातावरणीय सरसफाइ, स्वच्छता भएका वडा | सङ्ख्या | ० | १ | ३ | ८ | १० | १५ |
| | व्यावसायिक जडिबुटी खेतीमा सङ्लग्न घरपरिवार | सङ्ख्या | ० | ० | २५ | ५० | १५० | २०० |
| | उत्पादित गैरकाष्ठ वन पैदावार | क्यु.फिट | ८८०० | ९००० | ९५०० | १०००० | १२००० | १४००० |
| **प्रतिफल :** वन, हरियाली तथा जैविक विविधताको संरक्षणका लागि सहकार्यमा वृद्धि भएको हुने | वन, हरियाली तथा जैविक विविधताको संरक्षणका लागि सहलगानीमा आधारित आयोजना | सङ्ख्या | १ | १ | १ | २ | २ | २ |
| | शहरी सौन्दर्यता अभिवृद्धिका विनियोजित बजेट | रु. लाख | ६५ | ६७ | ७० | ७४ | ७७ | ८० |
| | हरियाली वृद्धिका लागि नगरपालिकाबाट विनियोजित बजेट | रु. हजार | ६५००* | ७००० | ७५०० | ७५०० | ८००० | ८५०० |
| | सामुदायिक वनबाट नगरपालिकामा प्राप्त हुने आम्दानी | रु. हजार | ० | ५० | १०० | १५० | २०० | २५० |
| **प्रभाव :** नगरपालिका फोहोरमैला | विषाक्त एवम् खतरनाक फोहोरमैलालाई नियन्त्रित रुपमा व्यवस्थापन गर्नेस्वास्थ्य संस्था तथा उद्योगको हिस्सा | प्रतिशत | ० | ५० | १०० | १०० | १०० | १०० |

| विषय क्षेत्र/उपक्षेत्रगत नतिजा | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| एवम् प्रदुषणमुक्त र वातावरणीय स्वच्छतामा वृद्धि भएको हुने | दैनिक निष्काशन हुने कुल फोहोरमैलामध्ये प्रशोधन, व्यवस्थापन गरिने फोहोरमैलाको हिस्सा | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० |
| | हावामा रहेका सूक्ष्म कण (Annual mean levels of fine particulate matter (e.g. PM2.5 and PM10) | μg/m$^3$ | ५१ | ५० | ४९ | ४८ | ४७ | ४६ |
| | फोहोरमैलारहित स्वच्छ खोलाहरूको सङ्ख्या | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ |
| **असरः**<br>प्रशोधन र पुनःचक्रीय प्रयोगमा वृद्धि भई फोहोरमैला विसर्जन लगायत अन्य प्रदूषण समेत उल्लेखनीय रुपमा घटेको हुने | सङ्कलित फोहोरमैलामध्ये वर्गीकरण गरी विसर्जन गरिने फाहोरमैलाको हिस्सा | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ |
| | निष्काशित कुल फोहोरमैलामध्ये नियन्त्रित रुपमा विसर्जित परिमाण | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ |
| | नगरपालिकाको वायु गुणस्तर सूचाङ्क | AQI | ५० | ४९ | ४८ | ४७ | ४६ | ४५ |
| **प्रतिफल १ :**<br>फोहोरमैलाको पुनःचक्रिय प्रयोग र प्रशोधन अभ्यासमा वृद्धि भएको हुने | पुनःचक्रिय प्रयोगमा पठाइएको परिमाण (Recycled amount) | क्विन्टल | ५ | ६ | ७ | ८ | ९ | १० |
| | दैनिक रुपमा निष्काशन हुने कुल फोहोरमैला परिमाण | क्विन्टल प्रतिव्यक्ति | ०.२४४ | ०.२४३ | ०.२४२ | ०.२४१ | ०.२४० | ०.२३९ |
| | प्रशोधन नगरी निष्काशन गरिने औद्योगिक फोहोर पानीको हिस्सा | प्रतिशत | १०० | ९५ | ९० | ८५ | ८० | ७५ |
| | सेनिटरी ल्याण्डफिल साइट | सङ्ख्या | ० | ० | ० | ० | १ | १ |
| | ठोस फोहोरमैला प्रशोधनका लागि लाभ-लागत विश्लेषण | सङ्ख्या | ० | ० | २ | २ | ० | ० |
| **प्रतिफल २:**<br>फोहोरमैलाको पुनःचक्रिय प्रयोग र प्रशोधनसम्बन्धी नगरपालिकाको संस्थागत क्षमतामा वृद्धि भएको हुने | फोहोरमैला वर्गीकरण केन्द्र | सङ्ख्या | ० | १५ | १५ | १५ | १५ | १५ |
| | विषाक्त र खतरनाक फोहोरमैला व्यवस्थापन केन्द्र ( Hazardous waste treatment center) | प्रतिशत | ० | ० | १ | १ | १ | १ |
| | अक्सिजनमुक्त फोहोरमैला दहन केन्द्र (Pyrolysis) | सङ्ख्या | ० | ० | ० | १ | १ | १ |
| **प्रतिफल ३:**<br>ढल निकास एवम् व्यवस्थापन प्रणाली सुदृढ भएको हुने | ढलको लेदो प्रशोधन केन्द्र | सङ्ख्या | | | | | | |
| | सेप्टिक ट्याङ्क नभएका घरधुरी | प्रतिशत | १२ | १० | ८ | ७ | ६ | ५ |
| | ढल निकास तथा व्यवस्थापनका लागि अन्तर स्थानीय सरकार कार्ययोजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| | ढल प्रणालीहरू/उपयुक्त एफ.एस.एम (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प्रतिशत) | प्रतिशत | ५ | ८ | १२ | १६ | २० | ३० |

| विषय क्षेत्र/उपक्षेत्रगत नतिजा | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **प्रभावः**<br>नगरपालिका र नागरिकहरूको विपद् उत्थानशील क्षमतामा वृद्धि भएको हुने | गत पाँच वर्षमा कोभिड बाहेक अन्य विपद्जन्य घटनाबाट मृत्यु वा घाइते हुने | सङ्ख्या | १६५* | १६० | १३० | १०० | ९० | ८५ |
| | विपद्जन्य घटनाबाट भएको भौतिक क्षतिको मौद्रिक मूल्य | रु. करोड | १५.८४* | १४ | १२ | ११ | १० | ९ |
| | विपद्का औसत घटनाबाट प्रभावित र विस्थापित घरपरिवार (विगत तीन वर्षमा) | सङ्ख्या | १२ | १० | ८ | ६ | ५ | ४ |
| **असरः**<br>जलवायु एवम् विपद्जन्य क्षतिनोक्सानी न्यूनीकरण भएको हुने | पूर्वसूचना प्रणाली | सङ्ख्या | १ | १ | १ | २ | ३ | ३ |
| | डुवान प्रभावित सडकको लम्बाइ | किमी | ५ | ५ | ५ | ४ | ४ | ३ |
| | विषम जलवायुको अवस्थामा खानेपानी पहुँच सुनिश्चित भएको जनसङ्ख्या | प्रतिशत | ५० | ५० | ४५ | ४५ | ४० | ३० |
| | सडक दुर्घटनाबाट मृत्यु/घाइते हुनेको सङ्ख्या | सङ्ख्या | | १८ | १५ | १२ | ९ | ७ |
| | आगलागीका घटना | सङ्ख्या | | २८ | २५ | २० | १५ | १० |
| | डुवान प्रभावित हुन घरहरू | सङ्ख्या | २०० | २०० | १८० | १५० | १२० | १०० |
| **प्रतिफल १ :**<br>विपद् पूर्वतयारी एवम् विपद् जोखिम न्यूनीकरणका अभ्यासमा वृद्धि भएको हुने | भवन आचार-संहिताको पालना गरी निर्माण गरिएका विद्यालय तथा स्वास्थ्य संस्थाको हिस्सा | प्रतिशत | ७० | ६५ | ६० | ५५ | ५० | ४५ |
| | नगरपालिकामा महामाहारी तथा विपद् प्रतिकार्य योजना तर्जुमा भई तत्काल कार्यान्वयन गर्न सकिने अवस्थामा | भएको/नभए को | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | सडक दुर्घटना सङ्ख्या | सङ्ख्या | | ११० | १०० | ९० | ८० | ७० |
| | भूकम्प प्रतिरोधी आवासीय भवन | प्रतिशत | ७७ | ८० | ८३ | ८६ | ८९ | ९२ |
| | आपत्कालीन सामुहिक आश्रयस्थल | सङ्ख्या | १ | ३ | ६ | ९ | १२ | १५ |
| **प्रतिफल २ :**<br>विपद् जोखिम न्यूनीकरणको संस्थागत क्षमतामा अभिवृद्धि भएको हुने | प्रतिकार्य योजना भई स्वस्फूर्त र स्पष्ट रुपमा आपत्कालीन व्यवस्थापन गर्न सक्ने वडा | सङ्ख्या | ४ | ६ | ८ | ११ | १५ | १५ |
| | प्राथमिक उपचारमा दक्ष र सक्रिय जनशक्ति | सङ्ख्या | ३० | ३० | ५५ | ८० | १०५ | १३० |
| | विपद् जोखिम न्यूनीकरण कोषमा जम्मा रकम | हजार | २०००० | २१००० | २२००० | २३००० | २४००० | २५००० |
| **प्रतिफल ३ :**<br>विषम जलवायुजन्य क्षति नोक्सानीमा न्यूनीकरण भएको हुने | डुवान क्षेत्रमा रहेका संरक्षित घरधुरी | सङ्ख्या | २०० | २०० | २०० | २०० | २०० | २०० |
| | विषम जलवायुको कारण क्षतिग्रस्त सडक | मिटर | २००० | २००० | १८०० | १५०० | १३०० | १००० |
| | विषम जलवायुको कारण क्षतिग्रस्त विद्यालय तथा अस्पताल | सङ्ख्या | ३ | ३ | २ | १ | ० | ० |
| | विद्युतीय सवारी साधन | सङ्ख्या | २५० | ३५० | ४५० | ५५० | ६५० | ७५० |

* आ.व. २०७९/८० को तथ्याङ्क

| विषय क्षेत्र/उपक्षेत्रगत नतिजा | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| **प्रतिफल ४ :** कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी अभ्यासमा वृद्धि भएको हुने | भूमिगत जल पुनर्भरण केन्द्र | सङ्ख्या | ६ | ८ | १० | १२ | १४ | १६ |
| | हरित कौशी र छतहरू | सङ्ख्या | १००० | १५०० | २००० | २५०० | ३००० | ३५०० |
| | खाना पकाउन विद्युतीय चुल्हो पयोग गर्ने घरधुरी | प्रतिशत | १९०० | २५०० | ३००० | ३५०० | ४५०० | ५५०० |

## ७.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना

यस आवधिक योजनाको लक्ष्य उद्देश्य प्राप्त गर्न देहाय अनुसार प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गरिएको छ :

**तालिका ७.२ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना**

((रकम रु. हजार)

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत (रु. हजार) | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १ | वन, भूसंरक्षण, जलाधार र जैविक विविधता | | | | १२१२५० | | २४०५० | | २६०५० | | २७०५० | | २२०५० | | २२०५० |
| १.१ | दिगो वन व्यवस्थापनमा सहकार्य (वन क्षेत्र सर्भेक्षण तथा अभिलेखीकरण, पुनरुत्पादन तथा गुणस्तर, अनुगमन, नगदे वृक्षरोपण तथा वन व्यवस्थापन योजना) | पटक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| १.२ | पर्यापर्यटन प्रवर्द्धनका लागि सहकार्य ( हाइकिङ तथा साइक्लिङ मार्ग, वनभोज स्थल निर्माण, प्रचार प्रसार सामग्री) | सङ्ख्या | १५ | २००० | ३०००० | ३ | ६००० | ४ | ८००० | ४ | ८००० | २ | ४००० | २ | ४००० |
| १.३ | वनमा आधारित आयआर्जनका लागि सा.व.को क्षमता विकास (व्यावसायिक जडिबुटीको खेतीलगायत गैरकाष्ठ वन पैदावार उत्पादन व्यवस्थापन) | पटक | ५ | ७५० | ३७५० | १ | ७५० | १ | ७५० | १ | ७५० | १ | ७५० | १ | ७५० |
| १.४ | लोपोन्मुख वनस्पति तथा वन्यजन्तु संरक्षण कार्यक्रम | पटक | १ | १००० | १००० | | ० | | ० | १ | १००० | | ० | | ० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत (रु. हजार) | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १.५ | उपजलाधार संरक्षण कार्यक्रम (खोलाखोल्सा किनारामा वृक्षरोपण, बायोइञ्जिनियरिङमा आधारित तटबन्धन, माटो तथा जलसंरक्षणका कार्यक्रम तथा जनसहभागिता) | पटक | १० | २००० | २०००० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० |
| १.६ | वन डढेलो नियन्त्रण कार्यक्रम (अग्निरेखा निर्माण, नियन्त्रण सामग्री, तालिम) | पटक | ५ | ८०० | ४००० | १ | ८०० | १ | ८०० | १ | ८०० | १ | ८०० | १ | ८०० |
| १.७ | पहिरोग्रस्त जमिनको स्थिरीकरण | स्थान | १५ | ३००० | ४५००० | ३ | ९००० | ३ | ९००० | ३ | ९००० | ३ | ९००० | ३ | ९००० |
| १.८ | भूक्षय नियन्त्रण कार्यक्रम | पटक | ५ | २००० | १०००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० |
| २ | वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन | | | | १३५००० | | २१००० | | ४१००० | | ३१००० | | २१००० | | २१००० |
| २.१ | फोहोरमैला वर्गीकरण अभ्यास प्रवर्द्धन एवम् शून्य फोहोरमैला निष्कासनमुखी कार्यक्रम | सङ्ख्या | ५ | ६००० | ३०००० | १ | ६००० | १ | ६००० | १ | ६००० | १ | ६००० | १ | ६००० |
| २.२ | खोलाखोल्सा लगायत आसपासका जमिनको सरसफाइ कार्यक्रम | पटक | १० | ७५० | ७५०० | २ | १५०० | २ | १५०० | २ | १५०० | २ | १५०० | २ | १५०० |
| २.३ | सार्वजनिक शौचालय निर्माण कार्यक्रम | वटा | १० | २५०० | २५००० | २ | ५००० | २ | ५००० | २ | ५००० | २ | ५००० | २ | ५००० |
| २.४ | अस्पतालजन्य हानिकारक फोहोरमैला व्यवस्थापन कार्यक्रम | सङ्ख्या | १ | २०००० | २०००० | | ० | १ | २०००० | | ० | | ० | | ० |
| २.५ | उद्योगधन्दाबाट निष्काशन हुने हानिकारक फोहोर व्यवस्थापनमा सहकार्य | सङ्ख्या | १ | १०००० | १०००० | | ० | ० | ० | १ | १०००० | | ० | | ० |
| २.६ | वायु प्रदूषण मापन यन्त्र जडान तथा वायु नियन्त्रण कार्यक्रम | सङ्ख्या | ५ | ५००० | २५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० |
| २.७ | पानी मुहान संरक्षण | सङ्ख्या | २५ | ५०० | १२५०० | ५ | २५०० | ५ | २५०० | ५ | २५०० | ५ | २५०० | ५ | २५०० |
| २.८ | नगरपालिकाको वातावरण संरक्षण एवम् बसोबासयोग्यता अभिवृद्धिमा नागरिक सहभागिता अभिवृद्धि कार्यक्रम | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३ | जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम व्यवस्थापन | | | | १६४००० | | ३८८०० | | ३१३०० | | ३१३०० | | ३१३०० | | ३१३०० |
| ३.१ | वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.२ | पुनर्भरण पोखरी निर्माण | सङ्ख्या | १५ | ८०० | १२००० | ३ | २४०० | ३ | २४०० | ३ | २४०० | ३ | २४०० | ३ | २४०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ लागत (रु. हजार) | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ३.३ | आपत्कालीन स्थानीय स्वयम्सेवी कार्यदल गठन तथा परिचालन (खोज उद्दार, प्राथमिक उपचार, अस्थायी आवास, खाद्य, गैरखाद्य) | सङ्ख्या | १ | ३००० | ३००० | १ | ३००० | | ० | | ० | | ० | | ० |
| ३.४ | विपद् व्यवस्थापन कोष | पटक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ३.५ | विपद् व्यवस्थापन कृत्रिम अभ्यास | पटक | ७५ | ६० | ४५०० | १५ | ९०० | १५ | ९०० | १५ | ९०० | १५ | ९०० | १५ | ९०० |
| ३.६ | आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन (उपकरण, सामग्री, जनशक्ति, बजेट, सञ्चार प्रणाली) | वटा | १ | ३००० | ३००० | १ | ३००० | | ० | | ० | | ० | | ० |
| ३.७ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | सङ्ख्या | ६ | १५०० | ९००० | २ | ३००० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ३.८ | बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री सामुहिक खुला क्षेत्र संरक्षण तथा आश्रय स्थलहरू निर्माण (शौचालय, खानेपानी) | सङ्ख्या | १० | २००० | २०००० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० |
| ३.९ | अकासे पानी सङ्कलन तथा प्रयोगमा नागरिक सहकार्य | घरधुरी | १००० | ५० | ५०००० | २०० | १०००० | २०० | १०००० | २०० | १०००० | २०० | १०००० | २०० | १०००० |
| ३.१० | घर प्रबलीकरणका लागि नागरिक सहकार्य | सङ्ख्या | १००० | ५० | ५०००० | २०० | १०००० | २०० | १०००० | २०० | १०००० | २०० | १०००० | २०० | १०००० |
| ४.० | वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा विकास साझेदारहरूको कार्यक्रम | सङ्ख्या | ५ | ६०००० | ३००००० | १ | ६०००० | १ | ६०००० | १ | ६०००० | १ | ६०००० | १ | ६०००० |
| कुल | | | | | ७२०२५० | | १४३८५० | | १५८३५० | | १४९३५० | | १३४३५० | | १३४३५० |

# परिच्छेद ८ : सुशासन तथा संस्थागत विकास

## ८.१ पृष्ठभूमि

संस्थागत विकास विना कुनै पनि संस्थाले गरेका क्रियाकलापहरू र त्यसका उपलब्धीहरू संस्थागत रुपमा दिगो हुन सक्दैन । उपलब्धीहरू संस्थागत हुनको लागि सम्बन्धित संस्था सक्षम र पारदर्शी हुनु आवश्यक । नेपालको संविधानले नगरपालिकालाई स्थानीय स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ। साथै स्थानीय सरकारको दायित्व र अधिकारहरू समेत स्पष्ट गरेको सन्दर्भमा स्थानीय सरकार सक्षम, पारदर्शि तथा जवाफदेहि हुनु जरुरी छ । संविधानले तोकेको संस्थागत संरचनाको आधारमा स्थानीय सरकारहरू चल्नु पर्दछ । संस्थागत संरचना अनुसारको अधिकार, कर्तव्य, जनशक्ति व्यवस्थापनको माग हुन्छ । संस्थागत विकासको लागि सक्षम र क्षमतावान जनशक्ति, समूह कार्य, क्षमताको उचित कदर, जनशक्तिको कार्यविभाजन र कार्य विवरण, संस्थागत स्मरण (Institutional Memory), स्वच्छ प्रतिस्पर्धा र नविनतम कार्यको प्रशंसाजस्ता  कुराहरूको विवेकपूर्ण ढंगले परिचालन गरिएको हुनु पर्दछ ।

चन्द्रागिरि नगरपालिकामा कानूनद्वारा गठन गर्नुपर्ने भनिएका समिति तथा उपसमितिहरू गठन भई क्रियाशील रहेका छन् । नगरपालिकाले जम्मा ७३ वटा कानून तर्जुमा गरेको छ, जसमा १७ वटा ऐन, ३ वटा नियमावली, ३५ वटा कायविधि, १ वटा आचार संहिता, ४ वटा मापदण्ड र १३ वटा निर्देशिका छन् ।

संविधानले व्यवस्था गरेको सङ्घीयताको ढाँचा अनुरुप स्थानीय सरकारहरू स्थापना भई तोकिएको अधिकार तथा जिम्मेवारी अनुसारका विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशील हुँदै आएका छन् । नगरपालिकाको परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह, स्थानीय शासनको प्रभावकारी सञ्चालनको लागि संस्थागत क्षमता विकास तथा सुशासनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय सरकारको संस्थागत क्षमता विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवा प्रवाहबाट अपेक्षित नतिजा हासिल गर्न सकिन्छ । सङ्घीय सरकारले समेत कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक सङ्लग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरूले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति जवाफदेही बनाउनुपर्ने अपेक्षा गरेको छ । यस सन्दर्भमा कानूनले दिएको जिम्मेवारी र अधिकार तथा जनअपेक्षा अनुसार कुशल, पारदर्शी र जवाफदेही ढङ्गले सरकार सञ्चालन गरी सेवा प्रवाह र विकास गतिविधिलाई प्रभावकारी बनाउनु आजको आवश्यकता भएको छ ।

अधिकार र साधन स्रोत बढेसँगै स्थानीय सरकारसँग जनअपेक्षा र जिम्मेवारी समेत बढोत्तरी भएको परिवेशमा विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ । यसका लागि स्थानीय सरकारहरूले संविधानको मर्म अनुरुप अन्य स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय र सहकार्य गर्दै सङ्गठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन, समुदाय, निजी तथा गैरसरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई अझ बढी नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । त्यसैले नगरपालिकाले प्रवाह गर्नुपर्ने सेवा र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी सुशासनको अनुभूति गराउन स्थानीय नीति, कानून, सङ्गठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालन र योजना व्यवस्थापनलाई प्रभावकारी बनाउन यो आवधिक योजनाको यो विषयक्षेत्रको प्रारुप तयार गरिएको छ ।

## ८.२ विद्यमान अवस्था विश्लेषण

### ८.२.१ सुशासन (कानून, नीति तथा सेवा प्रवाह)

#### (क) सम्भावना र अवसर

नेपालको संविधानमा व्यवस्था भएको अधिकार क्षेत्र अनुरुप स्थानीय शासनको आधार तयार गर्ने सिलसिलामा नगरपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५, नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७५, पदाधिकारीहरूको आचार संहिता, २०७५, नपाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ सहित ७३ वटा ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयनमा आइसकेका छन् । यसका साथै, सङ्घीय कानूनहरू- स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ लगायत स्थानीय सरकारको बजेट तथा कार्यक्रम दिग्दर्शन, २०७४ समेतको आधारमा न.पा. तथा अन्तरगतका निकायहरूको सञ्चालन, व्यवस्थापन एवम् सेवा प्रवाह भइरहेको छ ।

यसैगरी, यस नपामा सुशासन तथा जवाफदेहिता प्रवर्द्धनका लागि समेत केही प्रयासहरू भएको पाइन्छ । यस क्रममा जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरू कार्यान्वयनमा ल्याएको पाइन्छ । सो अनुसार, नगरपालिकाको वार्षिक आय-व्यय न.पा.को *वेभ साइट* मार्फत् सार्वजनिक गर्ने गरेको, आयोजना तथा कार्यक्रमको भुक्तानी गर्दा सार्वजनिक परीक्षणको प्रतिवेदन प्राप्त गरेर मात्र गर्ने गरेको, सार्वजनिक सुनुवाई गर्ने गरेको, नागरिक बडापत्र रहेको, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी नियुक्त गरिएको आदि देखिन्छ ।

सुशासन, ऐन, कानुन तथा जवाफदेहिता प्रवर्द्धनका लागि नेपाल सरकारले विगतका वर्षदेखि स्थानीय तह संस्थागत क्षमता तथा स्वमूल्याङ्कन प्रणाली (LISA) कार्यान्वयनमा ल्याएको छ । कुल १०० अङ्कभार रहेको उक्त स्वमूल्याङ्कन प्रणालीमा नगरपालिकाले आ.व. २०७७/७८ मा ५९.०५ अङ्क प्राप्त गरेको थियो भने आ.व. २०७८/७९ मा ७४.२५ र आ.व. ०७९।८० मा ७६.७५ अङ्क प्राप्त गरेको छ । यसै गरी १०० अंकभार रहेको नेपाल सरकारले नै आ.व. ०७६।७७ देखि नै अनिवार्य गरेको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याँकन (FRA) मा आ.व. ०७८।७९ मा ६२.५० र आ.व. ०७९।८० मा ८१.५० अंक प्राप्त गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नै विकास गरी आ.व. ०७९।८० देखि अनिवार्य गरेको स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) मा यस नगरपालिकाले ५१ अंक प्राप्त गरेको छ । यी प्रणालीहरूको मूल्याङ्कन नतिजामा नगरपालिकाले हरेक वर्ष सुधार गर्दै लगेकाले नगरपालिका सुशासन र जवाफदेहिता प्रवर्द्धनमा उल्लेख्य प्रगति गर्दै गएको अवस्था प्रत्याभूत हुन्छ ।

यसबाहेक नगरपालिकामा स्थानीय सञ्चित कोष खर्च प्रणाली (SuTRA), सार्वजनिक खर्च व्यवस्थापन प्रणाली (PAMS), EMIS, HMIS, VERMIS, eBPS, Bulk SMS, HRM attendance, राजस्व, न्यायिक गरी १० वटा सफ्टवेयर/प्रणालीहरू प्रयोगमा ल्याइएको हुनाले नगरपालिकाको खर्च, कार्यप्रक्रिया, अभिलेखीकरण, दस्तावेजीकरण लगायतका कामलाई सुधार गर्न मार्ग प्रशस्त गरेको छ । अनलाइन प्रविधिबाट राजस्व सङ्कलन सुरु गरिएको हुनाले यसले सुशासन तथा पारदर्शिता वृद्धि गर्न मद्दत पुऱ्याएको छ । व्यक्तिगत घटना दर्ता वडाबाटै अनलाइन प्रणालीमा हुने गरेको छ भने सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत् भुक्तानी हुने गरेकाले लाभान्वित वर्गलाई सहज भएको छ ।

नगरपालिकामा तोकिएको समय सीमाभित्रै कानुनले तोकेको विधिअनुरुप सभा हुनु तथा सभाबाट विनियोजन ऐन, आर्थिक ऐन स्वीकृत हुनु, आर्थिक ऐन स्वीकृत भएपछि नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई समयमै अख्तियारी दिएर आर्थिक वर्षको कार्य सुरु गर्नु यहाँको सकारात्मक पक्षहरू हुन् ।

स्थानीय तह संस्थागत क्षमता तथा स्वमूल्याङ्कन प्रणाली (LISA), स्थानीय तह वित्तीय जोखिम मूल्याँकन (FRA), स्थानीय आर्थिक विकास मूल्याँकन (LED), स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA), सार्वजनिक सम्पत्ति

व्यवस्थापन प्रणाली (PAMS) जस्ता सफ्टवेयरहरू सङ्घ सरकारबाट निर्माण भई स्थानीय सरकारहरूलाई उपलब्ध भएको हुँदा यसले नगरपालिकाको सुशासन तथा संस्थागत क्षमता अभिवृद्धिमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

### (ख) समस्या र चुनौती

नगरपालिकाले आवश्यक अधिकांश कानूनहरू बनाएता पनि अझ केही महत्वपूर्ण कानूनहरू जस्तै खरीद नियमावली, आन्तरिक नियन्त्रण प्रणाली, अन्तर स्थानीय तह समन्वय तथा सहकार्य सम्बन्धी कानून लगायतका अन्य आवश्यक कानूनहरू बनाई कार्यान्वयन गर्न बाँकी देखिन्छ। यसका साथै, विद्यमान कानूनबारे अधिकांश कर्मचारी तथा जनप्रतिनिधि र सरोकारवालाबीच समान बुझाइको कमी रहेको पाइन्छ। वर्तमान कानून समयसापेक्ष अध्यावधिक तथा सुधार हुन समेत बाँकी देखिन्छ। निर्माण गरिने ऐन नियमहरू सहभागितामूलक ढङ्गले निर्माण गर्नु, बनेका ऐन नियमहरूको बारेमा जानकारी तथा प्रवोधीकरण गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस उपक्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन्। स्थानीय तह संस्थागत क्षमता तथा स्वमूल्याङ्कन प्रणाली (LISA) ले नगरपालिकालाई अधिकार प्रदान गर्ने सबै कानुनी आधारहरूको सन्तुलित प्रयोगमा जोड दिएको छ तर यस प्रणालीमा नगरपालिकाले प्राप्त गरेको अङ्कभारले पनि अझै धेरै काम गर्नुपर्ने खाँचो औंल्याएको छ। यस्तै शाखा, एकाइ तथा सम्बन्धित कर्मचारीहरूको कार्यबोझ अध्ययन हुन सकेको देखिँदैन। सबै शाखा तथा कर्मचारीहरूलाई कार्यविवरण दिइएको छैन। सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अद्यावधिक गरी कार्यपालिका सङ्गठनलाई छरितो, व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ। नगरपालिकाले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरूको नियमित र प्रभावकारी अनुगमन मूल्याङ्कन गरी प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्नेतर्फ अपेक्षित प्रगति हुन सकेको छैन। यसै गरी, स्थानीय स्तरमा विभिन्न गैरसरकारी सङ्घ संस्था समेतले सञ्चालन गरेका कार्यक्रम तथा आयोजनाहरूको पनि नियमित र प्रभावकारी अनुगमन मूल्याङ्कन गर्ने तथा गैरसरकारी क्षेत्रको स्रोतलाई नगरपालिकाको सङ्लग्नता कम भएको भौगोलिक र विषयगत क्षेत्रमा केन्द्रित गर्नेतर्फ पनि समुचित कार्य हुन सकेको देखिँदैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दाफ १२ उपदफा २ को ग ३० मा वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक शशक्तिकरण सम्बन्धी कार्य गर्ने जिम्मेवारी तोकिएको छ। यसका लागि टोल विकास संस्था परिचालन गरी बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सीजस्ता प्रथा नियन्त्रणका लागि नीति र कार्यक्रम तयार भई यस सम्बन्धी सामाजिक परिचालन कार्यक्रमहरू तयारी र प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

यसैगरी, नगरपालिकाको सुशासन, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनको क्षेत्रमा सुरुआती प्रयास भएको देखिएता पनि यसलाई प्रभावकारी र व्यवस्थित गर्न बाँकी रहेको पाइन्छ। यसका साथै, नियमित रुपमा नपाको आय-व्यय सार्वजनिक नगर्नु; नियमित रुपमा सार्वजनिक सुनुवाई नहुनु, सार्वजनिक परीक्षण प्रभावकारी नहुनु समेत कमजोरीको रुपमा रहेको देखिन्छ। सार्वजनिक सरोकारका सम्पूर्ण विषयहरू नियमित र व्यवस्थित रुपमा सार्वजनिक नगर्नु, नागरिक बडापत्र अद्यावधिक नहुनु, पारदर्शिता तथा सामाजिक जवाफदेहिताका लागि कार्यविधिको कमी आदि क्षेत्रहरू उल्लेख्य सुधारका पक्षहरूका रुपमा रहेका छन्।

## ८.२.२ संगठन तथा मानव संसाधन विकास

### (क) संभावना र अवसर

संगठन तथा मानव संशाधन विकास तर्फ यस नगरपालिकामा सुधारोन्मुख कार्यहरू भै रहेको छन्। नगर कार्यपालिकाको कार्यालयको आफ्नै आधुनिक भवन तयार भई सेवा प्रवाह भै रहेको छ भने वडा नं. ६ र ७ बाहेकका १३ वटै वडाका आ आफ्नै भवनबाट सेवा प्रवाह भै रहेको छ भने स्वास्थ्य संस्थाहरू पनि आ आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन्। बनाउन बाँकी रहेको वडा नं. ६ र ७ वडा कार्यालयको भवन पनि चालू आ.व. सम्पन्न

गर्ने गरी काम भई रहेको छ। वडा कार्यालयहरूबाट सार्वजनिक सेवा छिटो-छरितो, गुणस्तरीय र पहुँचयोग्य बनाउने कोशिश गरिएको छ। सबै वडा कार्यालयमा कम्प्युटर, प्रिन्टर तथा अन्य आवश्यक भौतिक सामग्रीहरू व्यवस्था भएको र इन्टरनेटको सुविधा सबै वडा तथा स्वास्थ्य संस्थाहरूमा रहेको छ।

नपामा सङ्घीय सरकारबाट सुझाव गरिएको संरचना र दरबन्दीलाई समेत ध्यानमा राखेर सङ्गठन संरचना स्वीकृत गरी सोही अनुसार कार्य जिम्मेवारी प्रदान गरिएको पाइन्छ। कर्मचारीहरूको कार्यविवरण तयार नभएता पनि शाखा प्रमुख र प्राविधिक कर्मचारीहरूलाई कार्य विवरण सहित जिम्मेवारी तोकिएको छ। कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि वार्षिक रुपमा बजेट विनियोजन गरी कार्यक्रमहरू गर्ने गरिएको छ। नगरपालिकाको संगठन व्यवस्थापन प्रतिवेदन अद्यावधिक भई स्वीकृत हुने क्रममा रहेको छ। हाल नगरपालिकामा १९९ जना स्थायी र १८७ जना करार गरी जम्मा ३८६ जना कर्मचारी कार्यरत रहेका छन्।

### (ख) समस्या र चुनौती

नपाको संस्थागत तथा मानव संशाधन विकासका लागि अझै पनि प्रभावकारी पहल हुन सकेको छैन। नपाको सङ्गठन तथा व्यवस्थापन सम्बन्धी वैज्ञानिक र आवश्यकतामा आधारित अध्ययन नहुनु र कर्मचारी तथा पदाधिकारीको क्षमता विकासका लागि नीति तथा प्रभावकारी योजना तर्जुमा तथा कार्यान्वयन हुन बाँकी रहनुलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ। पदीय र शाखागत रुपमा कार्यविवरण तयार गरिएको भएतापनि सबै शाखा, उपशाखा, एकाई तथा कार्यालय र पदहरूलाई लिखित एवम् स्पष्ट रुपमा कार्य विवरण प्रदान गर्ने, सोअनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने तथा कार्यसम्पादन सम्झौताको अभाव देखिन्छ। कर्मचारीहरूको कार्यसम्पादनमा आधारित वृत्ति विकास, प्रोत्साहन, सजाय र पुरस्कारको संस्कृति सुरु हुन सकेको छैन।

यसैगरी, आवश्यक दरबन्दी अनुसार स्थायी कर्मचारी व्यवस्थापन भई परिचालन हुन नसक्नु र कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि वार्षिक रुपमा पर्याप्त बजेट विनियोजनको कमी हुनु समेत यसका उदाहरण हुन्। यसले गर्दा नगरपालिकाले प्रदान गर्नुपर्ने सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारी हुन सकेको छैन।

## ८.२.३ स्रोत परिचालन

### (क) संभावना र अवसर

नगरपालिकाको आ.व. २०७९/८० को वार्षिक कुल यथार्थ आय १ अर्ब ७५ करोड ३२ लाख ४९ हजार रहेकोमा आन्तरिक आयको हिस्सा करिव २५ प्रतिशत अर्थात् ४३ करोड २७ लाख ९२ हजार रहेको देखिन्छ। तर उक्त आ.व.मा प्रक्षेपण गरेको रकमको ५३ प्रतिशतमात्र आन्तरिक आय उठेको देखिन्छ। यसैगरी आ.व. ०७८।७९ भन्दा आ.व. ०७९।८० मा रु २१ करोड ५९ हजार बढी आन्तरिक आय उठेको देखिन्छ। यस तथ्याँकले पनि नगरपालिकाले आन्तरिक स्रोतका नयाँ क्षेत्रहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा वृद्धि गर्न सकेमा अझ वृद्धि गर्न सक्ने सम्भावना रहेको देखिन्छ। यसका अतिरिक्त, सङ्घीय तथा प्रदेश सरकारबाट समपुरक र विशेष अनुदान अझ वृद्धि गरी प्राप्त गर्न सक्ने सम्भावना रहेको छ। साथै, कार्यसम्पादन मापनको अवस्थामा सुधार गरी कार्यसम्पादनमा आधारित वित्तीय समानीकरणको प्रावधान अनुसार आय वृद्धि गर्न सक्ने अवसर पनि रहेको छ। विकास साझेदार लगायत बाह्य निकायसँगको समन्वयमा अझ थप वित्तीय स्रोत प्राप्तिको सम्भावना देखिन्छ। साथै, स्थानीय स्तरमा उल्लेख्य सङ्ख्यामा निजी क्षेत्र, गैरसरकारी सङ्घ-संस्था तथा सामुदायिक संस्थाहरू कार्यरत रहेकाले तिनलाई पनि नगरपालिको लक्ष्य, उद्देश्यमा परिचालन गर्न सकिने सम्भावना रहेको छ।

आम्दानी तथा खर्चको प्रभावकारी व्यवस्थापनका लागि नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा पूर्णरुपले अनलाइन पद्दती लागू गरेको, जिन्सी शाखामा सार्वजनिक सम्पती व्यवस्थापन सूचना प्रणाली लागू गरेको, आर्थिक प्रशासन शाखामा सूत्र (SuTRA) प्रणाली लागू गरेको, Electronic Fund Transfer (EFT) लागू गरेको आदि अवस्थाका आधारमा विश्लेषण गर्दा आय र व्ययको व्यवस्थापन प्रभावकारी रुपमा व्यवस्थापन गर्न प्रयास भएको

देखिन्छ । यद्यपि वार्षिक प्रस्तावित बजेटको करिव ६१ प्रतिशत मात्र खर्च भएको तथ्याङ्कले नगरपालिकाले कार्यसम्पादनमा सुधार गर्नुपर्ने सङ्केत गर्दछ ।

### (ख) समस्या र चुनौती

नगरपालिकाको आय प्राप्तिको क्षेत्राधिकार, अवसर र सम्भावनाका तुलनामा वर्तमान आय भन्दा बढी संकलन हुने देखिन्छ । आन्तरिक आय क्षेत्राधिकारका सबै शीर्षकमा यथोचित आय सङ्कलन गरेको पाइँदैन । यसैगरी, वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान र राजस्व बाँडफाँट जस्ता नियमित अनुदान तथा आय शीर्षकहरूका रकम प्राप्ति बाहेकका समपुरक, विशेष अनुदान र विकास साझेदारसँगको सहकार्यमा प्राप्त हुनसक्ने शीर्षकका रकम समेत कतिपय प्राप्त नै भएको छैन भने कतिपय सम्भावनाको न्यून प्रतिशत मात्र प्राप्त भएको देखिन्छ । यसको मुख्य कारणमा आन्तरिक आय वृद्धिभन्दा सङ्घीय अनुदान तथा त्यहाँबाट प्राप्त हुने रकममा निर्भर रहने प्रवृत्ति र त्यसमा पनि नियमित आयमा मात्र केन्द्रित हुने प्रचलन रहेको छ । साथै, नगरपालिकाको पहल तथा समन्वयबाट प्राप्त हुने शीर्षकका रकमका लागि प्रभावकारी र उपलब्धीमूलक पहलको कमी भएको देखिन्छ । प्रदेश सरकारबाट प्राप्त हुने अनुदान पनि न्यून भएको देखिन्छ । यसको मुख्य कारण नियमित र सहजै प्राप्त हुने शीर्षकका रकममा भर पर्नु र आफूले पहल गर्ने, प्रस्ताव पेश गर्ने रकममा पर्याप्त पहल नगर्नु र सो प्राप्तिका लागि गर्नुपर्ने लगानीलाई (परामर्श, डिपिआर, आदि खर्च) प्राथमिकतामा नराख्नु नै देखिन्छ ।

यसैगरी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आन्तरिक आय शीर्षकको सम्भाव्यता अध्ययन, सोको प्रभावकारी सङ्कलन तथा आन्तरिक आय क्षमता सुधारका लागि प्रभावकारी कार्ययोजना तयार गरी कार्यान्वयन गरेको पाइँदैन । सम्भावना अनुसारको सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर आदि उठेको देखिँदैन । जसका लागि विशेष कार्य योजना बनाएर अघि बढ्नु पर्ने देखिन्छ । यसरी यथेष्ट मात्रामा राजस्व संकलन हुन नसक्नुका कारणहरूमा कर सम्बन्धी जानकारी तथा प्रतिवद्धताको कमी हुनु, राजस्व परामर्श समितिले अपेक्षित अधययन अनुसन्धान नगर्नु तथा जनशक्तिमा कर सम्बन्धी समसामयिक क्षमतामा कमी हुनु देखिएको छ । आन्तरिक तथा बाह्य आय वृद्धिको नीति तथा प्रभावकारी कार्ययोजनाको कमी समेत यसको कारक देखिन्छ ।

यसैगरी नपाको वार्षिक बजेटमा यथार्थ खर्च न्यून (अर्थात् ६१ प्रतिशत मात्र) देखिएको छ । यसको मुख्य कारण योजनावद्ध विकास र प्रभावकारी रूपमा नियमित कार्ययोजना निर्माण तथा कार्यान्वयनको कमी नै देखिन्छ । यसका अतिरिक्त नियमित रुपमा आय-व्ययको प्रकाशन तथा प्रशारणसहित नपाको क्रियाकलापको पारदर्शिताका लागि उल्लेख्य पहल भएको पाइँदैन । साथै, निजी क्षेत्र, गैरसरकारी सङ्घ-संस्था तथा सामुदायिक संस्थाहरूलाई नगरपालिको लक्ष्य, उद्देश्यमा परिचालन गर्न आवश्यकताअनुसार समन्वय र सहकार्य गर्ने तथा उक्त क्षेत्रको वित्तीय पूँजी आकर्षित गर्नका लागि पर्याप्त पहल हुन सकेको देखिँदैन ।

## ८.२.४ तथ्याङ्क तथा योजना व्यवस्थापन

### (क) सम्भावना र अवसर

योजना तर्जुमालाई प्रभावकारी बनाउनका लागि तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यक पर्दछ । यस नगरपालिकाले अर्धवार्षिक प्रकाशनका रुपमा रुपमा 'चन्द्रागिरि दर्पण', 'महिला बालबालिका मैत्री अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, महिला उद्यमी सहजीकरण रोष्टर तथा तथ्याङ्क संकलन तथा अध्यावधि वार्षिक प्रगति २०७९।०८०', नगरपालिकाको पार्श्वचित्र २०७६ लगायतका अन्य प्रगति प्रतिवेदन एवम् प्रकाशनका माध्यमबाट खण्डिकृत तथ्याङ्क सहितको तथ्याङ्क तयार गर्ने प्रयास गरेको देखिन्छ । यसदेखि बाहेक व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रमको अनलाईन प्रविधिबाट विवरण संकलन र प्रतिवेदन तयारी हुने व्यव्स्था छ । यसैगरी राजस्व शाखाबाट करदाताहरूको अद्यावधिक विवरण तयार हुने गरेको देखिन्छ ।

नगरपालिकाको योजना तर्जुमा सम्बन्धमा सहयोग तथा मार्गदर्शनका लागि राष्ट्रिय योजना आयोगबाट जारी भएको “स्थानीय तहको योजना तर्जुमा दिग्दर्शदन (२०७८, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको “स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (संशोधन सहित) र स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका उपलब्ध रहेको हुँदा वार्षिक, आवधिक तथा अन्य रणनीतिक योजनाहरू तर्जुमा गर्न स्पष्ट आधार प्राप्त भएको छ ।

बजेट तथा कार्यक्रम तर्जुमाका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति रहेको र विषय क्षेत्रगत ५ वटा समितिहरू रहेका छन् । न.पा.मा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन हुने गरेको छ र सोको वार्षिक समीक्षा गर्ने गरेको पाइन्छ । वडास्तरीय तथा न.पा. स्तरीय वार्षिक बजेट सीमा तोक्ने गरिएको छ । प्रत्येक वर्ष वस्तीस्तरदेखि वडा हुँदै सहभागितामूलक योजना तुर्जमाका सबै (सात) चरण पूरा गर्न कोसिस गरिएको समेत देखिन्छ । प्रभावकारी योजना तर्जुमा तथा कार्यान्वयनका लागि उपभोक्ताहरूबाट नगदमा र श्रमदानमा आधारित लागत सहभागिताको प्रावधान रहेको छ । यसैगरी, आवश्यकताका आधारमा र आयोजना तथा कार्यक्रम अनुसार भुक्तानीको समयमा अनुगमनको अभ्यास समेत रहेको पाइन्छ ।

यसका साथै, न.पा.को गन्तव्य तय दीर्घकालीन लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि प्रशस्त सम्भावनाहरू रहेको छ । चालु आ.व.मा आवधिक विकास योजना तर्जुमाका लागि बजेट विनियोजन गरिएको छ र मध्यमकालीन खर्च संरचनाको लागि समेत बजेट विनियोजन गरेको देखिन्छ । यसैगरी, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि बजेट तथा कार्यक्रम निर्माण गरिएको समेत देखिएको छ । योजना तथा बजेट तर्जुमा सहित विभिन्न विषयमा क्षमता विकासका लागि केही विकास साझेदार र सङ्घीय तथा प्रदेश सरकार क्रियाशील रहेको छ ।

## (ख) समस्या र चुनौती

नगरपालिकाले आंशिक रुपमा भए पनि तथ्याङ्क संकलन तथा प्रकाशन गरेता पनि योजना तर्जुमा गर्दा उपरोक्त तथ्याङ्कहरू प्रयोग भएको पाईंदैन । उदाहरणका लागि आन्तरिक राजस्व अभिवृद्धिका लागि विद्यमान करदाता सङ्ख्याका आधारमा आगामी वर्षमा निश्चित कार्य योजना बनाई कर तथा राजस्व संकलन गर्न सकिने लगायत तथ्याङ्कलाई आधार मानेर गरिने अन्य कार्यहरू सुरु हुन सकेको देखिँदैन । यसदेखि बाहेक नगरस्तरमा एकीकृत तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा नहुनु, वडास्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइ हुनु, तथ्याङ्क सङकलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपता कायम गर्न नसक्नु तथा केन्द्रीय तथ्याङ्क विभागले सङ्कलन तथा प्रशोधन गर्ने कतिपय तथ्याङ्क नगरपालिका वडा स्तरको खण्डीकृत रूपमा नहुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

नगरपालिकाको योजना तथा बजेट तर्जुमा सम्बन्धी निर्देशिकाहरू तथा हातेपुस्तिका नमुनाका रुपमा प्राप्त भएतापनि न.पा.ले त्यस अनुसार आफ्नो कार्यविधि निर्माण गरी अनुमोदन गरेको पाइँदैन । सङ्घीय सरकारले प्रदान गरेका दस्तावेजहरू एवम् उक्त दस्तावेजहरूमा समावेश गरिएको प्रावधानबारे समेत कर्मचारी तथा जनप्रतिनिधिहरूमा समान बुझाइको कमी देखिन्छ । अझ बजेट तथा योजना तर्जुमा सम्बन्धी प्रक्रिया तथा विस्तृत औजारहरूका बारेमा जानकारीको कमी देखिन्छ । यसका साथै विषयगत समितिहरू कम सक्रिय देखिएको एवम् समिति सदस्य तथा पदाधिकारीहरूमा आफ्नो भूमिका तथा जिम्मेवारका बारेमा समेत अन्यौलता रहेको पाइन्छ ।

नगरपालिकाको आवधिक विकास योजना बन्दै गर्दा विषय क्षेत्रगत रणनीतिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न बाँकी रहेको देखिन्छ । न.पा.ले वार्षिक रुपमा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने र सोही अनुसार खर्च गर्ने गरेको पाइन्छ । यद्यपी, सहभागितामूलक प्रक्रिया अनुसार सबै चरण र तोकिएको समय अनुसार पूरा गरी प्रभावकारी रुपमा बजेट तथा कार्यक्रम तर्जुमाको अभ्यासमा कमी, आवधिक (त्रैमासिक वा चौमासिक) प्रगति समिक्षाको कमी, प्रभावकारी एवम् नतीजामूलक अनुगमन तथा मूल्याङ्कनको कमी प्रमुख समस्याहरूका रुपमा देखिएका छन् ।

यसका साथै, वार्षिक बजेट सीमा तोक्दा वडामा आवश्यकताका आधार र *सूत्र*मा आधारित रही सीमा तोक्ने अभ्यासको कमी, विषय क्षेत्रगत सीमा तोक्दा स्थानीय आवश्यकताको आधारमा नतोकेर भौतिक पूर्वाधार विषयक्षेत्र बाहेकका क्षेत्रहरू सधैं ओझेलमा पर्ने गरेको देखिन्छ । यसका अलावा, नगरपालिकाले वैज्ञानिक र तथ्याङ्कका आधारमा प्राथमिकता तोकेको र सोही अनुसार बजेट विनियोजन गरेको पाइँदैन । यस नपाको योजना तर्जुमा तथा कार्यान्वयनमा विकास साझेदारको भूमिका नगन्य रहेको पाइन्छ ।

## ८.३ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

यस नगरपालिकाको सुशासन (कानून, नीति तथा सेवा प्रवाह), संगठन तथा मानव संशाधन क्षमता, स्रोत परिचालन र तथ्याङ्क तथा योजना व्यवस्थापन लगायत स्थानीय सुशासन तथा संस्थागत विकास विषय क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धी तथा नतिजा खाका देहायअनुसार रहेको छ :

### ८.३.१ विषय क्षेत्रगत उद्देश्य

यस नगरपालिकाको सुशासन तथा संस्थागत विकास विषयक्षेत्रका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. सेवा प्रवाहलाई सरल, सहज र पारदर्शी बनाउँदै सुशासन प्रत्याभूत गर्नु ।
२. संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता प्रदान गर्नु ।
३. आन्तरिक तथा बाह्य स्रोत प्राप्ति तथा परिचालनमा प्रभावकारिता वृद्धि गर्नु ।
४. वस्तुगत तथ्य, तथ्याङ्कका आधारमा विकास व्यवस्थापन मार्फत योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई नतीजामूलक एवम् प्रभावकारी बनाउनु ।

### ८.३.२ रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका कार्यक्रम तथा आयोजना सञ्चालनमा देहाय अनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ :

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सेवा प्रवाहलाई स्पष्ट, सहज र पारदर्शी बनाउदै सुशासनको प्रत्याभूत गर्नु ।** | |
| १.१ न.पा.का लागि आवश्यक नीति, कानून निर्माण; अद्यावधीकरण, प्रवोधीकरण तथा प्रभावकारी कार्यान्वयन गर्ने | १.३.१ न.पा.को अधिकार क्षेत्रका विषयमा तर्जुमा भएका नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने र अपुग भएका क्षेत्रमा नयाँ निर्माण, अद्यावधीकरण र प्रवोधीकरण गर्दै लगिनेछ ।<br>१.३.२ सेवाग्राहीसँग नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनको प्रभावकारिताको बारेमा पृष्ठपोषण र सुझाव प्राप्त गरिने छ ।<br>१.३.३ न.पा.का ऐन, नीति, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारीलाई जानकारी गराउने तथा कर्मचारीको कार्यान्वयन क्षमता विकास गरिनेछ ।<br>१.३.४ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आधारित संस्थाहरू परिचालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधाबारे प्रवोधीकरण गरिनेछ । |
| १.२ नपामा सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गरी सेवा प्रवाह प्रभावकारी, सहज र सेवाग्राहीमैत्री बनाउने | १.२.१ आवश्यकता अनुसार कार्यविधिहरूको निर्माण र प्रभावकारी कार्यान्वयन गरी सेवा प्रवाहलाई छिटो-छरितो तथा कार्यप्रक्रियालाई स्पष्ट र सहज बनाइनेछ ।<br>१.२.२ नगरपालिकामा जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>१.२.३ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई सहज, उत्तरदायी र पारदर्शी बनाउन कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा उपयुक्त माध्यमबाट सेवाग्राहीको सहज पहुँच हुने गरी नागरिक बडापत्र राखिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.२.४ गुणस्तरीय नागरिक सहायता केन्द्र, सेवाग्राही प्रतिक्षा कक्ष तथा स्तनपान कक्ष सहित आधारभूत पूर्वाधारको विकास गरिनेछ । <br> १.२.५ सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणजस्ता औजारहरूलाई नियमित र प्रभावकारी रुपमा सञ्चालन गरी सामाजिक जवाफदेहिता प्रवर्द्धन गरिनेछ । <br> १.२.६ सेवा प्रवाहको सहजता र सुविधाको लागि आवश्यकता अनुसार घुम्ती शिविरको सञ्चालन गरिनेछ र सोका लागि साझेदारी एवम् समन्वयको नीति लागू गरिनेछ । |
| १.३ नपाको सूचना व्यवस्थापन गुणस्तरीय बनाउने र सूचना प्रविधिमैत्री सेवा प्रवाह अभिवृद्धि गर्ने | १.३.१ नपाका शाखा, उपशाखा तथा वडा समितिको कार्यालयमा कम्प्यूटर र सूचना प्रविधि उपकरण, भौतिक सामग्री र कर्मचारीको व्यवस्थापन गरिनेछ । <br> १.३.२ व्यक्तिगत घटना दर्ता तथा व्यवस्थापन, राजस्व सङ्कलन तथा अभिलेखन, योजना अभिलेखन तथा व्यवस्थापन, जिन्सी व्यवस्थापन, सामाजिक सुरक्षा जस्ता विवरणलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थापन गरिनेछ । <br> १.३.३ नयाँ कर्मचारी भर्ना गर्दा सूचना प्रविधि सम्बन्धी क्षमतालाई आधारभूत क्षमतामा समावेश गरिनेछ । <br> १.३.४ कर्मचारीलाई सूचना प्रविधि क्षमता अनिवार्य गरिने र जनप्रतिनिधिलाई सूचना प्रविधिमा क्रमशः क्षमता विकास गर्दै लगिनेछ । |
| **उद्देश्य २ : संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता प्रदान गर्नु** | |
| २.१. नगरपालिकाको भौतिक पूर्वाधार व्यवस्थापन एवम् सुधार गर्ने | २.१.१. न.पा. तथा अन्तरगतका कार्यालयहरूमा उपयुक्त एवम् सुविधासम्पन्न भवन मार्फत् एकीकृत सेवा प्रवाह गरिनेछ । <br> २.१.२. एकीकृत सेवा सञ्चालनका लागि आवश्यक सूचना प्रविधि, भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरूको समेत व्यवस्थापन गरिनेछ । <br> २.१.३. नगर कार्यपालिकाको कार्यालयमा सोधपुछ तथा सहायता कक्ष, स्तनपान कक्ष, सेवाग्राही प्रतिक्षालय, खानेपानी तथा शौचालयको व्यवस्था सहित सेवाग्राहीमैत्री पूर्वधारको व्यवस्था गरिनेछ । |
| २.२ नगर कार्यपालिका तथा वडा कार्यालयको सङ्गठन क्षमता सुदृढीकरण गर्ने | २.२.१ सङ्गठन व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुसार सङ्गठन संरचना, दरबन्दी तथा कार्यविवरणको व्यवस्था र कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको आधारमा न.पा.को सेवा व्यवस्थापन तथा सञ्चालन गरिनेछ । <br> २.२.२ कर्मचारी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा नियमित रुपमा माग पेश गरिनेछ र अत्यावश्यक तथा कानूनले प्रदान गरेको परिधिभित्रका सेवाका लागि मात्र करारमा कर्मचारी नियुक्ति गरी सेवा सञ्चालन गरिनेछ । <br> २.२.३ न्यायिक समिति कार्यकक्ष तथा ईजलास स्थापना तथा व्यवस्थापन गरिनेछ । <br> २.२.४ प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना तथा मेलमिलापकर्ताको व्यवस्थापन गरी परिचालन गरिनेछ । |
| २.३ जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तथा प्रोत्साहन गर्ने | २.३.१. जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ । <br> २.३.२. नगरपालिकाको क्षमता विकास योजना तयार गरी जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३.३. क्षमता विकास कार्यक्रम तर्जुमा गर्दा ज्ञान, सिप तथा सोच एवम् व्यवहार परिवर्तन सम्बन्धी तालिम, गोष्ठी एवम् उत्कृष्ट स्थानीय तह अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।<br>२.३.४. कार्यविधि निर्माण गरी प्रत्येक वर्ष उत्कृष्ट कर्मचारी तथा उत्कृष्ट वडा प्रोत्साहन कार्यको व्यवस्था गरिनेछ ।<br>२.३.५. कार्यसम्पादनका आधारमा कर्मचारीहरूमा प्रोत्साहन र वृत्ति विकासको प्रणाली लागू गरिनेछ । कार्यविधि अनुसार नगद तथा अन्य प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।<br>२.३.६. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ ।<br>२.३.७. कर्मचारीको क्षमता विकास एवम् पुनर्ताजगीका लागि वार्षिक रुपमा पर्यटन विदा एवम् सुविधा सम्बन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>२.३.८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शहरहरू र स्थानीय सरकारका संगठनहरूसँग सम्बन्ध सञ्जाल स्थापित गरिने छ । |
| **उद्देश्य ३: आन्तरिक तथा बाह्य स्रोत प्राप्ति तथा परिचालनमा प्रभावकारिता वृद्धि गर्नु ।** | |
| ३.१ नपाको आन्तरिक आय/राजस्व बढाउने कार्यमा महत्व दिने । | ३.१.१ राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३.१.२ आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन तथा विश्लेषण गरी राजस्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>३.१.३ कार्यविधि निर्माण गरी प्रत्येक वर्ष कम्तिमा तीनजना उत्कृष्ट करदाता प्रोत्साहन गरिनेछ ।<br>३.१.४ वार्षिक रुपमा प्रत्येक वडा तथा न.पा.स्तरमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.१.५ वैज्ञानिक अध्ययनका आधारमा करको दायरा वृद्धि गरिनेछ र दरमा समयसापेक्ष सुधार गरिनेछ । |
| ३.२ राजस्व प्रशासन सुदृढीकरण र व्यवस्थित गर्ने | ३.२.१ स्थानीय राजस्व परामर्श समितिको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.२ कार्यपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयमा राजस्व सङ्कलन, अभिलेखन तथा व्यवस्थापन सूचना प्रविधिमैत्री बनाइनेछ ।<br>३.२.३ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजस्व सङ्कलन, प्रशासन र खर्च व्यवस्थापनमा सुधार गरिनेछ ।<br>३.२.४ राजस्व प्रशासनबारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>३.२.५ व्यवसाय दर्ता तथा नवीकरण कार्यविधिका बारेमा जानकारी र प्रचार-प्रसारद्वारा व्यवसाय दर्ता र वार्षिक कर सङ्कलनलाई सहज बनाइनेछ ।<br>३.२.६ राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा आवश्यक थप कर्मचारीको व्यवस्था गरी सीप तथा दक्षता अभिवृद्धि गरिनेछ ।<br>३.२.७ वार्षिक खर्चको आन्तरिक लेखापरीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>३.२.८ नगरबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर बुझाउन कम्प्युटर सफ्टवेयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.२.९ राजस्व क्षमताको आधारमा वडा तथा वडाका कर्मचारी तथा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| ३.३ सरकारी तथा सार्वजनिक सम्पत्तीको व्यवस्थापन तथा संरक्षण गर्ने | ३.३.१. नगरपालिकाको स्वामित्वमा रहेका जग्गा, भवन तथा अन्य भौतिक संरचनाहरूको अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समुचित व्यवस्थापन गरिनेछ ।<br>३.३.२. कार्यविधि तर्जुमा गरी नगरपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गर्नेलगायतका कार्यहरूका लागि कार्यगत स्पष्टता कायम गरिनेछ ।<br>३.३.३. प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरूको पहिचान, सर्भेक्षण, नक्साङ्कन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ३.४ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदेश र सङ्घ सरकारका निकायसँग साझेदारी विकास गर्ने | ३.४.१. निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायसँग नियमित बैठक, छलफल, सञ्चार, समन्वय र साझेदारी गरी स्रोत परिचालनमा वृद्धि गरिनेछ ।<br>३.४.२. अन्य स्थानीय तहसँग सहकार्य तथा सहयोगका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।<br>३.४.३. समपुरक एवम् विशेष अनुदानमा वृद्धिका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले निर्धारित गरेका आधार अनुसार विस्तृत परियोजना प्रतिवेदन तथा प्रस्ताव तयार गरी सङ्घ तथा प्रदेश सरकार समक्ष पेश गरिनेछ ।<br>३.४.४. निजी क्षेत्रसँग नियमित परामर्श र समन्वय गरी लगानीको अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ ।<br>३.४.५. आन्तरिक र बाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग पैरवी र छलफल गरिनेछ । |
| ३.५ वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रणमा जोड दिने | ३.५.१ आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३.५.२ आन्तरिक लेखापरीक्षण शाखाको सुदृढीकरण गरी सञ्चालन तथा प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>३.५.३ बेरुजु असुली तथा न्यूनीकरणका लागि कार्ययोजना निर्माण गरी सो अनुसार कार्य गरिनेछ ।<br>३.५.४ कार्यपालिका कार्यालय, वडा तथा उपभोक्ता समिति तहमा आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तीय अनुशासन सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया नियमित रुपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य ४: वस्तुगत तथ्य, तथ्याङ्कका आधारमा विकास व्यवस्थापन मार्फत योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई नतीजामूलक एवम् प्रभावकारी बनाउनु ।** | |
| ४.१ तथ्याङ्कको सङ्कलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने । | ४.१.१ एकीकृत तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>४.१.२ तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेव पोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोगकर्तामाझ पुऱ्याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ ।<br>४.१.३ अनुसन्धानको माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क सङ्कलन गर्ने प्रणालीको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४.२ नगरको तथ्याङ्कीय आधारलाई संस्थागत गरिने । | ४.२.१ नागरिकहरूको आवश्यक सूचना (सम्पत्ति, पेशा, व्यवसाय आदि) को अभिलेख विद्युतीय प्रणाली मार्फत् व्यवस्थित गरिनेछ ।<br>४.२.२ नगर कार्यपालिकाको कार्यालयमा छरिएर रहेका सूचनाहरूलाई डिजिटाइज्ड तथा अद्यावधिक गरिनेछ ।<br>४.२.३ नगरपालिकाको सूचनाहरूलाई एकद्वार प्रणाली अनुसार व्यवस्थित गरिने छ । |
| ४.३ दीर्घकालीन योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने | ४.३.१ न.पा.को वस्तुस्थिति (नगर प्रोफाइल) अध्यावधिक गरी सोही अनुसारको प्राथमिकताको आधारमा योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>४.३.२ आवधिक योजना र विषय क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>४.३.३ मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>४.३.४ न.पा.को आवश्यकता तथा प्राथमिकताको आधारमा बजेट सिमा निर्धारण गर्नुका साथै नीति तथा कार्यक्रम निर्माण गरिनेछ ।<br>४.३.५ विस्तृत संभाव्यता अध्ययन भएका वा विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनामा मात्र बजेट विनियोजन गरिनेछ । |
| ४.४ सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा जोड दिने | ४.४.१ योजना तर्जुमाका सहभागितामूलक प्रक्रिया अनुसारका सबै चरण र प्रावधान अनुसार योजना तथा बजेट तर्जुमा गरिनेछ ।<br>४.४.२ योजना तर्जुमा सम्बन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>४.४.३ नपा कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालालाई योजना तथा बजेट तर्जुमा सम्बन्धी प्रावधान तथा प्रक्रियाबारे अभिमुखीकरण सञ्चालन गरिनेछ ।<br>४.४.४ टोल विकास संस्था गठन तथा आवश्यकता अनुसार पुनर्गठन गरिनेछ र योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिनेछ ।<br>४.४.५ उपभोक्ता समितिलाई क्षमता विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.४.६ उपभोक्ताको लागत सहभागिता हुने आयोजना/कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।<br>४.४.७ उपभोक्ताको लागत सहभागिता कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ । |
| ४.५ अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई सूचनामा आधारित, नतिजामूलक र प्रविधिमैत्री बनाउने | ४.५.१ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>४.५.२ एकाइगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक कार्यान्वयन योजना तयार गर्ने र सो अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>४.५.३ तोकिएको रकमभन्दा माथिको लागतका आयोजनाहरूको स्वतन्त्र प्राविधिक परीक्षकद्वारा प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>४.५.४ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मध्यावधी र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन गरिनेछ ।<br>४.५.५ चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ४.६ प्रभावकारी योजना तर्जुमा तथा कार्यान्वयनका | ४.६.१ गैसस तथा समुदायमा आधारित संस्थाहरूसँग नियमित बैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| लागि गैसस तथा विकास साझेदार, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँगको समन्वय र साझेदारी अभिवृद्धि गर्ने | ४.६.२ गैसस तथा विकास साझेदारका वार्षिक तथा आवधिक कार्यक्रम तथा बजेटहरू नपाको प्राथमिकता र आवश्यकता अनुसार परिचालन तथा मूलप्रवाहीकरण गरिनेछ ।<br>४.६.३ निजी क्षेत्र तथा दाताहरूसँग नपाको आवश्यकता तथा प्राथमिकतामा लागानी तथा सहकार्यका लागि प्रोत्साहनको नीति अवलम्बन गरिनेछ ।<br>४.६.४ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ ।<br>४.६.५ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्थामार्फत् सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ । |
| ४.७ योजना तर्जुमा तथा कार्यान्वयनमा समावेशीतालाई प्राथमिकता दिने | ४.७.१ नपाको सेवा प्रवाह, योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई समावेशी बनाउनका लागि सो सम्बन्धी नीति निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>४.७.२ नपा क्षेत्रभित्रका लक्षित वर्ग परिभाषित गरी तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थित गरिनेछ ।<br>४.७.३ लक्षित वर्गको सशक्तीकरण तथा उत्थानका लागि प्राथमिकताका आधारमा बजेट सीमा तोक्ने तथा सोही अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.७.४ समग्र नपाको योजना र लक्षित वर्ग सम्बन्धी योजना तर्जुमा तथा बजेट निर्माणमा उनीहरूको सहभागिता सुनिश्चित गरिनेछ । |

## ८.४ विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा

यो आवधिक योजना अनुसार वार्षिक योजनाहरू तर्जुमा भई कार्यान्वयनमा आएपश्चात् समग्रमा नगरपालिकाको कार्यसम्पादन एवम् साङ्गठनिक क्षमता तथा सन्तुष्ट सेवाग्राही प्रतिशत वृद्धि हुने अपेक्षा गरिएको छ । यस क्रममा नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही ९० प्रतिशत पुग्नेछ । कार्यपालिका, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरूले आ-आफ्नै भवनबाट सेवा प्रवाह गरेका हुनेछन् । तर्जुमा भएका सबै कार्यविधि, निर्देशिका र मापदण्ड पालना भएका हुनेछन् र प्राप्त भएका सबै गुनासाहरूको पालना भएको हुनेछ । कुल पूँजीगत बजेटमध्ये खर्च रकम वार्षिक सरदर ८५ प्रतिशत पुग्नेछ । योजना तर्जुमाका बखतमा समयमै सम्पन्न आयोजना ७५ प्रतिशत हुने गरेकोमा यो योजनाको कार्यान्वयन सम्पन्न हुँदासम्म ९० प्रतिशत कार्यक्रम तथा आयोजनाहरू निर्दिष्ट समयमै सम्पन्न भएका हुनेछन् ।

**तालिका ८.१ : सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका**

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| **प्रभाव :** नगरपालिकाको सुशासन र सन्तुष्ट सेवाग्राही प्रतिशतमा वृद्धि भएको हुने | नगरपालिकाबाट सेवा लिनेमध्ये सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८५ | ८८ | ९० | ९५ | १०० | १०० |
| | आम्दानी खर्च मासिक रुपमा सार्वजनिक गरिने माध्यमहरू | सङ्ख्या | २ | ३ | ३ | ४ | ४ | ५ | ५ |
| | नगरपालिका बैठक र निर्णयहरूमा पारदर्शिता | सामान्य/ मध्यम/उच्च | मध्यम | उच्च | उच्च | उच्च | उच्च | उच्च | उच्च |
| | नगरपालिकाबाट हुने र्निणयमध्ये सर्वसम्मतिमा हुने निर्णय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **असर :** नगरपालिकाको सेवा प्रभाव तथा कार्यसम्पादन प्रक्रिया स्पष्ट, सहज, पारदर्शी र जवाफदेही भएको हुने | कार्यसम्पादन मूल्याङ्कनको प्रभावकारिता | उच्च/मध्यम/न्यून | मध्यम | उच्च | उच्च | उच्च | उच्च | उच्च | उच्च |
| | कार्य विवरण भएका कर्मचारी | प्रतिशत | २५ | ३० | ५० | १०० | १०० | १०० | १०० |
| | सेवा प्रवाह सम्बन्धी कार्यविधि | सङ्ख्या | १ | १ | २ | २ | २ | ३ | ३ |
| **प्रतिफल १ :** सुशासनका लागि सुधारका क्षेत्रहरू पहिचान भई कार्यान्वयनमा आएका हुने | कुल गुनासोमध्ये सुनुवाइ भएका गुनासोको हिस्सा | प्रतिशत | ९५ | ९५ | ९६ | ९६ | ९८ | १०० | १०० |
| | अभ्यासमा रहेका सामाजिक जवाफदेहिताका औजारका प्रकार | प्रकार | ४ | ४ | ५ | ५ | ६ | ६ | ६ |
| | कार्यान्वयन रहेका नीति, ऐन नियम, कार्यविधि र मापदण्ड | सङ्ख्या | ७३ | ७५ | ७७ | ८० | ८५ | ९० | ९० |
| | सेवा प्रवाहका लागि आवश्यक स्रोत साधनको उपलब्धता | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| **प्रतिफल २ :** नागरिकले समयमै सहज | सेवा प्राप्तीका लागि नागरिकलाई औसत रुपमा लाग्ने समय | घण्टा | २ | २ | १.३० | १ | १ | ०.३० | ०.३० |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| रुपमा आवश्यक सेवा सुविधा प्राप्त गरेका हुने | पहिलो आगमनमै समस्या सम्बोधन हुने नागरिकको हिस्सा | प्रतिशत | ७५ | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ |
| | योजना तर्जुमा क्यालेण्डर तयारी र कार्यान्वयन | भएको/ आंशिक रुपमा भएको / नभएको | आंशिक रुपमा भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| **प्रभाव :** नगरपालिकाको वित्तीय व्यवस्थापन प्रभावकारी र पारदर्शी भएको हुने | कुल बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | ३३ | ३५ | ४० | ४२ | ४५ | ५० | ५० |
| | पूँजीगत बजेट खर्च | प्रतिशत | ५९ | ६५ | ७० | ७५ | ८० | ९० | ९० |
| | रकमान्तर गरिएको बजेट | प्रतिशत | १.०६ | १ | ०.७५ | ०.६० | ०.५० | ०,४० | ०.४० |
| | आय र व्यय सार्वजनिक गर्ने माध्यम वा प्रकार | सङ्ख्या | ३ | ३ | ४ | ४ | ४ | ५ | ५ |
| | विनियोजित कुल पूँजीगत बजेटमध्ये तेस्रो त्रैमासिक (चैत्र) सम्मको खर्च | प्रतिशत | २९ | ४० | ५० | ६० | ७० | ७० | ७० |
| **असर :** करका दर, दायरा सन्तुलित र सङ्कलन प्रभावकारी भएको हुने | कुल सम्भावनामध्ये सम्पत्ती कर असुली (राजस्व सुधार कार्ययोजना) | प्रतिशत | ६६ | ७० | ७५ | ८० | ९० | १०० | १०० |
| | कुल सम्भावनामध्ये घरबहाल कर असुली (राजस्व सुधार कार्ययोजना) | प्रतिशत | ११० | ११५ | १२० | १२५ | १३० | १५० | १५० |
| | विनियोजित कुल पूँजीगत बजेटमध्ये खर्च भएको हिस्सा | प्रतिशत | ५९ | ६५ | ७० | ७५ | ८० | ९० | ९० |
| **प्रतिफल १ :** कर प्रशासन सन्तुलित, करदातामैत्री र प्रभावकारी भएको हुने | अनुमानित व्यक्तिगत करदाताको तुलनामा समयमै कर बुझाउने करदाताको हिस्सा | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | १०० |
| | करमैत्री वातावरण सम्बन्धमा सन्तुष्ट करदाताको हिस्सा | प्रतिशत | ७५ | ७७ | ८० | ८५ | ९० | १०० | १०० |
| | सङ्कलित वार्षिक कर रकम (०७९।८०) | रु. लाख | ६४,६४.८६ | ७००० | ७५०० | ८००० | ९००० | १०००० | १०००० |
| | करमैत्री वातावरण निर्माण तथा राजस्व सुधारका लागि खर्च भएको रकम | रु. हजार | १००० | १५०० | २००० | २२०० | २५०० | ३००० | ३००० |
| **प्रतिफल २ :** राजस्व व्यवस्थापन प्रणाली प्रविधिमैत्री र थप व्यवस्थित भएको हुने | करमा दर्ता हुन आउने नयाँ करदाता | सङ्ख्या | ५२८९ | ५४०० | ५६०० | ६००० | ६२०० | ६५०० | ७००० |
| | करदाताको आधारभूत सूचना उपलब्धता | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | अनुमानित करको तुलनामा सङ्कलित कर रकम | प्रतिशत | ६६ | ७० | ७५ | ८० | ९० | १०० | १०० |
| | नगद प्राप्ती र भुक्तानीको औसत समय (दिन) | दिन | १ (२) | १ | १ | १ | १ | १ | १ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| **प्रभाव :** नगरपालिका सुदृढ तथा यसका कार्य प्रक्रिया स्वस्फूर्त, समसामयिक र प्रभावकारी भएको हुने | वार्षिक कार्ययोजनाअनुसार तोकिएको समयमा सम्पन्न हुने आयोजना/कार्यक्रमको हिस्सा | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | १०० |
| | संस्थागत सुदृढीकरण रणनीतिक योजना तर्जुमा र कार्यान्वयन | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | अनुगमन मूल्याङ्कन प्रतिवेदनका सुझावहरू कार्यान्वयन | प्रतिशत | ८० | ८५ | ९० | ९० | ९५ | १०० | १०० |
| **असर :** नगरपालिकाको संस्थागत क्षमता र कार्यसम्पादनमा सुधार भएको हुने | स्पष्ट कार्य विवरण प्राप्त गर्ने कर्मचारी | प्रतिशत | २५ | ३० | ५० | १०० | १०० | १०० | १०० |
| | सम्बन्धित क्षेत्रमा तालिमप्राप्त कर्मचारीको हिस्सा | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० | ९० | ९० |
| | सङ्घीय निकायहरूसँगको संयुक्त र सक्रिय संयन्त्र | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | ३ |
| **प्रतिफल १ :** तर्जुमा भएका नीति, कानुन पूर्ण पालना भएको हुने र आवश्यकता अनुसार परिमार्जन भएका हुने | आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा र कार्यान्वयन | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | नगरपालिका अन्तर्गत कार्यरत प्राविधिक मानव संशाधन | सङ्ख्या | २७ | ३० | ३२ | ३५ | ३८ | ४० | ४० |
| | सुधार गरिएका नीति, नियम, कानुनहरू | प्रतिशत | ७ | १० | १२ | १५ | २० | २५ | २५ |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित पदाधिकारी, कर्मचारी र नागरिक समाज (वार्षिक) | सङ्ख्या | १६० | १८० | २०० | २२० | २४० | २५० | २५० |
| **प्रतिफल २ :** कर्मचारी प्रशासन चुस्त दुरुस्त र समितिहरू पूर्ण सक्रिय भएका हुने | स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क | प्राप्ताङ्क | ७६.७५ | ८० | ८२ | ८५ | ८७ | ९० | ९० |
| | कार्य विवरण उपलब्ध पद | प्रतिशत | २५ | ३० | ५० | १०० | १०० | १०० | १०० |
| | विद्युतिय हाजिरी भएका कार्यालय, विभाग, शाखा, इकाइ, वडा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **प्रभाव :** विद्यमान अवस्था र विकासको उपलब्धी मापनका लागि आवश्यक तथ्याङ्क उपलब्ध हुनका साथै विकास प्रयास बढी उपलब्धीपूर्ण भएको हुने | सफ्टवेयरमा आधारित कार्यप्राणाली | सङ्ख्या | १० | ११ | १२ | १४ | १७ | २० | २० |
| | ३५ दिनभित्र घटना दर्ता गराउने परिवार | प्रतिशत | ३४.७६ | ४० | ४५ | ५० | ५५ | ७० | ७० |
| | मापदण्ड अनुरुपको वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिकीकरण | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | तथ्याङ्क संकलन, अद्यावधिकरण | पटक | १ | १ | २ | २ | २ | २ | २ |
| | अध्ययन तथा सर्भेक्षण प्रतिवेदन | सङ्ख्या | ३ | ४ | ५ | ५ | ६ | ६ | ६ |
| **असर :** सही आवश्यकताहरू पहिचान | आयोजना प्राथमिकीकरणका औजारहरू प्रयोग गर्ने वडाको सङ्ख्या | सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ |

| विषय क्षेत्र/उपक्षेत्र | आधार सूचकहरू | एकाइ | आधाररेखा (आ.व. ०८०/८१ को अवस्था) | आवधिक योजनाको लक्ष्य (सम्म कुल) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कुल |
| भई सोअनुसार योजना कार्यक्रम तथा बजेट विनियोजन भएको हुने | कुल अनुमानित लागतको शतप्रतिशत रकम विनियोजन भएका निर्माण आयोजना | प्रतिशत | १५ | २० | ३० | ५० | ७० | ९० | ९० |
| | वस्तीस्तरीय वार्षिक योजना तर्जुमा गोष्ठीमा उपस्थित हुने कुल सहभागीहरूको संख्या | सङ्ख्या | ११५० | १२०० | १३०० | १४०० | १५०० | १६०० | १६०० |
| **प्रतिफल १ :** समग्र विकास व्यवस्थापन तथ्याङ्कमा आधारित भएको हुने | कुल विभाग/शाखामध्ये विकास व्यवस्थापनका लागि आवश्यक तथ्याङ्क अद्यावधिक भएका विभाग/शाखाको अनुपात | अनुपात | १६:५ | १६:६ | १६:८ | १६:१० | १६:१२ | १६:१६ | १६:१६ |
| | वार्षिक कार्ययोजना तर्जुमा | भए/ नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | सञ्चालित मोवाइल एप्लीकेसन/सफ्टवेयर | सङ्ख्या | १० | ११ | १२ | १४ | १७ | २० | २० |
| | वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना | भएको/ नभएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| **प्रतिफल २ :** विकास निर्माण आवश्यकतामा आधारित हुने | विषय क्षेत्रगत रणनीतिक/गुरु योजना | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ४ | ४ |
| | कुल पूँजीगत बजेटमध्ये रकमान्तर भएको हिस्सा | प्रतिशत | १ | ०.७५ | ०.६० | ०.५० | ०,४० | ०.४० | ०.४० |
| | समुदाय, सहकारी, निजी क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | १६ | १८ | २० | २२ | २४ | २५ | २५ |

## ८.५ विषय क्षेत्रगत प्रमुख कार्यक्रम तथा आयोजना

सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य, उद्देश्य हासिल गर्न सम्भावना तथा समस्या विश्लेषण, सहभागितामूलक छलफल तथा नतिजा तालिकालाई मध्यनजर गरी देहायअनुसारका प्रमुख रणनीतिक आयोजना तथा कार्यक्रम तय गरिएको छ।

**तालिका ८.२ : सुशासन तथा संस्थागत विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| १ | सुशासन (कानून, नीति तथा सेवा प्रवाह) | | | | | | | | | | | | | | |
| १.१ | कानून (ऐन, नियम, कार्यविधी र निर्देशिकाहरू) निर्माण | सङ्ख्या | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| १.२ | हाल लागू भएका कानूनबारे अभिमुखीकरण तथा छलफल | पटक | ५ | ५०० | ३००० | १ | ५०० | १ | ५५० | १ | ६०० | १ | ६५० | १ | ७०० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| | कार्यक्रम (जनप्रतिनिधि, कर्मचारी र सेवाग्राही) | | | | | | | | | | | | | | |
| १.३ | नगरपालिकाको नीति, निर्णय प्रक्रिया, सेवा प्रवाह र कार्यसम्पादनको प्रभावकारिताको बारेमा सेवाग्राहसँग पृष्ठपोषण र सुझाव संकलन | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| १.४ | समय सापेक्ष कानून अद्यावधिक गर्ने | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| १.५ | सञ्चार गृह सञ्चालन (उत्पादन र प्रशारण) | पटक | ५ | ६००० | ३२५०० | १ | ६००० | १ | ६२०० | १ | ६५०० | १ | ६८०० | १ | ७००० |
| १.६ | सामाजिक जवाफदेहिता प्रवर्द्धन कार्यक्रम (सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदि, सञ्चारमाध्यम परिचालन) | पटक | ५ | ४५०० | २२५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० |
| १.७ | नागरिक बडापत्र अद्यावधिक तथा व्यवस्थापन कार्यक्रम | वार्षिक | ५ | १७०० | ८५०० | १ | १७०० | १ | १७०० | १ | १७०० | १ | १७०० | १ | १७०० |
| १.८ | विवाद मध्यस्थता मेलमिलाप प्रवर्द्धन र कानूनी साक्षरता कार्यक्रम | पटक | ५ | ७५०० | ३७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० |
| ३.९ | आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तर्जुमा | पटक | १ | १००० | १००० | १ | १००० | | | | | | | | |
| ३.१० | गुनासो व्यवस्थापन कार्यक्रम | पटक | ५ | ५०० | २८७० | १ | ५०० | १ | ५५० | १ | ५७० | १ | ६०० | १ | ६५० |
| | **सुशासन (कानून, नीति तथा सेवा प्रवाह) को जम्मा** | | | | **१२०३७०** | | **२४२००** | | **२३५००** | | **२३८७०** | | **२४२५०** | | **२४५५०** |
| २ | **सङ्गठन तथा मानव संशाधन क्षमता** | | | | | | | | | | | | | | |
| २.१ | नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा नागरिक सहायता केन्द्र, सेवाग्राही प्रतिक्षा कक्ष, स्तनपान कक्ष लगायत अन्य सेवाग्राहीमैत्री आधारभूत पूर्वाधारको विकास | पटक | ५ | १०००० | ५०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० |
| २.२ | सूचना प्रविधि सम्बन्धी उपकरण खरीद तथा व्यवस्थापन | पटक | ५ | १०००० | ५०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० |
| २.३ | स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यक्रम, वित्तीय | वार्षिक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| | सुशासन जोखिम मुल्याँकन, स्थानीय आर्थिक विकास मूल्याँकन तयारी | | | | | | | | | | | | | | |
| २.४ | मेलमिलाप केन्द्रहरूको भौतिक पूर्वाधार विकास कार्यक्रम | पटक | ५ | ३००० | १५००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० |
| २.५ | जनप्रतिनिधीहरूलाई नीति एवम् कानून निर्माण सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| २.६ | उत्कृष्ट कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| २.७ | टोलविकास संस्था, गैसस र समुदायमा आधारित संस्था परिचालन तथा क्षमता विकास कार्यक्रम | पटक | ५ | १२०० | ६००० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० |
| २.८ | लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| २.९ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शहरहरू र स्थानीय सरकारका संगठनहरूसँग सम्बन्ध सञ्जाल विस्तार | पटक | ५ | २००० | १०००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० |
| २.१० | नपा क्षमता विकास योजना तर्जुमा | सङ्ख्या | १ | १०००१ | १००० | | | १ | १००० | | | | | | |
| २.११ | पर्यटन विदा एवम् सुविधा कार्यक्रम | सङ्ख्या | ५ | ५००० | २५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० |
| २.१२ | बेरुजु असुलीका लागि कार्यदल गठन तथा परिचालन | प्रत्येक वर्ष | ५ | १००० | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० |
| २.१३ | असल अभ्यास भएका स्थानीय तहहरूमा कर्मचारी तथा जनप्रतिनिधीहरूको अध्ययन भ्रमण तथा सिकाइ आदान-प्रदान कार्यक्रम | पटक | ५ | ३००० | १५००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० |
| | **सङ्गठन तथा मानव संशाधन क्षमताको जम्मा** | | | | १९९५०० | | ४३७०० | | ४४७०० | | ४३७०० | | ४३७०० | | ४३७०० |
| ३ | **स्रोत परिचालन** | | | | | | | | | | | | | | |
| ३.१ | राजस्व प्रशासन सम्बन्धी एकीकृत कानून तर्जुमा (सम्पत्ति कर, व्यवसाय कर, विज्ञापन कर आदी) | पटक | १ | १००० | १००० | १ | १००० | | | | | | | | |
| ३.२ | राजस्व सुधार कार्ययोजना तर्जुमा | पटक | १ | १००० | १००० | | | १ | १००० | | | | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ३.३ | स्थानीय राजस्व परामर्श समितिको राजस्व परिचालन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | वार्षिक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ३.४ | अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय तथा अन्तरसम्वाद कार्यक्रम | बर्षिक | ५ | ६०० | ३००० | १ | ६०० | १ | ६०० | १ | ६०० | १ | ६०० | १ | ६०० |
| ३.५ | राजस्व प्रशासन शाखा, आन्तरिक लेखापरीक्षण शाखा तथा अन्य शाखागत कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम (राजस्व सम्बन्धी सफ्टवेयर थप तथा अद्यावधिक समेत) | पटक | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ३.६ | नगरपालिकाको स्वामित्वमा रहेका जग्गा, भवन तथा अन्य भौतिक संरचनाहरू भाडामा लगाई आयस्रोतको व्यवस्थापन गर्न पूर्वाधार निर्माण | वार्षिक | ५ | १०००० | ५०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० |
| ३.७ | उत्कृष्ट करदातालाई प्रोत्साहन कार्यक्रम (पुरस्कार वा सम्मान) | वार्षिक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ३.८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरू र निजी क्षेत्रसँग स्रोत परिचालनका लागि साझेदारी/समन्वय र सहकार्यका सम्बन्धी अन्तरसम्वाद कार्यक्रम | वार्षिक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ३.९ | समपुरक, विशेष अनुदान एवम् विकास साझेदारका अनुदान प्राप्तिका लागि डिपिआर तयारी एव. प्रस्ताव पेश | पटक | ५ | २००० | १०००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० |
| ३.१० | आन्तरिक राजस्व सम्बन्धी जनचेतनामूलक/करदाता शिक्षा कार्यक्रम संचालन | प्रत्येक वर्ष | ५ | १५०० | ७५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० |
| ३.११ | करदाता विवरण संकलन तथा अध्यावधिक कार्यक्रम | प्रत्येक वर्ष | ५ | ३००० | १५००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० |
| | **स्रोत परिचालनको जम्मा** | | | | ११०००० | १० | २२६०० | १० | २२६०० | ९ | २१६०० | ९ | २१६०० | ९ | २१६०० |
| ४ | **तथ्याङ्क व्यवस्थपन** | | | | | | | | | | | | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ४.१ | एकीकृत तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्य योजना तयारी | पटक | १ | २००० | २००० | | | १ | २००० | | | | | | |
| ४.२ | नगरवासीहरूको एकीकृत सूचना तथा तथ्याङ्कका लागि डिजिटल प्रोफाइल तयारी एवं डिजिटल हाउस नम्बरिङ | पटक | १ | ८००० | ८००० | | | १ | ८००० | | | | | | |
| ४.३ | नगरपालिकाका छरिएका सूचना तथा तथ्याङ्कहरूलाई एकद्वार प्रणाली मार्फत व्यवस्थित गर्ने सफ्टवेयरको विकास | पटक | १ | ५००० | ५००० | | | १ | ५००० | | | | | | |
| ४.४ | वार्षिक खरीद योजना र कार्य योजना तयारी | पटक | ५ | ५०० | २५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| ४.५ | योजना तर्जुमा सम्बन्धी क्षमता विकास कार्यक्रम (कर्मचारी, जनप्रतिनिधि र अन्य सरोकारवाला) | वार्षिक | ५ | ७५०० | ३७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० |
| ४.६ | मध्यमकालीन खर्च संरचना तथा क्षेत्रगत योजनाहरू तयारी | पटक | ५ | १००० | ५००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० |
| ४.७ | सहभागितामूलक योजना तर्जुमा प्रक्रिया कार्यान्वयन (वस्ती, टोल, वडा भेला लगायत) | पटक | ५ | ४५०० | २२५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० | १ | ४५०० |
| ४.८ | नगरका गौरवका आयोजना लगायत अन्य सम्भावित योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन वा पूर्व सम्भाव्यता अध्ययन गरी आयोजना बैंकको संस्थागत विकास | पटक | ५ | ५००० | २५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० |
| ४.९ | नतिजामूलक अनुगमन पद्धतिका सूचकहरू सहित अनुगमन कार्यविधि तयारी | पटक | १ | १००० | १००० | १ | १००० | | | | | | | | |
| ४.१० | सञ्चालित योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | वर्ष | ५ | ३००० | १५००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० |
| ४.११ | आवधिक योजनाको मध्यावधि समिक्षा कार्यक्रम | पटक | १ | १००० | १००० | | | | | १ | १००० | | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति इकाई लागत | कुल वित्तीय लक्ष्य (रु. हजार) | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | आ.व. २०८३/८४ | | आ.व. २०८४/८५ | | आ.व. २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम |
| ४.१२ | अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम | पटक | ५ | १२०० | ६००० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० |
| ४.१३ | सम्पन्न भएका योजनाहरूको प्रभाव मूल्याङ्कन | पटक | ५ | ३००० | १५००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० |
| ४.१४ | टोल विकास संस्था तथा उपभोक्ता समितिहरूको क्षमता विकास कार्यक्रम | पटक | ५ | ७५०० | ३७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० | १ | ७५०० |
| ४.१५ | भौगोलिक सूचना प्रणालीको प्रयोग गरी नगरपालिकाको योजना तर्जुमा, विकास व्यवस्थापन र सेवा प्रवाहका लागि आवस्यक पर्ने आधार नक्सा ( Base maps), तथा स्रोत नक्सा (Resource maps) तयारी एवम् अद्यावधिक गर्ने । | पटक | २ | ३००० | ६००० | १ | ३००० | | | | | १ | ३००० | | |
| **तथ्याङ्क व्यवस्थापनको जम्मा** | | | | | **१८९०००** | | **३७२००** | | **४८२००** | | **३४२००** | | **३६२००** | | **३३२००** |
| ५ | **विकास साझेदारहरुसँगको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरु** | पटक | ५ | | **१७६३९०** | | **११७२९** | | **८६४६.९** | | **३४५४३.७** | | **४२९३४** | | **५८५३६.५** |
| **सुशासन तथा संस्थागत क्षमता विकासको जम्मा** | | | | | **७९५२६०** | | **१३९४२९** | | **१४७६४७** | | **१५७९१४** | | **१६८६८४** | | **१८१५८६** |

# परिच्छेद ९ : लागत अनुमान, कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कन

## ९.१ आवधिक योजना कार्यान्वयनको लागि लागत अनुमान

यस आवधिक योजनाले लक्षित गरे बमोजिमका कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न योजना अवधि भरमा कुल रु. १६ अर्ब ८४ करोड दुई लाख २५ हजार खर्च लाग्ने अनुमान गरिएको छ; जसमध्ये रु. २ अर्ब २१ करोड ४८ लाख १० हजार कर्मचारी तलब भत्तामा खर्च हुने अनुमान छ (नगरपालिकाले गत र चालु आ.व.मा विभिन्न शीर्षकबाट कर्मचारी तलबभत्तामा खर्च गर्ने गरेको रकम *सूत्र*बाट प्राप्त गरी सोही आधारमा गणना गरिएको)। सामाजिक सुरक्षा भत्ता बापतको रकम भने यसमा समावेश गरिएको छैन। पाँचवटा विषयगत क्षेत्रमा खर्च हुने विकास बजेट र कर्मचारी तलब भत्ताबापत खर्च हुने अनुमान गरिएको रकम देहाय अनुसार रहेको छ :

**तालिका- ९.१ : विषयक्षेत्र अनुसार योजनाको अनुमानित स्रोत**

| क.सं. | विषयगत क्षेत्र | रकम (रु.हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २३८५७७९ | १४.१७ |
| २ | सामाजिक विकास | ४३६२०५० | २५.९० |
| ३ | पूर्वाधार विकास | ६३६२०७६ | ३७.७८ |
| ४ | वन, वातावरण, विपद् व्यवस्थापन | ७२०२५० | ४.२८ |
| ५ | संस्थागत विकास र सुशासन | ७९५२६० | ४.७२२ |
| ६ | प्रशासनिक (तलब, भत्ता, सञ्चालन आदि) | २२१४८१० | १३.१५ |
| | कुल जम्मा | १६८४०२२५ | १००.०० |

यो आवधिक योजना तर्जुमा गर्नका लागि आवश्यक पर्ने स्रोत नगरपालिकाको विद्यमान स्रोतको प्रवृत्तिलाई विश्लेषण गरेर योजना अवधिभरमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व तथा रोयल्टी बाँडफाँट, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरू तथा जनसहभागिता, निजी क्षेत्रको लगानी, अन्तर स्थानीय तह साझेदारी रकम र गैसस तथा सामुदायिक क्षेत्रको लगानी लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट समेत लगानी हुने रकमलाई सम्भाव्य स्रोतका रुपमा आँकलन गरिएको छ। यसरी यस आवधिक योजनाको कार्यान्वयनका लागि प्राप्त हुनसक्ने प्रक्षेपित रकम (तालिका- ३.२) कुल १६ अर्ब ८५ करोड रहेको छ। योजनाको कुल अनुमानित लागत भन्दा सम्भाव्य स्रोत ०.०५८ प्रतिशत अङ्कले मात्र बढी भएको हुँदा योजनाको लागत अनुमान सम्भाव्य कुल स्रोतका तुलनामा सन्तुलित रहेको छ। सम्भाव्य स्रोतलाई पाँचवटा विषयगत क्षेत्र र प्रशासनिक खर्चका लागि प्राथमिकता, आवश्यकता र विगतको प्रवृत्ति समेतका आधारमा सन्तुलित रुपमा बजेट विनियोजन गरिएको छ (तालिका- ९.१)। यसरी सम्भाव्य स्रोतलाई मध्यनजर गरी कार्यक्रम बजेट तर्जुमा गरिएको हुँदा यस आवधिक योजनाको बजेट सन्तुलित रहेको छ। नगरपालिकाका सम्भाव्य आयस्रोतमध्ये आन्तरिक स्रोत, राजस्व तथा रोयल्टी बाँडफाँट, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरू मात्र स्थानीय सञ्चित कोषमा प्राप्त भई यस आवधिक योजनाबमोजिमका कार्यक्रम आयोजनाहरूमा खर्च भएतापनि जनसहभागिता, निजी क्षेत्रको लगानी, अन्तर स्थानीय तह साझेदारी रकम र गैसस तथा सामुदायिक क्षेत्रको लगानी लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट हुने लगानी पनि यस आवधिक योजनाको लक्ष्य, उद्देश्य प्राप्त गर्न सहयोगी हुने अपेक्षा गरिएको छ।

## ९.२ कार्यान्वयनको व्यवस्थापन र अनुगमन

यो आवधिक विकास योजना वार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत् कार्यान्वयन हुने भएकाले तय गरिएका लक्ष्य र उद्देश्यहरू हासिल गर्न सोही अनुरुप बजेट विनियोजन गर्नुपर्दछ। त्यसैगरी, यस आवधिक योजनाले तय गरेका समष्टिगत रणनीति, निर्देशक सिद्धान्तहरू, प्राथमिकताका क्षेत्रहरु तथा विषयगत रुपमा पहिचान गरिएका

रणनीति तथा कार्यनीतिहरूले नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्ग निर्देश गर्नेछ। त्यसै गरी तय गरिएका प्रमुख कार्यक्रम, आयोजना तथा नतिजा खाकाले वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्न आधार प्रदान गर्ने हुँदा बजेट र कार्यक्रमलाई सोही अनुरुप तादात्म्यता कायम गर्नु गर्दछ।

यस आवधिक योजनाका लक्ष्य उद्देश्य तथा अपेक्षित उपलब्धीहरू हासिल हुनका लागि नगरपालिका आफैंले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरू, प्रदेश सरकार तथा सङ्घ सरकार मार्फत् सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरू, सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरू र विभिन्न गैरसरकारी संस्थाहरू समेतले स्थानीय सरकारसँग समन्वय गरी सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरूले योगदान गर्नेछन्।

यस आवधिक योजनाको कार्यान्वयनका लागि यसमा व्यवस्था भएबमोजिमका समष्टिगत तथा विषय क्षेत्रगत रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयनमा आए नआएको सम्बन्धमा अध्ययन, अनुगमन र विश्लेषण गरी वार्षिक रुपमा आवधिक नगर विकास योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रतिवेदन तयार गरिनेछ। यसका लागि नगरपालिकाकाको अनुगमन तथा मूल्याङ्कन समितिले सम्बन्धित शाखा एवं एकाइहरूको सहयोगमा अनुगमन र मूल्याँकन कार्य सम्पन्न गरी नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ। त्यसै गरी प्रमुख प्रशासकीय अधिकृतले योजना तथा अनुगमन शाखा मार्फत नियमित अनुगमन तथा मुल्याँकन कार्य गरि गराई प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ। प्राप्त अनुगमन तथा मुल्याँकन प्रतिवेदनहरु नगरपालिकाको समीक्षा बैठकमा प्रस्तुत गरी कार्यपालिकाले कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

## ९.३ समीक्षा तथा मूल्याङ्कन

यस आवधिक योजनाका लक्षित उपलब्धीहरू हासिल गर्न नियमित एवम् प्रभावकारी अनुगमन अपरिहार्य छ। तर यो आवधिक योजना आफैं कार्यान्वयन हुनेभन्दा वार्षिक योजनामार्फत् कार्यान्वयन हुने भएकाले वार्षिक योजना समीक्षाका क्रममा आवधिक योजनामा राखिएका प्रमुख रणनीतिक कार्यक्रम/आयोजना के कति कार्यान्वयन भए र नतिजा खाका प्रस्तुत गरिएको अपेक्षित असर तथा प्रतिफलहरू के कति हासिल हुँदै गएका छन् भन्ने विषयलाई वार्षिक योजना समीक्षाको मूलभूत विषयवस्तुका रुपमा स्थापित गरिनेछ। वार्षिक योजना समीक्षाका क्रममा आवधिक योजनाका लक्ष्य, उद्देश्यहरू के कति हासिल हुँदै गएका छन् समीक्षा गरी तुलनात्मक प्रतिवेदन तयार गरी तदनुरुप कार्यान्वयन गर्दै नजाने हो भने यो आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गर्न सकिने छैन। यो आवधिक योजनाको कार्यान्वयन सुनिश्चित नभएमा यसले लिएका लक्ष्य र उद्देश्यहरू हासिल हुने कुरा पनि सुनिश्चित हुनेछैन।

यस आवधिक नगर विकास योजना कार्यान्वयनको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा गरिनेछ। स्वतन्त्र, तटस्थ तथा निष्पक्ष रुपमा मूल्याङ्कन गर्न पहिलो पटक दुई वर्षपछि र दोस्रो पटक आवधिक योजनाको कार्यान्वयन सम्पन्न भएपश्चात् तेस्रो पक्षबाट मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ। आवधिक योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यको व्यवस्थापकीय जिम्मेवारी मूलतः प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि समय, जिम्मेवारी, विधि, विषयवस्तु तथा अनुगमन मूल्याङ्कनको अपेक्षित प्रतिफल देहायको तालिकामा प्रस्तुत गरिएको छ। नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजनाको लक्ष्य, उद्देश्यमा आधारित रही वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था नगर कार्यपालिकाले गर्नेछ।

| समय | जिम्मेवारी | विधि | विषयवस्तु | प्रतिफल |
|---|---|---|---|---|
| अनुगमन | | | | |
| ▪ पटके<br>▪ त्रैमासिक | ▪ सम्बन्धित कर्मचारी, | ▪ औपचारिक तथा अनौपचारिक स्थलगत अवलोकन, | ▪ तोकिएको समय, मानव स्रोत, सामग्री, पूँजी तथा | ▪ अनुगमन तथा समीक्षा |

| समय | जिम्मेवारी | विधि | विषयवस्तु | प्रतिफल |
|---|---|---|---|---|
| ▪ अर्धवार्षिक<br>▪ वार्षिक | शाखा/ एकाइ प्रमुख,<br>▪ प्रमुख प्रशासकीय अधिकृत,<br>▪ विषयगत समिति संयोजक तथा सदस्यहरू<br>▪ उपप्रमुख,<br>▪ नगर प्रमुख | ▪ टेबुल अध्ययन (तथ्याङ्क तथा प्रतिवेदन अध्ययन, तस्वीर/भिडियो अवलोकन, टेलिफोन, जानकार व्यक्तिसँगको सोधपुछ)<br>▪ त्रैमासिक तथा वार्षिक समीक्षा<br>▪ सेवा/लाभग्राही वा उपभोक्तासँगको छलफल/अन्तर्वार्ता<br>▪ सरोकारवालासँगको अन्तर्वार्ता,<br>▪ कार्यपालिका सदस्य तथा सभाषद्सँगको छलफल,<br>▪ कर्मचारी छलफल,<br>▪ तेस्रो पक्ष सहभागिता | तिनको परिमाण, आवृत्ति र गुणस्तरमा आयोजना/कार्यक्रम कार्यान्वयन भए/नभएको<br>▪ तोकिएको समय र गुणस्तरमा सम्पन्न भई लक्षित व्यक्ति लाभान्वित हुने/नहुने<br>▪ लाभान्वित व्यक्ति/समुदायको सङ्ख्या तथा अवस्था<br>▪ उप/विषय क्षेत्रगत लक्ष्य, उद्देश्य हासिल गर्न योगदान गर्ने/नगर्ने | प्रतिवेदन तयारी<br>▪ अनुगमन प्रतिवेदन कार्यान्वयन अवस्था पुनरावलोकन |
| मूल्याङ्कन | | | | |
| ▪ योजनाको मध्यावधि (आ.व. २०८३/८४)<br>▪ योजना सम्पन्न भएपछि (आ.व. २०८५/८६) | ▪ नगर कार्यपालिका | ▪ आन्तरिक मूल्याङ्कन<br>▪ तेस्रो पक्ष मूल्याङ्कन | ▪ आवधिक योजनाका समष्टिगत तथा विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य ।<br>▪ अपेक्षित असर तथा प्रतिफल | ▪ अपेक्षित उपलब्धीको आँकलन<br>▪ कार्यान्वयनमा रहेका कमजोरीहरू पहिचान<br>▪ |

## सन्दर्भ सामग्री


१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोग, २०७८
२. पन्ध्रौं योजना (२०७६/७७ - २०८८/८१), राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, २०७६
३. सोह्रौं योजनाको आधारपत्र (२०८१)
४. बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७ - २०८०/०८१),
५. आ.व. २०८०/८१ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य, चन्द्रागिरि नगरपालिका, बागमती प्रदेश, काठमाठौं, २०८०
६. https://chandragirimun.gov.np/
७. जनसांख्यिक प्रतिवेदन, राष्ट्रिय जनगणना २०७८, चन्द्रागिरि नगरपालिका, २०८०
८. चन्द्रागिरि नगरपालिकाको आर्थिक विकास स्थितिपत्र (प्रोफाइल) २०८०
९. चन्द्रागिरि दर्पण, २०८०, कार्तिक
१०. चन्द्रागिरि नगरपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण २०८०
११. चन्द्रागिरि नगरपालिकाका शाखाहरूबाट प्राप्त सूचना तथा प्रतिवेदनहरू
१२. सोह्रौं योजना, (२०८१/८१ - २०८५/८६), राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, २०८१ जेठ
१३. नगर सडक गुरुयोजना, २०८१, चन्द्रागिरि नगरपालिका, बलम्बु, काठमाडौं

# अनुसूची

## अनुसूची १ : योजना तर्जुमा कार्यशाला गोष्ठीको उपस्थिति

चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

आज मिति २०८० साल चैत्र १३ गते चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीज्यूको अध्यक्षतमा सम्पन्न हुने आवधिक विकास योजना तर्जुमाको प्रारम्भिक कार्यशाला गोष्ठी कार्यक्रममा उपस्थित भई स्पाईरल नोट बुक थान १ र डटपेन १ थान बुझिलिएको विवरण

| क्र.सं. | नाम, थर | पद | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री घनश्याम गिरी | नगर प्रमुख | चन्द्रागिरि नगरपालिका | | |
| २ | मा. राजेन्द्र कुमार के.सी. | प्रतिनिधिसभा सदस्य | संघीय संसद | ९८५१०८५७०९ | |
| ३ | मा. कृष्ण गोपाल श्रेष्ठ | प्रतिनिधिसभा सदस्य | संघीय संसद | ९८५१०४१५५० | |
| ४ | मा. केशब प्रसाद पोखरेल | प्रदेश सभा सदस्य | बागमती प्रदेश | ९८५१०८७०९३ | |
| ५ | मा. रमा आलेमगर | प्रदेश सभा सदस्य | बागमती प्रदेश | ९८५११३२८०८ | |
| ६ | मा. यमुना देवी श्रेष्ठ | प्रदेश सभा सदस्य | बागमती प्रदेश | ९८५११६११०५ | |
| ७ | मा. बिन्दु श्रेष्ठ | प्रदेश सभा सदस्य | बागमती प्रदेश | ९८४१५८४९३५ | |
| ८ | श्री सन्तोष बुढाथोकी | प्रमुख | जिल्ला समन्वय समिति, काठमाडौं | ९८५११८१८२६ | |
| ९ | श्री महेश दाहाल | पूर्व सचिव | नेपाल सरकार | [illegible] | |
| १० | डा. दिवाकर लुईटेल | उप-सचिव | राष्ट्रिय योजना आयोग | ९८४१२२७९३४ | |
| ११ | श्री वसन्ती श्रेष्ठ | नगर उपप्रमुख | चन्द्रागिरि नगरपालिका | | |
| १२ | श्री हेमराज अर्याल | प्रमुख प्रशासकीय अधिकृत | चन्द्रागिरि नगरपालिका | | |
| १३ | श्री सपना परियार | सदस्य | जिल्ला समन्वय समिति, काठमाडौं | 9867490549 | |
| १४ | श्री कृष्ण प्रसाद खड्गी | प्रवक्ता/वडा अध्यक्ष | वडा नं. ४, च.न.पा. | | |
| १५ | श्री हरिश्याम राना मगर | वडा अध्यक्ष | वडा नं. १, च.न.पा. | | [illegible] |
| १६ | श्री भाईकृष्ण तामाङ्ग | वडा अध्यक्ष | वडा नं. २, च.न.पा. | | |
| १७ | श्री दुर्गालाल महर्जन | वडा अध्यक्ष | वडा नं. ३, च.न.पा. | | |
| १८ | श्री राजेन्द्र महर्जन | वडा अध्यक्ष | वडा नं. ५, च.न.पा. | | |
| १९ | श्री संजय सिग्देल | वडा अध्यक्ष | वडा नं. ६, च.न.पा. | | |
| २० | श्री भुवन के.सी. | कार्यवाहक वडा अध्यक्ष | वडा नं. ७, च.न.पा. | | |
| २१ | श्री प्रल्हाद रिजाल | वडा अध्यक्ष | वडा नं. ८, च.न.पा. | | |
| २२ | श्री अच्यूत अधिकारी | वडा अध्यक्ष | वडा नं. ९, च.न.पा. | | |
| २३ | श्री शिवकुमार महर्जन | वडा अध्यक्ष | वडा नं. १०, च.न.पा. | [illegible] | |
| २४ | श्री नरेन्द्रराज श्रेष्ठ | वडा अध्यक्ष | वडा नं. ११, च.न.पा. | | |
| २५ | श्री न्हुच्छे वहादुर महर्जन | वडा अध्यक्ष | वडा नं. १२, च.न.पा. | | |
| २६ | श्री श्रीकृष्ण खत्री | वडा अध्यक्ष | वडा नं. १३, च.न.पा. | | |
| २७ | श्री राजभाई महर्जन | वडा अध्यक्ष | वडा नं. १४, च.न.पा. | | |
| २८ | श्री घनश्याम लुईटेल | वडा अध्यक्ष | वडा नं. १५, च.न.पा. | [illegible] | |
| २९ | श्री चन्द्र कुमारी गिरी(वस्नेत) | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | [illegible] | |
| ३० | श्री संगीता महर्जन | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | [illegible] | |
| ३१ | श्री उमा कुमारी थापा | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | 9849276947 | |
| ३२ | श्री सबना कार्की | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | 9860972344 | |
| ३३ | श्री अनिता अमात्य/श्रेष्ठ | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | 9818519110 | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | श्री अस्मिता वयलकोटी | कार्यपालिका सद· | चन्द्रागिरि नगरपालिका | [illegible] | |
| ३५ | श्री निर्मला दुलाल (वोगटी) | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | 9841496565 | |
| ३६ | श्री सानुकान्छा परियार | कार्यपालिका सदस्य | चन्द्रागिरि नगरपालिका | 9841200354 | |
| ३७ | श्री सुजन राज खनाल | अधिकृतस्तर दशौं | चन्द्रागिरि नगरपालिका | ९८४१३६४८९९ | |
| ३८ | राम लाल श्रेष्ठ | जसपा पार्टी | " | 9851006171 | |
| ३९ | महेशदत्त भट्ट | लेखा अधिकृत | " " | 9851932836 | |
| ४० | केशव राज शर्मा | रा. स्व. पा. | " | 9851098574 | |
| ४१ | यशोदा थापा | शाखा अधिकृत | " | 9849637974 | |
| ४२ | दिनेश परिवार | | चन्द्रागिरि न.पा. ८ | 985121178 | |
| ४३ | आकाश महर्जन | ने.क.पा अध्यक्ष | " | 9813554166 | |
| ४४ | सुरेन्द्र कु केसी | नि.पु.पा. | " | 9851194954 | |
| ४५ | गौरी नगरकोटी | इन्जिनियर | चं.न.पा | 9860344779 | |
| ४६ | राजु श्रेष्ठ | राजनैतिक दल (एमाले) | चन्द्रागिरि | ९८४९१०५४४२ | |
| ४७ | शिल्पा दैव | सं.ई | " | 9819982597 | |
| ४८ | पदमा अर्याल | Urban Planner | " | 9849387592 | |
| ४९ | Shreeram Lamichhane | Sub-Engineer | Chandragiri | 9851244647 | |
| ५० | Sushma Bhandari | Engineer. | " | 9849197271 | |
| ५१ | Urmila Adhikari | Sub-Engineer | " | 9816102700 | |
| ५२ | Bhadra Aryal | व.प्र.प्र.अ. | च.न.पा | | |
| ९२ | दिपक प्र. काफ्लेको | वे.नि.पा. | चं.न.पा. | ९८४९३६२३९४ | |
| ९३ | गीता देवी शर्मा | ग्रा.अ. | च.न.पा | ९८४१६९६६०९ | |
| ९४ | पुष्प राज शर्मा | रो.सि | " | ९८४३८२४३८२ | |
| ९५ | विष्णु कुमारी बालकोटा | स.चौंथो | " | ९८४९८०३६९०१ | |
| ९६ | राजेन्द्र विक्रम थापा | का.वा.सभापति | नेपाली काँग्रेस चन्द्रागिरि नगर समिति | ९८२९०६४४४७ | |
| ९७ | रोशन पाणी | नगर इन्चार्ज | " | 9851244771 | |
| ९८ | प्रशान्त श्रेष्ठ | चन्द्रागिरि न्यूज | चं.न.पा - १० | ९८६९६०८३२८ | |
| ९९ | | | | | |
| १०० | | | | | |
| १०१ | | | | | |
| १०२ | | | | | |
| १०३ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | | | | | |
| ५४ | राजु ब. खड्का | आ.वि शाखा प्रमुख | च. ने. पा | ९८५१२०३२०६ | |
| ५५ | बिना गिरी | पूर्व सर्वदलीय | ,, | 9761612510 | |
| ५६ | शुभा दास महर्जन | ,, नेमाकिपा | ,, | ९८५१[illegible]3217 | |
| ५७ | रामकुमारी महर्जन | जी . क्ष . पा | च.न. पा ऽ | 9841142163 | |
| ५८ | श्रष्ठि टण्डन बलामी | नेमपा (क्रस) | ,, ६ | 9851083562 | |
| ५९ | नारायण दु [illegible] | च.न. पा, [illegible] | | 985101007 | |
| ६० | सुरेश तामाङ | पूर्व सर्वदलीय चे.न.पा ४ सदस्य | च.न.पा-४ | 9849177979 | |
| ६१ | रस्मी घिमाल | आ. ले. प. | | 9845106981 | |
| ६२ | दामोदर घिमिरे | प्रशासन शाखा | च.न.पा. | ९८५६६२८२१२ | |
| ६३ | लक्ष्मी कुमारी गुरुङ | प्राविधिक शाखा | ,, | ९८४९८५९६६३३ | |
| ६४ | हरि महर्जन | | च. न. पा ३ | ९८४१८८० ९२३ | |
| ६५ | कृष्ण कुमार श्रेष्ठ | नेकपा (माले) | च न पा ४ | कृष्ण कुमार ९८४९९५३०८६ | |
| ६६ | रामराजा थापा | रा.स्व.पा. क्षेत्रीय संयोजक | च. न. पा. ८ | ९८४१०९८३३५ | |
| ६७ | जनार्दन के.सी. | रा. स्व. पा. (नगर स.) | ,, | ९८४१३६६९५४ | |
| ६८ | गीता श्रेष्ठ | प्रजातन्त्र पार्टी नेपाल | च न. पा ५ | 9810294442 | |
| ६९ | सुनिल रत्न शेरचन | स. ची. | च. न. पा. | 9841782004 | |
| ७० | देवेन्द्र प्रधान | राप्रपा | च.न.पा ९५।१५ | 9851044833 | |
| ७१ | बुद्धिप्रसाद भट्ट | जिल्ला प्रवा पार्टी ललितपुर | ,, | | |
| ७२ | | | | | |
| ७३ | सुन्दर प्रधान | च.न.पा. १० | नेकपा (माओवादी केन्द्र) | 98418744[illegible] | |
| ७४ | देव कृष्ण महर्जन | च. न. पा - ३ | अध्यक्ष नेकपा मा. के. | 9841444350 | |
| ७५ | गणेश बं कुँवा | ,, | नेकपा (माओवादी) | 9857035723 | |
| ७६ | अनन्त राज सिग्देल | चनपा का २१ | नेकपा एमाले अनुगमन समिति | ९८४१५८६६१५ | |
| ७७ | गोपाल पाठक | च. न. पा ८ | ournewseven.com | 9861822222 | |
| ७८ | तुका भण्डारी | ,, ,, १५ | newsabhiyan.com | 9845028141 | |
| ७९ | बसन्त प्र. महराइ | सेन्ट्र प्राविजोनिकल | परामर्शदाता | ९८४११९८२६५ | |
| ८० | पंकज अधिकारी | ,, ,, | ,, | ९८४१२६८६५० | |
| ८१ | रश्मी श्रेष्ठ | च. नं. पा. क.अ | सामाजिक शाखा | 9860301570 | |
| ८२ | राम प्रसाद सिग्देल | च. न.पा. | कृषि वि. शाखा | 9851035762 | |
| ८३ | लक्ष्मी [illegible] | च.न.पा. अ. अधि. | EBPS unit | 9847061019 | |
| ८४ | रविज श्रेष्ठ | च.न.पा. स. अधि | प्राविधिक शाखा | 9843335679 | |
| ८५ | गोकर्ण पन्त | अ.नं.पा स्टोर | स्टोर इन्चार्ज | 9841612002 | |
| ८६ | बद्रीनाथ पौडेल | पशु सेवा शाखा | पशु सेवा शाखा | 9857040823 | |
| ८७ | विष्णुप्रसाद नेपाल | वरिष्ठ सम्पादक | [illegible] | 9841531895 | |
| ८८ | संजीव ज्ञवाली | स.इ.अ. | च. न. पा. | ९८४९५३९०१२ | |
| ८९ | शम्भु कुमार महतो | प्र.गं स्वा. अ. | च नं पा | ९८४९९८०३८५ | |
| ९० | निरंजन खड्का | प्र.स. | ,, | ९८४१२५८६७८ | |

# अनुसूची २ : विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठीको उपस्थिति

चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

आज मिति २०८० साल चैत्र २७ गते विहान ८:०० बजे चन्द्रागिरि नगरपालिकाको आर्थिक वकास समितिका संयोजक श्री प्रल्हाद रिजालज्यूको अध्यक्षतमा देहायका पदाधिकारी एवं महानुभावहरुको उपस्थितीमा आवधिक विकास योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

| क्र.सं. | नाम, थर | पद | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री प्रल्हाद रिजाल | संयोजक, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| २ | श्री घनश्याम गिरि | नगर प्रमुख | चन्द्रागिरि नगरपालिका | | |
| ३ | श्री बसन्ती श्रेष्ठ | नगर उप प्रमुख | चन्द्रागिरि नगरपालिका | | [signature] |
| ४ | श्री हेमराज अर्याल | प्रमुख प्रशासकीय अधिकृत | चन्द्रागिरि नगरपालिका | | [signature] |
| ५ | श्री शिव कुमार ~~श्रेष्ठ~~ भट्टराई | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| ६ | श्री अनिता अमात्य | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | Amita |
| ७ | श्री सानुकान्छा परियार | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| ८ | श्री मञ्जय प्रकाश श्रेष्ठ | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| ९ | श्री शान्ता बलामी | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| १० | श्री भुवन कुमार के.सी. | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| ११ | श्री स्वस्थानी सुर्खेती | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | स्वस्थानी |
| १२ | श्री मुना गोपाली | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | |
| १३ | श्री भेषनाथ उपाध्याय | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | |
| १४ | श्री सिंह बहादुर महर्जन | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| | श्री राज कुमार बोगटी | सदस्य, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | [signature] |
| १६ | श्री राज बहादुर खड्का | सदस्य सचिव, आर्थिक विकास समिति | चन्द्रागिरि नगरपालिका | ९८४१२०३२०६ | [signature] |
| १७ | श्री किरण गौतम | शाखा प्रमुख | कृषि विकास बैंक, गुर्जुधारा | ९८४१३१८२८८ ९८४१३२३८८६ | [signature] |
| १८ | श्री प्रकाश खड्का | शाखा प्रमुख | रा.वा.बैंक बलम्बु | ९८४१३२४२१४ | [signature] |
| १९ | श्री नारायण पुन मगर | शाखा प्रमुख | ग्लोबल आइएमई बैंक सिमा चोक, थानकोट | ९८५११४३३९१ | [signature] |
| २० | श्री सविना पोखरेल | शाखा प्रमुख | राष्ट्रिय सहकारी बैंक, बलम्बु | ९८४१०८२०६० | [signature] |
| २१ | श्री अनिता अमात्य | का.पा.सं. | वडा नं. ११ | ९८१८४१३११० | Amita |
| २२ | श्री स्वस्थानी सुर्खेती | वडा सदस्य | वडा नं ८ | ९८४१०६६५३१ | स्वस्थानी |
| २३ | श्री चन्द्र राज दाहाल | चन्द्रागिरि कृषि फार्म ~~[illegible]~~ | वडा ३ | ९८४१०३६४१३ | [signature] |
| २४ | श्री जाविर हुसेन | घरेलु तथा साना उद्योग संघ च.न.पा. | वडा . ३. | ९८१८४३०७४० | [signature] |
| २५ | श्री कुन्ती रिजाल | घरेलु तथा साना उद्योग चन्द्रागिरि नगर संघ | वडा . ३ | ९८४३४६१८४० | [signature] |
| २६ | श्री राज कुमार श्रेष्ठ | | वडा . ८ | ९८४१०८०६४४ | [signature] |
| २७ | श्री सुरेन्द्र थापा | | चन्द्रागिरि नगर कोप्न सन्चार समिती | ९८४१०५६८६८ | [signature] |
| २८ | श्री भुवन श्रेष्ठ | | चन्द्रागिरी नगर १२ | ९८४४८३२६६० | [signature] |
| २९ | श्री यमलाल मरासिनी | पशु प्राविधिक (जे.टि.ए.) | चन्द्रागिरी ८ | ९८४१२४८४३८ | [signature] |
| ३० | श्री मुदन तामाङ | पशु पालक किसान | चन्द्रागिरी - २ | ९८३६४१३४२ | [signature] |
| ३१ | श्री कुमार खत्री | पशु प्राविधिक (पारामेट) | चन्द्रागिरी-१२ | ९८४१२४३३५ | [signature] |
| ३२ | श्री उमेश प्रसाद शर्मा | पशु प्राविधिक (जेटिए) | चन्द्रागिरी '१' | ९८४११३८३८८ | [signature] |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री | | | | |
| ३४ | श्री कृष्णभक्त श्रेष्ठ | पाङ्गागिरी उद्योग वाणिज्य संघ अध्यक्ष | पाङ्गागिरी न.पा. वडा-१४ | ९८४१०८२०३३ | [illegible] |
| ३५ | श्री गीतादेवी घुसाल | चन्द्रागिरी उद्योग वाणिज्य संघ सचिव | चन्द्रागिरी न.पा.वडा नं.-८ | ९८४१८८३३८६ | Ghusal |
| ३६ | श्री विष्णु प्र. शाही | च.न.पा. उद्योग वाणिज्य संघ (अध्यक्ष) | च.न.पा. -४ | ९८४०-३६४८९ | [illegible] |
| ३७ | श्री दिन रमण जोशी | पुण्योदय बहु उद्देशीय सहकारी | च. न. पा. ७ | ९८४१४४४८०३ | [illegible] जोशी |
| ३८ | श्री हरिशरण थापा | हाम्रो दिव्योक साकोस | च. रि. पा. ९ | ९८४९००४४६६ | [illegible] |
| ३९ | श्री [illegible] भण्डारी | कृषि विकास शाखा | च.न.पा. | ९८४८३३९००० | [illegible] |
| ४० | श्री बद्रीनाथ पौडेल | सि. पशु विकास अधिकृत | च. न. पा. पशु सेवा शाखा | 9857040823 | [illegible] |
| ४१ | श्री गजेन्द्र महर्जन | [illegible] कृषि सहकारी संस्था | च.न.पा. -३ | 9851095140 | [illegible] |
| ४२ | श्री विकल्प श्रेष्ठ | " " | च.न.पा -३ | 9813766293 | [illegible] |
| ४३ | श्री सुनिल महर्जन | आ. वि. शा. | च. न. पा. | ९८४१८५४८२९ | [illegible] |
| ४४ | श्री कृष्णदेवी महर्जन | आ. वि. शा. | च. न. पा. | 9849190829 | [illegible] |
| ४५ | श्री महेश्वरी महर्जन | का. स | च. न. पा. | 9810256133 | [illegible] |
| ४६ | श्री पंकज अधिकारी | पत्रकार दाता | रिजिजन नेपाल | [illegible] | [illegible] |
| ४७ | श्री [illegible] महर्जन | " | " " | ९८४११८८२६ | [illegible] |
| ४८ | श्री यशोदा थापा | | | | |
| ४९ | श्री | | | | |

## चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

आज मिति २०८० साल चैत्र २७ गते विहान ९:०० बजे चन्द्रागिरि नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकासका संयोजक श्रीकृष्ण खत्रीज्यूको अध्यक्षतमा देहायका पदाधिकारी एवं महानुभावहरुको उपस्थितिमा आवधिक विकास योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

| क्र.सं. | नाम, थर | पद | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री श्रीकृष्ण खत्री | संयोजक, सार्वजनिक सेवा तथा क्षमता विकास समिति | चन्द्रागिरि नगरपालिका | | [illegible] |
| २ | श्री दुर्गालाल महर्जन | सदस्य, सार्वजनिक सेवा तथा क्षमता विकास समिति | चन्द्रागिरि नगरपालिका | | |
| ३ | श्री हरिश्याम राना मगर | " | चन्द्रागिरि नगरपालिका | | |
| ४ | श्री चन्द्रकुमारी गिरी वस्नेत | " | चन्द्रागिरि नगरपालिका | | |
| ५ | श्री सरस्वती राय | " | चन्द्रागिरि नगरपालिका | ९८४९३६७८५० | सरस्वती |
| ६ | श्री प्रदिप अधिकारी | " | चन्द्रागिरि नगरपालिका | ९८४५२२०६०५ | [illegible] |
| ७ | श्री रविना रोक्का | " | चन्द्रागिरि नगरपालिका | 9849163499 | [illegible] |
| ८ | श्री निरु घले | " | चन्द्रागिरि नगरपालिका | 9849006683 | [illegible] |
| ९ | श्री कविराज खड्का | " | चन्द्रागिरि नगरपालिका | | |
| १० | श्री कान्छी मिजार | " | चन्द्रागिरि नगरपालिका | | कान्छी |
| ११ | श्री मनोज कुमार महर्जन | " | चन्द्रागिरि नगरपालिका | ९८४००९३२६६ | [illegible] |
| १२ | श्री चम्पा रोक्का | " | चन्द्रागिरि नगरपालिका | | |
| १३ | श्री संगीता नेपाली | " | चन्द्रागिरि नगरपालिका | 9849686571 | [illegible] |
| १४ | श्री दामोदर रिजाल | सदस्य सचिव | चन्द्रागिरि नगरपालिका | ९८४६६२४२१२ | [illegible] |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | श्री | | | | |
| १६ | श्री महेश दत्त भट्ट | लेखा अधिकृत | चन्द्रागिरि न.पा. | [illegible] | |
| १७ | श्री पंकज अधिकारी | परामर्शदाता | रिजिलेन्स नेपाल | [illegible] | |
| १८ | श्री बसन्त भट्टराई | " | " | [illegible] | |
| १९ | श्री अशोक थापा | राजस्व शाखा | च.न.पा | 9849637974 | |
| २० | श्री रश्मी घिमाल | अ.स.ले.प | " | 9845106981 | |
| २१ | श्री सान्त्वना पाठक | वरिष्ठ सहायक | " | 984072310 | |
| २२ | श्री | | | | |
| २३ | श्री | | | | |
| २४ | श्री | | | | |
| २५ | श्री | | | | |
| २६ | श्री | | | | |
| २७ | श्री | | | | |
| २८ | श्री | | | | |
| २९ | श्री | | | | |
| ३० | श्री | | | | |
| ३१ | श्री | | | | |
| ३२ | श्री | | | | |

## चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

आज मिति २०८० साल चैत्र २८ गते चन्द्रागिरि नगरपालिकाको वातावरण तथा बिपद् व्यवस्थापन समितिका संयोजक श्री संजय सिग्देलज्यूको अध्यक्षतामा देहायका पदाधिकारी एवं महानुभावहरुको उपस्थितीमा आवधिक विकास योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

| क्र.सं. | नाम, थर | पद | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री संजय सिग्देल | संयोजक, वातावरण तथा बिपद् व्यवस्थापन | चन्द्रागिरि नगरपालिका | 9841635888 | |
| २ | श्री भाईकृष्ण तामाङ | सदस्य, वातावरण तथा बिपद् व्यवस्थापन | चन्द्रागिरि नगरपालिका | | |
| ३ | श्री अच्युत अधिकारी | " | चन्द्रागिरि नगरपालिका | | |
| ४ | श्री संगिता महर्जन | " | चन्द्रागिरि नगरपालिका | 9818620313 | |
| ५ | श्री लक्ष्मी थापा सुबेदी | " | चन्द्रागिरि नगरपालिका | 9841462748 | |
| ६ | श्री राज कुमार गोपाली | " | चन्द्रागिरि नगरपालिका | 9841614538 | |
| ७ | श्री पूर्ण कुमारी बयलकोटी | " | चन्द्रागिरि नगरपालिका | | |
| ८ | श्री राम शरण महत | " | चन्द्रागिरि नगरपालिका | 9841679640 | |
| ९ | श्री समिन के.सी. | " | चन्द्रागिरि नगरपालिका | | |
| १० | श्री गमला मिजार | " | चन्द्रागिरि नगरपालिका | 9818209030 | |
| ११ | श्री अन्जित सापकोटा | " | चन्द्रागिरि नगरपालिका | 9851156656 | |
| १२ | श्री नारायण भुजेल | " | चन्द्रागिरि नगरपालिका | 9851101205 | |
| १३ | श्री श्रुती माली | " | चन्द्रागिरि नगरपालिका | | |
| १४ | श्री भद्रा अर्याल | सदस्य सचिव | चन्द्रागिरि नगरपालिका | [illegible] | |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री रामप्रसाद आले मगर | [illegible] | चन्द्रागिरी न.पा.३ | ९८५९६८३२६२ | [signature] |
| १६ | श्री तेजराज शर्मा(YSP) | नं.९८ गण [illegible] | किर्तिपुर | ९८४८६६६२४६ | [signature] |
| १७ | श्री पदमा अर्याल | Urban Planner | UNOPS | 9849987592 | Padma Aryal |
| १८ | श्री [illegible] थापा | श्री [illegible] गण | [illegible] | 9845082326 | [signature] |
| १९ | श्री [illegible] कुमार साह | प्रहरी वृत्त थानकोट | थानकोट | 9851294936 | [signature] |
| २० | श्री दिलिप कुमार [illegible] | —"— | —"— | 9841634659 | [signature] |
| २१ | श्री ओमजंग बम | [illegible] | चन्द्रागिरी | 9851166336 | [signature] |
| २२ | श्री रविन अधिकारी | [illegible] SPC | [illegible] | 9841929095 | [signature] |
| २३ | श्री जयन्ती राजभण्डारी | Project Manager | ENPHO | 9843919793 | [signature] |
| २४ | श्री विजया राजवैद्य | Technical Advisor Capacity Building & Governance | FHI360 | 9808900410 | [signature] |
| २५ | श्री पंकज अधिकारी | [illegible] | [illegible] | ९८४९२६२६८० | [signature] |
| २६ | श्री सीता फिरङ्गी (खनाल) | अधिकृत | चन्द्रागिरी नगरपालिका | ९८४९६८३२८१ | [signature] |
| २७ | श्री शान्ती प्र. कडेल | जनता | " " | ९८४८९१००१२ | [signature] |
| २८ | श्री तिलक गंगाले | प्रहरी थानकोट | " | ९८९८४८८६६ | [signature] |
| २९ | श्री पिंकु कुमार यादव | प्रहरी वृत्त थानकोट | " | ९८०४८०६६८४ | [signature] |
| ३० | श्री सूर्य तामङ | " | " | ९८४४[illegible] | [signature] |
| ३१ | श्री अमृत श्रेष्ठ | " | " | ९८०३४८४२७४ | [signature] |
| ३२ | श्री शिवराज उपाध्याय | नं.९८ गण | किर्तिपुर | ९८६०४४३२१२ | [signature] |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री किसान गुरुङ | नं.९८ गण | किर्तिपुर | 9606280038 | [signature] |
| ४ | श्री शिवशंकर साह | " | " | ९८४००३३३४६ | [signature] |
| ५ | श्री शान्ति प्र. कडेल | " | " | | |
| ६ | श्री महेश्वरी महर्जन | चं.न.पा. का.स. | चं.न.पा | 9810256133 | [signature] |
| ३७ | श्री | | | | |
| ३८ | श्री | | | | |
| ३९ | श्री | | | | |
| ४० | श्री | | | | |
| ४१ | श्री | | | | |
| ४२ | श्री | | | | |
| ४३ | श्री | | | | |
| ४४ | श्री | | | | |
| ४५ | श्री | | | | |
| ४६ | श्री | | | | |
| ४७ | श्री | | | | |
| ४८ | श्री | | | | |
| ४९ | श्री | | | | |

# चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

आज मिति २०८० साल चैत्र २८ गते चन्द्रागिरि नगरपालिकाको सामाजिक विकास समितिका संयोजक श्री घनश्याम लुईटेलज्यूको अध्यक्षतमा देहायका पदाधिकारी एवं महानुभावहरुको उपस्थितीमा आवधिक विकास योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

| क.सं. | नाम, थर | पद | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री घनश्याम लुईटेल | संयोजक, सामाजिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | |
| २ | श्री हरिश्याम रानामगर | सदस्य, सामाजिक विकास समिति | चन्द्रागिरि नगरपालिका | | |
| ३ | श्री शम्भु कमार के.सी. | " | चन्द्रागिरि नगरपालिका | | |
| ४ | श्री सवना कार्की | " | चन्द्रागिरि नगरपालिका | ९८६०९७३४४ | सबना |
| ५ | श्री लवराम सुवेदी | " | चन्द्रागिरि नगरपालिका | | |
| ६ | श्री सीता मण्डल सत्याल | " | चन्द्रागिरि नगरपालिका | | |
| ७ | श्री विजय श्रेष्ठ | " | चन्द्रागिरि नगरपालिका | | |
| ८ | श्री गीता वयलकोटी | " | चन्द्रागिरि नगरपालिका | ९८४९६८४९९१ | गीता |
| ९ | श्री डिल्लीराज गिरी | " | चन्द्रागिरि नगरपालिका | 9843049255 | |
| १० | श्री सरिना रोक्का | " | चन्द्रागिरि नगरपालिका | ९८४१४२९१८३ | सरिना |
| ११ | श्री दिपक श्रेष्ठ | " | चन्द्रागिरि नगरपालिका | ९८४९८०९६२३ | |
| १२ | श्री मिम वहादुर श्रेष्ठ | " | चन्द्रागिरि नगरपालिका | | |
| १३ | श्री आशिष महर्जन | " | चन्द्रागिरि नगरपालिका | | |
| १४ | श्री सुजनराज खनाल | सदस्य सचिव | चन्द्रागिरि नगरपालिका | | |
| १५ | श्री चन्द्र प्रसाद शर्मा | अध्यक्ष जेष्ठ नागरिक | जनरल अध्यक्ष जेष्ठ नागरिक मञ्च | ९८४९०६३२४६ | |
| १६ | श्री उमा केसी | सचिव | शिवशक्ति स्वावलम्बन महिला समूह | 9841872389 | |
| १७ | श्री निरु खत्री | अध्यक्ष | शिवशक्ति स्वावलम्बन महिला समूह | 9841872817 | Niru |
| १८ | श्री रमा विरुङ्गे | अध्यक्ष | क्षितिजा दलित महिला समूह | 9808538519 | |
| १९ | श्री सावित्री | व्यवसायी | आमा धोरा हस्तकला | ९८४७६९९७०६ | सावित्री |
| २० | श्री कुन्ती रिमाल | साझेदारी (संस्थागत) नवजीवन नेपाल | नव जीवन नेपाल च.न.पा. ३ | 9843401650 | |
| २१ | श्री कृष्ण प्रभा जोशी | अध्यक्ष . जनजाति | जोशी गौ थुई | ९८६०२९९६९२ | |
| २२ | श्री अनिता महर्जन | म.सा.स्वा.स्व. सेविका | वडा १२ | 9860127041 | |
| २३ | श्री भक्तिमाया महर्जन | ,, | वडा ११ | 9841524337 | भक्ति |
| २४ | श्री बसन्ती महर्जन | ,, | वडा १० | 9861796925 | |
| २५ | श्री विमला श्रेष्ठ | ,, ,, | वडा ८ | 9841538394 | |
| २६ | श्री उर्मिला तण्डुकार | ,, ,, | वडा १५ | 9849331186 | उर्मिला |
| २७ | श्री गीता बुढाथोकी | ,, ,, | वडा १३ | 9768 9761899907 | गीता |
| २८ | श्री कामना सुवेदी | म.स्व.स्वा.से. | वाड नं. ९ | 9849104648 | |
| २९ | श्री सुनिता महर्जन | ,, ,, ,, | वडा नं ४ | 9803354020 | |
| ३० | श्री मन्जु बस्नेत | ,, ,, ,, ,, | वडा न १४ | 9813971614 | मंजु |
| ३१ | श्री हिराकु महर्जन | ,, | वडा ५ | 9841156667 | हिरा |
| ३२ | श्री देवकी रिमाल | ,, ,, ,, | वडा : ८ | 9813506176 | देव |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | श्री [redacted] गतिमस्वान | म० स्वा० ! सी० | | | |
| ३४ | श्री गंगा [redacted] रनाइको | 11 | १८। नं० १० ६ | ९८४१८१६१२४ ९८४०२४१८०६ | |
| ३५ | श्री दिल [redacted] कुमारी महर्जन | " | ६ | 984189567८ | |
| ३६ | श्री प्रमोद [redacted] गिरी | स. विद्यालय | १५ | 985123443८ | |
| ३७ | श्री रामजी [redacted] - पौरखेल | स. विद्यालय | ४ | 98511913२1 | |
| ३८ | श्री हरेन्द्र [redacted] खनाल | श्री [illegible] आवि (प्र.अ) | ९ | ९८४१९८६२८५ | |
| ३९ | श्री सरोज [redacted] अधिकारी | जन विकास मा.वि. | ८ | ९८४३४९२३३८ | |
| ४० | श्री सानुभाइ [redacted] महराई | श्री चम्पा शरण आ.वि | ३ | ९८२९९८२८३० | |
| ४१ | श्री उदय [redacted] सिग्देल | श्री जन चेतना आ.वि | १ | ९८४१६३३६०१ | |
| ४२ | श्री देव नारा [redacted] पण्डित | जन कल्याण मा.वि | ५ | ९८४९९९४५८९ | |
| ४३ | श्री [redacted] महर्जन | 11 | ५ | 985110575७ | |
| ४४ | श्री विष्णु प्र. [redacted] रिकेन्नी | नारायण जन मा.वि. | ६ | ९८४१२९९८४९ | |
| ४५ | श्री [redacted] सुवेदी | महालक्ष्मी आ.वि. | ६ | ९८४१९२००४८ | |
| ४६ | श्री सीता [redacted] पा | भैरवनाथ मा.वि. | १० | ९८४१३२०४३९ | |
| ४७ | श्री गीता [redacted] | [illegible] | १२ | ९८४१६६४४९६ | |
| ४८ | श्री सिद्द बहादुर [redacted] महर्जन | विष्णु देवि [illegible] मा.वि (प्र.अ) | ११ | ९८४१२०३१४८ | |
| ४९ | श्री कृष्ण प्र. पराजु [redacted] | प्रमुख अध्यापक | [illegible] विद्यालय [illegible] | ९८४१६०६४४५ | |
| ५० | श्री ऋषिराम [redacted] ल | प्र.अ | चण्डिकादेवी मा.वि. चन पा-२ | ९८४१०३०४८३ | |
| ५१ | श्री [redacted] | प्र.अ. श्री [illegible] आवि | च.न.पा.८ | ९८४१६३४४३० | |
| ५३ | श्री [redacted] बहादुर [illegible] | प्र.अ | श्री कृष्ण मा. वि. | ९८४१४६३६०८ | |
| ५४ | श्री [redacted] प्रसाद कार्की | प्र.अ. | श्री भीम मा. वि | 9841587526 | |
| ५५ | श्री [redacted] कुमार [illegible] | बाल्कि विद्यालय लिमिटेड | [illegible] | | |
| ५६ | श्री [redacted] प्र. महराई | परामर्शदाता | [illegible] | ९८४११०८२६४ | |
| ५७ | श्री [redacted] मती श्रेष्ठ | अध्यक्ष | च न पा [illegible] | ९८०८३३६१६ | |
| ५८ | श्री [redacted] वन्त | एकल महिला सचिव | च.न.पा-१० [illegible] | ९८०३३२४०६२ | |
| ५९ | श्री [redacted] पा गिरी | संगमनारी समुह सचिव | च.न पा. ११ [illegible] | 9808170207 | |
| ६० | श्री [redacted] रेग्मी | सशक्तिकरण महिला समुह | च.न.पा. १२ | 9841792951 | |
| ६१ | श्री [redacted] थापा मगर | सशक्तिकरण महिला समुह | च.न.पा.१२ | | |
| ६२ | श्री [redacted] थापा | [illegible] महिला [illegible] | च.न.पा. 3 | 9841823978 | |
| ६३ | श्री [redacted] महर्जन | बलम्बु मिसा पुचः | च.न.पा.१२ | 9808805546 | |
| ६४ | श्री [redacted] तिमिल्सिना | [illegible] म. सहकारी [illegible] | च.न.पा.२ | 984042390७ | |
| ६५ | श्री [redacted] महर्जन | बलम्बु मिसा पुचः | च.न.पा-१२ | 9818186517 | |
| ६६ | श्री [redacted] देवी महर्जन | बलम्बु मिसा पुचः | च.न.पा. १२. | 9841639994 | |
| ६७ | श्री [redacted] परिवार | " सा संस्था | " " | 98419826492 | |
| ६८ | श्री [redacted] लाल महर्जन | [illegible] सेवा केन्द्र | च.नं.पा. ०० [illegible] | 9841790260 | |
| ६९ | श्री [redacted] बहादुर [illegible] | अपाङ्गता - अधिकार [illegible] | च.न.पा-१२ | ९८४९९३२४३३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | श्री विनोद सिग्देल | अपाङ्गता – अभिभावक | च.न.पा - १२ | ९८४३०६२६४९ | विनोद |
| ७१ | श्री भावनाकुमारी ढकाल | अपाङ्गता अभिभावक | च.न.पा - १२ | ९८४९०६५६३४ | भावना |
| ७२ | श्री स्मृति के.सी | महिला विकास उत्प्रेरणा विकास मञ्च | च.न.पा - १ | ९८४८२८६०५४ | [illegible] |
| ७३ | श्री पार्वती खनाल | म स्वा से | च.न.पा ८ | ९८६३९९६८८२ | [illegible] |
| ७४ | श्री अनिता पौडेल | अधिकृत पैठौ | च.न.पा. | ९८६१४९४८२५ | [illegible] |
| ७५ | श्री शम्भु कुमार महतो | प्र.प्रा.स्वा. अ. | च.न.पा. | ९८५११४०३४५ | [illegible] |
| ७६ | श्री विष्णु माया खिलाल ल.अ | | च.न.पा स्वास्थ्य | ९८५१३१३७२६ | [illegible] |
| ७७ | श्री प्रकाश घिमिरे | ज.स्वा.नि | प्राथमिक अस्पताल | ९८४३३६६७०१ | [illegible] |
| ७८ | श्री | | | | |
| ७९ | श्री | | | | |
| ८० | श्री | | | | |
| ८१ | श्री | | | | |
| ८२ | श्री | | | | |
| ८३ | श्री | | | | |
| ८४ | श्री | | | | |
| ८५ | श्री | | | | |

## चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

आज मिति २०८० साल चैत्र २९ गते विहान ८:०० बजे चन्द्रागिरि नगरपालिकाको पूर्वाधार विकास समितिका संयोजक श्री राजेन्द्र महर्जनज्यूको अध्यक्षतमा देहायका पदाधिकारी एवं महानुभावहरुको उपस्थितीमा आवधिक विकास योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

| क.सं. | नाम, थर | पद | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री राजेन्द्र महर्जन | संयोजक, पूर्वाधार विकास समिति | चन्द्रागिरि नगरपालिका | ९८४८८४०४४६ | [illegible] |
| २ | श्री घनश्याम गिरि | नगर प्रमुख | चन्द्रागिरि नगरपालिका | | |
| ३ | श्री बसन्ती श्रेष्ठ | नगर उप प्रमुख | चन्द्रागिरि नगरपालिका | | |
| ४ | श्री हेमराज अर्याल | प्रमुख प्रशासकीय अधिकृत | चन्द्रागिरि नगरपालिका | | [illegible] |
| ५ | श्री अच्यूत अधिकारी | सदस्य, पूर्वाधार विकास समिति | चन्द्रागिरि नगरपालिका | | [illegible] |
| ६ | श्री राजभाई महर्जन | " | चन्द्रागिरि नगरपालिका | | |
| ७ | श्री उमाकुमारी थापा | " | चन्द्रागिरि नगरपालिका | | |
| ८ | श्री सुनिता रोक्का | " | चन्द्रागिरि नगरपालिका | ९८९१८५४६६२ | [illegible] |
| ९ | श्री जय तामाङ्ग | " | चन्द्रागिरि नगरपालिका | | |
| १० | श्री महेन्द्र महर्जन | " | चन्द्रागिरि नगरपालिका | 9860319682 | [illegible] |
| ११ | श्री सरिता थापा | " | चन्द्रागिरि नगरपालिका | 9818519136 | [illegible] |
| १२ | श्री विवेक ढकाल | " | चन्द्रागिरि नगरपालिका | | |
| १३ | श्री सीता महर्जन | " | चन्द्रागिरि नगरपालिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | श्री अन्जु नेपाल | " | चन्द्रागिरि नगरपालिका | 9841364373 | [signature] |
| १५ | श्री रिना महर्जन | " | चन्द्रागिरि नगरपालिका | | |
| १६ | श्री वुद्धिमाया नेपाली | " | चन्द्रागिरि नगरपालिका | 9813022033 | [signature] |
| १७ | श्री लव कुमार गुप्ता | सदस्य सचिव | चन्द्रागिरि नगरपालिका | 9849596633 | [signature] |
| १८ | श्री पंकज अधिकारी | परामर्शदाता | ब्रिटिश [illegible] नेपाल | ९८४९२६७६३[illegible] | [signature] |
| १९ | श्री मिलन भण्डारी | ई | च.न.पा | ९८४५९५६२६४ | [signature] |
| २० | श्री गीता देवी शर्मा | शा.अ. | च.न.पा | ९८४९६९६६०३ | [signature] |
| २१ | श्री नविन श्रेष्ठ | प्रहरी सहायक निरिक्षक | ट्राफिक प्रहरी प्रभाग थानकोट | ९८४०५३११४६ | [signature] |
| २२ | श्री ~~लव कुमार गुप्ता~~ | | | | |
| २३ | श्री बसन्त प्र. महराई | परामर्शदाता | CRD | ९८५११८८२६५ | [signature] |
| २४ | श्री शान्त कुमार महर्जन | | च न पा | ९८४११२३०५५ | [signature] |
| २५ | श्री | | | | |
| २६ | श्री | | | | |
| २७ | श्री | | | | |
| २८ | श्री | | | | |
| २९ | श्री | | | | |
| ३० | श्री | | | | |

## अनुसूची २: योजना तर्जुमा कार्यशाला गोष्ठीका तस्वीरहरू




योजना तर्जुमा कार्यशाला गोष्ठीमा मन्तव्य दिनुहुँदै नगर प्रमुख घनश्याम गिरि



योजना तर्जुमा कार्यशाला गोष्ठीमा मन्तव्य दिनुहुँदै नगर उपप्रमुख वसन्ती लामा



आवधिक योजना तर्जुमामा सहभागी प्रतिक्रिया व्यक्त गर्दै



टोली नेता महेश दाहाल



योजना तर्जुमा गोष्ठीको छलफल सत्र



योजना तर्जुमा गोष्ठीमा टोली सदस्य पंकज अधिकारी



योजना तर्जुमा गोष्ठीको छलफल सत्र



योजना तर्जुमा गोष्ठीको छलफल सत्र



योजना तर्जुमा गोष्ठीको विषयगत समिति छलफल



योजना तर्जुमा गोष्ठीको विषयगत समिति छलफल



आवधिक योजनाको मुख्य विषयवस्तु माथि प्रमुख पदाधिकारीको छलफल



योजना तर्जुमा गोष्ठीको विषयगत समिति छलफल





योजना तर्जुमा गोष्ठीको विषयगत समिति छलफल





आवधिक योजनाको मस्यौदा प्रस्तुतीकरण कार्यशाला

## अनुसूची ३: नक्साहरू





Nepal
CHINA
INDIA
PROVINCE-7
PROVINCE-6
PROVINCE-5
PROVINCE-4
PROVINCE-3
PROVINCE-2
PROVINCE-1
District
Shivapuri
Kakani
Tarakeshwor
Budhanilkantha
Gokarneshwor
Shankharapur
Nagarjun
Kathmandu
Chandragiri
Kirtipur
Lalitpur
Dakshinkali
Changunarayan
Madhyapur Thimi
Bhaktapur
Suryabinayak
Mahalaxmi
Godawari
Panauti
Banepa
Dhulikhel
Dhunibesi
Thaha
Indrasarowar
Bagmati
Konjyosom
Bhimphedi
Mahankal
Bethanchowk
Melamchi
Mandandeupur
Province
CHINA
INDIA
MANANG
KASKI
LAMJUNG
GORKHA
RASUWA
TANAHU
DHADING
NUWAKOT
SINDHUPALCHOK
DOLAKHA
KATHMANDU
BHAKTAPUR
LALITPUR
KABHREPALANCHOK
CHITAWAN
MAKAWANPUR
RAMECHHAP
SINDHULI
OKHALDHUNGA
SOLUKHUMBU
PARSA
BARA
RAUTAHAT
SARLAHI
MAHOTTARI
DHANUSHA
SIRAHA
UDAYAPUR
PROVINCE-3
PROVINCE-4
PROVINCE-5
PROVINCE-2
PROVINCE-1
Municipality
Nagarjun
Dhunibesi
Kathmandu
Kirtipur
Thaha
Indrasarowar
Dakshinkali
Chandragiri
PROVINCE-3
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15
INDEX MAP
Periodic Plan of
Chandragiri Municipality
N
S
E
W
Legend
Ward Boundary
Municipality Boundary
District Boundary
Province Boundary
Data Source:
CBS (2021), Department of Survey,
Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur



BASE MAP
Periodic Plan
Chandragiri Municipality
KM
Scale: 1:40,000
(in A3 size)
INSET MAP
CHINA
Gandaki Province
Bagmati Province
Koshi Province
Madhesh Province
INDIA
Modified UTM84
Projection: .....Transverse_Mercator
false_easting: ....................500000.0
false_northing: ..............................0.0
central_meridian:.......................84.0
scale_factor:............................ 0.9999
latitude_of_origin:......................... 0.0
Linear Unit: .....................Meter (1.0)
GCS_Everest_1830
Prime Meridian:.....Greenwich (0.0)
Datum: ..................D_Everest_1830
Spheroid:.................... Everest_1830
Semimajor Axis:..........6377276.345
Semiminor Axis:....6356075.413140
Inverse Flattening:............ 300.8017
Legend
Municipal Boundary
outSRN
Religious Points
Buddhist Temple
Church
Crematorium
Hindu Temple
Monastry
Mosque
Stupa
Socioeconomic Infrastructure
5 Star Hotels
Club
Educational Institute
Clinic
Health Post
PHCC
Hospital
Factory
Park
Petrol Station
Police Station
Municipal Office
Ward Boundary
Road Network
National Highway
Feeder Road
District/Municipal Road
Landcover
Built Up
Bush
Cultivation
Forest
Recreational
River
Data Source:
Field Survey, CBS (2021), Department of Survey, Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Chandragiri
Balambu
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Chobhar Dry Port
Naumule
Thaha
Indrasarowar
Dakshinkali
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15




ELEVATION VARIATION MAP
Periodic Plan
Chandragiri Municipality
KM
Scale: 1:40,000
(in A3 size)
INSET MAP
Gandaki Province
CHINA
Bagmati Province
Koshi Province
INDIA
Madhesh Province
Legend
Ward Boundary
Municipal Boundary
Elevation Variation
Value
High : 2547.89
Low : 1161.11
Data Source:
Field Survey, CBS (2021), Department of Survey, Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilience and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Balambu
Chandragiri
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Thaha
Chobhar Dry Port
Naumule
Indrasarowar
Dakshinkali
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15



LANDUSE MAP
Periodic Plan
Chandragiri Municipality
1 0.5 0 1
KM
Scale: 1:40,000
(in A3 size)
N
S
E
W
INSET MAP
Gandaki Province
CHINA
Bagmati Province
Koshi Province
INDIA
Madhesh Province
Modified UTM84
Projection: .....Transverse_Mercator
false_easting: .......................500000.0
false_northing: ..............................0.0
central_meridian:..........................84.0
scale_factor:.............................. 0.9999
latitude_of_origin:........................ 0.0
Linear Unit: .......................Meter (1.0)
GCS_Everest_1830
Prime Meridian:.....Greenwich (0.0)
Datum: ...................D_Everest_1830
Spheroid:...................... Everest_1830
Semimajor Axis:...........6377276.345
Semiminor Axis:....6356075.413140
Inverse Flattening:............ 300.8017
Legend
Landuse
Agricultural
Forest
Residential
Commercial
Riverine and Lake
Cultural and Archeological
Mine and Minerals
Public Use
Industrial
Other
outSRN
Ward_Boundary
Municipal_Boundary
Data Source:
Field Survey, CBS (2021), Department of Survey,
Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Balambu
Chandragiri
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Thaha
Chobhar Dry Port
Naumule
Indrasarowar
Dakshinkali
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15


URBAN GROWTH POTENTIAL MAP
Periodic Plan
Chandragiri Municipality
Scale: 1:40,000
(in A3 size)
KM
INSET MAP
Gandaki Province
CHINA
Bagmati Province
Koshi Province
Madhesh Province
INDIA
Modified UTM84
Projection: Transverse_Mercator
false_easting: 500000.0
false_northing: 0.0
central_meridian: 84.0
scale_factor: 0.9999
latitude_of_origin: 0.0
Linear Unit: Meter (1.0)
GCS_Everest_1830
Prime Meridian: Greenwich (0.0)
Datum: D_Everest_1830
Spheroid: Everest_1830
Semimajor Axis: 6377276.345
Semiminor Axis: 6356075.413140
Inverse Flattening: 300.8017
Legend
Ward Boundary
Municipal Boundary
Land Suitability
Not Suitable
Less Suitable
Suitable
Moderately Suitable
Highly Suitable
Data Source:
Field Survey, CBS (2021), Department of Survey, Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Chandragiri
Balambu
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Chobhar Dry Port
Naumule
Thaha
Indrasarowar
Dakshinkali
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15



RELIGIOUS MAP
Periodic Plan
Chandragiri Municipality
Scale: 1:40,000
(in A3 size)
KM
INSET MAP
Gandaki Province
CHINA
Bagmati Province
Koshi Province
INDIA
Madhesh Province
Modified UTM84
Legend
Religious Points
Buddhist Temple
Church
Crematorium
Hindu Temple
Monastry
Mosque
Stupa
Municipal Office
Ward Boundary
Municipal Boundary
Road Network
National Highway
Feeder Road
District/Municipal Road
Landcover
Builtup
Forest
River
outSRN
Data Source:
Field Survey, CBS (2021), Department of Survey, Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Balambu
Chandragiri
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Chobhar Dry Port
Naumule
Thaha
Indrasarowar
Dakshinkali
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15


SOCIO-ECONOMIC DISTRIBUTION MAP
Periodic Plan
Chandragiri Municipality
KM
Scale: 1:40,000
(in A3 size)
INSET MAP
CHINA
Gandaki Province
Bagmati Province
Koshi Province
Madhesh Province
INDIA
Modified UTM84
Projection: Transverse_Mercator
false_easting: 500000.0
false_northing: 0.0
central_meridian: 84.0
scale_factor: 0.9999
latitude_of_origin: 0.0
Linear Unit: Meter (1.0)
GCS_Everest_1830
Prime Meridian: Greenwich (0.0)
Datum: D_Everest_1830
Spheroid: Everest_1830
Semimajor Axis: 6377276.345
Semiminor Axis: 6356075.413140
Inverse Flattening: 300.8017
Legend
Socioeconomic Infrastructure
5 Star Hotels
Club
Educational Institute
Clinic
Health Post
PHCC
Hospital
Factory
Park
Petrol Station
Police Station
Municipal Office
Ward Boundary
Road Network
National Highway
Feeder Road
District/Municipal Road
Landcover
Builtup
Forest
River
Municipal Boundary
outSRN
Data Source:
Field Survey, CBS (2021), Department of Survey, Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Balambu
Chandragiri
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Chobhar Dry Port
Naumule
Thaha
Indrasarowar
Dakshinkali
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15


ROAD DENSITY MAP
Periodic Plan
Chandragiri Municipality
KM
Scale: 1:40,000
(in A3 size)
INSET MAP
Gandaki Province
CHINA
Bagmati Province
Koshi Province
INDIA
Madhesh Province
Modified UTM84
Projection: ......Transverse_Mercator
false_easting: ......................500000.0
false_northing: ..............................0.0
central_meridian:........................84.0
scale_factor:.............................0.9999
latitude_of_origin:........................0.0
Linear Unit: .....................Meter (1.0)
GCS_Everest_1830
Prime Meridian:.....Greenwich (0.0)
Datum: ...................D_Everest_1830
Spheroid:.................... Everest_1830
Semimajor Axis:...........6377276.345
Semiminor Axis:....6356075.413140
Inverse Flattening:............ 300.8017
Legend
Ward Boundary
Municipal Boundary
Road Density(km/sqkm)
<5
5.01 - 10.00
10.01 - 15.00
15.01 - 20.00
>20
Data Source:
Field Survey, CBS (2021), Department of Survey, Google Earth, Satellite Imagery
Chandragiri Municipality
Balambu, Kathmandu
Consultant:
Center for Resilence and Development
Madhyapur Thimi, Bhaktapur
622000
3066000
3060000
Ramkot
Nagarjun
Swayambhunath
Dhunibesi
Prithivi Highway
Kathmandu
Thankot
Chandragiri
Balambu
Chitlang Bhanjyang
Matatirtha
Kirtipur
Chobhar
Thaha
Indrasarowar
Dakshinkali
Chobhar Dry Port
Naumule
Lalitpur
W-1
W-2
W-3
W-4
W-5
W-6
W-7
W-8
W-9
W-10
W-11
W-12
W-13
W-14
W-15